# साहित्यकार भूपिनको 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

## शोधपत्र


शोधार्थी

कविता शर्मा

त्रि.वि. दर्ता नं. : ६-१-३१८-४१-२००६

परीक्षा क्रमाङ्क : १९०३४०

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७४/२०१८

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी कविता शर्माले नेपाली स्नातकोत्तर तह (एम.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **साहित्यकार भूपिनको 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ________________

विभागीय प्रमुख हस्ताक्षर

रमेशकुमार श्रेष्ठ ________________

उप-प्राध्यापक हस्ताक्षर

शोधनिर्देशक

सह प्रा.डा. धनेश्वर भट्टराई ________________

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७४।१२।११ वि.सं.

२५।०२।२०१८ ई.सं.

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययनरत छात्रा कविता शर्माले **साहित्यकार भूपिनको 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७४/११/१३ वि.सं.

२५/०२/२०१८ ई.सं.

________________________

रमेशकुमार श्रेष्ठ
उप-प्राध्यापक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**साहित्यकार भूपिनको 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारेकी हुँ । मेरा शोधनिर्देशक आदरणीय उप-प्रा. रमेशकुमार श्रेष्ठज्यूले मलाई हरसमय मार्गनिर्देशन गरी शोधकार्यलाई पटक-पटक हेरेर सच्याइदिने, उपयुक्त सल्लाह र प्रोत्साहन गर्नुभएकामा उहाँप्रति कृतज्ञता अर्पण गर्दछु । यसरी नै मलाई विद्यालय तहदेखि नै अध्ययन गराउनु हुने तथा यस शोधपत्र लेखनको क्रममा मलाई हरतरहले सहयोग गर्नुहुने जामुनाखर्क माध्यमिक विद्यालयका आदरणीय शिक्षक श्री रामप्रसाद सुवेदीज्यूमा हार्दिक आभार प्रकट गर्दछु ।

शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गर्नुहुने आदरणीय विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाज्यू तथा नेपाली विभाग परिवारप्रति हार्दिक आभार प्रकट गर्दै शोधपत्र तयार गर्ने क्रममा शोधपत्र, पुस्तक तथा पत्रिकाहरू उपलब्ध गराई सहयोग पुऱ्याउने वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय परिवार लगायत आफ्नो बारेमा जानकारी गराई अमूल्य सहयोग पुऱ्याउनु हुने शोधनायक श्री भूपिनको अतुलनीय सहयोगको कारणले यो शोधपत्रले मूर्तरूप प्राप्त गर्न सम्भव भएको हो । त्यस्तै मलाई शोधपत्रको क्रममा प्रत्यक्ष वा परोक्ष रूपबाट सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

विभिन्न समस्याहरूलाई सहन गर्दै मलाई यस स्तरसम्म पुग्न हरतरहले प्रेरणा र अवसर प्रदान गर्नुहुने मेरा आदरणीय मातापिता श्रीहरी तथा ध्रुवलाल शर्मा, दाजुभाउजुहरू विनोदप्रसाद तथा विन्दु शर्मा र प्रमोद तथा रूपा शर्मा, श्रद्धेय ससुराबुबा-सासुआमा तीर्थराज तथा लक्ष्मीदेवी न्यौपाने, समय व्यवस्थापन तथा लेखनकार्यमा सहयोग गर्ने जीवनसाथी श्री विकासराज न्यौपानेलाई पनि हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

यस शोधपत्रलाई शुद्ध रूपमा टङ्कण गरिदिनुहुने दाजु प्रमोद शर्मा तथा लिङ्क कम्प्युटरका दाजु जीवननाथ ढुङ्गानाज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

...............................

मिति : २०७४/११/११ वि.सं.
२३/०२/२०१८ ई.सं.

कविता शर्मा
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# विषयसूची

## अध्याय - एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ समस्याकथन १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता ४

१.६ शोधका क्षेत्र र सीमा ५

१.७ सामग्री सङ्कलन र शोधविधि ५

१.७.१ सामग्री सङ्कलन विधि ५

१.७.२ शोधविधि ५

१.८ शोधपत्रको रूपरेखा ५


## अध्याय - दुई

## कविताको सैद्धान्तिक आधार


२.१. कविताको परिचय ७

२.१.१ कवितासम्बन्धी पूर्वीय विद्वान्हरूको धारणा ८

२.१.२. कवितासम्बन्धी पाश्चात्य विद्वान्हरूको धारणा ९

२.१.३. कवितासम्बन्धी केही नेपाली विद्वान्हरूको धारणा १०

२.२. कविताका तत्त्वहरू १०

२.२.१. शीर्षक ११

२.२.२. लयविधान ११

२.२.३ भावविधान ११

२.२.४ संरचना ११

२.२.५ भाषाशैली र कथनपद्धति १२

२.२.६ बिम्ब-प्रतीक/अलङ्कार १२

२.२.७ उद्देश्य १२

२.३. कविताका रूपहरू १२

२.३.१. लघुतम रूप १२

२.३.२ कविताको लघुरूप १३

२.३.३ कविताको मझौला रूप १३

२.३.४ बृहत् रूप (महाकाव्य) १३

२.३.५ कविताको बृहत्तर/बृहत्तम रूप १३

२.४. कविताको विकासक्रम १४

२.४.२. नेपाली कविताको काल विभाजन १४

२.४.२.१. प्राथमिक काल १५

२.४.२.२. माध्यमिक काल १८

२.४.२.३. आधुनिक काल २१

२.५. निष्कर्ष २९


**अध्याय - तीन**

**भूपिनको काव्ययात्रा र प्रवृत्ति**


३.१ परिचय ३१

३.२. भूपिनको साहित्यिक यात्रा ३१

३.३. भूपिनको साहित्यिक प्रवृत्तिहरू ३६

३.३.१. विधागत विविधता ३६

३.३.२. राष्ट्रवादी विचारको अभिव्यक्ति ३६

३.३.३. सामाजिक यथार्थको प्रस्तुति ३६

३.३.४. मानवतावादी स्वर ३७

३.३.५. कारुणिकता ३७

३.३.६. व्यङ्ग्यात्मकता ३७

३.३.७. प्रकृति चित्रण ३७

३.३.८. प्रगतिवादी चेतना ३८

३.४. निष्कर्ष ३८

**अध्याय – चार**

**'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहका कविताहरूको**

**विधातात्त्विक अध्ययन तथा विश्लेषण**

४.१ परिचय ३९

४.२ 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहका कविताहरूको विधातात्त्विक अध्ययन तथा विश्लेषण ३९

४.२.१ *समय र देश* उपशीर्षकका कविताहरूको विश्लेषण ३९

४.२.१.१ *देब्रे हात* कविताको विश्लेषण ३९

४.२.१.२ *ट्रक ड्राइभर* कविताको विश्लेषण ४१

४.२.१.३ *एउटा नोटको जीवनी* कविताको विश्लेषण ४२

४.२.१.४ *खडेरी* कविताको विश्लेषण ४४

४.२.१.५ *देश* कविताको विश्लेषण ४६

४.२.१.६ *दशैंमा परदेशी सम्झेर* कविताको विश्लेषण ४७

४.२.१.७ *पुजारी* कविताको विश्लेषण ४९

४.२.१.८ *लज्जा* कविताको विश्लेषण ५१

४.२.१.९ *ट्राफिकदाइ* कविताको विश्लेषण ५३

४.२.१.१० *पागलको गीत* कविताको विश्लेषण ५५

४.२.१.११ *बेसार* कविताको विश्लेषण ५८

४.२.१.१२ *ग्यालरीमा बुद्ध* कविताको विश्लेषण ६०

४.२.१.१३ *कोर्रा* कविताको विश्लेषण ६२

४.२.१.१४ *बुद्धि बङ्गारा* कविताको विश्लेषण ६३

४.२.२ *आमा* उपशीर्षकका कविताहरूको विश्लेषण ६६

४.२.२.१ *आमा : एक* कविताको विश्लेषण ६६

४.२.२.२ *आमा : दुई* कविताको विश्लेषण ६८

४.२.२.३ *विश्व सुन्दरी* कविताको विश्लेषण ६९

४.२.२.४ *फेसबुकमा आमाको तस्वीर* कविताको विश्लेषण ७१

४.२.२.५ *वर्णपटमा युवती* कविताको विश्लेषण ७३

४.२.२.६ *उडान* कविताको विश्लेषण ७५

४.२.३ *बोध र प्रेम* उपशीर्षकअन्तर्गतका कविताहरूको विश्लेषण ७७

४.२.३.१ *हल्ट* कविताको विश्लेषण ७७

४.२.३.२ *भगवान्* कविताको विश्लेषण ८०

४.२.३.३ *कविकुनाको अँध्यारो चेपबाट* कविताको विश्लेषण ८१

४.२.३.४ *विस्मरण* कविताको विश्लेषण ८४

४.२.३.५ *स्वर्ग* कविताको विश्लेषण ८५

४.२.३.६ *सङ्गीतकार - १* कविताको विश्लेषण ८७

४.२.३.७ *सङ्गीतकार - २* कविताको विश्लेषण ८९

४.२.३.८ *शरणार्थी* कविताको विश्लेषण ९१

४.२.३.९ *चस्मा* कविताको विश्लेषण ९२

४.२.३.१० *भेडीगोठमा* कविताको विश्लेषण ९४

४.२.३.११ *पहाड सुन्दरी* कविताको विश्लेषण ९६

४.२.३.१२ *नानीहरू* कविताको विश्लेषण ९८

४.२.३.१३ *सुप्लाको हवाइजहाज* कविताको विश्लेषण १००

४.२.३.१४ *सपना* कविताको विश्लेषण १०३

४.२.३.१५ *रूख* कविताको विश्लेषण १०४

४.२.३.१६ *छाया* कविताको विश्लेषण १०६

४.२.३.१७ *दौड* कविताको विश्लेषण १०८

४.२.३.१८ *साँझमा रेल यात्रा* कविताको विश्लेषण ११०

४.२.३.१९ *बच्चाहरू नभएको वस्ती* कविताको विश्लेषण ११२

४.२.३.२० *फूलको वान्ता* कविताको विश्लेषण ११४

४.२.३.२१ *नदी* कविताको विश्लेषण ११६

४.२.३.२२ *बीउ* कविताहरूको विश्लेषण ११८

४.२.४ *गाउँ* उपशीर्षकका कविताहरूको विश्लेषण १२१

४.२.४.२. *गाउँ : एक* कविताको विश्लेषण १२१

४.२.४.२. *गाउँ : दुई* कविताको विश्लेषण १२२

४.२.४.३. *गाउँ : तीन* कविताको विश्लेषण १२३

४.२.४.४. *गाउँ : चार* कविताको विश्लेषण १२५

४.२.४.५. *गाउँ : पाँच* कविताको विश्लेषण १२६

४.२.४.६. *गाउँ : छ* कविताको विश्लेषण १२८

४.२. निष्कर्ष १३०

**अध्याय – पाँच**

**सारांश तथा निष्कर्ष**

५.१. परिचय १३१

५.२. सारांश १३१

५.३ समग्र निष्कर्ष १३३

सन्दर्भग्रन्थ सूची

परिशिष्ट एक : शोधग्रन्थको छायाचित्र

# चिह्न प्रयोग सूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिह्नको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| **चिह्न** | **अर्थ** |
| --- | --- |
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ... | केही अंश छोडिएको |
| । | (१) पूर्णविराम, (२) लयविधानका सन्दर्भमा लघु |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | शीर्षक जनाउँदा वा विशेष जोड दिँदा |
| : | पृष्ठ सङ्ख्या बीचको सङ्केत |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |

# सङ्केताक्षर सूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्केताक्षरहरूको पूरा रूप यसप्रकार छ :

| **सङ्क्षिप्त रूप** | **अर्थ/विस्तृत रूप** |
|---|---|
| ई.सं | ईस्वी सम्बत् |
| डा. | डाक्टर |
| ते. | तेस्रो |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो. | दोस्रो |
| नं. | नम्बर |
| पाँ. | पाँचौं |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| पृ. | पृष्ठ |
| ले. | लेखक |
| वि.सं. | विक्रम सम्बत् |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |
| स्व. | स्वर्गीय |

# अध्याय - एक

# शोध परिचय

## १.१ विषय परिचय

वि.सं. २०३० चैत्र ३० गते धौलागिरि अञ्चल, बाग्लुङ जिल्लाको नारायणस्थन बलेवामा पिता सर्वजित खड्का तथा माता वसुन्धरा खड्काका आठौँ सन्तानका रूपमा जन्मिएका भूपेन्द्र खड्कालाई नेपाली साहित्यको क्षेत्रमा भूपिनको नामले चिनिन्छ । विशेष गरी कविता र निबन्धमा आफ्नो कलम चलाउने भूपिनले स्कुले जीवनबाटै साहित्यमा विशेष रुचि राख्ने गरेको पाइन्छ । भाव, विचार, बिम्ब, प्रतीक, उत्कृष्ट कथनले सिँगारिएको विचित्र रचनालाई कविता मान्ने भूपिनका **क्षतिग्रस्त पृथ्वी र मूल सडक** (२०५३) कवितासङ्ग्रह, **शब्दहरूको नेपथ्य** (२०५६) संयुक्त कवितासङ्ग्रह, **हजार वर्षको निद्रा** (२०६६), कवितासङ्ग्रह, **चौबीस रिल** (२०६९) निबन्धसङ्ग्रह र **सुप्लाको हवाइजहाज** (२०७२) कवितासङ्ग्रह कृतिहरू प्रकाशित छन् । जन्मथलो बाग्लुङ भए पनि कर्मथलो कास्की हुँदै चितवन बनाएका भूपिनका कृतिहरूको अध्ययन गर्दा उनी नेपाली साहित्यका एक सशक्त युवा हस्तिका रूपमा भेटाउन सकिन्छ ।

मानवतावादी चेतनालाई उजागर गर्दै आशावादी कविता लेख्ने भूपिनको **हजार वर्षको निद्रा** (२०६६) कवितासङ्ग्रहको दीपेन्द्र पौडेलबाट २०६७ सालमा शास्त्री तहको शोधपत्रको रूपमा कृतिगत अध्ययन विश्लेषण गरेको पाइन्छ । त्यस्तै २०७१ सालमा वासुदेव आचार्यले स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको लागि 'भूपिनको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकमा अध्ययन विश्लेषण गरेको पाइन्छ । त्यसबाहेक विभिन्न पत्रपत्रिका तथा भूमिका लेखन आदिमा सामान्य समीक्षा, टीका-टिप्पणी गरेको मात्र पाइन्छ भने उनका कवितासङ्ग्रह **सुप्लाको हवाइजहाज**को गहन अध्ययन विश्लेषण गरेको देखिँदैन । त्यसैले उनको यस काव्यको कृतिपरक अध्ययन र विश्लेषण गर्ने हेतुले यस शोधकार्यको लागि 'सुप्लाको हवाइजहाज कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन' चयन गरिएको छ ।

## १.२ समस्याकथन

साहित्यकार भूपिनको 'सुप्लाको हवाइजहाज कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन' मा यस शोधकार्य केन्द्रित रहने छ । यसका साथै अन्य समस्याहरू पनि यस शोधकार्यमा रहेका छन् । ती हुन् :

(क) कविताको सैद्धान्तिक अवधारणा तथा रूपरेखा के-कस्तो रहेको छ ?

(ख) भूपिनको काव्ययात्रा र प्रवृत्ति के-कस्तो रहेको छ ?

(ग) कविता सिद्धान्तको आधारमा **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको के-कसरी अध्ययन विश्लेषण गर्न सकिन्छ ?

माथि उल्लिखित आधारभूत समस्यामा आधारित रही प्रस्तुत शोधपत्रमा समाधान खोज्ने प्रयत्न गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उल्लिखित समस्याहरूमा केन्द्रित भई भूपिनको 'सुप्लाको हवाइजहाज कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन' विषयमा अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको उद्देश्य हो । यसका अतिरिक्त प्रस्तुत शोधकार्यका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) कविताको सैद्धान्तिक अवधारणा तथा रूपरेखा थाहा पाउनु,

(ख) कवि भूपिनको साहित्यिक यात्रा र प्रवृत्तिको बारेमा अध्ययन विश्लेषण गर्नु,

(ग) **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूको अध्ययन विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरूको परिधिभित्र रहेर प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार भूपिन नेपाली समकालीन साहित्यकारका माझमा जोसिला, आशावादी तथा फरक विचार भएका युवा कवि हुन् । उनले कवितालाई शब्दहरूको खेलवाड र एउटा विचारमात्र नमानी विचारको स्थापना, गम्भीरता, उद्देश्यपूर्ण साधन र जीवन अनुभूतिहरूको कलात्मक प्रकटनका रूपमा मान्दछन् । यस कवितासङ्ग्रहका बारेमा कतिपय लेखकहरूले सामान्य चर्चा-परिचर्चा तथा विभिन्न पत्रपत्रिकामा टीका-टिप्पणी गरेका छन् तर यस सङ्ग्रहको गहन अध्ययन विश्लेषण भने भएको देखिँदैन, तसर्थ यस कृतिको विस्तृत रूपमा अध्ययन विश्लेषण गर्नु आवश्यक देखिन्छ । पहिले भएका अध्ययन तथा उपलब्ध तथ्यका आधारमा पूर्वकार्यहरूको कालक्रमिक विवरण यसप्रकार रहेका छन् :

(क) सरुभक्त श्रेष्ठले **शब्दहरूको नेपथ्य** कवितासङ्ग्रह (२०५६) को *भूमिका* लेख खण्डमा भूपिनलाई माटोको संवेदना, माटोपीडाका कवि साथै उनका बिम्ब-प्रतीकात्मक र प्रतीकहरू बिम्बात्मक साथै कृतिमा शाश्वत मूल्यहरूको खोजी गर्ने संवेदनायुक्त कविका रूपमा चर्चा गरेका छन् ।

(ख) सरुभक्त श्रेष्ठ (२०५७ : ३) ले *शब्दहरूको नेपथ्य* शीर्षक दिएर **सारथी** साप्ताहिक पत्रिकामा भूपिनलाई पागल कविताहरूको कविका रूपमा व्यक्त गरेका छन् भने उनलाई हेर्ने आफ्नै दृष्टिकोण समेत रहेको कुरा चर्चा गरेका छन् ।

(ग) गीता त्रिपाठीले **गोरखापत्र** (२०६६ श्रावण १३ : ५) को *नयाँ कृति* स्तम्भमा भूपिन जीवनका गायक, कवि र उनको कवि हृदय अनुभूतिको खेत र कवितालाई उर्वर खेतीका रूपमा चर्चा गरेकी छन् ।

(घ) गोविन्द भट्टराई (२०६६ : ८) ले ललितपुरका हार्ट क्लबमा एकल कवितावाचन कार्यक्रममा भूपिनका कवितालाई चोटिला र सुन्नलायक कविताका रूपमा चर्चा गरेको कुरा चर्चा गरेका छन् ।

(ङ) दीपेन्द्र पौडेल (२०६७) ले कवि भूपिनको **हजार वर्षको निद्रा** कृतिको विश्लेषण गरी लघु शोधपत्र तयार पारेका छन् । जसमा भूपिनले आफ्ना कविताका विषयवस्तु जीवनयात्राको भोगाइ तथा साहित्यसाधनाबाट प्राप्त अनुभव र अनुभूतिलाई बनाएको बताउँदै उनका कवितामा विशेषतः मानवीय पीडा, सुख-दुःखात्मक अनुभूति, जीवनको सत्यता, प्रकृति चित्रण, सामाजिक मूल्य, युगीन यथार्थ, ग्रामीण परिवेशलाई उचित मिश्रण पाइने चर्चा गरेका छन् । अस्तित्ववाद तथा विसङ्गतिलाई अँगालेर लेखेको कवितालाई प्रकृति, मानवीय जीवन एवं सामाजिक जीवनसँग सम्बन्धित नवीन तथा पुरातन बिम्ब-प्रतीकहरूको उचित प्रयोग तथा अलङ्कारको समिश्रणले कविता सुन्दर र भावपक्ष गहन तथा सरल रहेको बताएका छन् । उनले भूपिनका कवितामा स्वच्छन्दतावाद तथा प्रगतिवादको छनक पाइने बताउँदै कवि भूपिनका कविताको भावनात्मक पक्ष भूपि शेरचनसँग नजिक रहेको टिप्पणी गरेका छन् ।

(च) राजकुमार बानियाँले **गरिमा** (२०६९, वर्ष ३०, अङ्क ११, पूर्णाङ्क ३५९ : ७९) मा *कविता क्लिनिकमा भूपिन* शीर्षक दिएर उनलाई नयाँ पुस्ताको एकजना भर्भराउँदा प्रतिभा र चौबीसघण्टे कविजस्ता उपमा दिएर मूल्याङ्कन गरेका छन् ।

(छ) कुमारी लामाले **नागरिक दैनिक** (२०७३, जेठ १) मा *गज्जबको झट्का* शीर्षक दिएर **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको समीक्षा गरेकी छन् । अरूले साइड लगाएको विषयवस्तुलाई प्रभावकारी ढङ्गमा सृजना गर्ने भूपिनको कवितामा केही भावुकता, देशको बेथिति तथा विकृतिप्रति व्यङ्ग्यात्मक प्रहार, मानवीय संवेदनाप्रतिको कोमल छुवाइ, तीतो यथार्थको चित्रण पाइन्छ भन्दै भूपिनले समाजप्रति विद्रोहको लप्का ओकल्छन् भनी चर्चा गरेकी छन् । निराशाको बादललाई छोडी आशाका किरण खोज्नुमा जीवनको मिठास भेटिन्छ भन्दै भूपिनका कवितालाई मन र मस्तिष्कको सुन्दर मिश्रणको रूपमा चित्रण गरेकी छन् ।

(ज) निमेष निखिलको **शुक्रबार** साप्ताहिक पत्रिकाको *साहित्य खण्ड*मा प्रकाशित अन्तर्वार्ता (२०७२, चैत्र २६) मा भूपिनले **सुप्लाको हवाइजहाज**मा कलाभन्दा विषयप्रति बढी आशक्ति रहेको र बिम्बहरूको पारदर्शी प्रयोग गरेको बताएका छन् । साथै आफू अलि बढी भावुक भएको कुरा पनि चर्चा गरेका छन् ।

(झ) रोशन शेरचनसँगको **अन्नपूर्ण पोष्ट** (२०७३, बैशाख ४) मा भएको *कुराकानी*मा आफ्नो कविताको अभिष्ट नागरिकको समान पहुँच, अधिक समानता, न्याय र मुक्तिको अभ्यासबाट प्राप्त मानवता भएको बताउँदै कविता लेख्न धेरै सजिलो हुने तर उत्कृष्ट कविता लेख्न धेरै गाह्रो हुने विचार व्यक्त गरेका छन् ।

(ञ) प्रशन्न घिमिरेले कवि भूपिनसँग **विरेचन** राष्ट्रिय साहित्य विविध पत्रिका (२०७३ : ३२-४०) मा गरेको कुराकानीमा **सुप्लाको हवाइजहाज** आफ्नो जीवनबोध, समयबोध र समाजबोधको काव्यिक आविष्कार रहेको बताएका छन् ।

(ट) **कोसेली** (२०७२, चैत्र २०) मा कवि भूपिनसँग गरिएको कुराकानीमा उनले "**सुप्लाको हवाइजहाज** मैले भोगेको समय, समाज र मैले मन पराएका मानवीय आवश्यकताका यन्त्र र तन्तुहरूले बनेको कृति हो । जबसम्म मेरो समयतिर भविष्यले ध्यान देला त्यति बेलासम्म यो जहाज उडिरहला" भन्दै साहित्यमा आफ्नो निरन्तरताको समेत भाव व्यक्त गरेका छन् ।

(ठ) महेश पौड्यालले **अन्नपूर्ण पोष्ट**को *शनिवाशरीय अङ्क* (२०७३, जेठ ८) मा *जोखिमपूर्ण यात्रा* शीर्षक दिएर भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको समीक्षा गरेका छन् । **सुप्लाको हवाइजहाज**को विषयमा उनी लेख्छन् - यस सङ्ग्रहमा अनेक त्यस्ता कविताहरू छन् जहाँ सूक्तिमय पङ्तिहरू एकपछि एक दुर्लभ काव्यिक उचाइतिर इङ्गित गर्छन् र भूपिनभित्र जीवन्त काव्यसरितालाई पाठकको मनमस्तिष्क स्पर्श गर्ने गरी उद्वेलित गर्न सक्छन् ।

(ड) ऱ्यान्डम रिडर्स पोखराले २५ वैशाख, २०७३ मा आयोजना गरेको *कवि भूपिनको सुप्लाको हवाइजहाज कवितासङ्ग्रहको विचार-विमर्श कार्यक्रम*मा प्रस्तुत कार्यपत्रमा निमेष निखिल 'सुप्लाको हवाइजहाज र भूपिन' लाई यसरी चिनाउँदछन् - समकालीन समाज, देशले भोगेका विविध जटील अवस्थाहरू, आजको युग र मान्छेका पीडा तथा समस्या, प्रेम, प्रकृति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश आदि नै यस सङ्ग्रहका कविताका मुख्य विषय बनेर आएका छन् । उनी थप्छन् - कवितामा आख्यानात्मक प्रयोग गर्नु, सबै कवितामा वैचारिक रूपमा विरोधाभासको स्थिति नदेखिनु, विषयसापेक्ष भाषाशैली उपयुक्त र ताजा तथा स्वनिर्मित बिम्ब तथा प्रतीक एवं भाषिक संरचनाको प्रयोग गर्नु यिनका कविताका सबल पक्ष हुन् । यिनका कविताले उठाएका विषय, समसामयिक वस्तुतथ्यप्रतिको भाषिककलाका माध्यमबाट यिनले गरेका न्यायबाट भूपिन वर्तमान पुस्ताको एउटा सबल कवि हुन् भन्ने स्पष्ट हुन्छ ।

माथि उल्लेख गरिएका पूर्वकार्यको विवरण हेर्दा उनको जीवनी, व्यक्तित्वको अध्ययन तथा यस कृति **सुप्लाको हवाइजहाज**को पनि सामान्य चर्चा-परिचर्चा गरिएको देखिन्छ तर यस सङ्ग्रहको गहन अध्ययन विश्लेषणको काम नभएकोले यसको कृतिपरक अध्ययन गर्ने कार्य प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

यस शोधकार्यबाट साहित्यकार भूपिनका बारेमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरूलाई सामग्री हुनुका साथै सन्दर्भ सामग्री समेत हुने भएकोले यसको औचित्य सिद्ध हुन्छ । आफ्ना मनका विचार र भावनालाई साहित्यका माध्यमबाट पोख्नेहरूको जमात बढिरहेको र भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रह कविता लेख्ने नवकविहरूका लागि

निकै उपयोगी रहेको हुनाले यस शोधपत्र त्यस्ता सर्जकको पथसारथी बन्न सक्ने देखिन्छ । त्यसैगरी यस कृतिको विस्तृत अध्ययन तथा विश्लेषणले नेपाली साहित्यमा यस कृति तथा सर्जकको योगदान तथा स्थान पहिचानमा समेत सहयोगी सिद्ध हुन्छ । तसर्थ यो शोधपत्रको औचित्व प्रभावकारी तथा महत्त्वपूर्ण देखिन्छ ।

## १.६ शोधका क्षेत्र र सीमा

यस शोधकार्य **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रह कृतिको अध्ययन गर्दै प्रवृत्तिगत रूपमा विश्लेषण गर्ने जमर्को गरिएको छ । विशेषतः यो कवितासङ्ग्रह कृतिको अध्ययनमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ । प्रस्तुत शोधकार्य कृतिपरक भएकाले विधागत तत्त्वका आधारमा कृतिको विश्लेषण प्रस्तुत गर्नु नै यस शोधकार्यको सीमा रहेको छ । उनका कृतिहरूसँग सम्बन्धित विधा बाहेकका अन्य पाटाहरूको अध्ययन नगर्नु र नगरिनु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

अनुसन्धेय विषय साहित्यकार भूपिनको **सुप्लाको हवाइजहाज** कृतिको कृतिपरक अध्ययन गरिने भएकाले त्यससँग सम्बन्धित तयारीका लागि सामग्री सङ्कलन गर्न खासगरी पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरिएको छ । मुख्यतः अध्ययनका लागि पुस्तकालय नै सामग्री सङ्कलनको स्रोत मानिएको छ भने आवश्यक परेको समयमा शोधनायकसँगको कुराकानीलाई पनि अध्ययनमा समावेश गरिएको छ ।

### १.७.२ शोधविधि

प्रस्तुत शोधकार्य आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक अध्ययन पद्धतिको आधारमा अध्ययन गरिएको छ । विश्लेषणका निम्ति सिद्धान्तलाई आधार बनाइएको छ भने कृतित्व पक्षको अध्ययन कविताको विधातात्त्विक आधारमा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार स-साना शीर्षक, उप-शीर्षकहरूमा विभाजन गर्नुका साथै मोटामोटी रूपमा निम्नानुसार अध्यायमा विभाजन गरिएको छ :

**अध्याय एक : शोध परिचय**

यस अध्यायमा शोधको परिचयका रूपमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि र शोधपत्रको रूपरेखा आदि प्रस्तुत गरिएको छ ।

**अध्याय दुई : कविताको सैद्धान्तिक आधार**

यस अध्यायमा कविताको परिचय, कविताका तत्त्वहरू, कविताका रूपहरू, नेपाली कविताको विकासक्रम र निष्कर्ष राखिएको छ ।

**अध्याय तीन : भूपिनको काव्ययात्रा र प्रवृत्ति**

यस अध्यायमा परिचय, साहित्यिक यात्रा, साहित्यिक प्रवृत्ति र निष्कर्ष राखिएको छ ।

**अध्याय चार : 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहका कविताहरूको विधातात्त्विक अध्ययन तथा विश्लेषण**

यस अध्यायमा कविताहरूको शीर्षक, भावविधान, भाषाशैली र कथनपद्धति, बिम्ब-प्रतीक र सन्देश जस्ता कविताका तत्त्वहरूका आधारमा वर्णन र विश्लेषण गरिएको छ ।

**अध्याय पाँच : उपसंहार तथा निष्कर्ष**

यस अध्याय उपसंहार तथा निष्कर्षका रूपमा रहेको छ । यसअन्तर्गत प्रत्येक अध्यायका निष्कर्षहरू प्रस्तुत गरिएका छन् र अन्तमा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी शोधपत्र अन्त्यमा सन्दर्भग्रन्थ खण्ड तथा परिशिष्ट खण्ड रहेको छ । सन्दर्भग्रन्थ खण्डअन्तर्गत सन्दर्भ सामग्रीहरूको वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ र शोधपत्रलाई पूर्णता दिइएको छ ।

# अध्याय - दुई
# कविताको सैद्धान्तिक आधार

## २.१. कविताको परिचय

कविता भन्नाले भावनात्मक वा बौद्धिक कथ्यको लयात्मक संरचना हो भन्ने बुझिन्छ। यसका सन्दर्भमा धेरैको मतसँग मिल्ने पद भाव हो। इतिहास केलाउँदा गद्यसाहित्यबाट नेपाली साहित्य सुरु भएझैं लाग्दछ तर यथार्थ त्यसो नभई पद्यसाहित्य कम लेखिए र गद्यसाहित्यको लगत्तै प्रवेश भई पद्यसाहित्य छायामा पर्नुले नै त्यो भ्रम सिर्जना भएको हो । पद्य हुनु कविताको खास पहिचान हो । कविता एउटा संरचनाको त्यो एकाइ हो जसमा छन्द, लय, बिम्ब, प्रतीक, अलङ्कार, अर्थ आदि पर्याप्त एकाइहरूले बुनिएका हुन्छन् जसले मानिसका अङ्गसरह व्यवस्थित भई कार्य गर्दछन् । कवितामा गुण हुनु जरुरी हुन्छ । महिमाशाली शोभा गुण हो । अभिष्टभावलाई सङ्क्षेपमा व्यक्त गर्ने पदावली काव्य हो *(संक्षेपाद् वाक्यामिष्टाचर्यवच्छिन्ना पदावली काव्यम्)* भनी **अग्निपुराण**मा बताइएको कुरा कृष्णविलास पौडेलले आफ्नो पुस्तक **आधुनिक नेपाली कविता - काव्य** (पौडेल, २०६६ : ४) बताएका छन् । कथ्यविना अरू विधाझैं कविता पनि लेख्न सकिँदैन। कथ्य भन्नाले स्रष्टाको कलात्मक आवेग हो। त्यो रचनामा गई व्यक्त हुन्छ। कविताको कथ्य भावनात्मक वा बौद्धिक हुने गर्दछ। पद्यात्मक अभिव्यक्ति कविताको मुख्य पहिचान हो। यसमा नियमित आवर्त हुन्छ। यसलाई नै छन्द भनिन्छ। कवितामा आख्यानात्मक, नाटकीय र प्रगीतात्मक तीन संरचना भेटिन्छन् ।

लोकगीत वा लोकसाहित्य मौखिक हुन्छ, त्यो व्यक्तिको सिर्जना हुँदैन। परम्परादेखि चलिआएको हुनाले यसको व्यवस्थितीकरण मात्र हुन्छ, लिखित रूप मानिदैन। कविता लिखित हुन्छ, लिपिबद्ध हुन्छ। नेपाली भाषाले संस्थागत रूप लिन थालेदेखि क्रमशः नेपाली साहित्य पनि जन्मेर बामे सर्न थालेको पाइन्छ। पश्चिमको खसभाषा एकीकरणसँगै पूर्वतर्फ लागेर विकसित भयो भने पूर्वबाटै नेपाली साहित्यको जग पनि हालियो। समयक्रमसँगै नेपालमा प्रशस्त परिवर्तनहरू भए। त्यस्ता परिवर्तनले साहित्यिक क्षेत्रमा पनि केही न केही प्रभाव र परिवर्तन अवश्यै ल्याए। तैपनि नेपाली कविताको मुख्य उठानबिन्दु अन्यौलमै देखिन्छ।

'कविता' नेपाली भाषामा प्रचलित संस्कृत शब्द हो । 'कवि' आधारपदमा भाववाच्य पछि कर्म वाचक हुन पुगेको 'ता' प्रत्यय लागी कविता बन्न पुगेको छ (उपाध्याय, २०४९ : ६) । कवेः कर्म काव्यम् अर्थात् कविको कर्म वा रचनालाई काव्य भनिन्छ । अतः काव्यलाई बुझ्न कवि शब्दसँग परिचित हुनु आवश्यक छ। कुनै विषयको वर्णन गर्न सिपालु व्यक्तिलाई कवि भनिन्छ। 'कव् वर्णने' धातुबाट कवि शब्दको सिद्धि मान्नुपर्छ भन्ने केही विद्वान्हरूको धारणा छ। यी दुवै अवस्थामा कुनै विषयको वर्णन गर्ने व्यक्ति कवि हो (उपाध्याय, २०४९ : ६) । त्यसैले गद्य वा पद्य कविताका रचयितालाई कवि भनिन्छ । चमत्कारपूर्ण,

आह्लादजनक, सौन्दर्यमय लेख रचनाका लेखकलाई कवि र त्यस्तो लेख रचनालाई कविता मान्नुपर्ने हुन्छ । यसरी कविको भाव र अनुभूतिको सञ्चार नै कविता हो ।

कविको अनुभूति जति भ्याङ्गिँदै जान्छ, त्यति कविताको आयाम पनि विस्तारित बन्छ । कविले आफू बाँचेको युग र समाजमा हुने गरेको क्रियाकलापलाई कवितामा उतार्छन् । जतिजति समालोचकहरूले कविताका जुनजुन पक्षलाई बढी जोड दिन्छन्, त्यसैका आधारमा विद्वान्हरूले कवितासम्बन्धी परिभाषा र मान्यता औँल्याउने हुँदा कविताको परिभाषामा एकरूपता देखिँदैन । यहाँ कविताको परिभाषाका सन्दर्भमा पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूले राखेको मान्यतालाई निम्नानुसार चर्चा गरिएको छ -

### २.१.१ कवितासम्बन्धी पूर्वीय विद्वान्हरूको धारणा

कवितालाई परिभाषित गर्ने क्रममा पूर्वीय मूल्य र मान्यतालाई नियालेर हेर्दा संस्कृत साहित्य शास्त्र हेर्नु पर्ने हुन्छ । संस्कृत साहित्य शास्त्रमा कवितालाई काव्यको सन्दर्भमा हेरिएको छ । यसरी यहाँ पूर्वीय विद्वान्हरूले दिइएका कवितासम्बन्धी केही परिभाषा निम्नानुसार रहेका छन् -

#### क) भामह

रविलाल अधिकारीले **साहित्य सारथी**मा बताएअनुसार पूर्वीय काव्य शास्त्रीय चर्चा गर्दै कवितालाई चिनाउने काम सर्वप्रथम भरतमुनिबाट पाइए पनि उनले नाटकलाई बढी प्राथमिकता दिइएको पाइन्छ । कविताका बारेमा सर्वप्रथम "शब्दार्थौ सहितौ काव्यम्" भनेर कवितामा शब्द र अर्थको सन्तुलन मिलेको हुनुपर्ने आग्रह भरतमुनिले गरेका छन् (अधिकारी, २०५९ : ६) भनी उल्लेख गरिएको छ ।

अलङ्कारवादी आचार्य भएकोले उनले कवितामा शब्दालङ्कार र अर्थालङ्कारका विशिष्ट शब्द र अर्थको सहभावबाट कविता निर्माण हुने बताउँछन् ।

#### ख) दण्डी

केशवप्रसाद उपाध्यायले **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**मा आठौँ शताब्दीका प्रारम्भका दण्डीले "शरीरं तावदिष्टर्थ व्यवच्छिन्ना पदावली" अर्थात् अभीष्ट भावपूर्ण शब्द समूह काव्य शरीर हो (उपाध्याय, २०५५ : ८) भनेका छन् । भामह जस्तै अलङ्कारवादी भए पनि दण्डीले अर्थालङ्कारलाई बढी महत्त्व दिएका छन् । त्यसैले अर्थालङ्कार सौन्दर्य विशिष्ट पदावली नै यिनका मतमा काव्य हो ।

#### ग) वामन

विष्णुप्रसाद पौडेलले **संस्कृत काव्यशास्त्र**मा आठौँ शताब्दीतिरका रीतिवादी आचार्य वामनले "काव्य शब्दोयं गुणालङ्कार संस्कृतयो शब्दार्थयो वर्तते" अर्थात् गुण र अलङ्कारले परिस्कृत शब्द र अर्थलाई काव्य (पौडेल, २०५७ : २७) मानेको कुरा उल्लेख गरेका छन् ।

#### घ) कुन्तक

विष्णुप्रसाद पौडेलले **संस्कृत काव्यशास्त्र**मा एघारौँ शताब्दीका कुन्तक वक्रोक्तिवादी कवि हुन् । यिनको काव्य मान्यता अरू विद्वान्को भन्दा केही भिन्न र मौलिक छ । यिनका

अनुसार “शब्दार्थौं सहितौ वक्रकवि व्यापार शालिनी वन्धे व्यवस्थितौ काव्य तद्धिदह्लादकारिणी” जसअनुसार शब्द र अर्थको सहभाव भएको कविको त्यस्तो वक्रतापूर्ण रचनालाई काव्य भनिन्छ, जसले काव्यवेत्ताहरूलाई आह्लाद प्रदान गर्ने सामर्थ्य हुन्छ (पौडेल, २०५७ : २९) भनी स्पष्ट पारेका छन् ।

**ङ) विश्वनाथ**

रविलाल अधिकारीले **साहित्य सारथी**मा विश्वनाथ चौधौं शताब्दीका रसवादी चिन्तक विशिष्ट विद्वान् मानिन्छन् भनेका छन् । “वाक्यम् रसात्मकं काव्यम्” अर्थात् रसात्मक वाक्य नै काव्य हो भनेर विश्वनाथले रसलाई काव्यको आत्मा मानेका छन् (अधिकारी, २०५९ : ६) । रसविना कुनै पनि साहित्यको सिर्जना हुन सक्दैन ।

**च) मम्मट**

रविलाल अधिकारीले **साहित्य सारथी**मा मम्मटको कविताको परिभाषाको उल्लेख गर्दै “तद्दोषौ शब्दार्थौ सगुणावनलंकृती पुनः क्वापि” भन्दै दोषसहित भएका शब्द र अर्थको संयोग भएको तथा गुणले युक्त भएको अवस्थामा कुनै कुनै ठाउँमा अलङ्कार नभए पनि काव्य हुन्छ (अधिकारी, २०५९ : ९) भनेका छन् ।

**२.१.२. कवितासम्बन्धी पाश्चात्य विद्वान्हरूको धारणा**

पाश्चात्य साहित्यमा कवितालाई पोयट्री भनिन्छ । पोयट्री शब्दको व्युत्पत्ति पोयट शब्दबाट भएको हो । पोयट शब्दको अर्थ रचनाकार वा कवि भन्ने हुन्छ । पोयट्रीको अर्थ कविको कर्म, त्यसैले पश्चिमी साहित्यमा कविको कर्मलाई कविता भनिन्छ साथै पोयट्रीलाई पोयम पनि भनिन्छ (शर्मा र लुइँटेल, २०५५ : १) भनी उल्लेख गरेका छन् ।

रविलाल अधिकारीले **साहित्य सारथी**मा अरस्तुले आफ्नो **‘काव्यशास्त्र’**मा छन्दद्वारा गरिएको प्रकृतिको अनुकरण कविता हो (अधिकारी, २०५९ : ७) भनेर परिभाषित गरेको बताएका छन् ।

जोन्सनका विचारमा कविता छन्दोबद्ध रचना हो, यो बुद्धिका सहायताले कल्पनाको आह्वानद्वारा आनन्दलाई स्थापित गर्ने कला हो (उपाध्याय, २०४९ : ६) । कविता जीवनको आलोचना हो तर यो जीवनको आलोचना काव्यगत सत्य र सौन्दर्यका नियमहरूमा बाँधिएको हुन्छ (उपाध्याय, २०४९ : १३) भन्ने मैथ्यु अर्नोल्डको धारणा केशवप्रसाद उपाध्यायले **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**मा व्यक्त गरेका छन् ।

केशवप्रसाद उपाध्यायद्वारा लिखित **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**मा प्रसिद्ध कवि एवं समालोचक टि.एस. इलियट प्रतिभाको पलायन मान्दछन् भन्दै काव्य आत्मा र व्यक्तिको व्यक्तित्वको अभिव्यक्ति होइन, अपितु आत्मा र व्यक्तिबाट पलायन हो (उपाध्याय, २०४९ : १५) भनेको कुरा उल्लेख गरेका छन् ।

त्रिपाठी र अन्यद्वारा सम्पादित **नेपाली कविता भाग ४** मा अरिस्टोटलले कलाले प्रकृतिको अनुकरण गर्दछ (त्रिपाठी र अन्य, २०५३ : ४७) भनी उल्लेख गरेका कुरा लेखेका छन् ।

उल्लिखित कविताका विभिन्न परिभाषाहरूले कवितालाई विभिन्न किसिमबाट चिनाएको पाइन्छ । विद्वान्हरूको परिभाषामा एकरूपता नपाइए पनि कविता कविद्वारा गरिएको रचना हो भन्ने कुरामा सहमत भएको पाइन्छ । जे होस्, सबै विद्वान्हरूले कवितामा अनुकरणात्मकता, स्वच्छन्दता, कलात्मकता, रागात्मकता, निर्वैयक्तिकता संवेद्यता साङ्गीतिकता, श्रुतिमधुरता, रमणीयताजस्ता पक्ष हुनु जरूरी मानेका छन् ।

### २.१.३. कविता सम्बन्धी केही नेपाली विद्वान्को धारणा

नेपाली विद्वान्, कवि तथा समालोचकहरूले पनि कविता विधालाई परिभाषित गर्न खोजेका छन् । स्वभावैले पूर्वीय र पाश्चात्य विद्वान्हरूको नेपाली विद्वान्मा प्रभाव परे पनि उनीहरूले कवितामा आफ्नो मौलिकता दिने प्रयास गरेका छन् । उत्तम कुँवरले आफ्नो पुस्तक **स्रष्टा र साहित्य**मा केदारमान व्यथितको कविताको परिभाषा "तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम कसेर भावुकता चढेको नै कविता हो" ( कुँवर, २०५० : ४५) भनी अभिव्यक्त गरेका छन् ।

प्रसिद्ध समालोचक डा. वासुदेव त्रिपाठीले "कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ, अनि यो सौन्दर्यपरक भाषिक अभिव्यक्ति हो, वाङ्मय पनि हो, भाषिक प्रयोगको क्षेत्र लयात्मक सौन्दर्यको उपज पनि हो ।" यसरी त्रिपाठीले जीवनजगत्को लयात्मक सौन्दर्यपरकता र सङ्गीतात्मकता भावविधानलाई कविता मानेका छन् (त्रिपाठी, २०४८ : ४३) ।

यसरी कवि तथा समालोचकहरूले कविता सम्बन्धी उपर्युक्त परिभाषाको अध्ययन गर्दा भावनाको स्वच्छन्द उडान भएको बौद्धिक कोमलता, अनुभूति, कलात्मक भावविधान, सौन्दर्यपरकता, साङ्गीतिक झङ्कार आदि तत्त्व भएको विधा नै कविता हुनुपर्दछ ।

## २.२. कविताका तत्त्वहरू

साहित्यिक विधा कविताले प्राचीन कालदेखि एक्काइसौँ शताब्दीसम्म आइपुग्दा अनेक रूप र स्वरूप अँगाल्दै आएको छ । आजसम्म पनि यसको निश्चित स्वरूप निर्क्यौल भएको देखिँदैन । पूर्वीय साहित्य शास्त्रको इतिहासमा सबै विद्वान्हरूको कविताका तत्त्वका बारेमा एउटै मत पाइँदैन ।

यसरी नै अङ्ग्रेजी इलेमेन्ट्सको समानार्थी शब्द तत्त्व हो । कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा अवयवलाई तत्त्व भनिन्छ (लुइँटेल र अन्य, २०५८ : ४) । तत्त्वहरूको योगदानबाट नै सिङ्गो संरचना निर्माण हुन्छ । कविता पनि एक साहित्यिक विधा भएकाले यसका आफ्नै प्रकारका संरचनात्मक तत्त्व वा घटकहरू हुन्छन् । कवितालाई पूर्णरूपाकृति प्रदान गर्न केही आवश्यक संरचक तत्त्वहरू हुन्छन् । यिनै संरचक तत्त्वबाट कविता काव्यको निर्माण हुन्छ । कविताका संरचक तत्त्वका

सम्बन्धमा पूर्व र पश्चिमका विद्वान्हरूमा मतैक्य पाइँदैन । पूर्वीय विद्वान्हरूले रस, शब्दार्थसौन्दर्य, रीति, ध्वनि आदिलाई काव्यतत्त्व मानेका छन् । काव्यतत्त्वलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँड्ने प्रचलन पनि छ । जसमा कल्पना, रागात्मक अनुभूति, विवेक, हास-परिहास, चमत्कार आदिलाई आन्तरिक र रीतिगुण, औचित्य वा शब्दालङ्कार आदिलाई काव्यको बाह्य तत्त्व मानिएको छ ।

पाश्चात्य साहित्यमा कल्पना तत्त्व बुद्धितत्त्वका साथै शैली पक्षलाई पनि कविताका तत्त्व मानिएको छ । पश्चिममा विषयवस्तु, संरचना, बिम्ब र प्रतीक विधान, अलङ्कार योजना, वाक्यका विन्यास, भाषाशैली आदिलाई कविताका तत्त्व मानिएको छ ।

यसरी पूर्वीय तथा पाश्चात्य जगत्का विद्वान्हरूका विचारअनुसार कविताको निर्माणमा मुख्यतया निम्न तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् -

### २.२.१. शीर्षक

कविद्वारा कविताको नामकरण गरिएको नामरूपी शब्द नै शीर्षक हो । त्यस नामरूपी शीर्षकले कविताको मुख्य भाव विचार वा संरचना वा कवितामा अन्तरनिहित अन्य महत्त्वपूर्ण कुरासँग प्रत्यक्ष सम्बन्ध राख्दछ ।

### २.२.२ लयविधान

लयविधान कविताको आधारभूत तत्त्व हो । साहित्यका अन्य विधाबाट कवितालाई अलग्याउने तत्त्व पनि यही हो । कवितामा पङ्क्तियोजना वा पदयोजना साथै तिनमा समाविष्ट र ती भित्रका स्वर र व्यञ्जन वर्णका साम्य वैषम्यबाट जे-जस्तो नाद वा सङ्गीत पैदा हुन्छ, त्यो नै कविताको लय हो । अनुच्छेदका पङ्क्ति वा पाउका बीच वर्णको वा मात्राको वा वर्णमात्राको दुवैको नियमित प्रयोग भएमा बद्धलय वा पद्य हुन्छ भने त्यो कम नियमित भएमा मुक्तलय वा गद्यलयको कविता हुन्छ । अन्तरअनुप्रास र अन्त्यानुप्रास मिलेमा मात्र कविताको लय अझ मिठासयुक्त हुन्छ ।

### २.२.३ भावविधान

जीवन जगत् मानव मन र मानव जगत्का सारा अनुभव एवं कार्यकलापको कथन कवितामा हुन्छ । देशकाल, परिस्थिति, सामाजिक परिवर्तन र व्यवहार, सांस्कृतिक, प्राकृतिक छटा आदिले कविलाई प्रभावित तुल्याउँछ । त्यसलाई कविले आफ्ना रचनामा व्यक्त गर्दै आफ्नो अभिमत व्यक्त गर्दछ । यो नै कविताको कथ्य हो । कविता लेखनका क्रममा एउटै सन्देश दिन खोजिरहेको हुन्छ । सामाजिक, राजनीतिक, प्राकृतिक आदि विषयवस्तुलाई कवितामा व्यक्त गर्न खोजिन्छ । त्यसैले कवितामा कथन गरिएको विषयवस्तुको सारतत्त्व र कविताको केन्द्रीय कथ्य नै भावविधान हो ।

### २.२.४ संरचना

कविताको संरचना भनेको त्यसको बनोट वा बुनोट हो । पङ्क्ति, पाउ-पाउ मिली अनुच्छेद वा श्लोक बन्नु र श्लोक-श्लोक वा अनुच्छेद-अनुच्छेद मिली वा अध्याय-अध्याय

मिली कविता वा खण्डकाव्य वा अध्याय वा सर्गका बीच मूल विषयवस्तु भाव वा विचारको शृङ्खला हुनु नै कविता वा कविताका विभिन्न विधागत उपभेदहरूको संरचनागत पक्ष हो ।

### २.२.५ भाषाशैली र कथनपद्धति

साहित्य भाषिक कला भएकाले भाषाशैली पनि कविताको आधारभूत तत्त्व हो । कवितामा व्यक्त गर्नुपर्ने मूल विषयवस्तु वा भाव विचारलाई व्यक्त गर्न सबैभन्दा उपयुक्त देखिने वर्ण, शब्द, शब्दावली, वाक्य र अनुच्छेद प्रयोगको चयन-कौशल नै कविताको भाषाशैली हो । कवितामा भाषाशैली लाक्षणिक र व्यञ्जनात्मक पनि हुनु ज्यादै राम्रो हुन्छ । साथै, त्यो भाषाशैली रागाात्मक र सौन्दर्यपूर्ण हुनुपर्दछ ।

साहित्यिक कृतिमा साहित्यकारकै कथन हुने गर्दछ । कवितामा पनि कविको एकालापीय अभिव्यक्ति नै हुन्छ तापनि कवि विशेषको कथन वा ढङ्ग वा पद्धतिमा केही पृथक्ता पनि पाउन सकिन्छ । कवितामा मका कोणबाट कथन गरेको छ भने प्रथम, उत्तम पुरुषात्मक कथन हो जसलाई कविप्रौढोक्ति भनिन्छ । कवितामा कविले तृतीय पुरूषात्मक कोणबाट पनि कथन गर्न सक्छ । त्यसलाई कवि निबद्धवक्तृप्रौढोक्ति भनिन्छ ।

### २.२.६ बिम्ब-प्रतीक/अलङ्कार

कवितामा व्यक्त भाव र विचारलाई प्रभावकारी बनाउनका निमित्त सम्बन्धित भाव र विचार सँगसँगै छायाजस्तो भई आउने तत्त्व नै कविताको बिम्ब वा अलङ्कार हुन् । जीवन जगत्का विभिन्न स्रोतबाट टिपिएका बिम्ब र उपमानको प्रयोग कवितामा गरिएको हुन्छ र तिनले कवितामा गहना वा अलङ्कारको भूमिका खेली कविताको मूलभावलाई सुन्दर र प्रभावकारी तुल्याउँछन् ।

### २.२.७ उद्देश्य

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । कविताको उद्देश्य कविताभित्र सार्थक समुपयुक्त, प्रभावपरक भाव वा विचार हुनुपर्दछ । कविता वाचन (अध्ययन) पछि उद्देश्यको अर्थ रहेन भने कविता अधुरो हुन्छ, त्यसकारण उद्देश्य पनि कविताको आवश्यक तत्त्व मानिन्छ ।

## २.३. कविताका रूपहरू

हरेक साहित्यिक विधाको निश्चित आयाम हुने गर्दछ । कविता पनि साहित्यको महत्त्वपूर्ण विधा भएकोले रूपअनुसार यसको आयाम रहेको हुन्छ । यो विधा मुक्तकदेखि महाकाव्यसम्म विस्तारित हुन्छ ।

### २.३.१. लघुतम रूप

कविताको सबैभन्दा छोटो रूप लघुत्तम रूप हो । जसमा जीवन र जगत्सम्बन्धी अत्यन्त छोटो, सानो, आत्मपरक, वस्तुगत, अतिसूक्ष्म आकारको बीज रहेको वा नरहेको कथ्य विषयले एकक्षणको कुनै अनुभूतिलाई छोटकरीमा प्रस्तुत गरेको हुन्छ । यसमा कथनले

सङ्क्षिप्तालाई अँगालेको हुन्छ । यसको आयाम २, ३ वा ४, ५ पङ्क्ति पाउ वा चरणसम्म फैलिएको हुन्छ ।

### २.३.२. कविताको लघुरूप

मुक्तकभन्दा ठूलो एकाइ र खण्डकाव्यभन्दा सानो एकाई नै फुटकर कविता हो । विभिन्न पत्रपत्रिकामा प्रशस्त मात्रामा छापिने कविता लघुरूप नै हुन् । संस्कृत वैदिक कविता परम्परामा ऋचाहरू कुनै एक प्रसङ्गका कथन वा वर्णनका क्रममा एक अनुक्रममा आबद्ध भई देखा पर्दा बन्ने सुक्तहरू लघु कविताका रूप हुन् (त्रिपाठी र अन्य, २०६० : ४३) । यसको आयाम श्लोकमा ८/१२/१५/२० श्लोकसम्म विस्तारित हुन्छ ।

### २.३.३ कविताको मझौला रूप

फुटकर कविताभन्दा ठूलो र बृहत् कविताभन्दा सानो कम्तीमा १०० श्लोकदेखि १००० श्लोक वा सोभन्दा कम सङ्ख्या भएको आख्यानात्मक पद्यरचनालाई खण्डकाव्य भनिन्छ (त्रिपाठी र अन्य, २०६० : ५३) । लेखनाथको **ऋतुविचार**, लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन,** सिद्धिचरण श्रेष्ठको **उर्वशी** यसका उदाहरण हुन् ।

### २.३.४ बृहत रूप (महाकाव्य)

पूर्वीय संस्कृत परम्परामा सफल कथाका साथै सामान्य महाकाव्यको रूपमा यसलाई सकारिन्छ । पाश्चात्य परम्परामा चाहिँ ललित (कलात्मक) काव्यका रूपमा यसलाई चिनिन्छ (त्रिपाठी र अन्य, २०६० : ६४) । यस किसिमका महाकाव्यहरूमा भानुभक्तको **रामायण**, लक्ष्मीप्रसादको **शाकुन्तल**, सोमनाथको **आदर्श राघव** हुन् । महाकाव्यभित्र आख्यानीकरण र नाटकीकरणको प्रयोगधर्मिता अँगालिएको हुन्छ ।

### २.३.५ कविताको बृहत्तर/बृहत्तम रूप

विकसित महाकाव्य सिङ्गो जातिको जीवन जगत्को बृहत्तर रूपको कवितात्मक संरचनाबद्ध सर्गबन्ध संयोजन विकासशील महाकाव्य हो । यसमा सिङ्गो जातिकै सभ्यता, संस्कृति, घटना, परिघटनात्मक रूपमा कवित्वमय आख्यानको अनुभूतिमय काव्यकला परिपाकभित्र अनेक रस, अनेक वर्ग, अनेक पक्ष र विषयविषयान्तरको उच्चतर कवितात्मक प्रस्तुति हुन्छ । यसभित्र संस्कृतको **आर्ष महाकाव्य, वाल्मीकिको रामायण** पर्दछ । यसरी रूप एवं स्वरूपलाई हेर्दा सबैभन्दा सानो रूप लघुत्तम (मुक्तक) हो भने सबैभन्दा ठूलो रूप विकसित महाकाव्य हो ।

कविता जीवन र जगत्का वास्तविकता प्रतिबिम्बन गर्ने विधामध्ये एक हो । जीवन र जगत्का विविध पक्ष कवितामा समेटिएका हुन्छन् । समय परिवर्तनसँग सामाजिक, सांस्कृतिक विषयहरू पनि परिवर्तन हुन्छन् । जसबाट समाजमा राम्रा पक्ष हुन्छन्, तिनलाई अझै सुधार गर्दै जानु र नराम्रा पक्षको विरोध गर्दै सुधारतर्फ उन्मुख हुनु साहित्यकारहरूको कर्म हो ।

## २.४. कविताको विकासक्रम

नेपाली साहित्यको लोकप्रिय र पुरानो विधा कविता हो । समाजको दर्पणको रूपमा रहेको साहित्य समाज विकासको क्रममा विकसित हुँदै गएको छ । कविताले नेपाली साहित्यमा लामो यात्रा गर्ने क्रममा विभिन्न आरोह अवरोह र घुम्तीहरू पार गर्दै आएको छ । यसरी समयको परिवर्तनसँगै कविहरूले कविता लेखनमा ल्याएको परिवर्तनलाई यहाँ नेपाली कविताको विकासक्रमको रूपमा चर्चा गरिएको छ ।

### २.४.१. नेपाली कविताको काल विभाजन

नेपाली भाषा संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै विकसित भएको आधुनिक आर्यभाषा हो । इसाको दसौँ शताब्दीतिर खस अपभ्रंशबाट नेपाली भाषाको जन्म भएको मानिन्छ । हालसम्म प्राप्त तथ्यका आधारमा वि.सं. १०३८ को राजा दामुपालको दुल्लुस्थित अभिलेख नेपाली भाषाको सर्वप्राचीन लिखित नमुना मानिएको छ । यहीँदेखि नेपाली भाषाले लेख्य रूप प्राप्त गरेको छ । पन्ध्रौँ शताब्दीसम्म यो अभिलेखमै सीमित रहेको थियो । यसबीचका अरू थुप्रै अभिलेख प्राप्त भइसकेका छन्, तर ग्रन्थाकार कृति भने प्राप्त हुन सकेको छैन । त्यसैले विद्वान्हरूले यस अवधिलाई अभिलेखयुग भनेका छन् । वि.सं. १३९० तिरको मानिएको **'भास्वती'** टीकाले नेपाली भाषालाई ग्रन्थका तहसम्म पुऱ्याएको छ । यसपछि नेपाली भाषामा औषधशास्त्र, ज्योतिषशास्त्र, धर्मशास्त्र, वंशावलीजस्ता व्यावहारिक विषयहरूमा ग्रन्थ लेखन र रूपान्तरणका काम भएका छन् तर साहित्यिक कृति भन्न सुहाउने रचनाका लागि भने वि.सं. १८२६ को सुवानन्द दासको *पृथ्वीनारायण* कवितालाई नै पर्खनुपऱ्यो । यसअघिको कुनै पनि कविता हालसम्म प्राप्त छैन । बालकृष्ण पोखरेलले मेदिनी बर्मा लिखित **रास्कोटी वंशाली** (१४५० तिर मानिएको) को एक अंशलाई *बडे राजा मलय बम* शीर्षक दिई यसलाई नेपाली कविताको प्रथम नमुना मान्नु पर्ने प्रस्ताव गरेका छन् (त्रिपाठी र अन्य, २०५३ : ९६) तर यस कुरालाई हालसम्म अन्य विद्वान्ले त्यति महत्त्व दिएका छैनन् । *पृथ्वीनारायण* नेपाली भाषाको आद्य कविता हो भन्ने कुरामा भने बहुमत देखिएको छ । त्यसैले अन्य आधार प्राप्त नभएसम्म यसैलाई नेपाली भाषाको पहिलो कविता मान्नुपर्ने हुन्छ । त्यसबेलामा कुनै साहित्यिक रचना नपाइएको र अन्य वाङ्मयका ग्रन्थहरूको रचना मात्र भएको हुनाले यस अवधिलाई वाङ्मययुग वा ग्रन्थ रचनाको युग भनिएको छ । यस युगमा नेपाली भाषाले कुनै कविता नपाए पनि कविताका लागि आवश्यक पर्ने भाषिक परिस्कार र कविताको भाव बहन गर्न सक्ने क्षमता भने प्राप्त गरेको छ । त्यसैले यस युगलाई नेपाली कविताको पृष्ठभूमिकाल मानिएको छ ।

नेपाली कविताको पृष्ठभूमिलाई हेर्दा यो सुवानन्द दासको *पृथ्वीनारायण* (वि.सं. १८२६ तिर) देखि सुरु भएको ज्ञात हुन्छ । त्यस बेलादेखि आजसम्म करिब साढे दुई शताब्दीको यात्रामा नेपाली कविताले अनेक आरोह-अवरोह र घुम्तीहरू पार गर्दै आएको छ । नेपाली कविताको करिब अढाई शताब्दीको यो कालावधिलाई अध्ययन गर्न सहयोग होस् भन्ने हेतुले विद्वान्हरूले विभिन्न कालखण्ड र चरण उपचारणमा विभाजन गरेका छन् ।

यसरी काल विभाजन गर्दा विद्वान्हरूका भनाइमा मतैक्य भने देखिँदैन । कसैले तत्कालीन राजनीतिक परिस्थितिलाई आधार बनाएर काल विभाजन गरेका छन् भने कसैले नेतृत्वकर्ता व्यक्ति विशेषलाई र कसैले प्रवृत्तिलाई पनि काल विभाजनको आधार बनाएका, मूलभूत सिद्धान्तलाई अङ्गीकार गरेका, विभिन्न विद्वान्हरूले मानेका र त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रमले समेत मान्यता प्रदान गरेको काल विभाजन यसप्रकार छ (त्रिपाठी र अन्य, २०५३ : १००) :

क) प्राथमिक काल (वि.सं. १८२६ - १९४०)

ख) माध्यमिक काल (वि.सं. १९४१-१०७४)

ग) आधुनिक काल (वि.सं. १९७५ - वर्तमानसम्म)

उपर्युक्त कालखण्डमा नेपाली कवितामा देखिएका प्रमुख कवि, तिनका कृति र तिनले अँगालेका धारा र प्रवृत्तिको चर्चा सङ्क्षेपमा गरिन्छ ।

### २.४.१.१. प्राथमिक काल

हालसम्म प्राप्त तथ्यका आधारमा नेपाली भाषाको पहिलो कविता सुवानन्द दासको *पृथ्वीनारायण* (वि.सं. १८२६) हो । यस बेलादेखि मोतीराम भट्टको आगमन नभएसम्मको कालावधिलाई नेपाली कविताको प्राथमिक काल मानिएको छ । यो नेपाली कविताको मात्र नभई समग्र नेपाली साहित्यकै प्राथमिक काल हो । यस बीचमा नेपालका इतिहासमा महत्त्वपूर्ण घटनाहरू भएका छन् । पृथ्वीनारायण शाहको नेपाली एकीकरणको अभियान, रणबहादुर शाहको आफ्नै भाइद्वारा गरिएको हत्या, सुगौली सन्धि, भीमसेन थापाको पतन, कोतपर्व र जङ्गबहादुर राणाहरूको पहिलो पुस्ताको जहानियाँ शासनजस्ता घटना यसैबेला भएका हुन् (लुइटेल, २०६० : १७०) । साहित्य समाजको दर्पण भएकाले सामाजिक स्थितिको प्रत्यक्ष प्रभाव त्यसमा परेको हुन्छ । नेपाली कवितामा पनि उल्लिखित सामाजिक एवं राजनीतिक आरोह-अवरोहको प्रभाव प्रशस्त पर्‍यो । पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि सुरु भएको र ठाउँठाउँका विजयले गर्दा उत्साहित तत्कालीन नेपाली कवि-परम्पराले राजा तथा उनका सैन्यका वीरताको वर्णन गर्दै वीररस प्रधान कविताहरूको रचना गर्न थाल्यो । यो क्रम वि.सं. १८७२ सम्म रह्यो तर १८७३ मा अङ्ग्रेजहरूसँग सुगौली सन्धि गरी आफ्ना देशका कतिपय भूभाग गुमाउनु परेको पीडा नेपालीहरूको लागि सह्य थिएन । त्यसैकारण सुगौली सन्धिपछि नेपाली कविताको मूल प्रवाह भक्तिधारातर्फ मोडियो (त्रिपाठी र अन्य, २०५३ : १०४) । त्यसबेलादेखि मोतीराम भट्टको आगमनसम्म फाट्टफुट्ट रूपमा अरू खालका कविताको रचना भए तापनि मुख्यतया भक्तिभावप्रधान कविताकै बाहुल्य रह्यो । त्यसैले नेपाली कविताको ऐतिहासिक अध्ययन गर्दा प्राथमिक कालको जम्मा ११४ वर्षको अवधिमध्ये वि.सं. १८२६ देखि १८७२ सम्मको पूर्वार्द्ध चरणलाई वीरधारा र वि.सं. १८७३ देखि १९४० सम्मको उत्तरार्द्ध चरणलाई भक्तिधाराअन्तर्गत राखी अध्ययन गर्ने परम्परा रहिआएको छ ।

### क) वीरधारा

नेपाली कविताको सुरुआत सुवानन्द दासले पृथ्वीनारायण शाहका वीरताको वर्णन गर्दै *पृथ्वीनारायण* कविता लेखेर गरेका हुन् । यसपछिका अन्य कविताहरूले पनि राजा, तिनका सैन्य अथवा अन्य उच्च पदस्थ शासकहरूका वीरताको वर्णन गर्दै कविता लेखेका छन् । यसो हुनुमा तत्कालीन राजनीतिक परिवेश प्रमुख कारक हो भने शासकको प्रशंसा गरेर केही लाभ लिने उद्देश्यले पनि यस किसिमका कविता लेखिएका हुन् । यस अवधिका अन्य कवि र तिनका रचनाहरूमा शक्तिबल्लभ अर्यालको *तनहूँ भकुण्डो,* उदयानन्द अर्यालको *पुरानु वातको अर्जी, कुलवर्णन कविता र बेताल पच्चिसी,* सुरानन्द बाँडाको *बहादुरशाहवर्णनम्*मा परेको *आशानदी,* राधाबल्लव अर्यालको *साँढ्याको कवित्त,* यदुनाथ पोखरेलको *गोर्षा सेना र कृष्णचरित्रवर्णन,* रामचन्द्र पाध्या रेग्मीको *लक्ष्मीधर्मसंवाद,* गुमानी पन्तको *धन्य गोर्खाली* आदि प्रसिद्ध छन् । यस अवधिमा मुक्तकदेखि प्रबन्धस्तरमा खण्डकाव्यको तहसम्मका रचना नेपाली साहित्यले पाएको छ । तत्कालीन कवितामा देशको राजनीतिक परिस्थिति, राजभक्ति, सैन्यवर्णन, युद्ध वर्णन, राष्ट्रियताजस्ता कुरालाई विषयवस्तु बनाइएको छ ।

### ख) भक्तिधारा

वि.सं. १९७३ को सुगौली सन्धिले नेपालीहरूलाई दुईवटा कुरा दियो - १) आफ्ना रगतले सीमा बाँधेको देशको भूभाग गुमाएर अङ्ग्रेजहरूसँग सुगौली सन्धि गर्नुपर्दा पराजयको तीतो अनुभव र २) युद्धपछिको शान्ति । देशमा विकसित यस नयाँ परिस्थितिले गर्दा नेपाली कविताले अँगाल्दै आएको वीरताको वर्णन निरर्थक लाग्न थाल्यो बरू यस घटनाबाट आहत नेपाली जनताहरू र परिस्थितिमा बाँचेका कविहरूले ईश्वरका चरित्रको चर्चामा शान्तिको अनुभव गर्न थाले । त्यसैकारण यस बेलाका कविहरूले भक्ति रचनातर्फ आफ्ना लेखनी दौडाए । फाट्टफुट्ट रूपमा यसअघि नै भगवद् भक्तिलाई विषय बनाएर कविता रचना भएका थिए तापनि यसपछिका रचनाको मुख्य स्वर नै ईश्वरभक्ति रहेकाले यस काललाई भक्तिधाराको काल भनिन्छ । यो प्राथमिककालीन नेपाली कविताको उत्तरार्द्ध चरण हो । नेपाल हिन्दूराष्ट्र भएकाले गणेश, देवी, विष्णु, शिवजस्ता देवी-देवतालाई इष्टदेवका रूपमा मान्ने प्रचलन प्राचीनकालदेखि नै थियो । यसबाहेक वेदान्त, साङ्ख्य, योगजस्ता दर्शनको प्रभाव पनि पहिलेदेखि नै छँदैथियो । भगवान् विष्णुका अवतार मानिने राम र कृष्णका चरित्रमा नेपाली जनता ज्यादै अनुरक्त थिए भने अलि शिक्षित वर्ग परमेश्वरको सगुण र साकार स्वरूपभन्दा पर निर्गुण निराकार स्वरूपका चिन्तन, मनन र चर्चा-परिचर्चामा जीवनको सार्थकता देख्दथे । यस संस्कारबाट प्रभावित कविहरू पनि सगुणका उपासक र निर्गुणका उपसक गरी दुई वर्गका थिए । त्यसैले उनीहरूले यस्तै दुईथरी विषयलाई कवितामा अभिव्यक्ति दिन थाले । सगुण र साकार ईश्वरका उपासकहरूमध्ये पनि राम र कृष्णका भक्तहरूले आफ्ना इष्टदेवका चरित्रलाई काव्य-

कवितामा उतारेका छन् । फलतः तत्कालीन नेपाली कवितामा १) रामभक्तिधारा, २) कृष्णभक्तिधारा र ३) निर्गुण भक्तिधारा गरी तीन उपधारा विकसित भएका देखिन्छन् ।

### अ) रामभक्ति धारा

रामचरित्रको वर्णन गर्ने कविहरू रामभक्ति धाराका कवि हुन् । यिनीहरूले विभिन्न भाषामा विभिन्न कविहरूले रचना गरेका रामचरित्रसम्बन्धी कृतिहरू र खास गरी संस्कृतमा वाल्मीकिले रचेका रामायणबाट प्रभावित भएर रामचन्द्रका आदर्श चरित्रको वर्णन गरेका छन् । यस धाराका कवि र तिनका कृतिहरूमा रघुनाथ पोखरेलको **सुन्दरकाण्ड**, भानुभक्त आचार्यका **रामायण** र **रामगीता** विशेष उल्लेख्य छन् । यस धाराका केन्द्रीय प्रतिभा भानुभक्त आचार्य हुन् र उनको **रामायण** नेपाली भाषाको पहिलो महाकाव्य मानिएको छ ।

### आ) कृष्णभक्ति धारा

कृष्णभक्ति धाराका कविहरूले श्रीकृष्णको जीवन चरित्रका विविध पक्षलाई विषयवस्तु बनाएर काव्य-कविताको रचना गरेका छन् । यिनीहरूका रचनाका प्रमुख उपजीव्य ग्रन्थ **श्रीमद्भागवत** र **महाभारत** रहेका छन् । यस धारामा इन्दिरसको **गोपिकास्तुति,** विद्यारण्य केशरीको **युगलगीत र द्रौपदीस्तुति,** वसन्त शर्माका **श्रीकृष्णचरित्र र समुद्रलहरी**, वीरशाली पन्तका **हीनव्याकरणी** विद्यापतिका **गीतागोविन्द र गीतवाणी,** पतञ्जली गुजुर्‍यालका **बालगोपालवाणी, हरिभक्तमाला, जैमिनी भार, अध्यात्मरामायण बालुन** आदि विशेष उल्लेख्य रहेका छन् (त्रिपाठी र अन्य, २०५३ : १०६) । यस धाराका केन्द्रीय प्रतिभा वसन्त शर्मा हुन् । उनको **श्रीकृष्णचरित्र** लामो काव्य हो तर यसलाई महाकाव्य कोटिमा भने राखिएको छैन । अतः यस धारामा कविताको सानो आयामदेखि खण्डकाव्यको तहसम्मका कृतिहरू रचिएका छन् । कृष्णका चरित्रलाई उपजीव्य ग्रन्थमा समेत शृङ्गारिक अन्तर्गर्भित भक्ति-चेतनाको अभिव्यक्ति पाइन्छ ।

### इ) निर्गुणभक्ति धारा

वेदान्तदर्शन, साङ्ख्यदर्शन, योगदर्शन एवं भगवद्गीता समेतबाट प्रभावित धारा हो - निर्गुण धारा । यसमा निर्गुण-निराकार परब्रह्मको नित्यता एवं व्यापकता र संसारको अनित्यता, निस्सारता अनि नेपाली समाजमा रहेको जातीय विभेदजस्ता कुरालाई विषयवस्तु बनाएर कविता रचना गरिएको छ । यस धारामा जोसमनी सम्प्रदायका सन्त कविहरूको विशेष योगदान रहेको छ । यस धाराका कवि र तिनका कृतिहरूमा शशिधरको **वैराग्याम्बर र वाणोपनिषद्** अगम दिलदासका **फुटकर कविता,** अखण्ड दिलदासका **निर्गुण भजन**, ज्ञान दिलदासका **उदयलहरी र भजनसङ्ग्रह** प्रसिद्ध छन् । यस धाराका केन्द्रीय प्रतिभा ज्ञान दिलदास हुन् । यसमा नेपाली भाषाका विशुद्ध रूपको प्रयोग पाइन्छ । यस धाराका धेरैजसो कविहरू साधु भएकाले र उनीहरूको नेपाली भाषामा हिन्दी र अवधिको समेत मिश्रण भएकाले यिनीहरूका रचनामा पनि भाषाको मिश्रित प्रयोग पाइन्छ ।

### २.४.१.२. माध्यमिक काल

नेपाली कविताको प्राथमिक कालको सीमाङ्कन जति विवादरहित छ, त्यति नै निर्विवाद माध्यमिक काल र आधुनिक कालका अवधि भने छैनन् । माध्यमिक कालको आरम्भका बारेमा विवाद नभए पनि यसको अन्त्य र आधुनिक कालको आरम्भ कुन विन्दुलाई मान्ने भन्ने विषयमा मतैक्य छैन । विवाद जे-जस्ता भए पनि **सूक्तिसिन्धु**को प्रकाशनलाई माध्यमिक कालको अन्तिम विन्दु मान्नुपर्ने कुरा बढी तर्कसङ्गत छ र यसैमा विद्वान्हरूको बहुमत पनि छ । त्यसैले माध्यमिक काल भनेको भानुभक्त आचार्यद्वारा रचित **सुन्दरकाण्ड**को प्रकाशन (वि.सं. १९४१) देखि **सूक्तिसिन्धु**को प्रकाशन (वि.सं. १९७४) बीचको कालावधि हो । काव्य-प्रवृत्तिका दृष्टिले यसलाई पूर्वार्द्ध (१९४१-१९६१) र उत्तरार्द्ध (१९६२-१९७४) गरी दुई चरणमा विभाजन गरिएको छ ।

नेपाली कविताको माध्यमिक काल मुद्रण तथा प्रकाशनसँगै सुरु भएको हो र यस समयावधिमा मुद्रण तथा प्रकाशनको काम प्रशस्त भएको छ । त्यसैले यस युगलाई मुद्रण/प्रकाशनको युग पनि भन्ने गरिन्छ । प्राथमिक कालमा कृतिको लेखन भए पनि प्रकाशनको काम भने भएको थिएन, त्यसैले प्राथमिक काल लेखनको काल हो । मोतीराम भट्टले प्राथमिककालीन कवि भानुभक्त आचार्य रचित **रामायण**को खोजी गरी बनारसबाट त्यसको **सुन्दरकाण्ड** प्रकाशन गरेपछि नेपाली साहित्यको मुद्रणको युगमा प्रवेश गरेको हो । यसपछि मोतीराम भट्टकै पहलमा भानुभक्तको **रामायण** पुरै भाग प्रकाशित भयो भने अरू काव्य-कविता र पत्र-पत्रिका पनि प्रकाशित हुन थाले ।

पत्र-पत्रिकातिर वि.सं. १९५८ मा **गोरखापत्र**, वि.सं. १९६३ मा **सुन्दरी** र वि.सं. १९६५ मा **माधवी**जस्ता पत्रिकाहरू प्रकाशित हुन थालेपछि नेपाली कविताको लेखन र प्रकाशन द्रुततर रूपमा अघि बढेको देखिन्छ (त्रिपाठी र अन्य, २०५३ : १०९) । यसै बेला राममणि आ.दी. को नेतृत्वमा चलेको हलन्त बहिष्कार आन्दोलनले नेपाली भाषाको परिष्कृत रूपतर्फ कविहरूको आकर्षण बढ्न थालेको पाइन्छ ।

नेपाली कवितालाई माध्यमिक कालमा प्रवेश गराउने र यसको श्रीवृद्धि गर्ने कार्यमा मोतीराम भट्टको योगदान अद्वितीय रहेको छ । उनी अध्ययनका लागि बनारसमा बसेका बेला भारतेन्दु हरिश्चन्द्रले राष्ट्रभाषाको विकासका लागि गठन गरेको 'कवितावर्द्धिनी सभा'बाट प्रभावित भएर नेपाली कवि-लेखकहरूलाई समेटी एउटा कवि समूह (मोतीमण्डली) को गठन गरेका थिए र राष्ट्रभाषा नेपालीमा साहित्यको सृजना गरी नेपाली साहित्यको भण्डार भर्ने उद्देश्यले उत्साहित युवाहरूलाई कविता लेख्न उत्प्रेरित गर्ने, समूहमा भेला भई कविता सुन्ने, सुनाउने, छलफल गर्ने र समस्यापूर्ति गर्ने जस्ता कार्य गरी काव्य सृजनाका लागि उचित वातावरणको सृजना गरेका थिए । यसरी माध्यमिक कालमा नेपाली काव्य-कविताको लेखन तथा प्रकाशन मोतीराम भट्टका नेतृत्वमा सामूहिक प्रयासबाट अघि बढेको देखिन्छ ।

तत्कालीन सामाजिक तथा राजनीतिक वातावरण, नेपालीहरूको परम्परागत धार्मिक-सांस्कृतिक चेतना, विदेशी साहित्यसँगको सम्पर्क र प्रभाव, परिवर्तित युगसन्दर्भले ल्याएको चेतना जस्ता कारणले गर्दा माध्यमिककालीन नेपाली कविता विभिन्न धारा-उपधारामा प्रवाहित भएको देखिन्छ । त्यस बेलाको मूलधाराका रूपमा शृङ्गारिक धारा रहे पनि यस बाहेक भक्तिधारा, शासकस्तुति धारा र सामाजिक तथा सांस्कृतिक जागरणको धाराले पनि यथेष्ट रूपमा विकसित हुने मौका पाएको छ । माध्यमिक कालमा विकसित यी धाराहरूको सङ्क्षिप्त चर्चा निम्नानुसार गर्न सकिन्छ :

**क) शृङ्गारिक धारा**

माध्यमिककालीन नेपाली कविताको मूल प्रवृत्ति शृङ्गारिक धाराबाट निर्देशित रहेको छ । संस्कृतका शृङ्गारिक काव्य-कविता तथा प्राथमिककालीन कृष्णचरित्रका शृङ्गारिक प्रसङ्गबाट यो धारा प्रेरित-प्रभावित छ । यस धाराका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । उनले शिष्ट शृङ्गारको प्रयाग गरी मौलिक कृतिहरूको रचना गरेका छन् । आयामका हिसाबले उनले मुक्तक, कवितादेखि खण्डकाव्यसम्मका कृतिहरू रचेको देखिन्छ । पञ्चक, **प्रपञ्चक, गजेन्द्रमोक्ष, पीकदूत, उपाचरित्र, प्रह्लाद भक्तिकथा, मनोद्वेगप्रवाह** आदि उनका प्रसिद्ध कृति हुन् । भट्ट बाहेक यस धाराका कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, तारानाथ शर्मा, रामप्रसाद सत्याल, वैजनाथ सेढाइँ, गोपीनाथ लोहनी, पहलमानसिंह स्वाँर, तीर्थप्रसाद आचार्य, केदारनाथ खतिवडा, ईश्वरीराज पन्त, तुलसीदत्त भट्टराई आदि प्रसिद्ध छन् । यस बेला प्रकाशित केही सामूहिक कवितासङ्ग्रहले पनि यस धारालाई अझ विकसित तुल्याएका छन् । **शृङ्गारदर्पण** (१९५५), **श्लोकसङ्ग्रह** (१९५६), **सङ्गीत-चान्द्रोदय** (१९५९), **कविता कल्पद्रुम** (१९६२), **सुक्तिसिन्धु** (१९७४) एवं २०५२ सालमा शरद्चन्द्र शर्माद्वारा सम्पादित **जोगमण्डलीका कविता** यस कालका प्रमुख कवितासङ्ग्रह हुन् ।

शृङ्गारिक धारा नेपाली कवितामा पुरै माध्यमिक कालभरि व्याप्त भएर रहेको छ । यसमा शिष्ट-अशिष्ट दुवै खालको प्रयोग कविहरूले गरेका छन् । सम्भोग र विप्रलम्भ शृङ्गारको सफल प्रयोग यस कालका कवितामा पाइन्छ । शृङ्गारलाई कतै मनोरञ्जनात्मक रूपमा अभिव्यक्त गरिएको छ भने कतै हास्यात्मक रूपमा, कतै व्यङ्ग्यात्मक रूपमा र कतै वीभत्स एवं नग्न रूपमा पनि प्रस्तुत गरिएको छ । नायक-नायिकाका यौवन एवं तिनका आकर्षण र रतिरागलाई विषयवस्तु बनाएर रसयुक्त कविताको रचना गरिएको छ र प्रकृतिलाई उद्दीपन विभावका रूपमा चित्रण गरिएइको छ । मोतीराम भट्टले सुरु गरेको समस्यापूर्ति-परम्पराले पनि यस धारालाई निकै सहयोग पुऱ्याएको छ । भट्टको यस कार्यबाट तत्कालीन कविहरू र अन्य युवाहरू पनि निकै प्रभावित छन् र कविता-लेखनका सामूहिक प्रयासहरू भएका छन् । उर्दू-फारसी परम्पराका गजलको रचनाले पनि यस धारालाई अझ माथि उठाएको छ । शास्त्रीय तथा लोकछन्दका प्रयोगले यस धाराका कविता निकै श्रुतिमधुर

छन् । पर्याप्त सौन्दर्यचेतना नपाइए पनि त्यसतर्फको उन्मुखता र प्रशस्त मौलिक रचना दिन सक्नु माध्यमिककालीन शृङ्गारिक काव्यधाराको प्राप्ति हो ।

**ख) भक्तिधारा**

माध्यमिक नेपाली कविताको अर्को धारा भक्तिधारा हो । यस धारामा सङ्ख्यात्मक रूपमा थुप्रै कृतिहरू लेखिएका छन् तर शृङ्गारिक धारामा जस्तो कवित्व मौलाउन नसकेको हुनाले यस धारालाई त्यसबेलाको गौण धाराको रूपमा लिइन्छ । प्राथमिक कालका उत्तरार्द्धमा विकसित भक्तिधाराको निरन्तरता नै माध्यमिककालीन भक्तिधारा हो । यसमा सगुण भक्ति र निर्गुण भक्ति दुवैले निरन्तरता पाएका छन् भने सगुण भक्तिमा राम, कृष्ण र देवीका चरित्रहरूको वर्णन-स्तवन गर्ने परम्पराले अझ विकसित हुने मौका पाएको छ । यस बेला खास गरी बनारसबाट धार्मिक-आध्यात्मिक ग्रन्थहरूको अनुवाद, रूपान्तरण र प्रकाशनको काम तीव्र भएको छ । **रामायण, महाभारत, श्रीमद्भागवत, देवीभागवत्**जस्ता कृतिहरूको नेपाली भाषामा पद्यानुवादका साथै केही मौलिक कृतिहरूको रचना पनि भएको छ तर मौलिकतातर्फ भने शृङ्गारिक साहित्य जति भक्ति साहित्य फस्टाउन सकेको छैन । अनुवाद-रूपान्तरणतर्फ चाहिँ भक्ति साहित्य नै यस कालमा बढी फस्टाएको देखिन्छ । **रामायण, महाभारत, श्रीमद्भागवत्, देवीभागवत्**जस्ता पद्याख्यानले महाकाव्यको आयाम प्राप्त गरेका छन् तर तिनमा कवित्व र मौलिकताको कमीले गर्दा महाकाव्यकै कोटिमा भने राखिएको छैन । यस धाराका प्रसिद्ध कविहरूमा हरिहर शर्मा, चिरञ्जीवी पौड्याल, शम्भुप्रसाद ढुङ्गेल, होमनाथ खतिवडा, छविलाल नेपाल, दलबहादुर खत्री, तीर्थप्रसाद आचार्य, कृष्णप्रसाद रेग्मी, भक्तिकुमारी राणा, महात्मा केवलानन्द आदि पर्दछन् । संसारको क्षणिकता एवं नश्वरता र परमात्माको शाश्वतता एवं व्यापकताबारे चर्चा-परिचर्चा गर्दै सांसारिक विषय-वासनामा फस्नु हुँदैन, ईश्वरको आराधना-उपासनाद्वारा परमपद प्राप्त गर्नुपर्दछ भन्ने औपदेशिक प्रवृत्ति यस धाराका काव्य-कवितामा पाइन्छ ।

**ग) स्तुति धारा**

प्राथमिक कालमा सुवानन्द दास, उदयानन्द अर्याल आदिले स्थापना र विकास गरेको शासकस्तुति धारा माध्यमिक कालमा आएर निकै फस्टायो । शासकहरूको प्रशंसा गरी उनीहरूलाई महान् व्यक्तिका रूपमा चिनाउने र कतै ईश्वरकै अंशका रूपमा वर्णन गर्ने परम्परा पनि यस धाराका कविहरूले अँगालेका छन् । यसबाट तत्कालीन बाध्यता नै कविहरूले शासकस्तुति गर्नु पर्नाको मुख्य कारण हो भन्ने कुरा स्पष्ट हुन्छ । यस धाराका कविहरूमा शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुङ्गेल, चिरञ्जीवी पौड्याल, वैजनाथ सेढाइँ, जगन्नाथ सेढाइँ, योगविक्रम राणा, सोमनाथ सिग्देल, पहलमान सिंह स्वाँर, डिल्लीशमशेर थापा, तारानाथ शर्मा आदि प्रसिद्ध छन् । यस धारामा छोटा कवितादेखि शम्भुप्रसाद ढुङ्गेलको **श्रीचन्द्रप्रतापवर्णन,** सोमनाथ सिग्द्यालको **चन्द्रचरित**जस्ता लामा काव्यसम्म रचिएका छन् । **चन्द्रचरित** काव्य यस धाराको प्रौढ कवित्वयुक्त महाकाव्य-समकक्षी कृति मानिन्छ । यो यसै रूपमा प्रकाशित नभए पनि पछि **आदर्शराघव**का कतिपय अंशका रूपमा प्रकाशित छ ।

### घ) जागरणको धारा

माध्यमिककालीन नेपाली कवितामा देखिएको अर्को धारा सामाजिक तथा सांस्कृतिक जागरणको धारा हो । युगले ल्याएको चेतना, विदेशी साहित्यको प्रभाव, नेपाली युवाहरूको विदेश जाने-आउने क्रम, देशभित्रै देव शमशेरले चलाएका सुधारका कार्यक्रम, नेपाली भाषामा विभिन्न पत्रपत्रिकाको प्रकाशन जस्ता कुराले गर्दा माध्यमिक कालको उत्तरार्द्धतिर यो धारा विकसित भएको हो । हिन्दुधर्म र नेपाली संस्कृतिमा रहेका कतिपय रुढी परम्पराहरूको विरोध गर्दै हिन्दुधर्मको मूल्य-मान्यतालाई पुनः स्थापित गर्ने काम माध्यमिक कालको उत्तरार्द्धमा लेखनाथ पौड्याल प्रभृति कविहरूबाट भएको छ भने नेपाली समाजमा रहेका जुवा-तास, जाँड-रक्सी जस्ता विकृतिहरूबाट जोगिएर सामाजिक सुधारमा लाग्नुपर्ने सन्देश महानन्द सापकोटाका कविताले दिएका छन् । यसैगरी नेपाल बाहिरबाट धरणीधर कोइरालाले नेपाली युवाहरूमा जागरणका खाँचो औँल्याएका छन् । यसरी नेपालभित्र र बाहिर समेत धार्मिक, सांस्कृतिक, सामाजिक तथा जातीय जागरणको स्वर उराल्ने कविताको रचना यस कालमा भएको छ । यस धाराका प्रसिद्ध कविहरूमा लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, चक्रपाणि चालिसे, बहादुरसिंह बराल आदि पर्दछन् ।

यी बाहेक माध्यमिक कालमा वीरधाराको अवशेष तथा अन्य व्यावहारिक विषयमा कविता-कृति लेख्ने काम पनि भएको छ । यस्ता कृति मनोरञ्जन र व्यावहारिक शिक्षा दिने उद्देश्यले लेखिएका छन् । यी सबै कृतिले सङ्ख्यात्मक रूपमा नेपाली साहित्यको भण्डार भर्न सहयोग गरेका छन् । समग्र माध्यमिक काल नेपाली काव्य कविताको मुद्रण तथा प्रकाशनको युग हो । यसबेला प्राथमिक कालका र माध्यमिक कालकै कृतिहरू पनि प्रशस्त मात्रामा मुद्रित-प्रकाशित छन् । यसै बेला सुरु भएको पत्रपत्रिकाको प्रकाशनले नेपाली कविताको श्रीवृद्धिमा प्रशस्त सहयोग पुऱ्याएको छ । यस कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टले नेपाली काव्य-कविताको विकासको लागि सामूहिक प्रयासको थालनी गरेका हुन् र कविता लेख्ने वातावरणको सिर्जना गरेका हुन् । तत्कालीन सामाजिक तथा राजनीतिक परिवेशले निकै नै प्रभावित गरेको यस कालमा शृङ्गारिक साहित्यको रचना प्रशस्त मात्रामा भएको छ ।

### २.४.१.३. आधुनिक काल

इतिहासको अध्ययनका क्रममा देखिने विभिन्न युगहरूमध्ये पछिल्लो युगलाई आधुनिक युग भन्ने मान्यता छ । आधुनिक भनेको अहिलेको, वर्तमानमा चलेको वा नयाँ हो । साहित्यको युग निर्माण र युग परिवर्तन निश्चय नै कुनै कालखण्डसँग सम्बन्धित कुरा होइन, बरू कुनै खास किसिमका सामाजिक, आर्थिक वा राजनीतिक घटनाले साहित्यमा परेको प्रभाव र रचनाकारका भिन्न प्रवृत्तिले साहित्यका युगको निर्माण र परिवर्तन हुने गर्दछ । कुनै पनि नयाँ वस्तु त्यस बेलासम्म नयाँ रहन्छ, जबसम्म त्यसभन्दा अर्को नयाँको उदय हुँदैन । आजको नयाँ वा आधुनिक सयौँ वर्षसम्म नयाँ नै रहँदैन । कालक्रमले त्यसलाई पुरानो बनाएरै छोड्छ । त्यसैले नयाँ वा आधुनिक भन्ने कुरा सधैं परिवर्तनशील हुन्छ र यो समाज सापेक्ष पनि हुन्छ ।

साहित्यका सन्दर्भमा आधुनिक भन्नाले हालका रचनामा देखिने प्रवृत्ति भन्ने बुझिन्छ । हिजोआजका रचनामा देखिने मुख्य-मुख्य प्रवृत्ति जहिलेदेखि देखिएका हुन्, त्यसैबेलादेखि आधुनिक काल सुरु भएको हो । विश्वसाहित्यमा देखिएको आधुनिकतासम्बन्धी चिन्तन खासगरी पाश्चात्य जगत्बाट प्रभावित छ । पश्चिममा प्रथम विश्वयुद्धले ल्याएको महाविनाशपछि कवि-लेखकमा भिन्न प्रवृत्तिहरू देखिन थालेका हुन् । मानवीय मूल्य मान्यताको समेत ह्रास हुँदै गएको त्यस बेलामा कवि लेखकहरूले परम्परागत मूल्य-मान्यतालाई शिरोधार्य गर्नुपर्ने आवश्यकता देखेनन् । त्यसैले परम्पराप्रति विद्रोह गर्दै नयाँ मूल्य-मान्यताको स्थापना गर्ने चेष्टा गरे । साहित्यमा पनि प्रचलित शास्त्रीय मान्यताको विपरीत नयाँ-नयाँ प्रयोगहरू हुन थाले । शिल्पविधानप्रति उदासीनता वर्णन, वितरण र परिष्कारका विपरीत चेतनाप्रवाह पद्धतिको थालनी, औपदेशिकताको विरोधजस्ता प्रवृत्ति यसपछिका कविताका रचनामा देखिन थाले । डार्विनको विकासवाद, मार्क्सको समाजवाद, फ्रायडको मनोविज्ञान जस्ता नवीन तथा भौतिक चिन्तनबाट यसपछिका कविता प्रभावित छन् र तिनले दादावाद, प्रकृतिवाद, अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रतीकवाद जस्ता नवनव वाद र सिद्धान्तलाई जन्म दिएका छन् । प्रथम विश्वयुद्धपछिका यिनै प्रवृत्तिगत नवीनताका आधारमा पाश्चात्य काव्यकवितामा आधुनिकताको प्रवेश भएको मानिन्छ ।

नेपाली कविता पाश्चात्य कविता मान्यताका यिनै प्रवत्तिहरू हुबहु नदेखिए पनि पाश्चात्य काव्यकवितामा उक्त केही प्रवृत्ति र पूर्वीय परम्पराका काव्यशास्त्रीय मान्यताको समिश्रणबाट उद्भूत निश्चित अभिलक्षणका आधारमा आधुनिकताले प्रवेश गरेको छ भन्ने मान्नुपर्दछ । नेपाली कविताको आधुनिकता त्यस्ता केही उल्लेख्य अभिलक्षणहरूमा मानक व्याकरणप्रतिको सचेतता, परम्परागत सामाजिक मूल्य-मान्यताको विरोध र नवजागरण, स्थापित काव्यशास्त्रीय मान्यताको अनुशरण, पाश्चात्य तथा भारतीय कविताका नवनव प्रवृत्ति र प्राप्तिप्रति आकर्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव, स्वतन्त्र र मानवतावादी विचार, प्राज्ञिक एवं वैज्ञानिक चिन्तन र तत्जन्य उपलब्धिको प्रभाव आदि पर्दछन् । यिनै प्रवृत्तिले नेपाली काव्यकवितालाई आधुनिकताको ढोकाभित्र छिराएका हुन् तर परिवर्तित युगमा भने उक्त प्रवृत्तिमा केही हेरफेर भइसकेको र नयाँ-नयाँ प्रवृत्ति र प्राप्तिलाई नेपाली कविताले आत्मसात् गर्दै गएको देखिन्छ ।

माध्यमिक कालको उत्तरार्द्धदेखि प्रकाशित विभिन्न पत्रपत्रिकाले नेपाली कवितालाई आधुनिकतातर्फ उन्मुख हुन निकै सघाएका हुन् । यस बेलादेखि नेपाली कवितामा आएको भाषिक परिष्कार, सौन्दर्य चेतना, जागरणका स्वर र नव्य भारतीय कविताका प्रभावले नेपाली कवितालाई भिन्न मार्गमा डोऱ्याउन थालेका हुन् । यसै क्रममा वि.सं. १९७३ मा लेखनाथ पौड्यालको **ऋतुविचार** खण्डकाव्य प्रकाशित हुन्छ र यसमा नेपाली आधुनिकताका प्रशस्त अभिलक्षणहरू देखिन्छन् । त्यसैले नेपाली कवितामा आधुनिक कालको सुरुआत यसै कृतिबाट भएको हो भन्ने विद्वान्हरूको मत रहेको छ । माध्यमिकालीन शृङ्गारिकताको उपसंहार गर्दै **सुक्तिसिन्धु** (१९७४) प्रकाशित भएपछि चाहिँ नेपाली कविताले माध्यमिक

काललाई औपचारिक रूपमा बिदाइ गरी आधुनिक कालतिर लम्केको हो । यसरी वि.सं. १९७५ देखि नेपाली कविताले गरेको आधुनिकताको यात्रामा करिब नौ दशक बितिसकेका छन् । यस अवधिमा नेपाली कविता विभिन्न घुम्ती र मोडहरू पार गर्दै र विभिन्न धारा उपधारालाई निम्नानुसार चर्चा गरिन्छ (त्रिपाठी र अन्य, २०५३ : ११६-११७) :

**क) परिष्कारवादी धारा (१९७५-१९९०)**

कवितामा देखिएको शिल्पगत र भावगत परिकार नै नेपाली कवितालाई माध्यमिक कालबाट आधुनिक कालमा प्रवेश गराउने प्रमुख अभिलक्षण हो । यसै परिष्कारले माध्यमिक कालमा अनुशासनका सीमा अतिक्रमण गर्न लागेका शृङ्गारिक कवितालाई नैतिकता र अनुशासन मार्गमा डोऱ्याउने काम गरेको छ । माध्यमिक कालको अन्त्यतिर थालिएको 'हलन्तबहिष्कार आन्दोलन' (वि.सं. १९६५) ले काव्यभाषामा परिष्कारको बीजारोपण गरेको हो भने **चन्द्रिका** (वि.सं. १९६९) को प्रकाशनले लेख्य व्याकरणको बाटोमा हिँड्न कवि-लेखकलाई सचेत तुल्याएको छ । भाषाशैलीका अतिरिक्त माध्यमिक कालमा शृङ्गारका अनुकूल नायक-नायिकाका सौन्दर्य तथा तिनका रतिरागलाई मुख्यतया काव्य-कविताको विषय बनाउँदै आएकामा माध्यमिक कालकै अन्त्यतिर शृङ्गारिकलाई छोडी सामाजिक, सांस्कृति, धार्मिक, आध्यात्मिक एवं प्राकृतिक विषयलाई कवितामा स्थान दिन थालेको पाइन्छ । यसै परिप्रेक्ष्यमा वि.सं. १९७३ मा लेखनाथ पौड्यालको **ऋतुविचार** प्रकतिकाव्य प्रकाशित हुन्छ । प्रकृतिको वस्तुपरक चित्रण-वर्णन गर्दै प्रकृतिभित्रै समाजको प्रतिबिम्ब खोज्ने काम यस काव्यमा भएको छ । शास्त्रीय अनुष्टुप् छन्दमा लेखिएको उक्त प्रकृतिकाव्यमा छन्द, अलङ्कार र ध्वन्यर्थको सन्तुलन एवं संयोजन सफलतापूर्वक गरिएको छ । त्यसैले यो कृति परिष्कारवादी काव्य-सोपानको प्रथम खुट्किलो हो । माध्यमिककालीन शृङ्गारिताको अवशेषलाई **सूक्तिसिन्धु**को प्रकाशन (वि.सं. १९७४) ले चरमविन्दुमा पुऱ्याएपछि त्यसपछि वि.सं. १९९० सम्मको अवधि परिष्कारवादी कविता धाराको केन्द्रीयता रहेको अवधि हो ।

परिष्कारवादलाई नेपाली कवितामा अवतरण गराउने श्रेय कविशिरोमणि लेखनाथ पौड्याललाई प्राप्त छ । **ऋतुविचार** (१९७३) को प्रकाशनदेखि सुरु भई वि.सं. १९७५ पछि केन्द्रीय धाराका रूपमा स्थापित यस परिष्कारवादी धाराको नेतृत्व पनि उनैले गरेका हुन् । हिन्दी र बङ्गाली कवि लेखकहरूबाट प्रभाव ग्रहण गर्दै मुक्तक कवितादेखि **तरुणतपसी**जस्तो महाकाव्य समकक्षी कृतिसम्म रचना गर्ने लेखनाथ पौड्यालका प्रकाशित कृतिहरूमा **ऋतुविचार** (१९७३), **बुद्धिविनोद** (१९७३), **सत्यकालिसंवाद** (१९७६), **गीताञ्जलि** (१९८६), **बुद्धिविनोद पहिलो विनोद** (१९९४), **अमरज्योतिको सत्यस्मृति** (२००८), **मेरो राम** (२०११), **खण्डकाव्य, तरुणतपसी** (२०१०) **नवकाव्य एवं लालित्य भाग-१** (२०१०), **लालित्य भाग-२** (२०२५) **कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता** (२०४१) र **लेखनाथका प्रमुख कविता** (२०४६) कवितासङ्ग्रहहरू प्रसिद्ध छन् । पूर्वीय काव्यमान्यताका परिधिमा रहेर आलङ्कारिक, कलात्मक र परिष्कृत कविता लेख्नु उनको काव्यगत प्रवृत्ति हो । उनका कृतिमा

खासगरी पूर्वीय अध्यात्म दर्शनको काव्यात्मक प्रस्तुति छ भने सामाजिक पुनर्जागरणको स्वर पनि उनका केही कविताले सुसेलेका छन् ।

लेखनाथपछि वि.सं. १९७५ मै *'जागजाग'* कविता लेखेर नेपाल बाहिरबाट जातीय जागरणको गीत गाउने परिष्कारवादी कित्ताका अर्का कवि धरणीधर कोइराला हुन् भने सामाजिक विकृति र विसङ्गतिका विरुद्ध जागरणको स्वर उराल्ने कवि महानन्द सापकोटा हुन् । यसैगरी चक्रपाणि चालिसेले राष्ट्रियता र देशभक्तिलाई आफ्ना कविताको मूलस्वर बनाएका छन् । सोमनाथ सिग्द्यालले पूर्वीय काव्यमान्यताको अक्षरशः पालना गर्दै नमुना महाकाव्यका रूपमा प्रस्तुत गरेको **आदर्शराघव** महाकाव्य (२०१५) परिष्कारवादी धाराको महत्तम प्राप्ति हो । यसैगरी पूर्वीय अध्यात्मदर्शन र पाश्चात्य भौतिक दर्शनको समन्वय गरेर गद्य र पद्य दुवै शैलीमा बौद्धिक कविता लेख्ने कवि बालकृष्ण समले पनि परिष्कारवादी धाराको मुख्य अवधिपछि नै भए पनि **आगो र पानी** खण्डकाव्य (२०११) एवं **चिसो चुल्हो** महाकाव्य (२०१५) दिएर नेपाली कविताको परिष्कारवादी धारालाई समृद्ध बनाएका छन् । यी बाहेक कुलचन्द्र गौतम, माधवप्रसाद देवकोटा, साम्बभक्त सुवेदी, देवीदत्त पराजुली, झपटबहादुर राणा, प्रेमप्रसाद भट्टराई, बदरीनाथ भट्टराई, गुणराज उपाध्याय, नयनराज पन्त, गोपाली पाँडे 'असिम', भीमनिधि तिवारी आदि कविहरूको नाम पनि परिष्कारवादी धारासँग जोडिएको छ । परिष्कारवादी धाराको मुख्य अवधिपछिका स्थापित कविहरूमा पूर्णप्रसाद ब्राह्मण, भरतराज पन्त, कृष्णप्रसाद घिमिरे, भरतराज मन्थलीय आदि पर्दछन् भने जगन्नाथ गुरागाईँ, मुकुन्दशरण उपाध्याय, भानुभक्त पोखरेलजस्ता कविहरू वर्तमानमा पनि यस धारालाई निरन्तरता दिइरहेका कविहरू हुन् । नेपाल बाहिर दार्जिलिङ, आसाम र सिक्किमका कविहरूले पनि यस धारालाई अँगालेर काव्य-साधना गरेका छन् । नेपाल बाहिरबाट यस धाराका कवितामा योगदान दिने कविहरूमा पारसमणि उपाध्याय, भीष्मप्रसाद उपाध्याय, शिवनाथ मिश्र, तुलसीबहादुर क्षेत्री आदि विशेष उल्लेख्य रहेका छन् ।

परिष्कारवाद पाश्चात्य साहित्यको क्लासिसिज्मको समानार्थीका रूपमा नेपालीमा प्रचलित शब्द हो । यसलाई शास्त्रीयवाद पनि भनिन्छ । यो कविताको सर्वाङ्ग सन्तुलन र तत्जन्य परिष्कारलाई काव्यसर्वस्व ठान्ने सिद्धान्त हो र यसले रचनाका शिल्प सौन्दर्यको परिष्कारका साथै विषयवस्तुका वजन र गम्भीरताको पनि त्यत्तिकै अपेक्षा राख्दछ । परिष्कारवादीहरू विषयवस्तुका शाश्वत र सनातन पक्षमाथि विश्वास राख्दछन् (जोशी, २०५४ : ७) । कुमारबहादुर जोशीका भनाइमा यस्ता रचना देश र कालको सीमाबाट मुक्त एवं कालजयी हुन्छन् ।

**ख) स्वच्छन्दतावादी धारा (१९९१-२०१६)**

आधुनिक नेपाली साहित्यको पूर्वार्द्धका दोस्रो चरणमा देखिएको धारा स्वच्छन्दतावादी धारा हो । वि.सं. १९९१ देखि महाकवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरू **शारदा** लगायतका पत्रिकामा प्रकाशित हुन थालेपछि यिनै कविताबाट नेपाली काव्य-कवितामा स्वच्छन्दतावादको प्रवेश भएको हो । त्यसैले यस धाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा हुन्

र त्यसै बेलादेखि स्वच्छन्दतावादी कविता सृजनामा लागेका सिद्धिचरण श्रेष्ठ यस धाराका सह-प्रवर्तक मानिन्छन् ।

स्वच्छन्दतावाद अङ्ग्रेजी भाषाको रोमान्टिसिज्मको समानार्थी रूपमा नेपालीमा प्रयुक्त शब्द हो । अठारौँ शताब्दीको अन्त्यमा अङ्ग्रेजी साहित्यमा स्थापित यस वादले शास्त्रीयतावाद वा परिष्कारवाद विपरीतका मान्यतालाई आत्मसात् गरेको छ । कुमारबहादुर जोशीका भनाइमा यो साहित्यिक उदारतावाद (जोशी, २०५४ : १७) हो । परम्परागत काव्यमान्यताका परिधिमा सङ्कुचित हुन नरुचाउने यस वादले वैयक्तिकता, प्रकृतिप्रेम, मानवतावाद, अवचेतनको सहज अभिव्यक्तिजस्ता कुरामा जोड दिन्छ । दूर, अतीत एवं प्राचीनतर्फको आकर्षण, पारम्परिक अन्ध रुढिप्रति विकर्षण, वर्तमानप्रति असन्तुष्टि, भविष्यप्रतिको आशावादिता, आध्यात्मिक रहस्यतर्फको उन्मुखता, भौतिकता र कृत्रिमताप्रतिको विमुखता विवेकका सट्टा आवेश र बन्धनका सट्टा स्वतन्त्रता एवं स्वस्फूर्तता स्वच्छन्दतावादका मूल अभिलक्षण हुन् । नेपाली कवितामा यो वाद अङ्ग्रेजी र हिन्दी कविताका माध्यमबाट प्रवेश गरेको हो । त्रिचन्द्र कलेजको स्थापना र त्यहाँ सुरु भएको अङ्ग्रेजी साहित्यको पठन-पाठन एवं पढ्नका लागि भारत जाने विद्यार्थीहरूमा हिन्दी-बङ्गला स्वच्छन्दतावादी रहस्यवादी कविताले पारेको प्रभाव नै स्वच्छन्दतावादी कविता रचनाको मूल प्रेरक बन्न पुगेको छ । यसका अतिरिक्त संस्कृतका कालिदासीय परम्पराका कविता र नेपालीका लोकगीतबाट पनि नेपाली स्वच्छन्दतावादी कविता प्रभावित छँदैछ ।

वि.सं. १९९१ देखि सुरु भएको स्वच्छन्दतावादी धारामा यसको केही समयपछि नै नेपालभित्र र बाहिर विकसित विभिन्न परिस्थितिले नयाँ मोड ल्याउन सघाएका छन् । आफैँ पनि स्वतन्त्रताको पक्षधर यस धारामा वि.सं. १९९७ मा भएको सहिद पर्वले निरङ्कुशताको विरोध एवं स्वतन्त्रता र क्रान्तिका पक्षमा अभिव्यक्ति दिने क्रम सुरु भएको छ भने सन् १९४७ (वि.सं. २००४) मा भारत स्वतन्त्र हुनु, २००४ मै देवकोटा बनारस प्रवासमा गई पत्रिकाको सम्पादन गर्न थाल्नुजस्ता घटनाले नेपाली कविताको स्वच्छन्दतावादी धारामा प्रगतिवादी स्वर पनि थपिन आएको छ र यो धारा स्वच्छन्दतावादी प्रगतिवादी धाराका रूपमा अघिबढेको छ । यस क्रममा नेपाली कवितामा सामाजिक, आर्थिक एवं राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य र विद्रोह गर्ने प्रवृत्ति अझ विकसित भएर गएको छ । परम्परागत यथास्थितिवादी र पुरातनवादी धारणाको विरोध, परिवर्तनको चाहना, समाजमा विद्यमान अन्याय, शोषण, दमन र उत्पीडनको तीव्र विरोध, समानता, स्वतन्त्रता र भातृत्वमा आधारित समाज-निर्माणको चाहना, नारी अस्मिताको सम्मान जस्ता कुरालाई यस धाराका कविताले मुख्य स्वर बनाएका छन् । शिल्पपक्षमा भने यस धाराले स्वच्छन्दतावादी धाराकै अनुसरण गरेको देखिन्छ । लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दतावादी धाराका प्रवर्तक, सम्बर्द्धक र आफ्नो जीवनकालभरि नै त्यसका नेतृत्वकर्ता हुन् । यस धाराबाट लक्ष्मीप्रसाद देवकोटालाई झिकिदिने हो भने यो रित्तै जस्तो हुन्छ । यसैगरी देवकोटाबाट स्वच्छन्दतावादी प्रवृत्ति

झिकिदिने हो भने पनि देवकोटाको कवित्व शून्य नै हुन्छ । त्यसैले देवकोटा र नेपाली कविताको स्वच्छन्दतावादी धारा एक-अर्काका परिपूरक हुन् भन्नु भावुकता ठहर्दैन ।

देवकोटाकै नेतृत्वमा २००४ सालपछि स्वच्छन्दतावादले नयाँ मोड लिएको छ । उनी २००४ सालमा बनारस प्रवासमा गई **युगवाणी** पत्रिकाको सम्पादन गर्न थालेपछि त्यसमा प्रकाशित र अन्य रचनामा समेत उनको विद्रोद र क्रान्तिचेत मुखरित हुन थाल्यो । यसअघि १९९७ सालको सहिद पर्वपछि देशमा विद्यमान तत्कालीन राजनीतिक व्यवस्थाप्रति असन्तुष्टिका स्वर सुनिन थालेका थिए तर तीव्ररूपमा यसखाले प्रवृत्तिको विकास भने यसैबेला (२००४ साल) देखि मात्र भएको हो । यसपछि देवकोटा स्वयं र अन्य कविका रचनामा पनि स्वच्छन्दतावादका अतिरिक्त प्रगतिवादी स्वर पनि स्पष्ट रूपमा मुखरित भएको छ । **प्रगति** (२०१०), **इन्द्रेणी** (२०१२) र **धरती** (२०१३) जस्ता पत्रिकाले स्वच्छन्दतावादी-प्रगतिवादी धारालाई अगाडि बढाउन मद्दत पुऱ्याएका छन् । तसर्थ यसपछिको नेपाली कविताको नेतृत्व स्वच्छन्दतावादी-प्रगतिवादी धाराले गरेको देखिन्छ । यस धाराका केन्द्रीय प्रतिभा पनि देवकोटा नै हुन् । उनले आफ्नो जीवनको अन्तिम क्षण (वि.सं. २०१६) सम्म नै यस धारालाई सशक्त नेतृत्व प्रदान गरिरहेको देखिन्छ । देवकोटाको अवसानपछि भने नेपाली कविताकै एउटा युग समाप्त हुन्छ र भिन्न प्रवृत्तिले नेपाली कविताको नेतृत्व लिन पुग्दछ ।

देवकोटाबाहेक स्वच्छन्दतावादी धाराको मुख्य अवधिमा स्थापित कविताहरूमध्ये प्रकृतिको सुकोमल पक्षको चित्रण गर्ने सिद्धिचरण श्रेष्ठ स्वच्छन्दतावादका सहप्रवर्तक मानिन्छन् । वि.सं. १९९७ पछिका उनका कवितामा भने क्रान्तिकारी र प्रगतिवादी स्वर गुन्जिन थालेको छ । यसैगरी शक्तिशालीले निर्धाहरू उपर गर्ने शोषण र उत्पीडन विरुद्ध कलम चलाउने युद्धप्रसाद मिश्र यस धाराका अर्का प्रसिद्ध कवि हुन्  नेपाली कवितामा गद्यशैलीलाई भित्र्याई क्रान्तिकारी स्वर उराल्ने कवि गोपालप्रसाद रिमाल, परिष्कारवादी शिल्पविधानभित्र स्वच्छन्दतावादी भाव प्रवाह गर्ने माधव घिमिरे, विद्रोह र क्रान्तिको स्वर उराल्ने केदारमान व्यथित, सामाजिक आर्थिक र राजनीतिक क्षेत्रका विकृति र विसङ्गति एवं युद्ध विभीषिकाप्रति व्यङ्ग्य गर्दै मात्रिक छन्द एवं परिष्कृत गद्यलयमा कवित्व प्रवाह गर्ने भूपि शेरचन आदि कविहरू पनि यस धाराका स्थापित कविहरू हुन् । यी बाहेक विजय मल्ल, कञ्चन पुडासैनी, मविवि शाह, अगमसिंह गिरी, पोषण पाण्डे, पारिजात, हरिभक्त कटुवाल, बासु शशी आदि कविहरू पनि स्वच्छन्दतावादी-प्रगतिवादी धाराको मुख्य अवधिमै स्थापित कविहरू हुन् । वि.सं. २०१६ पछि वर्तमानसम्म पनि अवान्तर रूपमा बढिरहेको यस धारामा अद्यावधि कविता रचना भइरहेका छन् । कविताको छोटो रूपदेखि महाकाव्यसम्मका सर्वाधिक कृतिहरूको भण्डार रहेको यो धारा नेपाली साहित्यकै सबैभन्दा समृद्ध धारा हो । पछिल्लो समयमा यस धारामा प्रसिद्धी प्राप्त गरिसकेका कविहरूमा कालिप्रसाद रिजाल, क्षेत्रप्रताप अधिकारी, भीमदर्शन रोका, ऋषभदेव शर्मा, फणीन्द्र खेताला, उमानाथ शास्त्री, कृष्णप्रसाद पराजुली, वासुदेव त्रिपाठी, घनश्याम कँडेल, दैवज्ञराज न्यौपाने, रामप्रसाद

ज्ञवाली आदि प्रमुख छन् । नेपाल बाहिर भारतका विभिन्न ठाउँबाट नेपाली काव्यसाधनामा लाग्ने कविहरूमा ध्रुव दवाडी, वीरेन्द्र सुब्बा, रामकृष्ण शर्मा, शिवकुमार राई, गुमानसिंह चामलिङ आदि प्रसिद्ध छन् ।

**ग) प्रयोगवादी धारा (२०१७-२०२९)**

आधुनिक नेपाली कवितामा देवकोटाको अवसानपछि प्रमुख रूपमा देखिएको धारा प्रयोगवादी धारा हो । यो कुनै निश्चित सिद्धान्तभन्दा पनि परम्परा भिन्न नवप्रवृत्तिलाई अँगालेर कविता रचना गर्ने परिपाटी हो । प्रथम विश्वयुद्धपछि पश्चिमका केही कविहरूले तत्कालीन सङ्कटग्रस्त जनमानसमा देखिएका निराशा, कुण्ठा, अकर्मण्यता, जीवनको निस्सारता, निरर्थकता र मूल्यहीनता जस्ता कुरालाई काव्यमा व्यक्त गर्ने काम गरेका थिए । टी.एस. एलियट, एज्रा पाउण्ड, बाल्ट ह्विटम्यान, मलार्मेजस्ता कविका रचनाले यसखाले जीवनबोधबाट प्रेरित-प्रभावित छन् । परिष्कारवाद, स्वच्छन्दतावाद, प्रतीकवाद जस्ता परम्परागत काव्यमान्यताका विपरीत विषयको चयन र शिल्पविधानमा नवीनता खोज्ने यी कविहरूमा अतियथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, बिम्बवाद, घनत्ववाद, दादावाद, प्रकृतिवादजस्ता नयाँ-नयाँ वाद र सिद्धान्तको समष्टि प्रवाह पाइन्छ । यसै प्रवृत्तिलाई प्रयोगवाद भनिएको हो । जीवनका जटिलता र अस्तव्यस्तताको अभिव्यक्ति त्यस्तै जटिल, दुर्बोध्य, अमूर्त र अस्तव्यस्त भाषामा गर्नु प्रयोगवादीहरूको वैशिष्ट्य हो । यस्तै खाले काव्यप्रवृत्ति अँगाल्ने नेपाली कवितालाई प्रयोगवादी नेपाली कविता भनिएको छ ।

नेपाली कवितामा प्रयोगवादलाई आमन्त्रण गर्ने कवि मोहन कोइराला हुन् । २०१७ सालको **रूपरेखा** पत्रिकामा उनको *घाइते युग* कविता प्रकाशन भएपछि यस धाराले स्पष्ट गति लिन थालेको मानिन्छ । यसअघि **प्रगति** (२०१०), **इन्द्रेणी** (२०१२), **धरती** (२०१३) जस्ता पत्रिकामा प्रयोगवादी ढाँचाका कविताहरू प्रकाशित भएका थिए तर २०१६ सालमा देवकोटाको अवसानपछि स्वच्छन्दतावादी-प्रगतिवादी धारामा मन्दता आएको र यसै बेलादेखि प्रयोगवादी ढाँचाका कविता रचनामा तीव्रता आएको हुनाले यही प्रयोगवादी धारा नै केन्द्रीय धाराका रूपमा स्थापित भएको हो । यस धाराको स्थापनादेखि यसको मुख्य अवधि (२०१७-२०२९) भरि मोहन कोइरालाले नै यसको नेतृत्व गरेका छन् । उनले फुटकर कवितादेखि **सूर्यदान** (२०२२), **लेक** (२०२३), **पलङ् नं. २१** (२०२९), **नूनशिखरहरू** (२०३१), **नदीकिनाराका माझीहरू** (२०३८) र **नीलो मह** (२०४१) जस्ता लामा काव्यसम्म दिएर यस धारालाई समृद्ध तुल्याएका छन् । सुरुसुरुका उनका कविता स्वच्छन्दतावादी-प्रगतिवादी भावधाराबाट थालिएका थिए भने मुख्य उपलब्धि स्वरूप प्रयोगवादी कवितामा जीवनको अर्थहीनता, निस्सारता एवं जटिलतालाई बौद्धिक पाराले व्यक्त गर्ने प्रवृत्ति अँगालेका छन् । जीवनलाई यौनवासनाका दृष्टिले हेर्ने प्रवृत्ति पनि उनका कवितामा पाइन्छ । आख्यान निरपेक्ष लामा कविताको सिर्जना गर्ने कोइरालाले जटिल, दुरूह र दुर्बोध्य भाषा-शैलीको प्रयोग गरेका छन् । उनका पछिल्ला रचनामा भने त्यस्तो दुरूहता र क्लिष्टता कम्ति हुँदै गएको पाइन्छ । **नदीकिनाराका माझीहरू** (२०३८) सम्म आइपुग्दा उनको प्रयोगवादी

अतिवादीता समसामयिकताको धेरै नजिक आइपुगेको देखिन्छ । मोहन कोइराला बाहेक प्रयोगवादी धाराको मुख्य अवधिमै प्रतिष्ठा प्राप्त गर्ने अन्य प्रयोगवादी कविहरूमा मोहनहिमांशु थापा, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, कुमार नेपाल आदि उल्लेख्य छन् । यी बाहेक जगदीश शमशेर राणा, मदन रेग्मी, बानिरा गिरी, तुलसी दिवस आदि कविहरू पनि प्रयोगवादी कित्ताकै प्रसिद्ध कविहरू हुन् ।

दार्जिलिङमा २०२० सालमा थालिएको आयामेली आन्दोलन र यसका कविद्वय ईश्वरबल्लभ र बैरागी काइँलाका कविता पनि प्रयोगवादी वृत्तभित्रै पर्ने कविता हुन् । एकोहोरो भावुकताले साहित्य चेप्टो हुन्छ । बौद्धिकता, चिन्तन, यथार्थता, आदर्श, वस्तुता र अमूर्तताले यसको गहिराइ ग्रहण गर्दछ । त्यसैले जीवनको समग्रतालाई प्रस्तुत गर्न लम्बाइ, चौडाइ र गहिराइ मिलेको साहित्य हुनुपर्दछ । त्यस्तो साहित्य नै उत्तम साहित्य हो भन्ने आयामेली आन्दोलनको मान्यता हो । यस आन्दोलनका ईश्वरबल्लभका कविताहरू ज्यादै दुरूह छन् भने बैरागी काइँलाका कविता केही सम्प्रेषणीय छन् । निष्कर्षमा भन्नुपर्दा नेपाली कवितामा स्वच्छन्दतावादी धारापछि केन्द्रीय धाराका रूपमा स्थापित प्रयोगवादी धारा २०१७ सालदेखि २०२९ सालसम्म तीव्ररूपमा अघि बढेको देखिन्छ । हालसम्म पनि यस धाराका केन्द्रीय प्रतिभाहरूले कलम चलाइ नै रहेका छन् तर त्यसबेलाको जस्तो जटिलता भने तिनै कविहरूमा पनि कम्ती हुँदै गएको छ । यस धाराको मुख्य विशेषता भन्नु नै दुरूहता र क्लिष्टता हो ।

**घ) समसामयिक/यथार्थवादी धारा (२०३०-वर्तमानसम्म)**

वि.सं. २०१६ देखि मोहन कोइरालाको नेतृत्वमा केन्द्रीय धाराका रूपमा प्रतिष्ठित प्रयोगवादी धारा २०२९ सालसम्म उत्तरोत्तर गतिशील रह्यो । यस अवधिमै प्रयोगवादी धाराबाहेक अन्य धारा पनि नेपाली कवितामा समानान्तर रूपमै गतिशील थिए । प्रयोगवादी दुरूहताबाट असन्तुष्टि कवि लेखकहरूले समसामयिक र सम्प्रेषणीय कविता लेखेर प्रयोगवादीहरूले टुटाएको कवि र पाठकबीचको सम्बन्धलाई पुनःस्थापना गर्ने प्रयास गरिएको थियो । यसै सन्दर्भमा २०२७/२०२८ सालदेखि नै सम्प्रेषणीय कविता लेखनको तीव्रताले गर्दा प्रयोगवादी धारा धरमराइरहेको थियो । वि.सं. २०३० सम्म आइपुग्दा यस दौडमा समसामयिक धाराले प्रयोगवादी धारालाई उछिनेरै छोड्यो र यसैबेला (२०३०) सालदेखि समसामयिक धारा नेपाली कविताको केन्द्रीय धाराका रूपमा प्रतिष्ठित भयो । यसपछि वि.सं. २०३६ सम्म समसामयिक धारा र प्रयोगवादी धारा करिब-करिब समानान्तर रूपमै अघि बढे भने २०३६ को सडक कविता क्रान्तिले समसामयिक धारालाई अझ सशक्त बनायो । यसपछिका अवधिमा अन्य कविहरूका अतिरिक्त प्रयोगवादी धाराका नेतृत्वकर्ता स्वयं मोहन कोइराला समेत युगीन आवशयकता र लेखकीय दायित्वबोध गरी प्रयोगवादी अतिवादिताको शिखरबाट ओरालो लागेका देखिन्छन् । यसर्थ २०३० सालदेखि २०३६ सालसम्मको अवधि समसामयिक धाराको केन्द्रीयता र प्रयोगवादी धाराको समानान्तरता रहेको समय हो, यस समयका प्रमुख कविहरूमा शैलेन्द्र साकार, तोया गुरुङ्ग, मञ्जुल, रमेश

श्रेष्ठ, जनार्दन जोशी, भुवन ढुङ्गाना, बेञ्जु शर्मा, कुमुद देवकोटा, मञ्जु काँचुली, कविताराम, हरि अधिकारी, कणाद महर्षि, अविनाश श्रेष्ठ, महेश प्रसाईं आदि रहेका छन् ।

२०३० को दशकसँगै यस धारालाई अघि बढाउने प्रमुख कविहरूमा विमल निभा, दिनेश अधिकारी, मिनबहादुर विष्ट, विनोद अश्रुमाली, श्यामल, विमल कोइराला, अशेष मल्ल, विष्णुविभु घिमिरे, कृष्णभूषण बल, शैलेन्द्रप्रकाश नेपाल, शैलेन्द्रकुमार सिंह, श्रीहरि फुयाँल, हरिगोविन्द लुइँटेल आदि रहेका छन् ।

२०४० को दशकसँगै क्रमशः समसामयिक धारामा कविता लेख्ने नेपाली कविहरूमा श्रवण मुकारुङ, विप्लव ढकाल, दुवसु क्षेत्री, ललिजन रावल, अरूण वैद्य, राजेन्द्र पराजुली, मोमीला, आहुति, उदय निरौला, एस.पी. कोइराला, खुमनारायण पौडेल, जगत उपाध्याय प्रेक्षित, रामप्रसाद ज्ञवाली, जय छाङ्छा, टङ्क बनेम, प्रकाश सायमी, प्रतीक ढकाल, विप्लप प्रतीक, विमल भौकाजी, अनिल पौडेल आदि रहेका छन् ।

वि.सं. २०४६ को जनआन्दोलनले देशमा ल्याएको राजनीतिक, सामाजिक र मानसिक परिवर्तनपछि कविता लेखन आरम्भ गरी आफ्नो पहिचान स्थापित गरेका युवा कविहरू आजसम्म कविता सिर्जनामा क्रियाशील रहेका छन् । उनीहरूको कवितामा जनआन्दोलन र जनयुद्धको प्रभाव पनि सशक्त रूपमा परेको पाइन्छ । यिनै कविहरूमध्ये कतिपय कविहरू सिर्जनशील अराजकता, रङ्गवाद, विलयन लेखन लगायतका अनेकौँ नवीन अभियानका साथै आफ्नो लेखनलाई अघि बढाइरहेका छन् । उनीहरूका कवितामा उत्तरआधुनिकताको प्रभाव पनि पाइन्छ । नेपाली कविता विकासक्रमको पछिल्लो चरणमा क्रियाशील रहेका कविहरूमा अनन्त वाग्ले, अनिल श्रेष्ठ, अनमोलमणि पौडेल, साम्ब ढकाल, सीमा आभास, सुदीप झा, सुरेस हाचेकाली, सुस्मिता नेपाल, स्वप्निल स्मृति, स्वागत नेपाल, भूपिन, विवश अतृप्तयात्री, हाँङ्युग अज्ञात, होमराज आचार्य, लक्ष्मण कार्की आदि रहेका छन् ।

यिनै नयाँ पुस्ताका कविहरू र अग्रज कविहरूको क्रियाशीलताले नै समसामयिक नेपाली कविता यात्रा निरन्तर अघि बढिरहेछ ।

## २.५. निष्कर्ष

वि.सं. १८२६ तिरको मानिने सुवानन्द दासको *पृथ्वीनारायण* शीर्षकको लिखित कविताबाट नेपाली कविताले पहिलो कविता प्राप्त गरेको हो । यही समयलाई नेपाली कविताको विकासक्रमको पहिलो पाइलाको रूपमा मानिन्छ । यस कविताभन्दा अगाडि अरू छन् छैनन् भन्ने विषयमा विभिन्न विद्वान्हरूमा मत-मतान्तर पाइए पनि यसभन्दा अगाडिको समयलाई पृष्ठभूमिकालकै रूपमा हेरिन्छ । कविताका विषयमा पूर्वीय विद्वान्हरू भामह, मम्मट, विश्वनाथ, दण्डी, वामन, कुन्तक आदि, पाश्चात्यमा जोन्सन, कलरिज, टि.एस. इलिएट, अरिस्टोटल, वर्डस्वर्थ आदिको विचारलाई समावेश गरिएको छ भने नेपाली साहित्यकार चिन्तक माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा, वासुदेव त्रिपाठी आदिका विचारलाई समेटिएको छ । कविताका तत्त्वहरू शीर्षक, लयविधान, केन्द्रीय कथ्य वा भावविधान, संरचना, कथन पद्धति, भाषाशैली, बिम्बालङ्कार, उद्देश्यको सामान्य परिचय यस

अध्यायमा भेटिन्छ भने कविताका लघुत्तम, लघु, मझौला, बृहत् र वृहत्तर रूपलाई पनि चिनाइएको छ । कविताको विकासक्रमलाई हेर्दा मुख्यतः प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन काल वा चरणमा अन्त्य उपचरणमा विभाजन गरिएको पाइन्छ । प्राथमिक काललाई वीरधारा र भक्तिधारा, माध्यमिक काललाई शृङ्गारिक धारा, भक्तिधारा, स्तुतिधारा, जागरणको धारा, त्यस्तै आधुनिक काललाई परिष्कारवादी धारा, स्वच्छन्दवादी धारा, प्रयोगवादी धारा र समसामयिक/यथार्थवादी धारा गरी विभाजन गरिएको छ । निकै आशालाग्दा नयाँ प्रतिभाशाली सर्जकहरूको आगमनले नेपाली कविताको विकासको अझै द्रुतता पाइने कुरा नकार्न सकिन्न ।

## अध्याय - तीन

# भूपिनको काव्ययात्रा र प्रवृत्ति

### ३.१ परिचय

नेपाली साहित्य फाँटका एक सशक्त युवा साहित्यकार भूपिन बाल्यकालबाटै साहित्यमा विशेष चाख राख्दथे । रेडियो नेपालको बाल कार्यक्रम, आफ्नी आमाको हौसला र प्रेरणा उनलाई साहित्यमा अगाडि बढ्न सघाउने ऊर्जाहरू हुन् । वि.सं. २०४० सालबाट गजल लेखनमा कलम चलाउने गरेका उनी २०४७ सालमा पोखरामा आएपछि साहित्यको क्षेत्रमा अझै लाग्ने वातावरण प्राप्त गरे । पोखरा आएपछि उनी पोखरेली युवा सांस्कृतिक परिवारको साहित्यिक संयोजक बने र परिवार तथा अन्य साहित्यिक संस्थाद्वारा सञ्चालित कार्यक्रममा समेत सक्रिय हुन थाले । उनको साहित्यमा औपचारिक थालनी भने २०४८ सालमा **नवपत्रिका**मा *एवं क्रम : दिन र रातहरू* शीर्षकको गद्य कविताको प्रकाशनबाट भएको देखिन्छ । यसरी क्रमशः आफ्नो लेखनलाई निरन्तरता दिँदै बागलुङ तथा पोखराबाट प्रकाशित हुने **प्रयोग, काँचुली, हिमालय टाइम्स, परिक्रमा** आदि पत्रिकाहरूमा कविता, गजल, मुक्तकजस्ता रचनाहरू छपाउन थालेको पाइन्छ ।

हालसम्म उनका थुप्रै फुटकर रचनाका साथसाथै **क्षतिग्रस्त पृथ्वी र मूल सडक** (कवितासङ्ग्रह, २०५३), **शब्दहरूको नेपथ्य** (संयुक्त कवितासङ्ग्रह, २०५६), **हजार वर्षको निद्रा** (कवितासङ्ग्रह, २०६६), **चौबीस रिल** (निबन्धसङ्ग्रह, २०६९) र **सुप्लाको हवाइजहाज** (कवितासङ्ग्रह, २०७२) रहेका छन् ।

### ३.२. भूपिनको साहित्यिक यात्रा

भूपिन सानै उमेरदेखि नै साहित्यमा रुचि राख्दथे । उनले बाह्र वर्षको उमेरबाटै कविता लेख्ने र सुनाउने गर्दथे । साथै विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा पनि उनी निकै सक्रिय थिए । कक्षा नौ-दसतिर पढ्दा उनले उपन्यास लेख्ने प्रयास पनि गरेको पाइन्छ तर पछि साहित्यको गजल कवितातर्फ बढी सक्रिय भएको भेटिन्छ । वि.सं. २०४० सालबाट गजलमा कलम चलाएका उनले किशोरावस्थाबाटै दरिलो कविता लेख्ने गरेको पाइन्छ । २०४८ सालमा **नवपत्रिका**मा *एवं क्रम : दिनभर रातहरू* शीर्षकको गद्य कविता छपाएर आफ्नो साहित्य लेखनलाई उनले औपचारिकता प्रदान गरे ।

झण्डै चौंतीस-पैंतीस वर्षे जीवनयात्रामा उनका पाँचवटा साहित्यिक कृतिहरू प्रकाशित भएका छन् । चारवटा कवितासङ्ग्रह र एउटा निबन्धसङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यलाई अमूल्य कृति प्रदान गरेका उनले विभिन्न पत्रपत्रिका तथा वेभसाइटहरूमा फुटकर लेख, रचना तथा समीक्षा समेत लेखेका छन् । उनका सिर्जनाहरूको अर्थात् प्रकाशित कृतिहरूको भाव, विषयवस्तु, भाषाशैली आदिका आधारमा उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गर्न सकिन्छ :

क) पहिलो चरण : वि.सं. २०४८- वि.सं. २०५३ (अभ्यासकाल)

ख) दोस्रो चरण : वि.सं. २०५४- वि.सं. २०६६ (पुस्तक प्रकाशनकाल)

ग) तेस्रो चरण : वि.सं. २०६७ - हालसम्म (लेखनमा सक्रियता)

### क) प्रथम चरण : वि.सं. २०४८-२०५३

*एवं क्रम : दिन र रातहरू* शीर्षकको कविता पत्रिकामा छापेर लेखनको औपचारिकता थालेका भूपिनको लेखनमा क्रियाशीलता भने २०४० देखि नै देखिन्छ । २०४८ पछि विभिन्न पत्रपत्रिकाहरूमा कविता, गजल, मुक्तक आदि लेख्ने र छपाउने काम जारी राखेका उनले पुस्तक प्रकाशन भने २०५३ सालमा आएर गरे । उनको पहिलो पुस्तकाकार कृति **क्षतिग्रस्त पृथ्वी र मूल सडक** कवितासङ्ग्रह हो जसमा उनले तेत्तीस वटा कविताहरू समावेश गरी प्रकाशित गरेका थिए । यो उनको पहिलो चरणको निकै महत्त्वपूर्ण उपलब्धिका रूपमा भेटिन्छ ।

यस चरणको कवितासङ्ग्रहको बारेमा केही समालोचकहरूले समालोचनात्मक टिप्पणी समेत गरेको पाइन्छ । सामाजिक विकति, विसङ्गति, घात-प्रतिघात, राष्ट्रप्रेम, प्रणयभाव, मानवीय कुण्ठित मनोदशा, राजनीतिक पीडा, पीडित जनजीवनका सुस्केरा लगायत समग्र धरती नै क्षतिग्रस्त भएको कुरा **क्षतिग्रस्त पृथ्वी र मूल सडक**मा आएको कुरा पुस्तकको भूमिकामा समालोचक प्रेम छोटाले लेखेका छन् । उनले समस्याहरूको वकालत गर्दागर्दै शिल्प र भावका बीच केही चिप्लिन गएको हो कि भन्ने भाव पनि (छोटा, २०५२ : भूमिका) प्रस्तुत गरेका छन् ।

लेखनमा विषयवस्तु उठानका दृष्टिले लेखनभाव उत्कृष्ट हुँदाहुँदै पनि अभ्यासकालका रचना हुनाले उनको प्रथम चरणको साहित्यिक यात्राका कवितामा कला र भाव पक्षमा केही शिथिलता साथै रचनाहरूमा ठाउँठाउँमा भाषागत त्रुटिहरू समेत भेटाउन सकिन्छ ।

### ख) दोस्रो चरण : वि.सं. २०५४-२०६६

उनको काव्य यात्राको दोस्रो चरण अर्थात् २०५४-२०६६ को अवधिलाई पुस्तक प्रकाशनको समयको रूपमा हेर्न सकिन्छ । यस चरणमा उनका **शब्दहरूको नेपथ्य** (संयुक्त कवितासङ्ग्रह), **हजार वर्षको निद्रा** (कवितासङ्ग्रह) गरी दुईवटा कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । यो उनको लेखनको निकै सक्रिय चरणका रूपमा समेत देखिन्छ । निकै सशक्त र महत्त्वपूर्ण दुई कृतिहरूको लेखन र प्रकाशन भएकाले उनको यो अवधिलाई उर्वर समयका रूपमा समेत हेरिन्छ ।

**शब्दहरूको नेपथ्य** पाँच जना स्रष्टाहरूको संयुक्त कवितासङ्ग्रह हो । जसमा भूपिनका १२ वटा फुटकर कविताहरू सङ्कलित छन् । यस कवितासङ्ग्रहको भूमिकामा साहित्यकार सरुभक्तले भूपिनलाई माटो-संवेदना, माटो-पीडाका कविका रूपमा चिनाउँदै उनका प्रतीक बिम्बात्मक र बिम्ब-प्रतीकात्मक भएको बताउँदै प्रखर संवेदनायुक्त कवि भनेर समेत चिनाएका छन् । यस सङ्ग्रहमा रहेका कविताका विषयवस्तुको रूपमा मान्छे र

उसको जीवन, जगत्लाई भेटाउन सकिन्छ, शिष्ट र परिष्कृत भाषाशैलीले सजिएको यस सङ्ग्रहमा बिम्ब-प्रतीकको निकै प्रयोग भेटिन्छ । जसमा सङ्ग्रहित *नदीहरू मान्छे जस्ता हुँदैनन्* कवितामा नदी र मान्छेको तुलना गर्दै मान्छेले नदीबाट धेरै कुरा सिक्न र जीवनमा लागू गर्न आवश्यक रहेको भाव देखिन्छ भने *मान्छेको कथा*मा मान्छेमा हराउँदै गएको चेतनाको व्यङ्ग्यात्मक भावलाई अर्थात् युगीन मान्छेको समसामयिक विसङ्गतिको चित्रण देखिन्छ । *प्रेमी हातहरू* कवितामा करुण रसले भर्दै प्रेयसीका हातहरू प्रेमिकाका आँसु पुछ्न दुखिरहने छाती छाम्न सारङ्गी र गितारका तारहरूमा प्रेमको शोकधुन बजाउन प्रेमी हातहरू काम लाग्ने आशय बिम्बात्मक रूपमा व्यक्त गरेका छन् । त्यस्तै *ग्लोब, नदी र बगरहरू, मान्छे, खोला र एक्युरियम चराहरूको गीत पागल कविताहरू, मान्छेको परिभाषा, मृत्यु र मान्छे अनुभूति-४, ओतमाम, स्वघोषित मान्छेहरू, ईश्वरहरूको युद्ध, निदाएका बगरहरू* जस्ता कविताहरू सङ्ग्रहित छन् । यिनमा मानवीय संवेदनहीनता, युगीन, राजनीतिक, व्यवस्थाप्रतिको असन्तुष्टि क्रान्ति र विद्रोह स्वतन्त्रता र मुक्तिको चाहना, सामाजिक असमानता जस्ता विषयलाई टपक्क टिपेका छन् ।

**हजार वर्षको निद्रा** पनि कवि भूपिनको दोस्रो चरणमै लेखिएको उत्कृष्ट काव्यकृति हो । यस कृतिमा उनले पुस्तकको शीर्षक चयनमै मिथकीय बिम्बको प्रयोग गरेका छन् । यसबाट यो प्रस्ट बुझ्न सकिन्छ कि यसमा समेटिएका अठचालीस कविता पनि बिम्ब-प्रतीकले भरपूर नै छन् । **हजार वर्षको निद्रा** सङ्ग्रहको भूमिकामा डा. लक्ष्मणप्रसाद गौतम भन्दछन् - 'हजार वर्षको निद्राभित्रका कविताले मान्छेको चेतनालाई छुन्छन्, पगाल्छन्, उचाल्छन् र सौन्दर्यसत्ताको गहिराइमा पुऱ्याएर छाड्छन् । यो यस कवितासङ्ग्रहका कविताको शक्ति र सामर्थ्य हो' (गौतम, २०६६ : भूमिका) । यस सङ्ग्रहमा कविले सात खण्डहरू छुट्याएर अठचालीस वटा कविताहरू सङ्ग्रहित गरेका छन् । *मान्छेको अन्तिम गीत* खण्डमा चार वटा कविता समेटेका छन् जसमा जातीय विभेदको विरोध मानवीय चरित्रप्रति चिन्ता, नदीलाई देखाउँदै त्यसबाट मान्छेले धेरै कुराहरू सिक्नुपर्ने भावना प्रस्तुत गर्दै स्वच्छ, सरल, गतिशील जीवनको चाहना व्यक्त गरेका छन् साथसाथै शासकहरूको अदूरदर्शिता र निकम्मापनको कारण देशले भोग्नु परेको पीडा र समुद्रको प्रवाहसँग मान्छेको जीवन प्रवाहलाई तुलना गरिएको भाव प्रस्तुत गरेका छन् । *आत्महत्यादेखि जीवनसम्म* खण्डमा तेह्र वटा कविता समावेश गर्दै मान्छेमा भएका जीवनको सत्यलाई सहजै लिन नसक्ने निराशा र हतासले जीवनलाई आफैं असहज बनाउँदै लाने विषयभाव प्रस्तुत गरेको छ । मृत्युबोधी चेतनाभित्र मानवीय अस्तित्व र सौन्दर्यको खोजी गर्दै मानवतावादी स्वर यस खण्डका कविताहरूले बोकेको साझा विशेषता हो । यसैगरी *कुरूप कविताको सौन्दर्य* खण्डमा उनले पाँच वटा कवितालाई समावेश गरेका छन् । *एम्बुलेन्सभित्र देश* खण्डमा सात वटा कविता समावेश गरेका छन् जसमा देशको बिग्रिएको अवस्थाको बिम्बात्मक चित्रण भेटाउन सकिन्छ । सामाजिक आर्थिक, सांस्कृतिक, असमानता, जातीय विभेद, देशको कारुणिक अवस्थाको चित्रण, राजनीतिक विकृति, विसङ्गति र मानवीय मूल्यहीनताको अवस्थालाई कविले यस खण्डका कवितामा उठाएका मुख्य विषय वस्तु हुन् । *ईश्वर, केही*

*शोकगीतहरू* खण्डअन्तर्गत चारवटा कविता समावेश छन् । देशमा फैलिरहेको अशान्तिलाई मुख्य चित्रण गरिएका यस खण्डका कविताले मौलिकताको खोजी, विश्वमा आइरहेको हिंसात्मक सङ्कट, मान्छेमा हराउँदै गएको मानवता र भाइचारा आदिको उठान गरेको छ । *गाउँमा* कविता खण्डमा छ वटा कविता समावेश गरिएको छ । जसमा हिंसा र द्वन्द्वबाट सिर्जित मनवीय सङ्कट, अन्योलग्रस्त भविष्य, बेरोजगारी, विदेश पलायन हुनुपर्ने बाध्यात्मक परिस्थिति जस्ता यथार्थलाई चित्रण गरिएको छ । **हजार वर्षको निद्रा** कवितासङ्ग्रहको अन्तिम खण्डका रूपमा *कमजोर शब्दहरूमा प्रेमको ध्वनि* रहेको छ । यस खण्डमा विशेष गरी प्रेमिलभावलाई नै समेटेको देखिन्छ । प्रेमरसले भरपूर रागात्मक अनुभूतिको तीव्रता भएका नौ वटा कविताहरूले पनि उनको साहित्यिक यात्राको दोस्रो चरणलाई भरिलो बनाएका छन् ।

विषयवस्तु उठानका हिसाबले मात्र नभई लेखनमा निखार समेत यस चरणमा भेटिन्छ । यस चरण उनको निकै सिर्जनशील चरणको रूपमा रहेको कुरा पनि यसै चरणमा प्रशाशित सशक्त दुई कवितासङ्ग्रहले प्रमाणित गर्दछन् । समग्रमा हेर्दा कवि भूपिनको काव्ययात्राको दोस्रो चरणलाई पुस्तक प्रकाशन काल अर्थात् सिर्जनशील चरणको रूपमा हेर्न सकिन्छ । सामान्य भाषागत त्रुटि भेटिए पनि लेखाइको निखारताले उनको दोस्रो चरणको काव्य यात्राले सफलताको श्रेणीमा निकै अग्रता लिएको देखिन्छ ।

**ग) तेस्रो चरण : वि.सं. २०६७ - हालसम्म**

काव्य लेखनको तेस्रो चरण उनको काव्ययात्रामा निकै सक्रिय र निखारताले भरिएको काल हो । उनको यस चरणमा लेखन तथा प्रकाशनले पृथक् यात्रा तय गरेको देखिन्छ । यस समयमा थुप्रै साहित्यिक तथा सामाजिक सङ्घ-संस्थाहरूसँग आबद्ध भई देश विदेशका धेरै साहित्यिक कार्यक्रमहरूमा सहभागिता समेत जनाएका छन् । यस अवधिमा उनले दैनिक तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा फुटकर कविताहरू प्रकाशन गरेका छन् भने यसै चरणमा उनका दरिला काव्यकृति **सुप्लाको हवाइजहाज** र निबन्धसङ्ग्रह **चौबीस रिल** पनि प्रकाशित भएका छन् । यस निबन्धसङ्ग्रहको प्रकाशनपछि उनको परिचयमा निबन्धकार समेत थप विशेषता बनेको छ । उनले **चौबीस रिल** निबन्धसङ्ग्रहको लागि *उत्तम शान्ति पुरस्कार* (२०६९) प्राप्त गरेका छन् भने अन्यसम्मान तथा पुरस्कार पनि प्राप्त गरेका छन् । यस निबन्धसङ्ग्रहले उनलाई आधुनिक नेपाली निबन्धको समसामयिक धारामा स्थापित गराएको छ । चौबीस वटा संस्मरण, नियात्रा तथा विचारको सँगालोलाई उनले **चौबीस रिल**को नामकरण गरेका छन् । उनका निबन्धमा निकै कलात्मक शैली भेटाउन सकिन्छ । सुरेश रानाभाटले *चौबीस रिलभित्र भूपिनको दिल भन्दै* **चौबीस रिल**भित्र संस्मरण र नियात्रा छन्, जसमा आफूलाई लागेको कुरा कलात्मक विचारका माध्यमले प्रस्तुत गरेका छन् । अतीतमा आफूले देखे-भोगेको घटनालाई उत्खनन् गर्दै शब्दमा लयबद्ध गरेका छन् । संस्मरणहरूमा आफूसँगै पाठकलाई पनि आफ्नो अतीत र विगत सम्झाउन सफल छन् । यात्रा सामाजिक सन्दर्भसँग जोडेर पात्रहरूको मनोविज्ञान उत्खनन् गरेका छन् । भूपिनको

लेखनले मन छुन्छ । असाध्यै रोचक पारामा कथालाई गीत बनाएर गाएका छन् (रानाभाट, २०७० : १-५) भनी समीक्षा गरेका छन् ।

भूपिनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयमा तयार पारेको शोधपत्रमा वासुदेव आचार्य लेख्दछन् - **चौबीस रिल** निबन्धसङ्ग्रहमा सामाजिक, आर्थिक परिवर्तनको चाहना, माटोको ममता, प्रकृतिको मोह, अन्धविश्वास, रुढिवादी, ईश्वरीय सत्ताप्रति विमतिका स्वरहरूलाई लयबद्ध गरेको देखिन्छ । यसरी हेर्दा भूपिनको यस निबन्धसङ्ग्रहका निबन्धहरू धार्मिक अन्धविश्वास, सनातन मानसिकता, रुढिवादी प्रथाको विरोध गरेको भेटिन्छ । सामाजिक, सांस्कृतिक, धार्मिक परिवर्तनको चाहना राख्दै देशप्रतिको चिन्ता, प्राकृतिक मोह, माटोको माया जस्ता कुरालाई इमान्दारिताका साथ प्रस्तुत गरेका छन् ।

उनको तेस्रो चरणको उत्कृष्ट काव्यकृति **सुप्लाको हवाइजहाज** पनि एक हो । यस काव्यकृतिले उनको काव्यिक उचाइलाई निकै माथि पुऱ्याएको देखिन्छ । साहित्यिक उडान भरेको **सुप्लाको हवाइजहाज**लाई चाहे विषय उठानका दृष्टिले होस् वा भावगत चेतनाले होस्, लेखनशैली वा बिम्बालङ्कारको प्रयोग सबैले भरपूर पाउन सकिन्छ । अठचालीस वटा कवितालाई चार खण्डमा विभाजन गरी तयार पारिएको यस कवितासङ्ग्रहको पहिलो खण्डमा *समय र देश*अन्तर्गतका कविताले देशमा फैलिएको विद्रोह, अराजकता, अशान्तिलाई उठान गर्दै शान्तिको खोजी गरेका छन् । *आमा* उपशीर्षकको दोस्रो खण्डका कविताले आफ्नी आमा र समग्र आमाहरूको वास्तविकतालाई छर्लङ्ग पार्दै उनीहरूको जीवनमा घटेका घटना, काव्यकथालाई कलात्मक रूपमा चित्रण गरेका छन् । *बोध र प्रेम* खण्डमा केही भाषिक जटिलता मान्न सकिने बौद्धिक किसिमका कविता समावेश गरेका छन् । अन्तिम खण्ड अर्थात् *गाउँ* खण्डमा उनले छुट्टाछुट्टै छ वटा गाउँको कथालाई टपक्क टिपेर कवितामा ढालेका छन् । यसरी समय, गाउँ, सहर र देशको अवस्था, विदेशी हस्तक्षेप जस्ता कुरालाई उनको **सुप्लाको हवाइजहाज**मा समावेश गरिएको छ । कवि भूपिनले प्रशन्न घिमिरेसँगको कुराकानीमा भनेका छन्, '**सुप्लाको हवाइजहाज** मेरो जीवन बोध, समय बोध र समाजबोधको काव्यिक आविष्कार हो' (भूपिन : **विरेचन,** २०७३ : ३२-४०) भनी समीक्षा गरेका छन् ।

महेश पौड्यालले **सुप्लाको हवाइजहाज**को बारेमा लेखेका छन् - "यस सङ्ग्रहमा अनेक त्यस्ता कविताहरू छन् जहाँ सुक्तिमय पङ्तिहरू एकपछि एक दुर्लभ काव्यिक उचाइतिर इङ्गित गर्छन् र भूपिनभित्र जीवन काव्यसरितालाई पाठकको मन-मस्तिष्क स्पर्श गर्ने गरी उद्वेलित गर्न सक्छन्" (पौडेल, २०७३ : छ) भन्ने भाव व्यक्त गरेका छन् ।

विषयगत विविधता, प्रस्तुतिग बौद्धिकता, भाषागतत कलात्मकता, बिम्बालङ्कारको उचित प्रयोग, सरलता, सरसता उनको तेस्रो चरणको सिर्जनामा भेटाउन सकिने विशेषता हुन् । यस चरणमा आइपुग्दा उनको लेखन शैली तथा कला परिस्कृत, परिमार्जित हुँदै आएको भेटिन्छ ।

### ३.३. भूपिनका साहित्यिक प्रवृत्ति

भूपिनले नेपाली साहित्यको काव्यात्मक पाटोमा बढी मात्रामा कलम चलाउने भए पनि पछिल्लो समयमा निबन्धसङ्ग्रह प्रकाशन गर्न पनि सफल भएका छन् । यिनले फुटकर रूपमा गजल, गीत र कथा पनि लेख्ने गरेका छन् । पुस्तकाकार रूपमा आएका रचनाहरूका आधारमा कवि भूपिनका साहित्यिक प्रवृत्तिहरूलाई समग्रमा यसरी उल्लेख गर्न सकिन्छ :

#### ३.३.१. विधागत विविधता

भूपिन नेपाली साहित्यको फाँटमा गजल, कविताको क्षेत्रबाट देखापरेका हुन् । लेखनको सुरुआत गजलबाट भए पनि पुस्तकाकार रूपमा कविता कृति देखापर्दछ । पछिल्लो समयमा निबन्धमा समेत राम्रो कलम चलाएका उनले गीत, कथाजस्ता विधामा समेत फुटकर रचना गरेका छन् । मुख्य विधा कविता र निबन्ध भए पनि साहित्यका अन्य विधामा पनि कलम चलाएर आफूलाई सशक्त साहित्यकारको लाममा निकै अग्रस्थानमा उभ्याउन सफल भएका छन् । यसरी हेर्दा विधागत विविधता कवि भूपिनको प्रमुख प्रवृत्ति मान्न सकिन्छ ।

#### ३.३.२. राष्ट्रवादी विचारको अभिव्यक्ति

भूपिनका रचनामा राष्ट्रवादी विचारको अभिव्यक्ति प्रशस्त रूपमा भेटाउन सकिन्छ । विशेष गरी निबन्ध र कवितामा उनले आफ्नो राष्ट्रियताको खोजी गरेका छन् र माटोको माया गरेका छन् । कुनै राष्ट्रको नागरिक भइसकेपछि त्यो राष्ट्रप्रति आफूले पूरा गर्नुपर्ने कर्तव्यको बोध हरेक नागरिकमा हुनुपर्ने मान्यता कवि भूपिनको छ । *भो अब दुखे जस्तो नगरे हुन्छ* कविता देशको विषम परिस्थितिलाई देखाएको एउटा कविता हो । *स्वाभिमानको चिया साटिएको छ,* कविताले पनि राष्ट्रिय स्वाभिमान र नेपाली पहिचानलाई जोगाउन आग्रह गरेको छ । त्यस्तै **सुप्लाको हवाइजहाज**मा सङ्ग्रहित *देश* कविता पनि राष्ट्रको विरक्तलाग्दो अवस्थालाई टिपेर शब्दहरू उनेको सुन्दर माला हो । यस्ता धेरै रचनाले देशको अवस्था, देशको माया, नागरिकको देशप्रतिको ममता, सम्मान, कर्तव्य आदिको आग्रह र चेतना दिएका छन् । यसरी हेर्दा राष्ट्रवादी चिन्तन पनि कवि भूपिनको मुख्य प्रवृत्तिका रूपमा देखिन्छ ।

#### ३.३.३. सामाजिक यथार्थको प्रस्तुति

सामाजिक विषयवस्तुलाई उनेर शब्दगुच्छाद्वारा सुन्दर रचनात्मक माला तयार गर्नु कवि भूपिनको आफ्नै छुट्टै कला छ । उनले देख्दा सामान्य लाग्ने विषयलाई पनि अर्थात् कसैले पहिचान आँकलन गर्न नसकेको विषयलाई पनि आफ्नो सृजनाको स्रोतका रूपमा अर्थात् विषयका रूपमा उठान गर्न सक्दछन् । हाम्रो समाजमा घट्ने गरेका सामाजिक घटना तथा विषयवस्तुलाई उनले राम्ररी सजाउन सक्दछन् । आफ्ना शब्दमा *कविकुनाको अँध्यारो चेपबाट, बच्चाहरू नभएको बस्ती, गाउँ : दुई* जस्ता कविताहरू यस्तै विषयको उठान गरी लेखिएका कविता हुन् । यसरी समाजका समसामयिक घटनाहरूलाई आफ्नो रचनामा टिप्ने भूपिन सामाजिक यथार्थवादी साहित्यकार हुन् ।

### ३.३.४. मानवतावादी स्वर

भूपिनका रचनामा मान्छेभित्र मान्छेको आभास दिलाउने केही तत्त्व हुनुपर्छ जसमा मानवता हुँदैन उसले बाहिरी आवरणको भरमा मान्छे हुँ भन्ने भ्रम नपाले हुन्छ भन्ने भाव पाइन्छ । यिनले आफ्ना रचनामा मानवताको खोजी गरिरहेका हुन्छन् । यिनका *नदीहरू मान्छेजस्ता हुँदैनन्, अनुभूति-४, मान्छेको परिभाषा, बच्चाहरू नभएको बस्ती* जस्ता कविताहरू मानवतावादी स्वर भरिएका कविता हुन् । यस्तै उनका गजल तथा निबन्धहरूमा पनि मानवतावादी स्वर प्रशस्त मात्रामा भेटाउन सकिन्छ । यसरी उनको अर्को साहित्यिक प्रवृत्तिको रूपमा मानवतावादी स्वर पनि आएको छ ।

### ३.३.५. कारुणिकता

कविता पढ्दा-पढ्दै मान्छेलाई रुवाउन सक्ने, कठै ! भन्ने बनाउन सक्ने शक्ति भूपिनको काव्यशक्ति हो । उनका शब्दमा त्यो जादु छ, जसले रोएकालाई एकै छिनमा हँसाइदिन्छ र हाँसिरहेकालाई क्षणभरमै रुवाइदिन सक्दछ । आफ्ना रचनाहरूमा मानव जीवनका दुःख, पीडा, अभाव र समस्याहरूलाई टिपेर पाठकलाई मेरै पीडा हो भन्ने आभास बनाउने सामर्थ्य यिनका रचनामा पाइन्छ । *गाउँ : तीन, शरणार्थी, दशैंमा परदेशी सम्झेर, आमा : एक* जस्ता कविताहरू कारुणिक कविताका उत्कृष्ट नमुना हुन् ।

### ३.३.६. व्यङ्ग्यात्मकता

भूपिनका कवितामा भेट्न सकिने अर्को गुण व्यङ्ग्यात्मकता हो । उनका निबन्ध तथा कविताहरूमा मानव जीवन भोगाइमा देखिने सामाजिक, राजनीतिक, धार्मिक विकृति, विसङ्गतिहरूलाई व्यङ्ग्य प्रहार गर्दै सुधारको चाहना राखेको देखिन्छ । *भो अब दुखेजस्तो नगरे हुन्छ, अन्तर पीडा, युग धर्म : एउटा महान् धर्म, सभ्यता (!) सभ्यता (!)* जस्ता थुप्रै कविताहरू उनका व्यङ्ग्यभावले भरिपूर्ण कविताका उदाहरणमा भेटिन्छन् । उनका सृजनाहरूले समाजमा घट्ने घटनालाई व्यङ्ग्यवाण प्रहार गरी सुध्रनलाई प्रेरित गर्छन् । त्यसैले व्यङ्ग्यात्मकता उनको दरिलो काव्यप्रवृत्ति हो ।

### ३.३.७. प्रकृति चित्रण

भूपिनका रचनाहरूमा प्रकृतिको चित्रण उल्लेख्य रूपमा भेट्न सकिन्छ । उनका कविता तथा नियात्रा-निबन्धहरूमा प्रकृतिको चित्रण भएको पाइन्छ । उनले प्रकृतिलाई मानवीकरण गरेर सहज, सरल तथा कलात्मक ढङ्गले आफ्ना सृजनामार्फत् व्यक्त गरेका छन् । उनले प्रकृतिलाई सुख, दुःख, पीडा आदि साट्ने स्थलका रूपमा उभ्याएका छन् । भूपिनले *पहाड सुन्दरी* कवितामा पहाडलाई मानवीकरण गर्दै लेखेका छन् -

*पानीमा लछप्पै भिजेर*

*तिमी वेहद सुन्दरी देखिएकी छौ !*

*र, म बैंसले उत्ताउलो भएको छु ।* (पृ. ८७)

यसरी पहाडलाई एउटी सुन्दरी बनाई मानवीकरण गरेका छन् । प्राकृतिक चित्रण गर्ने उनका रचनाहरूमा *गाउँ : चार, साँझमा रेल यात्रा* आदि रहेका छन् ।

### ३.३.८. प्रगतिवादी चेतना

समसामयिक विचारमा प्रतिबद्ध हुँदै वर्गसङ्घर्षको चित्रण पनि उनका कवितामा भेटिन्छ । उच्च अर्थात् शोषक, सामन्त वर्गले निम्न अर्थात् शोषित वर्गलाई शोषण गरेकाले राष्ट्र, समाज अधोगतितिर लागिरहेको विचार कवि भूपिनका कवितामा व्यक्त भएको पाइन्छ । भूपिनले निम्न वर्गप्रति सहानुभूति राख्दै र आँट-साहस भर्दै उच्च अर्थात् शोषक वर्गलाई खबरदारी गर्ने गर्दछन् । समाजमा हुने अनेक किसिमको विभेदको अन्त्य हुनुपर्छ भन्ने विचार आफ्ना रचनाहरूमा राख्दछन् भूपिन । *गाउँ : दुई, गाउँ : छ, रूख* आदि कविताहरू प्रगतिवादी चेतनाले भरिएका कविताहरू हुन् ।

## ३.४. निष्कर्ष

भूपिनको साहित्यिक यात्रा विभिन्न परिवेशका माध्यमबाट गुज्रेको पाइन्छ । उनले विभिन्न ठाउँमा घुमफिर गर्दाको अनुभव, विभिन्न सङ्घ-संस्थाहरूमा रहेर काम गर्दाको अनुभवबाट उनको साहित्यिक सामाजिक व्यक्तित्व तयार भएको देखिन्छ । फुटकर रूपमा निकै विधामा कलम चलाए पनि पुस्तकाकार रूपमा हेर्ने हो भने कविता र निबन्धमा मुख्यतः यिनको लेखन अगाडि बढेको पाइन्छ । २०४० सालबाट नै साहित्यिक लेखन थालेका उनले हालसम्म अनवरत रूपमा कलम चलाइरहेका छन् ।

२०४८ सालबाट औपचारिक रूपमा कविता लेख्न थालेका कवि भूपिनको पहिलो प्रकाशित कविता *एवं क्रम : दिन र रातहरू* रहेको छ । यसरी सुरु भएको यात्राको पहिलो चरण वि.सं. २०४८-२०५३, दोस्रो चरण २०५४-२०६६ र तेस्रो चरण २०६७ पछिको रहेको छ । यी चरणहरूमा कविले राष्ट्रवादी विचार, प्रकृति चित्रण, सामाजिक यथार्थता, मानवतावादी स्वर, समसामयिक चेतना, प्रगतिवादी चेतना, व्यङ्ग्यात्मकता, कारुणिकता आदि प्रवृत्तिलाई आत्मसात् गर्दै उनले आफ्ना रचनालाई दरिलो बनाएका छन् । समाजमा हुने गरेका विभिन्न घटनाहरूलाई यथार्थ साहित्यमार्फत् अभिव्यक्त गर्ने हुनाले कविको प्रमुख प्रवृत्तिको रूपमा यथार्थवाद आएको छ ।

# अध्याय - चार

# 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहका कविताहरूको विधातात्त्विक अध्ययन तथा विश्लेषण

## ४.१. परिचय

कवि भूपिन नेपाली कविताको फाँटमा एक बलियो स्तम्भ हुन् । उनका कृतिहरूमा बेग्लै किसिमको स्वरूप निर्धारण गरिएको हुन्छ । **सुप्लाको हवाइजहाज** कृतिमा शीर्षक पृथकीकरण गरिएको छ । कवितालाई व्यवस्थितीकरण गर्ने यो एक सिपालु तरिका हो । पृथक उपशीर्षकभित्र कविताहरूलाई उनेर तयार गरिएको यस कृतिमा *समय र देश, आमा, बोध र प्रेम, गाउँ* गरी चार उपशीर्षकहरू रहेका छन् । समय र *देश* उपशीर्षकभित्र चौध वटा, *आमा*अन्तर्गत छ वटा, *बोध र प्रेम*मा बाईस वटा र *गाउँ* उपशीर्षकअन्तर्गत छ वटा कवितापुष्पहरू रहेका छन् । कुनै कविता निकै छोटा छन् भने कुनै चार पेजसम्मका असमान आकारमा रहेका छन् । विविध विषयवस्तुमा आधारित ती कविताहरू विशेषतः समकालीन परिवेश, राष्ट्रको परिवर्तनशील अवस्था, मान्छेका समस्या, पीडा र वास्तविकताहरू, प्रेम, राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश, प्राकृतिक चित्र आदि मुख्य रूपमा समेटिएको पाइन्छ । सारांशतः भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रह समसामयिक विषयवस्तुहरू समेटिएको सशक्त कृति हो । यहाँ **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा सङ्ग्रहित कविताहरूको विधातत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## ४.२ 'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहका कविताहरूको विधातात्त्विक अध्ययन तथा विश्लेषण

### ४.२.१ *समय र देश* उपशीर्षकका कविताहरूको विश्लेषण

#### ४.२.१.१ *देब्रे हात* कविताको विश्लेषण

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा सङ्ग्रहित *देब्रे हात* पहिलो कविता हो । यो शीर्षक दुई शब्दको योगबाट तयार गरिएको छ । 'देब्रे' शब्दले विशेषण र 'हात' शब्दले नामको बोध गराएको छ । यसरी विशेषण र नामको अन्तःसम्बन्धबाट यसको शीर्षक तयार भएको छ । यसको अर्थ हातलाई देब्रे विशेषण दिनुले देब्रे हातको फरक विशेषता देखाउन खोजिएको छ । कविताअनुसार समाजमा देब्रे हातलाई हेरिने दृष्टिकोण उजागर गरिएको छ । दाहिने हातलाई बढी र देब्रे हातलाई कम महत्त्व दिइएको यथार्थलाई देखाउँदै देब्रे हातकै केन्द्रीयतामा तयार भएको यो कविताको शीर्षक र विषयवस्तुबीच घनिष्ट सम्बन्ध रहेको देखिन्छ ।

**(ख) लयविधान**

*देब्रे हात* कविता गद्यात्मक अन्तरलयमा लेखिएको छ । मुक्तलयमा रहेको यो कवितामा साङ्गीतिकता पाइन्छ । कतिपय पङ्तिहरूका अनुप्रासयुक्त पदावलीहरूमा लय

सृजना भएको छ । पदक्रमको विचलनले आलङ्कारिक भाव प्रस्तुत हुँदा छुट्टै किसिमको ध्वनितत्त्व सृजना भएको छ ।

### (ग) भावविधान

देब्रे हात शीर्षकको यस कवितामा दुवै हात समान भए पनि दाहिने हातलाई मात्र कामको अवसर दिएर बिकामका मानिएका सीमित काम दिएर मान्छेले आफ्नै हातहरूमा पनि विभेद गरिरहेको भाव यसमा रहेको पाइन्छ । एकै अङ्गका समान हातहरूलाई विवेक गुमाएर विभेद गर्नु हुँदैन । यसो हुनाले कविता स्वयंले महँगो घडी, औँठी, देब्रे हातलाई लगाइदिएको र दाइने हर पक्षघातले थलिँदा देब्रेहातको सहारा महत्त्वपूर्ण भएको कुरा उल्लेख गर्दै कविले यसरी देब्रे हातलाई निकम्मा बनाउने हो भने पृथ्वीमा ठूलो सङ्कट आउने विषयवस्तुलाई मूल मर्मका रूपमा हेरिएको छ साथै कवितामा विभेदको सुरुआत हातबाट भएर पुरै मानव समाजमा फैलिएको सङ्केत गर्दै दाहिने हात काम नलाग्ने भएमा जीवन सङ्कटमा पर्न सक्ने हुनाले यस्तो तरिका ठिक नहुने विषयभाव यसमा लुकेको पाइन्छ ।

### (घ) संरचना

*देब्रे हात* कविता लामा-छोटा गरी आठ अनुच्छेद र छपन्न पङ्तिमा संरचित छ । कतिपय पङ्तिहरूमा दुई शब्दहरू र कुनैमा नौ शब्दसम्म रहेका छन् । यो कवितामा तत्सम, तद्भव, आगन्तुक सबै खालका शब्दहरूको उपयोग गरिएको छ । त्यसबाहेक थर्थराउँदै, हरमुनि, दाहिनेजस्ता नेपाली मौलिक पदावलीहरूको पनि प्रयोग भएको छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

कवि भूपिनको *देब्रे हात* कविता सरल भाषाशैलीमा लेखिएको छ । आलङ्कारिक र सामान्य दुवै खाले पदक्रम उपयोग गरिएको छ । सबै स्रोतका शब्दहरूको उपयोग गरिएको छ । शरीर, श्रापित, कविता, हस्ताक्षर, राष्ट्रिय, उत्सव, धर्म, संसार, पक्षघातजस्ता तत्सम शब्दहरू, देब्रेहात, पोसिला, मानिस, शीर, औँठीजस्ता तद्भव शब्दहरू र चलानी, तालिम, डिप्रेसन, मजाक, बेइमानी जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ साथै स्थानीय मौलिक शब्दहरू पनि उपयोग गरिएकाले कविताको भाषाशैली मिठासपूर्ण भएको छ । ठाउँठाउँमा अल्पविराम, पूर्णविराम, प्रश्नचिह्न, उद्गार चिह्न प्रयोगले कवितालाई सम्प्रेषणीय बनाएको छ । *देब्रे हात* कविता अन्तरकथनात्मक ढाँचामा रहेको छ । कवितामा कविको स्वयं उपस्थितिले प्रथम पुरुष कथन ढाँचामा कविता अभिव्यक्त भएको छ । यो कवितामा मनोवादात्मक अन्तरआख्यानात्मक देखिएको छ । कुनै वाक्यहरूमा अन्तर नाटकीकरण पनि देखिन्छ । यसलाई कविले उद्धरण दिएका छन् ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*देब्रे हात* कवितामा राखिएको शीर्षक स्वयं बिम्ब हो । विभेदको बिम्बलाई यसले लिएको छ । ढुङ्गाको हरमुनि च्यापिएको घाँसको पहेंलो पात जस्तो भनेर हातलाई प्रतीकात्मक स्वरूप ठानिएको छ ।

कुनै ठाउँमा व्यञ्जनात्मक बिम्बहरू र प्राश्निक तत्त्वहरू पनि रहेका छन् । शब्दात्मक बिम्बहरूको प्रयोग कम भए पनि संयोजित भावबाट नयाँ बिम्ब निष्पत्ति भएको छ । दाहिने हातलाई सम्मानित र देब्रे हातलाई अपमानित प्रतीकका रूपमा लिइएको छ ।

**(छ) उद्देश्य**

*देब्रे हात* कविताले एकै अङ्गका दुई हातहरूलाई पनि मान्छेले असमान व्यवहार गरिरहेको र त्यसले गर्दा देब्रे हातलाई अन्याय हुन पुगेको हुनाले विभेदको मानसिकता शारीरिक अङ्गहरूबाटै सुरु गरेर सामाजिक अवस्थासम्म समूल अन्त्य गर्नुपर्ने उद्देश्य लिएको छ ।

### ४.२.१.२. *ट्रक ड्राइभर* कविताको विश्लेषण

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा सङ्ग्रहित *ट्रक ड्राइभर* कविता *समय र देश* उपशीर्षकभित्रको दोस्रो रचना हो । यो कविताको शीर्षक दुई शब्दमा संरचित छ । 'ट्रक' र 'ड्राइभर' दुवैले नाम जनाउँछन् । यसको अर्थ ट्रक चलाउने ड्राइभर भन्ने हुन्छ । कविता अनुसार *ट्रक ड्राइभर* शीर्षक प्रतीकात्मक रूपमा आएको छ । कविताको भावअनुसार मान्छे आफू ट्रक हो र जीवनयापन ड्राइभिङ हो भन्ने बुझिन्छ । यसर्थ बिम्बात्मक ढङ्गको यो कविताको शीर्षक सार्थक देखिन्छ ।

**(ख) लयविधान**

*ट्रक ड्राइभर* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । अनुप्रासयुक्त शब्दहरू प्रायः नभए पनि भाव गम्भीरताले कवितामा लय सिर्जना गरेका छन् । दिलमायालाई सम्बोधन गरिएकाले कविता विशेष सम्प्रेषणीय बनेको छ । आलङ्कारिक पदक्रमको प्रयोगले कविता गेयात्मक बनेको छ ।

**(ग) भावविधान**

*ट्रक ड्राइभर* कविता विशेष भावप्रधान छ । यसमा लक्षणाशक्ति लुकेको छ । जुन शब्दहरूले अभिधात्मक रूपमा जेलाई जनाउँछन्, यथार्थमा ती होइनन् । जस्तै : ट्रक ड्राइभर भनेको कवि स्वयं हुन्, दिलमाया भनेको उनको मन हो र हुस्सु लागेको भनेको मनको अन्योलग्रस्त यात्रा हो । त्यस्तै यस कवितामा उनले प्रेमको पनि झल्को दिएका छन् । दिलमायाको रूपमा उनले आफ्नी प्रेमिकालाई सम्बोधन गरेका छन् भने आफू प्रेमीका रूपमा उभिएका छन् । यो कविताले मान्छेको वास्तविक जीवनको यथार्थभाव बोकेको पाइन्छ ।

**(घ) संरचना**

*ट्रक ड्राइभर* कविता लामा-छोटा छ अनुच्छेद र तेत्तीस पङ्क्तिमा संरचित छ । कतिपय पङ्क्तिहरू एक शब्दका छन् भने कुनै पङ्क्तिहरू सात शब्दसम्मका छन् । आन्तरिक

संरचनाअन्तर्गत शब्द एवं वाक्यांश तथा शब्दस्रोतमा सबै प्रकारका शब्दहरू परेका छन् । यो कविता लघु आकारमा रहेको छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*ट्रक ड्राइभर* कविता सरल र सुबोध्य भाषाशैलीमा लेखिएको छ । मन, कति, दुर्घटना, अहम्, नदी जस्ता तत्सम शब्दहरू, बाक्लो, सपना, नाङ्गा, अग्लाजस्ता तद्भव शब्द र खतरनाक, सवारी, दिलमाया, आलपिन, ट्रक ड्राइभर, हर्न, वाइपरजस्ता आगन्तुक शब्दहरू यस कवितामा आएका छन् । आवश्यकताअनुसार अल्पविराम, पूर्णविराम, उद्गार चिह्नहरूको प्रयोग भएको छ । यसले गर्दा कविता सम्प्रेषणीय बनेको छ । *ट्रक ड्राइभर* कविता प्रथम पुरुष कथनपद्दतिमा रहेको छ । यसलाई अन्तरकथनात्मक शैलीमा लेखिएको कविता भन्न सकिन्छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*ट्रक ड्राइभर* कविता शीर्षकदेखि अन्त्यसम्म विशेष बिम्बात्मक रहेको छ । ट्रक ड्राइभर मानव जीवनको यथार्थ बिम्ब हो भने बाक्लो हुस्सु भनेको मनको अन्योलता, दिलमाया भनेको मन, ट्रक भनेको जीवन, कच्चीबाटो भनेको अधुरा सपना, आल्पिन भनेको पीडाग्रस्त समस्या, हर्न भनेको बोलीको प्रभाव, ट्रकको सिसा भनेको आँखा, ब्रेक भनेको नियन्त्रण क्षमता, लडाईं भनेको जीवन गुजारा, भोका बच्चा भनेको इच्छाहरू, छातीको डेक्चीमा ढुङ्गा उम्लिनु भनेको धैर्य, सडक छेउबाट हाम फाल्नु भनेको जोखिमको बहन आदि प्रशस्त प्रतीकहरूले कवितालाई भावगाम्भीर्य प्रस्तुत गरेका छन् ।

### (छ) उद्देश्य

*ट्रक ड्राइभर* कविताले मानव जीवनको यथार्थ चित्र देखाउँदै जीवनका बाटामा आइपरेका अनेक समस्याहरूसँग जुधेर जीवन गुजारा गर्नुपर्दछ भन्ने उद्देश्य बोकेको छ ।

## ४.२.१.३. *एउटा नोटको जीवनी* कविताको विश्लेषण

### (क) शीर्षक

*एउटा नोटको जीवनी* कविता *समय र देश* उपशीर्षकअन्तर्गत रहेको तेस्रो कविता हो । यो कविताको शीर्षक तीन शब्दमा रहेको छ । एक विशेषण र दुई नाम शब्दद्वारा बनेको यो शीर्षक मुद्रामा उपयोग गरिने नोटको विनिमय यात्रामा आधारित रहेको हुनाले सार्थक देखिएको छ । सम्पूर्ण कविताको भाव नोटको यात्रामा केन्द्रित रहेकाले एउटा नोटको जीवनी अर्थपूर्ण रहेको छ ।

### (ख) लयविधान

*एउटा नोटको जीवनी* कविता गद्यलयमा संरचित छ । मुक्तलयमा भए पनि कवितामा एक प्रकारको साङ्गीतिक झङ्कार पाइन्छ । आवश्यकताअनुसार अल्पविराम, पूर्णविराम र प्रश्नचिह्नहरू रहेकाले कविता सम्प्रेषणीय बनेको छ । आलङ्कारिक पदक्रमले कवितामा लयात्मक ध्वनि सिर्जना भएको छ ।

## (ग) भावविधान

*एउटा नोटको जीवनी* कविता विनिमय मुद्रालाई विषयवस्तुको आधार बनाएर लेखिएको छ । देउतालाई चढाउन पवित्र ठानिएको पैसा कुन-कुन ठाउँमा पुगेर कति अपवित्रतामा चुर्लुम्म डुबेको हुन्छ भन्ने कुरा यसले प्रष्ट्याएको छ । वास्तवमा नोट कीटाणुग्रस्त अर्थात् फोहोरी हुन्छ । तर पनि यसको क्रय-विक्रय शक्तिको कारणले मान्छेले देउतालाई पनि चढाइरहेका छन् । कविताअनुसार कागजको नोट सफा निस्कन्छ । क्यासियरले थुक लगाएर गन्छ, मासु पसलेले रगत टाँस्छ, अर्कोले सिँगान टाँस्छ, अर्काले पिसाब दल्छ, अर्को एकजनाले मासिक श्रावको रगत दल्छ आदि-इत्यादि हुँदै आँसु र पसिना समेत बोकेर दुर्व्यसनको गन्धसहित आएको नोट एउटा भगवान्लाई चढाउँछ । यो देखेर छक्क पर्दै कविले स्वयं प्रश्न गर्छन् - यत्रो फोहोर टाँसिएको नोट मान्छेलाई किन पवित्र लाग्छ र देउतालाई चढाउँछन् भन्दै नोटको जीवनी अनौठो रहेको भन्ने भावमा यो कविता लेखिएको छ । पवित्रताको बखान गरेर देवतालाई चढाइने सामग्रीहरूमध्ये मुख्य सामग्री पैसा पवित्रताको दृष्टिले चढाउन नमिल्ने भन्ने रहेको छ । पैसाको पवित्रताको व्याख्यामा एउटा ठूलै त्रुटि भएको भन्ने आशय यसमा देखिएको छ साथै मानिसले पैसालाई नै सबै थोक ठानी मानवीयता, आत्मीयता सबैलाई पैसाले साट्न खोजेको कुरालाई पनि कविताको भावमा समेटिएको छ ।

## (घ) संरचना

*एउटा नोटको जीवनी* कविता साना-ठूला बाह्र अनुच्छेद र बैसट्ठी पङ्क्तिमा संरचित छ । पङ्क्तिहरू असमान आकारका छन् । जसमा सबैभन्दा सानो पङ्क्ति दुई शब्द र लामो पङ्क्ति सात शब्दको देखिन्छ । यसमा सबै स्रोतका शब्दहरूले प्रविष्टि पाएका छन् ।

## (ङ) भाषाशैली र कथन पद्धति

*एउटा नोटको जीवनी* कविताको भाषाशैली सरल रहेको छ । कवितामा कुनै शब्दार्थयुक्त बौद्धिकता पनि भेटिँदैन । प्रशस्त मौलिक शब्दहरूको प्रयोगले सबै वर्गका पाठकहरूलाई आकर्षण गरेको छ । साधारण तर गहिरो भाव बाकेको यो कविता पढिसक्दा मस्तिष्कमा एउटा अनौठो चित्र तयार हुन्छ । कवितामा एक, जीवनी, जन्म, मासिक श्राव, यौन, भ्रष्ट जस्ता तत्सम शब्दहरू, हात, बाहिर, रगत, नेता, पसिना, वासनाजस्ता तद्भव शब्दहरू, नोट, विल्कुल, ब्याङ्क, क्यासियर, साहु, आसामी, बाथरुम, प्याड, तस्करजस्ता आगन्तुक शब्दहरू उपयोग गरिएको छ । कविता प्रस्तुतीकरणमा कुनै जटिलता छैन । यो कविता कविको अन्तस्करणबाट उत्पन्न भएको छ र स्वयं स्रष्टाको संलग्नता पनि देखिन्छ । यसैले यसको प्रथम पुरुष कथन ढाँचा रहेको देखिन्छ । यो एकालापी शैलीमा लेखिएको एक कविता हो ।

## (च) बिम्ब-प्रतीक/अलङ्कार

*एउटा नोटको जीवनी* कविता सामान्यतः अविधात्मक शब्दशक्तिमा आधारित छ । फोहोर भइकन पनि पवित्र मानिएको नोट आफैँमा एक प्रश्नात्मक बिम्ब बनेको छ । कविले

नोटलाई फोहोरको प्रतीक मानेका छन् तर समाजले त्यहीँ नोटलाई पवित्रताको प्रतीक मानेको छ । यसले गर्दा पवित्रताको परिभाषाको विषय अन्योलमा परेको भन्ने सङ्केत कविताले गरेको छ ।

**(छ) उद्देश्य**

*एउटा नोटको जीवनी* कवितामा नोटले तय गरेको फोहोरीयात्रालाई देखाउँदै यसको जीवनयात्रा र पवित्रताको विषयमा प्रश्न उठाएर वास्तवमा पवित्रताको दृष्टिले देवतालाई नोट चढाउन नमिल्ने देखाउनु कविताको उद्देश्य रहेको छ ।

### ४.२.१.४. *खडेरी* कविताको विश्लेषण

**(क) शीर्षक**

कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकमा सङ्ग्रहित चौँथो कविता हो । एक शब्दे नाम शब्दले बनेको यो कविता पानी नपरेर बन्जर बनेका फाँटहरूलाई हेरेर रचिएको छ । नेपाल पानीले धनी भए पनि सिँचाईको अभावमा टाट पल्टेका मधेसका फाँटहरूलाई लिएर विडम्बनायुक्त सुख्खा खडेरीको मारमा परेका किसानहरूको व्यथा समेत समेटिएको हुनाले यसको शीर्षक अर्थपूर्ण बनेको छ । कविताको पूर्णभाव सुख्खा खडेरीमा रहेकाले पनि शीर्षकले सार्थकता पाएको छ ।

**(ख) लयविधान**

गद्य शैलीमा लेखिएको यो कविता अन्तर्लयात्मक छ । विशेष झोक्कायुक्त ध्वनिमा कविता वाचन गर्न सकिन्छ । यसको संरचना व्यङ्ग्य मिश्रित रहेको छ । जस्तै : एक उदाहरण :

*लेकिन सुनेको छु*
*"मेरो देहातमा बहुत बढियाँ छ ।"*
*साला मुखियाले*
*पापी पडोसीलाई*
*अभितक यस्तै तार पठाउँछ । (पृ. १३)*

**(ग) भावविधान**

*खडेरी* कविता सुख्खाग्रस्त तराईका फाँटहरूको दुःखदायी चित्र हो । कवितामा फाँटलाई फुटेका कुर्कुच्चा, थोत्रो कपडा आदिको प्रतीकात्मक अर्थ दिइएको छ । हिउँदभर नेपालका नदीहरू नेपाली फाँटलाई टाट पल्टाएर भारतीय भूमिमा हरभरा बनाउन पुग्ने, जब वर्षा लाग्छ अनि नदीलाई छिमेकीले आफ्नो देशमा बन्देज लगाउँछ, त्यसपछि नेपाली भूमि पुरै डुबानमा पर्छ र किसानहरू दुःखी हुन्छन् । यसलाई नेपाली नदीहरू वर्षा लागेपछि बिदा मनाउन नेपाल फर्कन्छन् भनिएको छ । जसरी नदीले आफ्नो स्वरूप देखाउन वर्षा कुर्नुपर्छ, त्यसैगरी फाँटहरूले पनि वर्षा कुरिरहनु परेको छ । गरिब किसानहरूले चिरिएका फाँटहरूमा आफ्नै अनुहार देखेका छन् । हिउँदमा सुकेका र बर्खामा डुबेका फाँटको

समाचार पठाउनु बाहेक नेपालीहरूको अर्को विकल्प नरहेको यसको धेर-थोर कारण आफ्नै छिमेकी देश भारत रहेको भन्ने भावलाई यो कविताले कलात्मक ढङ्गले प्रस्तुत गरेको छ ।

**(घ) संरचना**

*खडेरी* कविता साना-ठूला गरी आठ अनुच्छेद र एकाउन्न पङ्‌तिमा संरचित छ । एउटा मात्र शब्दको पङ्‌तिदेखि सात शब्दको पङ्‌तिसम्म देखिन्छ । प्रायः आगन्तुक शब्दहरूको बीचमा नेपाली ढङ्गका वाक्यहरू हुनाले यो एक मिसावटयुक्त शब्द संरचना प्रधान रचना देखिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*खडेरी* कविता व्यङ्ग्यात्मक भाषाशैलीमा लेखिए तापनि निकै सरल छ । छिमेकी देशप्रति गुनासो लेखिएको यो कविता केही आक्रोशयुक्त पनि छ । आफ्नै देशको पानीले आफ्नै देशमा विकास नल्याएर विनाश मात्र ल्याउन उपयोग भएको अवस्थालाई कविताले निकै सरल, अर्थपूर्ण र व्यङ्ग्यात्मक ढङ्गले झल्काएको छ । कवितामा तीनै स्रोतका शब्दहरू पाइए तापनि आगन्तुक शब्दहरूको बहुलता देखिन्छ । यो कवितामा नदी, कुपोषण, कारण जस्ता तत्सम शब्दहरू, खेत, कुर्कुच्चा, गहुँ, किसान, बर्सात् जस्ता तद्‌भव शब्दहरू र गरिब, ध्यानसे, दोस्त, पडोसी, पगला, देहात, उधर, बारिस, मिट्टी, इसबार, मुखमरी, साया, बेसरम, पता, तकलिफ, वाड, खलिहान, लेकिन्, बहुत, अभितक, तार जस्ता आगन्तुक शब्दहरूको प्रयोग छ । आगन्तुक शब्दहरूले एकातिर कविताको शैलीलाई रोचक बनाएका छन् भने अर्कोतिर छिमेकी देशको ज्यादतिलाई व्यङ्ग्य गरेका छन् । विभिन्न लेख्य चिह्नहरूको उचित प्रयोगले कविताको प्रभावकारिता बढेको छ । यो कविता पनि कविको आत्मालापयुक्त वर्णन भएकाले प्रथम पुरुषको कथनात्मक ढाँचा मान्नुपर्दछ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

व्यङ्ग्यात्मक बिम्ब रहेको यो कविताले नेपाली भूमिको चित्र देखाउँछ । कवितामा फुटेका कुर्कुच्चा र थोत्रा कपडालाई खेतका फाँटको बिम्ब दिइएको छ । नेपाली नदी पडोसीका खेतमा निमेक गर्न जान्छ भन्ने वाक्यले नदीको उपयोग विदेशमा भइरहेको भन्ने देखिन्छ । बिम्ब-प्रतीकका केही उदाहरणहरू :

- खेतको थोत्रो कपडामा खडेरीले चित्र बनाएको
- वर्सात् भएपछि नदी पागलझैँ बिदामा स्वदेश फर्किएको
- दाना लाग्ने गहुँको खेतमा आगो लाग्लाझैँ भएको
- मकैका पोथ्राहरू बाजु लगाएर घुँडा टेक्दै उभिएको
- खेतमा किसानले आफ्नै चेहरा देखेको आदि ।

यो कवितामा प्राकृतिक वस्तुहरूलाई मानवीकरण पनि गरिएको छ । निर्जीव वस्तुहरू मान्छेझैँ क्रियाकलाप गर्छन् भने यसलाई मानवीकरण भनिन्छ ।

### (छ) उद्देश्य

आफ्नो देश जलस्रोतमा धनी भइकन पनि सिँचाई हुन नसकेर खेतका फाँटहरू बञ्जर मरुभूमि बनेको, बर्खा लागेपछि छिमेकीले नदी थुनेर नेपाली भूभागलाई डुबाइरहेको हुनाले नेपालको अवस्था ज्यादै दुःखी रहेको, यो दुर्भाग्यभन्दा पनि विडम्बनायुक्त अवस्था हो । यसलाई समाधान नगरेसम्म नेपाली किसानहरूले यस्तै नियति भोगिरहनु पर्नेछ । यस्तो अवस्थाप्रति सम्बन्धित व्यक्तिहरूलाई सचेत बनाउनु यस कविताको उद्देश्य रहेको छ ।

## ४.२.१.५. *देश* कविताको विश्लेषण

### (क) शीर्षक

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा *समय र देश* उपशीर्षकअन्तर्गत रहेको *देश* पाँचौं कविता हो । यो कवितामा देशभित्रका प्राकृतिक एवं भौतिक वस्तुहरू उपयोग हुन नसकेर थन्किएको र सरकार सत्ता र झगडाको नराम्रो दलदलमा फसिरहेको जसका कारण देशका सारा गौरवशाली कुराहरू निकम्मा हुँदै गएको विषय रहेकाले *देश* शीर्षक उपयुक्त देखिएको छ । एक शब्दे शीर्षक रहेको उक्त शीर्षक नामपद हो ।

### (ख) लयविधान

यो कविता गद्यलयमा रहेको छ भने बिरामी शब्दको पुनरावृत्ति देखिन्छ । अनुप्रासयुक्त शब्दहरू नभए पनि शब्दहरूको पुनरावृत्तिले लय प्रभावलाई बढाएको छ । यो कविता एक प्रकारको अन्तर ध्वन्यात्मक भाव ल्याउने र वीभत्स रससँग नजिक रहेको र अन्त्यमा करुण भावयुक्त हुनाले पनि लय स्वतः उत्पन्न भएको छ ।

### (ग) भावविधान

*देश* कविता हाम्रो देश नेपालको अवस्थालाई विषयवस्तु बनाएर लेखिएको छ । देशका अस्पताल, डाक्टर, मन्दिरका भगवान्, जन्मदिने आमा, यात्री हिँड्ने सडक, कलकारखाना, नदीनाला, नैतिकता, कला, विचार, सम्भावना, संसद र सत्ता, शान्ति, न्याय, पुस्तक, सिमाना, फाँट, जङ्गल, दृश्य, उपचारको औषधि सबै बिरामी अवस्थामा रहेको हुनाले देश अगाडि बढ्न नसकेको भन्ने विषयलाई कविताले लिएको छ । कवि भूपिनको *देश* कविता सङ्क्षिप्ततामा भाव गम्भीरता लुकेको कविता हो । सरकार र जनताको अकर्मण्यतालाई बिरामीको संज्ञा दिँदै यसैको कारण सम्भावनाहरू निस्काम हुँदै गएर त्यसै त्यसै थन्किएको हुनाले समग्रमा देश नै बिरामी भएको भन्ने गहिरो भाव यसमा देखिन्छ । कवितामा व्यङ्ग्य भावको छनक समेत पाइन्छ ।

### (घ) संरचना

*देश* कविता छोटा-लामा गरी चार अनुच्छेदमा संरचित छ । दुई पङ्तिदेखि तेइस पङ्तिसम्मको अनुच्छेद यसमा रहेका छन् । एक शब्देदेखि छ शब्दे पङ्तिसम्म रहेका छन् । सैंतीस पङ्तिमा यो कविताको भाव पूर्ण गरिएको छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*देश* कविताको अभिव्यक्तिगत शैली सरल र सहज रहेको छ । केही बिम्बात्मक देखिए पनि विषय प्रसङ्ग बुझ्न कठिन छैन । उपयोगमा नआएर थन्किनुलाई कवितामा बिरामी हुनु भनिएको हो । सरल शब्दमा उनिएको हुनाले सबै स्तरका पाठकको सम्बोधन कविताले गरेजस्तो देखिन्छ । तीनै स्रोतका शब्दहरू यसमा पाइन्छ् । जस्तै : देश, मन्दिर, भगवान्, प्रयोग, नदी, कला, निषेध, भवन, अविश्वास, शान्ति, दृष्टि, आशा, औषधि आदि तत्सम शब्दहरू; पिउँदा, महामारी, सिमाना, आँखा, सपना, निको आदि तद्भव शब्दहरू र अस्पताल, बिरामी, कारखाना, पाखुरा, सलह आदि आगन्तुक शब्दहरू रहेका छन् । यो कविता अधिकतम् तृतीय पुरुष र केही अंश प्रथम पुरुष कथनात्मक ढाँचामा रहेको देखिन्छ ।

### (च ) बिम्ब-प्रतीक/अलङ्कार

*देश* कवितामा बिरामी शब्दले उपयोगहीनताको बिम्बलाई ल्याएको छ । डक्टर, भगवान्, आमा, सडक, नदी, पाखुरा, विचार, कला, सम्भावना इत्यादि बिरामी पर्नु भनेको कुनै उपयोग नहुनु र कुनै सम्बोधनमा नपर्नु भन्ने देखिन्छ । बिरामी पर्नु भन्नाले मरेरै समाप्त हुनु भन्ने बुझिँदैन, उपचार गर्न सके पुनः सञ्चालित हुन सक्ने विषयको आधार यसमा देखिन्छ । यसमा सडकहरू बिरामी भन्नाले बिग्रिएका बाटाहरू, कारखाना बिरामी भन्नाले सञ्चालन नभएका उद्योगहरू, नदी बिरामी भन्नाले उपयोगहीन पानी र विदेशी आँखा गडेको भन्ने बुझिन्छ । त्यस्तै विचार बिरामी भन्नाले राष्ट्र विकासको सोच नभएको भन्ने बुझिन्छ, सम्भावना बिरामी भन्नाले सम्भावना भइकन पनि उपयोग हुन नसकेको भन्ने बुझिन्छ । यस्ता प्रशस्त बिम्ब र प्रतीकहरू यसमा रहेको पाइन्छ ।

### (छ) उद्देश्य

हाम्रो देशमा विकासका प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि तिनको उपयोग हुन नसकेर सबै कुरा थला परिरहेकोले यसको निराकरण गरी देशलाई समृद्धिको बाटोमा लैजाने मूल उद्देश्य बोकेर आएको यो कविता निकै उत्कृष्ट छ ।

## ४.२.१.६ ***दशैंमा परदेशी सम्झेर*** **कविताको विश्लेषण**

### (क) शीर्षक

*दशैंमा परदेशी सम्झेर* कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकभित्र पर्ने छैटौँ कविता हो । यो कवितामा आफ्नो देशमा काम नभएर अनिच्छापूर्वक आफ्नो लोग्नेलाई खाडी मुलुकमा पठाउनु पर्दाको नारी पीडालाई पोखिएको छ । तीन शब्दले बनेको यो कविताको शीर्षक नाम, विशेषण र क्रियायोगीले तयार भएको छ । कविताको सम्पूर्ण भाव विदेशिएका आफ्ना लोग्नेलाई सम्झिएर विदेशमा नेपालीहरूले भोग्नु परेका पीडा, दर्द र मृत्युवरणलाई घरमा बसिरहेकी श्रीमतीले स्मरण गरेको विषय आधार लिइएकाले यसको शीर्षक उपयुक्त रहेको देखिन्छ ।

**(ख) लयविधान**

*दशैंमा परदेशी सम्भ्रmेर* कविता गद्यलयमा लेखिएको छ । अनुप्रासयुक्त शब्दहरूको प्रयोगले कवितालाई गेयात्मक बनाएको छ । वियोग शृङ्गार र करुण भावले भरिएकाले कवितामा कारुणिक लय उत्पन्न भएको छ । छोटा र लामा पङ्तिहरूले खास विषयवस्तुलाई जोड दिएकाले विशेष प्रभावयुक्त ध्वनि उत्पन्न गराएको छ ।

**(ग) भावविधान**

*दशैंमा परदेशी सम्भ्रmेर* कविता विशेष भावयुक्त रहेको छ । कवितामा प्रस्तुत पङ्तिहरूले पाठकहरूको मनलाई स्तब्ध पार्दछन् । परिवार सञ्चालनका लागि विदेशमा बेचिएर आफ्नै जीवनलाई हत्केलामा राख्दै आफ्नो परिवार, समाज र देशलाई छोडेर बाहिर जानु इच्छा नभई वाध्यता भएको र त्यसले आफू र परिवार दुवैलाई पीडित बनाएको विषयमा आधारित भावले जो कोही पनि भावुक बनाउँछ । विछोडको राप सहेर बसेका श्रीमतीहरूको मनमा उत्पन्न हुने विचारलाई प्रस्तुत गरिएको भावमा यो कविता आएको छ । विदेश गएको आफ्नो लोग्नेलाई सम्झँदै विछोडमा तड्पिएकी श्रीमतीले आफ्नो खसम विदेश उडेदेखि गाउँको अवस्था के भएको छ भन्ने भाव कविले यसरी पोखेका छन् -

*सिथिल भएको छ गाउँको पाखुरा*

*विरूप भएको छ गाउँको सौन्दर्य*

*बूढाबूढीहरू भन्दै छन्*

*तिमी उडेपछि*

*केटी चौरको लट्ठेपिङ छिनेर*

*भाँचिएको छ गाउँको मेरुदण्ड ।* (पृ. १७)

यहाँ कवि विछोडले छटपटिएकी नारीका प्रतिनिधि बनेर आएका छन् ।

**(घ) संरचना**

*दशैंमा परदेशी सम्भ्रmेर* कविता छ अनुच्छेद र अडचालीस पङ्तिमा संरचित छ । अनुच्छेदहरू तीन पङ्तिदेखि बाह्र पङ्तिसम्मका छन् भने पङ्तिहरू एक शब्ददेखि सात शब्दसम्मका रहेका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*दशैंमा परदेशी सम्भ्रmेर* कविताको भाषाशैली सरल छ । धेरैजसो पङ्तिहरू व्याकरणात्मक पदक्रममा छन् भने एक-दुई पङ्तिहरू आलङ्कारिक पदक्रममा छन् । पीडाका शृङ्खलाहरू उन्दै पङ्ति र अनुच्छेदहरू तुनिएको यो कविताको भाषा प्रभावकारी छ । कविता पढ्दा नेपाली ग्रामीण समाजको यथार्थ चित्र हरेक पाठकको मस्तिष्कमा आइपुग्छ र एकाएक ऊ भावुक बन्दछ । सजिला शब्दहरूमा गहिरो विषयवस्तु अटाइएको यो कविताको भाषाशैलीमा प्रभावकारिताको बेजोड प्रस्तुति देखिन्छ । तत्सम, तद्भव र आगन्तुक सबै

प्रकारका शब्दहरू यसमा आएका छन् । जस्तैः अष्टमी, अक्षता, आकाश, मालश्री, सुन्दर, मेरुदण्ड, आदि तत्सम शब्दहरू हुन् भने निधार, सेतो, मेरो, दशैं, खेत, तातो पसेको, सपना, बूढाबूढी, गाउँ, घर आदि शब्दहरू तद्भव हुन् । त्यस्तै खाडी, खसी, सिकुवा, खसम, कम्पनी, टिसर्ट, तस्वीर, कसुर, इराक, सेरिएको, कमेरो आदि शब्दहरू आगन्तुक हुन् । यो कवितामा प्रथम पुरुषयुक्त पदावलीहरू आए पनि तृतीय पुरुष कथनढाँचामा लेखिएको मान्नु पर्दछ किनभने यहाँ कवि परदेशीकी पत्नी बनेर आएका छन् ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

यो कविता बिम्ब र प्रतीकहरूले भरिएको छ र उपमा अलङ्कारले सिँगारिएको छ । अष्टमीको दिन काटिएको खसीझैँ छटपटाउनु भनेको पीडित हुनु हो । जमरा बन्नु भनेको स्वतन्त्रताहीन हुनु हो । सेतो अक्षताझैँ हुनु भनेको खुसीको रङ नहुनु हो । जुठो बारिएको घरझैँ हुनु भनेको रौनकता नभएको घर हो । मान्छे बेच्ने कम्पनी भनेको श्रमशक्ति वितरण कार्यालय हो । इराकमा सेरिएको घाँटी आफ्नै हुनु भनेको मृत्युको प्रतीक हो । विदेश जान रोक्न नसक्नु मृत्युको प्रतीक हो जस्ता प्रशस्त चित्र र सङ्केतहरू यो कवितामा रहेका छन् ।

**(छ) उद्देश्य**

*दशैंमा परदेशी सम्झेर* कविता नेपालीहरूको वैदेशिक रोजगार र यसले निम्त्याएका डरलाग्दा पीडाहरूलाई अभिव्यक्त गर्ने रचना हो । विदेशमा जाँदा घर परिवार खुसीमा नभई आँसुमा डुब्छ । यसकारण वैदेशिक रोजगारी एक दुःखदायी अवस्था हो भन्ने सन्देश यो कविताले प्रस्तुत गरेको छ ।

### ४.२.१.७. *पुजारी* कविताको विश्लेषण

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकभित्र पर्ने *पुजारी* कविता यो उपशीर्षकको सातौं कविता हो । एक शब्दको शीर्षक रहेको यो कविताको शीर्षकले नामपद जनाउँछ । कवितामा यो शीर्षक प्रतीकात्मक रूपमा आएको छ । यसकारण पुजारी शब्दले मन्दिरको पुजारी जनाउँदैन । अनेक बहानामा समय-समयमा नेपाललाई गाह्रो-साँघुरो पार्दै दुःख दिइरहेको छिमेकी भारतलाई भगवान् मानेर लम्पसार पर्ने नेताहरूलाई पुजारी भनिएको हो । एकातिर देशलाई शक्तिको आडमा थिल्थिलो बनाउने छिमेकी राष्ट्र अर्कोतिर तिनकै गोडा पर्ने निरीह सरकारलाई व्यङ्ग्य गरेर लेखिएको यो कविताको शीर्षक सार्थक रहेको छ ।

**(ख) लयविधान**

*पुजारी* कविता गद्यलयमा रहेको छ । अनुप्रासयुक्त कविताहरूको प्रयोगले लय सृजना भएको छ । अति छोटा र मध्यम खालका पङ्तिहरूले कविता प्रस्तुतिमा एक प्रकारको लय नै दिन्छन् । स्वतन्त्र गद्यलयमा भए पनि कविताले लयात्मक प्रभाव भरपूर दिइरहेको देखिन्छ ।

## (ग) भावविधान

*पुजारी* कविता व्यङ्ग्य, आक्रोश र क्रान्तिको भावमा लेखिएको छ । शक्तिशाली छिमेकी भएर आफूभन्दा सानो राष्ट्रलाई विभिन्न बहानामा ठग्दै-छल्दै चोट दिइरहेको, राष्ट्रिय स्वाभिमानमा धक्का दिइरहेको तर राष्ट्र सञ्चालकहरू उसैको गोडा परिरहेको, उसैलाई भगवान् मानिरहेको असन्तुष्टिलाई पोख्नु नै यो कविताको मुख्य भाव हो । आफ्नो मातृभूमिलाई अवहेलना गर्ने जो कोही पनि मित्र मान्न सकिँदैन तर नेताहरू तिनलाई मित्र मात्र होइन, भगवान् सम्भेर घोप्टिन्छन् । पटक-पटकको हस्तक्षेपकारी नीतिमा लम्पसार पर्छन् । यो राष्ट्रभक्त नागरिकलाई सुहाउने विषय होइन, यिनलाई दण्डित गर्नुपर्छ भन्ने भाव यो कवितामा पाइन्छ ।

## (घ) संरचना

*पुजारी* कविता सात साना-ठूला अनुच्छेद र सन्ताउन्न पङ्तिमा संरचित छ । दुई पङ्तिदेखि उन्नाइस पङ्तिसम्मका अनुच्छेदहरू र एक शब्ददेखि सात शब्दसम्मका पङ्तिहरू रहेका छन् । यो कविता लघु आकारको छ ।

## (ङ) भाषाशैली र कथन पद्धति

*पुजारी* कविताको भाषाशैली सरल छ । यसमा जटिलताको कुनै आभास छैन । शब्दक्रमहरू नियमित छन् । सामान्यार्थी, आज्ञार्थी, प्रश्नार्थी वाक्यहरूले कवितालाई दोहोरो भाषाशैलीयुक्त बनाएका छन् । यो कवितामा असन्तुष्टि, चेतना, खबरदारी, क्रान्ति आदि ढङ्गको भाषा उपयोग भएको छ । तीव्र भावयुक्त हुनाले कविताको भाषा गर्विलो बनेको छ । तीनै स्रोतका शब्दहरूको उपयोग भएको छ । कवितामा प्रस्तुत मन्दिर, ईश्वर, सर्प, मूर्ति, दक्षिण, शान्ति, आदेश, चीरहरण, आरती षडयन्त्र, शङ्ख, मन्त्र, देश, सङ्कल्प, स्तुति, टीकाजस्ता शब्दहरू तत्सम हुन् भने पुजारी, मानिस, बेरिनु, आमा, आगो, घन्टी, हामी, दूधजस्ता शब्दहरू तद्भव हुन् र गजुर, फरिया, कर्तुत, बेखबर, लाउडस्पिकर, गलत, गायव, दिल्ली, चिडियाजस्ता शब्दहरू आगन्तुक हुन् । *पुजारी* कविता प्रथम पुरुष कथनढाँचामा कम र तृतीय पुरुष कथनढाँचामा बढी मात्रामा आएको रचना हो ।

## (च) बिम्ब-प्रतीक/अलङ्कार

*पुजारी* कविताको शीर्षक स्वयंमा एक बिम्ब हो । यसले भारतभक्त नेपाली नेताहरूलाई सङ्केत गर्दछ । ईश्वर भन्नाले नेपाली जनतालाई सङ्केत गर्दछ । सर्प बन्नु भन्नाले जसले पाल्छ, उसैको कुभलो गर्नु भन्ने बिम्ब देखिन्छ । दक्षिणतिरबाट आमालाई गाली बकिरहेको भन्नाले भारतबाट नेपालको कुभलो हुने विचार आइरहेको भन्ने बुझिन्छ । शान्तिको यज्ञ भन्नाले शान्ति प्रक्रियाको चरणलाई बुझाउँछ । आमाको फरियाको झण्डा बनाउनु भन्नाले देशलाई नङ्ग्याउन खोजेको बुझिन्छ । भाइलाई आगो झोस्ने र आमाको चीरहरण गर्ने भन्नाले नेपालीहरूमा फुट ल्याउने र देशमा नाङ्गोनाच देखाउने भन्ने बुझिन्छ । पुजारीहरूले मङ्गलधुन बजाएर आरती गाउनु भन्नाले भारतसँगको पराजित मानसिकता बुझिन्छ र आफूमाथिको षडयन्त्रमा उत्सव मनाउनु भन्नाले आफ्नो देशमा

आफैँले बेइमानी गर्नु भन्ने बुझिन्छ । यस्ता प्रशस्त प्रतीक तथा बिम्बहरूको उपयोग यो कवितामा भएको पाइन्छ ।

**(छ) उद्देश्य**

*पुजारी* कवितामा भारतले नेपाली शान्ति प्रक्रिया लगायतका नितान्त निजी मामिलामा हस्तक्षेप गरिरहेको र नेपालका नेताहरू भने त्यसको विरोध गरेर अगाडि बढ्नुभन्दा तिनकै हस्तक्षेपलाई समर्थन गर्दै देशको मार्ग भत्काउँछन्, यिनै राष्ट्रघाती हुन् । तिनीहरूलाई हटाएर राष्ट्र विकास गर्ने उद्देश्य यो कवितामा मिल्दछ ।

### ४.२.१.८. *लज्जा* कविताको विश्लेषण

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकभित्रको *लज्जा* कविता आठौँ रचना हो । लज्जा एकशब्दे नाम वर्गको शीर्षक हो । यो कविता नेपाली अस्मितामाथि धावा बोल्ने भारतीय शासकप्रति लक्षित छ । यो कवितामा केही भाषागत पदावलीहरू अनावृत छन् । जसका कारण केही लज्जाबोध हुन्छ । यथार्थमा भारतद्वारा नेपालमा नाचिरहेको नाङ्गोनाच र नेपालकै अस्मितामाथि धावा बोल्ने दुष्चरित्रलाई आधारित बनाएर लेखिएको यो कविताको शीर्षक उपयुक्त देखिन्छ । एउटा छिमेकी राष्ट्रले आफ्नो शक्तिको आडमा कमजोर राष्ट्रमाथि पाप चिताउनु, द्वैध चरित्र देखाउनु, भातृत्वको नारा मुखले लगाएर मानवताको घाँटी निमोठ्नु, असमान व्यापार सन्धि गर्नु, आफ्नो हितमा हस्ताक्षर गराउनु, धर्मको खोक्रोपन दिनुजस्ता क्रियाकलापहरू लज्जाका विषयहरू हुन् । यही काम भारतले गरेकाले त्यसको विरोध स्वरूप लेखिएको यो कविताको शीर्षक *लज्जा* अत्यन्त सार्थक बन्न पुगेको छ ।

**(ख) लयविधान**

*लज्जा* कविता गद्यलयमा लेखिएको छ । कतिपय पङ्तिहरू मध्यम तथा अन्तिम अनुप्रासयुक्त पनि छन् । छोटा-लामा पङ्तिहरूले छुट्टै किसिमको ध्वनि सिर्जना गरेका छन् । लगातार एकै प्रकृतिका घटनाक्रमहरूले केही स्थायी अन्तराको रूपमा कामसमेत गरेको देखिन्छ । केही पङ्तिहरूको पुनरावृत्तिले पनि यसमा लय सिर्जना गरेको छ । नामलाई विशेषण र उल्टो-पाल्टो पार्नाले रसको उत्पत्ति भएको छ । यसैले यो कविता एक प्रकारको मौलिक लयमा बगिरहेको पाइन्छ ।

**(ग) भावविधान**

*लज्जा* कविताको स्थायीभाव विरोध देखिन्छ । एउटा शक्तिशाली छिमेकी राष्ट्रले सानो राष्ट्रलाई देखाइरहेको लाजलाग्दो चरित्रलाई कविताले समेटेको छ । ऐतिहासिक रूपमा नेपाल शक्तिशाली र भारतीयहरूलाई पटक-पटक काम लागेको र त्यसको गुन तिर्नुको सट्टा झन् बैगुनी बनेर नेपालकै इज्जत लुट्न खोज्नु वास्तवमै एउटा लाजमर्दो विषय हो भन्ने भाव कवितामा पाइन्छ । कवितामा यस्तो दुश्चरित्रलाई खुलेरै विरोध गरिएको छ । अङ्ग्रेज

लखेट्न होस् वा भारतीय सीमा सुरक्षा गर्न होस्, नेपालीहरूको रगत बग्न छाडेको छैन । यो हेरेर पनि भारतले नेपालको इज्जत गर्न जरुरी छ भनी कडा खबरदारी गर्नु यो कविताको मुख्य भाव हो । मुखमा रामराम बगलीमा छुरा गरिरहेको भारतलाई नेपालको तर्फबाट कडा चुनौती दिइएको विषयभाव पनि यो कवितामा रहेको छ । सारांशतः यो कविता विषयवस्तुको सघनता, भावगम्भीरता र वीररसयुक्त पनि देखिन्छ ।

**(घ) संरचना**

*लज्जा* कविता मध्यम आकारमा संरचित छ । यसमा आठ लामा-छोटा अनुच्छेद र त्रिहत्तर पङ्क्ति रहेका छन् । पङ्क्तिहरू दुई शब्ददेखि आठ शब्दसम्मको आकारमा छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*लज्जा* कविताको भाषाशैली केही घुमाउरो र बौद्धिक देखिन्छ तर समग्रतामा कविताको भाषा सुबोध्य छ । कविताको पूर्वार्द्धमा स्पष्ट हुन नसकेका विषयहरू उत्तरार्द्धमा स्पष्ट बनेका छन् । जुन वर्गका पाठकका लागि लेखिएको हो, त्यो वर्गका लागि दुर्बोध्य छैन । केही नामहरूलाई परिवर्तन गरेर लेख्न खोजे पनि त्यो सजिलै पत्ता लाग्ने खालको भाषामा रहेको छ, जस्तै :

*तिम्रो मकसद के हो मरेन्द्र नोदी ?*
*तिम्रो मसला के हो राजनाथ रिँह ?* (पृ. २१)

यस कवितामा भरते भनेर भारतीय शासकलाई सम्बोधन गरिएको हो । यो कवितामा कतै प्रश्न, कतै यथार्थ, कतै विडम्बना, कतै चेतावनीका भाषा प्रयोग गरिएका छन् । यसको मुख्य भाषिक तत्त्व छिमेकी राष्ट्र भारतको नभई शासकीय चरित्रको विरोध गर्नु हो । यो कवितामा तीनै स्रोतका शब्दहरू परेका छन् । कवितामा प्रयुक्त देश, सर्प, द्वैध, शान्ति, लोकतन्त्र, गीत, भातृत्व, हरण, विश्वयुद्ध, गर्व, घृणा, सन्धि, राज्य, तुमुल ध्वनि, अग्र, धर्म, अर्थ, हिमाल आदि तत्सम शब्दहरू हुन् भने निधार, जिब्रा, मुख, छाती, आमा, घाँटी, जाली, बिर्सिनु, सन्तान, बुझ्नु आदि शब्दहरू तद्भव हुन् । त्यसैगरी लज्जा, मकसद, इण्डिया, जवाफ, बेलायती, बुट, असली, मुस्किल, इरादा, फिरङ्गी, सल् ओसी, फोक्सो, खालिस्थान, तमिल, दादागिरी, मालिक, दास आदि शब्दहरू आगन्तुक हुन् । यो कविता सामान्यतया प्रथम पुरुष कथनढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*लज्जा* कवितामा बिम्ब, प्रतीक र अलङ्कारहरू पर्याप्त रहेका छन् । नरेन्द्र मोदीलाई मरेन्द्र नोदी भन्नु, राजनाथ सिंहलाई राजनाथ रिंह भन्नु विरोधको प्रतीक हो । विषालु सर्प र दुई जिब्रा भन्नु उनीहरूका अविश्वासी कुराहरूको प्रतीक हो, फिरङ्गीको फोहोर खुट्टा भनेको बेलायतीहरूले भारतमा गरेको शासनको प्रतीक हो । सियाचिन, ग्लेसियर, विश्वयुद्ध, अप्रेसन, क्याक्टस, एल्ओसी आदि नेपाली वीरहरू लडेको भूमिको बिम्ब हो । इतिहास हाम्रा वीर पुर्खाहरूको बिम्ब हो । माछा देशको आकारको प्रतीक हो । भरते भारतीय शासकको

प्रतीक हो । यस्ता प्रशस्त बिम्ब र प्रतीकहरूले कविता सुन्दर बनेको छ । उदाहरणको लागि यी पङ्तिहरू लिन सकिन्छ :

*ए मेरो हिमालको पानीले प्यास मेट्ने भरते*
*ए मेरो पाखुरीको रगतले युद्ध जित्ने भरते*
*ए मेरो बुद्धको नाम बेचेर रोटी खाने भरते*
*दुनियाँ लजाइसक्यो*
*निधारबाट तल झार आफ्नो लिङ्ग र छोप*
*अनि मलाई जवाफ देऊ*
*लप्लप् लप्लप्*
*तिम्रो मुखबाट किन दुई जिब्राहरू निक्लछन्*
*कुनै विषालु सर्पका झैँ (पृ. २३)*

**(छ) उद्देश्य**

*लज्जा* कविता भारतीय निर्लज्ज व्यवहारको खुला विरोध हो । कविले यो कवितामा इतिहासको कालखण्डमा भारतीयलाई नेपालीहरूले लगाएको गुनको स्मरण गराउँदै हाल नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै नाङ्गो नाच देखाउने प्रवृत्तिको खुलेर विरोध गर्नुपर्ने नेपालीहरू निरीह बन्न नहुने कुराको सन्देश देखिन्छ । साथै कसैले पनि आफ्नो स्वतन्त्रतामाथि परचक्रीले नङ्ग्रा गाडेको सहन सक्दैनन्, यदि त्यस्तो भएमा त्यसको महँगो मूल्य चुकाउनु पर्ने चेतावनीको सन्देश दिने उद्देश्य यस कविताको रहेको छ ।

### ४.२.१.९. *ट्राफिकदाइ* कविताको विश्लेषण

**(क) शीर्षक**

*ट्राफिक दाइ* कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकभित्रको नवौँ रचना हो । ट्राफिक शब्द विशेषण, दाइ नामको रूपमा आएको यो शीर्षक दुई शब्दको छ । राजधानीका सडकहरूमा चोकचोकमा उभिएर सवारी नियमन गर्ने र यात्रीहरूलाई पनि सहयोग पुऱ्याउने उद्देश्यले राखिएका ट्राफिक पुलिसहरू र तिनको कामलाई हेरेर यो कविताको विषय पुष्टि भएकाले यसको शीर्षक *ट्राफिक दाइ* रहनु अर्थपूर्ण देखिन्छ । ट्राफिक जुन उद्देश्यका लागि राखिएको हो, त्यो उद्देश्य पूर्ण हुन नसकेको कुरा उल्लेख गर्दै कवितामा ठिक-ठिक नियममा रहेर ट्राफिकहरूलाई काम गर्न सुझाइएको हुनाले पनि यसको शीर्षकको औचित्य पुष्टि भएको छ ।

**(ख) लयविधान**

कथ्य शब्दप्रधान भएको यो कवितामा शब्दहरूको कथ्यरूपकै कारण एक प्रकारको लयात्मकता आएको छ । अनुप्रासहरूको उपयोग पनि छिटफुट रूपमा भएको छ । जस्तै :

*हाम्रो साझा चिन्ता*
*कि त्यो सवारी भित्र*
*एउटा कुपोषित देश छ*
*र देश कुपोषित हुनुमा*
*यिनै दरबारबासी ड्राइबरहर्कै दोष छ ।* (पृ. २५)

शब्दहरूको पुनरावृत्तिका कारण पनि लय सिर्जना भएको छ । गद्य तथा स्वतन्त्र लय कविताको गेयात्मकतालाई बल पुऱ्याउन आउने विषय हुँदै हो । साथै यसमा स्थानीय पदावलीका कारण आञ्चलिकता पनि प्रस्तुत भएको छ ।

**(ग) भावविधान**

सवारी साधनलाई नियमन र यात्रीहरूलाई सहजता ल्याउने राम्रो मनसायले राखिएका ट्राफिकहरू नै असमान कार्यले झण्डै बदनाम हुन पुगेको सन्दर्भलाई *ट्राफिक दाइ* कविताले अभिव्यक्त गरेकाले ट्राफिक, ट्राफिक नियम र ट्राफिक दाइको केन्द्रीयतामा यसको भाव अडेको छ । कमजोर मानिसहरूलाई हप्काउने, दुःख दिने तर ठूला-बडाहरूलाई जे गर्न पनि छुट दिने हो भने ट्राफिक राख्नुको कुनै औचित्य छैन । यसर्थ जसले नियम मिच्छन्, तिनीहरूलाई कारवाही हुनुपर्छ भन्ने भाव कवितामा रहेको छ ।

**(घ) संरचना**

*ट्राफिक दाइ* कविता मध्यम आकारको छ । साना-ठूला एघार अनुच्छेद र साना-ठूला उनान्सत्तरी पङ्तिमा तयार भएको छ । बढीमा दश पङ्तिहरू र थोरैमा चार पङ्तिहरूका अनुच्छेदहरू रहेका छन् । कविताका पङ्तिहरूमा दुईदेखि छ शब्दसम्मको प्रयोग भएको छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*ट्राफिक दाइ* कविता स्थानीय कथ्य भाषामा लेखिएको छ । यसमा प्रयुक्त शब्दहरू पर्वतेली उपभाषिकाअन्तर्गतका भेटिन्छन् । कथ्य भाषाका केही शब्दहरू र तिनका स्तरीय रूप यसप्रकार रहेका छन् :

| कथ्यरूप | स्तरीय रूप | कथ्यरूप | स्तरीय रूप |
|---|---|---|---|
| नअरम् | नगरौँ | छिराउँचन् | छिराउँछन् |
| डाइवरहर्को | ड्राइभरहरूको | हेरम् | हेरौँ |
| भइम् | भयौँ | सडकाँ | सडकमा |
| हाताँ | हातमा | कैलेई | कहिल्यै |
| दिम् | दिऊँ | खेलैंची | खेलाँची |

स्थानीय शब्दहरूको प्रयोग भए पनि स्तरीय शब्दहरूको प्रयोग हुँदै नभएको भने होइन । तत्सम, तद्भव, आगन्तुक तीनै किसिमका शब्दहरू कवितामा रहेका छन् । शोकगीत, कुपोषित, देश, दोष, पाताल, पत्रिका, नियमजस्ता तत्सम शब्दहरू; हाम्रो, सलोट, ड्राइबर, कन्सर्ट, लाइसेन्स, बिलबुक, ब्रेथलाइजर, गाडी, सवारी, दरबार, सडक, सहिद, डिक्की, भाडा, बिरामी, मस्त, स्पिड, ओभर, लाइट, पैयाँजस्ता आगन्तुक शब्दहरूको प्रयोग

कवितामा भएको छ । कविता एक प्रभावकारी शैलीमा लेखिएको छ । यो कविता प्रथम तथा तृतीय पुरुष कथन ढाँचाको मिश्रित रूप हो ।

**(ज) बिम्ब-प्रतीक/अलङ्कार**

*ट्राफिक दाइ* कवितामा केही बिम्ब र प्रतीकहरूको उपयोग गरिएको छ । जस्तै : कुपोषित देश समस्याग्रस्त अवस्थाको प्रतीक हो; जनताहरू टायर, पुत्ला, बन्दुक गोली, ढुङ्गामुडा, राँको, सहिद बन्नु, जनताको गलत उपयोग हुनुको प्रतीक हो । भुङ्ग्राजस्ता चिट भनेको जरिवाना तिर्ने कागजको लिस्ट हो, जेब्राकसमा गाडीको पैयाँ उतार्नु भनेको गति बढाउनु हो र पूर्वाग्रहको पाताल मुनिबाट माथिल्लो कविलामा बस्ने असफल ड्राइबर भनेको बुद्धि नछिप्पिएका जङ्गली ठालुहरूको चरित्रलाई हो । यसरी कवितामा विभिन्न खालका प्रतीकहरू र विकृतिका बिम्बहरू आएका छन् ।

**(झ) उद्देश्य**

*ट्राफिक दाइ* कविता ट्राफिकहरूको कामलाई हेरेर त्यसको विकृति हटाउने उद्देश्यले लेखिएको छ । जनताहरूको प्रत्यक्ष सरोकार रहेका सडक-गल्लीहरूमा ट्राफिकले विवेक गुमाएर ठूलालाई आफैँले सलोट गर्ने र सानालाई ऐन, नियमको झमेलामा फसाउने गर्न पाइँदैन, यस्तो प्रवृत्ति तुरुन्तै रोक्नु पर्दछ भन्ने सन्देश कविताले दिएको छ । ट्राफिकसम्बन्धी विकृति विसङ्गतिहरूलाई केलाइएको यो कविता उत्कृष्ट छ ।

### ४.२.१.१०. *पागलको गीत* कविताको विश्लेषण

**(क) शीर्षक**

*पागलको गीत* कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकभित्र रहेको दसौँ कविता हो । *पागलको गीत* विशेषण नामको संयोगबाट तयार भएको शीर्षक हो । यहाँ पागल विशेषण र गीत नाम हो । नियतिले ठगेका र तिनैलाई राज्यले समेत ठगिरहेको अवस्थामा सारा सपनाहरू फुटेपछि सडक तथा गल्लीमा जीवन बिताइरहेका मानिसहरू हेर्दा पागलजस्ता देखिन्छन् । उनीहरूको आवाज एक पागलको आवाज हुन्छ । कसैले सुनून् वा नसुनून् केही अर्थ राख्दैन । उनीहरूको वास्तविकता यथार्थमा पागलपन होइन बरू उनीहरूलाई पागल देखाउने राज्य व्यवस्था पागल हो भन्ने भावभित्र रहेर आवाजविहीन आवाजलाई पागलको गीत भनेर राखिएको शीर्षक समिचीन देखिन्छ । सडकमा भोकै र नाङ्गै छटपटिइरहेको व्यक्तिले परिवर्तनका लागि विभिन्न प्रश्नहरू गर्नु, मायाको परिभाषा दिन खोज्नु, सडकको अर्थ बताउनु, बिग्रिएको देखाउनुजस्ता कुराहरू एउटा सडक व्यक्तिले नै गर्छ भने त्यसलाई पागलको गीत नभनेर के भन्लान् बुद्धिजीवीहरूले ? भन्दै कवितामा दुःख व्यक्त गरिएकाले पनि शीर्षकको थप पुष्ट्याइँ देखिएको छ ।

### (ख) लयविधान

*पागलको गीत* कविता गद्यात्मक अन्तर्लयमा आधारित छ । अन्त्य र मध्य अनुप्रासहरू पनि देखिएका छन् । जस्तै :

*यो सडक नै हो मेरो पाठशाला*
*यो सडक नै हो मेरो धर्मशाला ।* (पृ. २८)

शब्दहरूको पुनरावृत्तिले कवितामा एक प्रकारको लय सिर्जना भएको छ । छोटा एवं लामा पङ्क्तिहरूले कवितामा उच्चारणगत मिठास ल्याएको छ । कतिपय पङ्क्तिहरू त निकै पर पुगेर अनुप्रासको झल्को दिइरहेका पनि छन् । जस्तै :

*आँखाभित्रै पहिरोमा पुरिएका छन्*
*सर्वाधिक प्रिय सपनाहरू*
*सम्झनाका लागि उपहार बनेर*
*अलिकति सपनाहरू चोरी लगेका थिए बिर्सनेहरूले*
*न उनीहरूले ती सपनाहरू आँखामा सजाएका छन्*
*न मलाई फिर्ता दिएका छन् ।* (पृ. २७)

### (ग) भावविधान

*पागलको गीत* कविता विभिन्न दुर्भाग्यपूर्ण अवस्थाबाट जीवनदेखि अभिशप्त भएर सडकमा पुगेका मानिसहरूको दैनन्दिनीलाई आधार बनाएर लेखिएको कविता हो । यो कविता सडक, गल्लीहरूमा डुल्ने असङ्ख्य गरिबहरूको प्रतिनिधि आवाज हो । उनीहरूको अभिव्यक्ति पागलको गीत जस्तै मानिएको छ किनकि उनीहरूको आवाजमा कुनै दम छैन । उनीहरू सधैं अवहेलित छन् । उनीहरू आफैंलाई थाहा छैन कि कसको कारणले आफूहरू सडकमा पुगियो । सडक मान्छेले देशका हर क्रियाकलापहरू सडकको बाटो हुँदै गइरहेको नियालिरहेको छ । उसका खुसी, आफन्त, सपना, माया, ममता सबै खोसिएका छन्, मानौं सडक मान्छे एक बेवारिसे कुकुर हो । यिनै भावहरूलाई उनेर अत्यन्तै गहन ढङ्गले यो कविता लेखिएको छ । सडक मानिसले राष्ट्रलाई अनौठा किसिमका प्रश्नहरू तेर्साएको छ । जस्तै :

*यो सडक हुँदै सिंहदरबार पुगेर*
*को कति मूल्यमा किनिएको छ ?*
*यही सडकमा चप्पल रगड्नेको पसिनामा घोटेर*
*कसकसले घसेका छन् पापको चन्दन ?*
*यो सडकमा अहोरात्र रुनेहरूको*
*आँसुको पिङमा मच्चिएर*
*ककसले छोएका छन् वैभवको उचाई ?* (पृ. २८)

### (घ) संरचना

*पागलको गीत* कविता छोटा-लामा नौ अनुच्छेदमा लेखिएको छ भने एकदेखि आठ शब्दसम्मका त्रिसठ्ठी पङ्तिहरूको संरचनामा लेखिएको छ । यो कवितालाई मध्यम आकारको मान्न सकिन्छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*पागलको गीत* कविता सरल भाषाशैलीमा लेखिएको छ । कविताका पङ्तिहरूलाई हेरी भ्रमित हुनुपर्ने कुनै स्थान छैन । पर्याप्त उदाहरण र बिम्ब-प्रतीकहरूले कविता रसिलो बनेको छ । जुन स्तरका पाठकका लागि लेखिएको हो, त्यो स्तरमा कविता काफी छ । शीर्षक र कवितामा गहिरो अन्विति छ । आलङ्कारिक र व्याकरणिक दुवै खालका पदक्रम उपयोग गरिएको छ । कतिपय स्थानहरूमा लाक्षणिक अर्थ पनि देखिन्छ । कवितामा तीनै स्रोतका शब्दहरू उपयोगमा आएका छन् । कवितामा प्रयुक्त जीवन, समुद्र, प्रिय, वर्षौं, महान् विभत्स, उपमा आदि तत्सम शब्दहरू प्रयोगमा छन् भने अँजुली, हत्केला, आँखा, सपना, बिर्सने छाती, वासना, नाङ्गै, बूढो, बीउ, पैतला, पसिना, आँसुजस्ता तद्भव शब्दहरू रहेका छन् । त्यस्तै आगन्तुक शब्दहरूमा सडक, फोहोर, म्युजियम, चप्पल, एक्सरे आदि रहेका छन् । आवश्यकताअनुसार लेख्य चिह्नको उचित प्रयोगले कविताको भाषालाई सार्थक बनाएको छ । सडकमा कवि स्वयं घटित भएकाले यो कविता प्रथम पुरुष कथन ढाँचामा रहेको छ । यसमा प्राश्निकशैलीको अधिक प्रयोग भएको छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*पागलको गीत* कवितामा प्रशस्त बिम्ब-प्रतीकहरू रहेका छन् । जस्तै : अँजुलीबाट जीवनको समुद्र नै चुहिनु भनेको बूढ्यौली लाग्नु, हत्केलाबाट खसेर जीवनको ऐना टुक्रा पर्नु भनेको भाग्य खोसिनु, आँखाभित्रै पहिरोमा सपना पुरिनु भनको सपना देख्नु तर पूर्ण नहुनु भन्ने बुझिन्छ । सपनाहरू चोरी भएको भन्नाले आफ्ना इच्छाहरू लुटेर कोही धनी भइरहेको भन्ने बुझिन्छ, उखिलएको मुटु च्यापेर हिँड्नु भन्नाले आफ्नो मनलाई सान्त्वना दिन नसक्नु भन्ने बुझिन्छ, सडक नै पाठशाला र धर्मशाला भन्नाले सडकको जीवनलाई बुझिन्छ । यस्ता प्रशस्त बिम्ब र प्रतीकहरूले यो कविता खचाखच भरिएको छ । जस्तै : कुरूप राज्यसत्ता, जीवनको प्रयोगशाला, फोहोरमा देशको वासना, सडकमा बगिरहेको भीड, नाङ्गो अराजकता, बूढो समय, हिंसाको बीउ छर्नु, जीर्ण देश, हराएको मुटु खोज्नु, मान्छेको बिक्री हुनु, पसिना घोट्नु, पापको चन्दन, आँसुको पिङ, वैभवको उचाई, सडकको आँखा र हृदय, आँसुको नदी, कङ्कालमय देश आदि कुरूप उपमाहरू सबै सडक जिन्दगीका बिम्ब हुन् ।

### (छ) उद्देश्य

एउटा सडकमा अभिसप्त जीवन बाँचिरहेको सडक मान्छेको आत्मकथा हो *पागलको गीत* कविता । यो कविताले गरिब र दीनहीन जनताहरूको प्रतिनिधि आवाज दिएको छ । राज्यले यिनै जनताहरूको खोजी गरी सम्बोधन गर्नुपर्छ, आँसु पुछ्नुपर्छ, चिरिएको कलाकृति

समेट्नुपर्छ र देशको यो विभत्स एक्स-रे पहिचान गरी समाधान गर्नुपर्छ र मात्र देश वास्तवमा राष्ट्र बन्छ भन्ने सन्देश दिनु यस कविताको उद्देश्य रहेको छ ।

### ४.२.१.११. *बेसार* कविताको विश्लेषण

#### (क) शीर्षक

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकअन्तर्गत रहेको *बेसार* कविता एघारौँ रचना हो । एक शब्दीय यो शीर्षकले नाम वर्ग जनाउँछ । कविताको शीर्षक *बेसार* आफैँमा एक प्रतीकात्मक शब्द हो । बेसारको रङ पहेंलो हुन्छ । खेती गरिएका वा उम्रिएका बोटबिरुवालाई हेर्ने हो भने अविकसित हेलित र विविध रोगका कारण पहेंलो रङको देख्न सकिन्छ । यसैलाई आधार बनाएर विचारको फाँटमा रोपिएका विचारहरू, सुन्दरताहरू, उर्वरताहरू सुख्खा खडेरी लागेजस्ता बनेर खिइँदै, पहेंलिँदै नष्ट हुने अवस्थामा पुगेको कुरालाई पहेंलो रङको विशेषता बोकेको बेसार भनिएको हो । यहाँ बेसार भन्नाले विकसित हुन नसकेको वा वातावरण नपाएको, हरेक किसिमको विकासलाई देखाउन खोजिएकाले यसको रङ्ग हेरी *बेसार* शीर्षक दिइनु उपयुक्त रहेको देखिन्छ ।

#### (ख) लयविधान

*बेसार* कविता गद्यलयमा सिर्जित छ । कविले आफ्नै अन्तर्लयको उपयोग गरी कविता लेखेका छन् । कवितामा अन्त्यानुप्रासको प्रयोग पनि देखिन्छ । जस्तै :

*विचार रोपेका थियौँ फाँटहरूमा*
*पहेंलिएर गए*
*सौन्दर्य फलाउन चाहेका थियौँ बारीहरूमा*
*बिरामी भए ।* (पृ. ३०)

शब्दहरूको पुनरावृत्ति र चिह्नहरूको प्रयोगले पनि अन्तर्ध्वन्यात्मक लय सिर्जना भएको छ ।

#### (ग) भावविधान

देशभित्र सुरु गरिएका वैचारिक धारणा, योजना र कल्पना गरिएको सम्पन्नता सबै थलिएर पहेंलिएका बिरूवाजस्तो अवस्थामा पुगेकाले रङ्गको विशेषताका आधारमा बेसार भनिएको हो । यसमा तरकारीमा उपयोग गरिने बेसारलाई निम्न स्थान नभई माथि लाग्न नसकेको देशको समृद्धिको बाधक तत्त्वलाई बेसार भनिएको हो । विचार सौन्दर्य पहेंलिनु, उर्वरता पहेंलिनु, आर्द्रता पहेंलिनु, पानीको मात्रा पहेंलिनु, मान्छेहरूको विचार पहेंलिनु जसको कारण सबै क्षेत्रमा बेसार व्याप्त हुनु जस्तै हो भन्ने भाव कवितामा देखिन्छ । बेसारको खेती मौलाउनु भनेको देशमा फस्टाउनु पर्ने जुनसुकै कुरा पनि घट्दै, खिइँदै र हराउँदै जानु हो । यसले गर्दा कुनै पनि कुरालाई स्वाद प्राप्त हुन सक्दैन । त्यसकारण यो बेसारे प्रवृत्तिलाई हात र भाँडामा लागेको बेसार साबुनले घोटेर फ्याँकेझैँ फ्याँक्न सकेमात्रै

हराभरा अवस्थामा आउन सक्ने भाव यो कवितामा रहेको देखिन्छ । साथै परिवर्तनको सुरुआत आफैँबाट हुनुपर्छ भन्ने भावका साथ कवितालाई टुङ्गो लगाइएको छ ।

**(घ) संरचना**

*बेसार* कविता साना-ठूला आठ अनुच्छेद र बैसट्ठी पङ्तिमा संरचित छ । अनुच्छेदहरू सानामा चार पङ्ति र ठूलामा बाह्र पङ्तिसम्मका छन् भने पङ्तिका शब्दहरू दुईदेखि पाँच शब्दसम्मका रहेका छन् । यो कविता मध्यम आकारको नै मानिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*बेसार* कवितामा प्रतीकात्मक भाषाशैली उपयोग गरिएको छ । सरल पदावली, प्रभावकारी उदाहरण, प्रतीकहरूको प्रयोग आदिले कवितालाई रसिलो बनाएको छ । तत्सम, तद्भव र आगन्तुक सबै प्रकारका शब्दहरूको प्रयोग कवितामा देखिन्छ । वाक्यहरूमा दुवै प्रकारका पदक्रमहरू प्रयोग गरिएको छ । कवितामा व्यक्त शब्दस्रोतहरूको सूची यसप्रकार छ -

**तत्सम शब्दहरू -** विचार, सौन्दर्य, उर्वरता, आर्द्रता, अनुकूल, प्रतिकूल, घृणा आदि ।

**तद्भव शब्दहरू -** पहेंलो, रोपेको, गाँज, माटो, नाटक, पानी, घाम, भूमि आदि ।

**आगन्तुक शब्दहरू -**बेसार, गजुर, अल्लारे, आफन्त, पार्लियामेन्ट, साबुन आदि ।

*बेसार* कविता वर्णनात्मक शैलीमा लेखिएको छ । प्रशस्त दृष्टान्तहरू छन् र तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ । कविताको अन्त्यमा प्रथम पुरुष कथन ढाँचामा देखिन्छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*बेसार* कविता आफैँमा अविकासको बिम्ब बनेर आएको छ । जुनसुकै कुराहरू पनि उम्रिएर अगाडि बढ्न नसक्नु बेसारको प्रतीकको रूपमा लिन सकिन्छ । बालीनाली फस्टाउन नसकेर पहेंलिनुलाई बेसारकै दृष्टान्त दिनु एक बिम्बात्मक प्रयोग हो । बेसारको बिम्बमा नेपालमा देखिएको अविकास चित्रित छ । यहाँ बेसार व्यञ्जना अर्थमा आएको छ । बेसार आफैँमा अभिशप्त वस्तु होइन । रङका कारण यो कविताको सम्पूर्ण अविकासको चोट बेसारलाई आइपरेको छ । यसकै बिम्बमा विचार, सुन्दरता, उर्वरता, आर्द्रता, नेतृत्व, न्याय, प्राकृतिकता सबै बेसारमय भएर जान फस्टाउन नसकेर पहेंलिएको वा कष्टले थिलथिलिएको भन्न सकिन्छ । यहाँ बेसारमा न स्वाद, न शक्ति भएको बेसार संसारदेखि समाजसम्म आइपुगेको कुरा एउटा सग्लो बिम्ब हो । जस्तै : मौसम र उर्वरता बदलिएर बेसारे हुनु नराम्रो प्रतीक हो । माटो बेसारे बन्नु प्रवृत्ति खराब हुनु हो । विचार बेसारे बन्नु विचारको कदर नहुनु हो । नेतृत्व, न्याय बेसारे हुनु भनेको चाकडी-चुक्ली बढ्नु हो । बेसारै-बेसारेको देश हुनु भनेको नराम्रा मान्छेहरूको अधिनायकत्व हुनु हो । यस्ता धेरै प्रतीकहरू कवितामा पाउन सकिन्छ ।

**(छ) उद्देश्य**

*बेसार* कवितामा बेसारको रङलाई उपयोग गरी टाक्सिँदै र पहेंलिँदै गएको शान्ति व्यवस्था, विचार, विकास, धारणा सबैलाई बालीनाली पहेंलिएको अर्थमा मिलाएर बेसार भनिएको छ । मान्छेको खराब प्रवृत्तिलाई बेसारे प्रवृत्ति भनिएको छ । यस्ता हरेक क्षेत्रमा झाँङ्गिएका बेसारहरूलाई समूल नष्ट नगरेसम्म राष्ट्रको उन्नति असम्भव हुन्छ, यसलाई तुरुन्त हटाउनु पर्छ भन्ने सन्देश प्रवाह गर्नु *बेसार* कविताको उद्देश्य रहेको छ ।

**४.२.१.१२. *ग्यालरीमा बुद्ध* कविताको विश्लेषण**

**(क) शीर्षक**

*ग्यालरीमा बुद्ध* शीर्षकको यो कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *समय र देश* उपशीर्षकभित्रको बाह्रौं रचना हो । यो कवितामा आर्ट ग्यालरीमा सजाइएका विभिन्न कलाकारहरूका विभिन्न चित्र कृतिहरू अत्यन्तै सुन्दर देखिएको र चित्रहरूमा प्रायः चित्रहरू बुद्धत्व प्राप्त गरिरहेका जस्ता देखिन्छन् । बुद्धको जीवनसँग सोझो साक्षात्कार गरिरहेका ती चित्रहरूको बीचमा वीभत्स पेन्टिङ पनि देखिन्छ । जलेको अवस्था देखाइएको पेन्टिङ पनि देखिन्छ । त्यतिबेला ग्यालरीभित्र सम्यक दृष्टिले हेरिरहेका बुद्ध चकित भएको भन्ने अर्थमा लिइएको यस कविताको शीर्षक *ग्यालरीमा बुद्ध* समिचिन अवस्थामा देखिन्छ । यसले सुन्दर, शान्त नेपालमा युद्धको चिरा पर्न थालेको विषयतर्फ सङ्केत गर्दछ ।

**(ख) लयविधान**

*ग्यालरीमा बुद्ध* कविता गद्यलयमा रहेको छ । ज्यादै छोटा र केही लामा पङ्तिहरूको प्रस्तुतिले कवितामा लयात्मक प्रभाव देखिएको छ । शब्दहरूको पुनरावृत्तिले पनि लय उत्पन्न गरेको छ । यो कविताको भाव कविको अन्तर्लयमा आधारित छ । बुँदाको झल्को दिने पङ्तिहरू रहेको यो कवितामा छोटा पङ्तिलाई दोहोऱ्याउँदा पनि लयात्मक भाव देखिने खालको बुझिन्छ ।

**(ग) भावविधान**

*ग्यालरीमा बुद्ध* कवितामा एउटा आर्ट ग्यालरीभित्र देशको मुहारचित्र अटाइएको र बुद्धका आँखा बुद्धत्व, उपदेश, परिनिर्वाणजस्तै गरी स्थिति चलिरहेको यो देशमा द्वन्द्व एवं हिंसा चर्किनाले स्वयं बुद्धकै उपहास भएको तथा डढेको र क्षतविक्षत अवस्थाको चित्रण गर्ने चित्र देख्दा ग्यालरीकै बुद्ध छक्क परिरहेको विषयवस्तुलाई अर्थपूर्ण ढङ्गमा प्रस्तुत गरेको छ । सानै आकारको भए पनि *ग्यालरीमा बुद्ध* कविता भावपूर्ण छ । बुद्धको जन्मभूमि नेपाल बुद्धकै जीवन चरित्रजस्तै रहेको देखाइरहेको आर्ट ग्यालरीमा एकाएक जलेको र मरेको चित्रहरू प्रस्तुत हुनुले शान्तिभूमि नेपालमा क्रमशः द्वन्द्व, अशान्ति र हिंसा भड्किँदै गएको भाव कविताले देखाउन खोजेको छ । एउटा आर्ट ग्यालरीको माध्यमबाट कविले वर्तमान नेपालको यथार्थ एवं सिङ्गो चित्र दिन खोजेको बुझिन्छ । जसरी सुन्दर चित्रहरूको भएको ठाउँमा विकृत भाव झल्काउने चित्रहरू प्रवेश भएर बुद्ध छक्क परेको देखियो, त्यसैगरी नेपाली

भूमिमा भड्किएको द्वन्द्व, हिंसा र अत्याचारले बुद्धका उपदेशहरूलाई नै खिल्ली उडाइएको अवस्था यो कविताले देखाउँछ ।

### (घ) संरचना

*ग्यालरीमा बुद्ध* कविता लामा-छोटा आठ अनुच्छेदमा संरचित छ । यहाँ अनुच्छेदको आकार दुई पङ्तिदेखि नौ पङ्तिसम्मका छन् । एक शब्ददेखि आठ शब्दसम्मका पङ्तिहरू छन् । कविता सामान्यतया लघु आकारको छ । यसमा जम्मा-जम्मी बयालीस पङ्ति छन् ।

### (ङ) भाषाशैली र कथन पद्धति

*ग्यालरीमा बुद्ध* कविताको भाषाशैली सरल, सुबोध्य र अर्थपूर्ण देखिन्छ । यसमा प्रयोग भएका वाक्य, वाक्यांश अभिधात्मक रूपमा प्रस्तुत छन् । यो कवितामा तत्सम, तद्भव र आगन्तुक सबै प्रकारका शब्दहरूको उपस्थिति छ । कवितामा रहेका संयम, दृष्टि, चित्र, सुन्दर, बुद्ध, दुर्गा, मायादेवी, किरण, नवजात, गणेश, अशोक, कविता, कवि, प्रेम, बुद्धत्व, आकाश, निर्वाण, उत्तम, महाभिनिष्कर्मण, प्रदीप्त, मनिष, शान्ति, देश आदि शब्दहरू तत्सम हुन् भने पोखरी, उडिरहेका चरा, तेलिया रोगी, बूढो, डढेको, मासु जस्ता शब्दहरू तद्भव हुन् । त्यस्तै ग्यालरी एब्स्ट्र्याक्ट, सेमी, फिरगेटिभ, इट्टा, दरबार, पोट्रेट, चेहरा, पेन्टिङ आदि आगन्तुक शब्दहरू हुन् । यो कविता वर्णनात्मक शैलीमा भएकाले र कविको आफ्नो उपस्थितिमा अभिव्यक्त हुन आएको हुँदा तृतीय पुरुष कथन ढाँचामा लेखिएको स्पष्ट हुन्छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*ग्यालरीमा बुद्ध* शीर्षकको यो कवितामा देशको बिम्ब पाउन सकिन्छ । बुद्धका जीवनीसँग सम्बन्धित चित्रहरूले नेपालको शान्तिभूमिलाई देखाएको छ भने वीभत्स र डढेका दृश्यहरूले नेपालमा भड्किँदै गएको हिंसाको सङ्केत गरेको छ । अशान्तिको प्रवेशले शान्ति स्तब्ध हुनु स्वाभाविकै हो, ठिक त्यसैगरी आर्ट ग्यालरीभित्र त्यही भावका चित्रहरू प्रवेश भएका छन् । यिनै कुराहरूको वर्णन नै कविताको बिम्बात्मक भाव हो । बुद्धका मायादेवीका विभिन्न चित्रहरूले सङ्गीत बनेको आर्ट ग्यालरी एकाएक वीभत्स र आगोले खाइरहेको देशको चित्रका कारण बुद्ध झस्किएको विषयले नेपालको शान्तिमाथि प्रश्न चिह्न उठेको बिम्ब प्रष्टिन्छ ।

### (छ) उद्देश्य

*ग्यालरीमा बुद्ध* कवितामा बताइएको मायादेवीदेखि बुद्धको परिनिर्वाणसम्म भएका चित्रहरूले नेपालको शान्तिलाई झल्काउने र वीभत्स लास एवं देश डढेको चित्रले नेपाल हिंसामा डुबिरहेको जानकारी गराउँदै देशका नागरिकहरूलाई अशान्ति त्यागी मेलमिलापतर्फ फर्किएर बुद्धका अन्य चित्रहरूजस्तै शान्त र हँसिलो बनाउन अग्रसर हुनुपर्नेजस्ता सन्देशहरू कविताले बोकेको देखिन्छ ।

### ४.२.१.१३. *कोर्रा* कविताको विश्लेषण

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहभित्रको *समय र देश* उपशीर्षकअन्तर्गत रहेको *कोर्रा* कविता यो भागको तेह्रौं रचना हो । कोर्रा नाम वर्गको शब्द हो । यसै एक शब्दको यो शीर्षक रहेको छ । यो कवितामा अक्षरको खेती गरी शब्द उमार्दै विधा फलाउने साहित्यकारहरूमाथि कोर्रा बर्साउने तानाशाही सरकारको विरोध गरिएको छ । शब्दहरूको विकासले राष्ट्र विकासको ढोका खोल्छ तर तिनै शब्दहरूको रचना गर्ने, शब्दमार्फत् विकृति र विसङ्गतिहरूप्रति खबरदारी गर्ने स्रष्टाहरूमाथि जब कोर्रा बर्साइन्छ, त्यसको महँगो मूल्य चुकाउने दिन अवश्य आउँछ भन्ने विषयभावमा यो कविता लेखिएको हुनाले यसको शीर्षक र कवितामा पूर्ण अन्विति भेटिन्छ । यहाँ अक्षरहरूमाथि कोर्रा बर्साउने दानवहरूलाई जल्लाद भनिएको छ । साथै, शब्द कसैको घोडा होइन, यो त स्वतन्त्र अभिव्यक्ति हो, यसमाथि कोर्रा बर्साउनु आफैँमा एक घृणित र निन्दनीय कार्य हो भन्ने आशयको यो कवितामा रहेको यसको शीर्षक विषयवस्तुसँग घनिष्ट सम्बन्ध देखिन्छ ।

**(ख) लयविधान**

*कोर्रा* कविता गद्य लयमा लेखिएको छ । यसमा छोटा र लामा पङ्तिहरूले बेग्लै किसिमको लय सिर्जना गरेका छन् । यो कविता कविको अन्तर्लयमा आधारित छ । क्रियाको पुनरावृत्ति भए पनि प्रायः शब्दहरूको पुनरावृत्ति देखिँदैन । केही शब्दहरूको टाढाको अनुप्रास अनुभूत गर्न भने सकिन्छ । पङ्क्तिहरूमा अनियमित शब्द सङ्ख्याले पनि यो कवितालाई लयात्मक बनाउन सहयोग पुऱ्याएको छ ।

**(ग) भावविधान**

*कोर्रा* कविता शब्दहरूको प्रयोग गर्ने सर्जकहरूको स्वतन्त्र विचारमाथि प्रहार गर्न तम्सने व्यक्तिहरूको विरुद्धमा आएको असन्तुष्टि हो । शब्दहरूलाई स्वतन्त्र बग्न दिनुपर्छ, यदि शब्दमा बन्देज लगाउन कोसिस गरियो भने तिनै शब्दले एकदिन ग्याँस, पेट्रोल निर्माण गर्ने र त्यसमा छोइएको आगोको झिल्काले निम्त्याउने स्थितिको सामना गर्न पनि तयार हुनुपर्छ भन्ने स्वतन्त्र भाव यस कवितामा देखिन्छ । कविताले वाक् स्वतन्त्रताको वकालत गरेको छ । शब्दहरूमाथि अत्याचार, शोषण र शब्दहरूलाई घोडा बनाउने सोचाई आफैँमा एक निन्दनीय सोचाई हो । मान्छे मर्छ तर शब्द मर्दैन । यसर्थ कसैको पक्षमा शब्दहरूलाई उपयोग गराउन खोज्नु मूर्खता हो भन्ने भाव यस कवितामा देखिन्छ । अति सङ्क्षिप्ततामा स्वाधीनताको वकालत गर्न सफल यो कविता वास्तवमै उत्कृष्ट छ ।

**(घ) संरचना**

*कोर्रा* कविता लघु संरचनामा रहेको छ । यो कविता लामा-छोटा चार अनुच्छेदमा संरचित छ । सबैभन्दा छोटो अनुच्छेद तीन पङ्ति र सबैभन्दा लामो अनुच्छेद पन्ध्र पङ्तिको रहेको छ । जम्मा-जम्मी एकतीस पङ्तिमा सीमित रहेको यो कवितामा सबैभन्दा छोटो पङ्ति दुई शब्दको र लामो छ शब्दको देखिन्छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*कोर्रा* कविता सरल भाषामा लेखिएको छ । जसका लागि लेखिएको हो, उसको लागि कविता दुर्बोध्य छैन । कविता शब्द स्वतन्त्रताको पक्षमा रहेको छ । यसर्थ यसमा शब्दमाथिको दमन र यसको असन्तुष्टिको भाषा केही कडा खालको पनि छ । सामान्य र आलङ्कारिक दुवै खालको पदक्रममा कविताका पङ्तिहरू देखिन्छन् । कवितामा सङ्क्षिप्तता, सरलता र पूर्णता देखिन्छ । कवितामा क्रान्तिको भाव देखिन्छ । शब्दस्रोतका दृष्टिले तीनै प्रकारका शब्दहरूको उपस्थिति रहेको छ । जस्तै : शब्द, तीर, शरीर, शासक, सौन्दर्य आदि तत्सम शब्दहरू छन् भने आँखा, बक्स, तिमी, आँसु, कुवा, आगो, रगत आदि तद्भव शब्दहरू छन् । त्यस्तै कोर्रा, निशाना, फाँसी, तख्ता, आहत, भ्याम्पायर, एसिड, जल्लाद जस्ता शब्दहरू आगन्तुक हुन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा रचित छ । यसलाई कवि स्वयंले असरफ फयाद नामका कविको रिहाइका लागि अक्षर समूहको आयोजनामा वाचित कविता भनेर सन्दर्भ स्पष्ट गरेका छन् ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*कोर्रा* कवितामा व्यङ्ग्यात्मक बिम्ब रहेको छ । यो कविताले लेखक तथा स्रष्टाहरूप्रति नकारात्मक धारणा राख्ने जुनकुनै शासकहरूको विरोध गरेको छ । शब्द स्वतन्त्रतालाई कब्जामा राख्न खोज्ने व्यक्तिको प्रयास सफल नहुने दृष्टि कविताले दिएको छ । कवितामा व्यक्त शब्दको ढाड भन्नाले सर्जकहरूलाई बुझाउँछ, शब्दलाई अपराध स्वीकार गर्न लगाउनु भन्नाले साहित्यकारहरूलाई अपराधी भन्न खोजिएको देखिन्छ, शब्दलाई फाँसीको तख्तामा चढाउनु भन्नाले सर्जकलाई मृत्युदण्ड दिनु भन्ने बुझिन्छ, पेट्रोलको कुवा र ग्याँसको खानी भन्नाले खतराको भण्डार भन्ने बिम्ब देखिन्छ, भ्याम्पायरले चुस्नु भनेको सर्जकहरूमाथि शोषण गर्नु भन्ने देखाइएको छ साथै, कसैको दानापानी खाएर शब्द हिँड्दैनन् भन्नाले शब्दले दिने भाव स्वतन्त्र हुन्छ भन्न खोजिएको छ । यसरी कविता एक स्वतन्त्रताको वकालत र निरङ्कुशताको विरोधमा ठडिएको देखिन्छ ।

### (छ) उद्देश्य

*कोर्रा* कविताले वाक् स्वतन्त्रतामाथि कुठाराघात गर्ने शासकहरू विरुद्धको आवाज बुलन्द गर्दै सबैले स्वतन्त्रता र विचारको सम्मान गर्नुपर्ने नत्र त्यसको परिणाम भयावह हुने कुराको सन्देश दिन खोजेको देखिन्छ । विभिन्न बहानामा स्वतन्त्रपूर्वक लेखिरहेका सर्जकहरूको पक्षमा देखिएको यो कविताले लेखकहरू स्वतन्त्रतापूर्वक कलम चलाइरहून् भन्ने आशय पनि देखाउँछ ।

## ४.२.१.१४. *बुद्धि बञ्जारा* कविताको विश्लेषण

### (क) शीर्षक

*बुद्धि बञ्जारा* कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *समय र देश* उपशीर्षकभित्रको चौधौँ रचना हो । यो उपशीर्षकको अन्तिम कविता हो । 'बुद्धि' र 'बञ्जारा' दुई शब्दबाट यो कविताको शीर्षक चयन भएको छ । यो शीर्षकमा प्रतीकात्मक अर्थ रहेको

छ, व्यङ्ग्यको भाव लुकेको छ । कवितामा अरूलाई बुद्धि नभएका, आलाकाँचा आदिको आरोप लगाउँदै आफू मात्र बुद्धि भएको भन्ने भाव देखाउन बुद्धि बङ्गारा शब्दको उपयोग गरिएको छ । जसअनुसार बुद्धि बङ्गारा हुनेको मात्र बुद्धि हुन्छ, बाँकी दाँतहरू देखाउनका लागि मात्र हुन् भन्ने आशयले चुनाव चिह्न नै बुद्धि बङ्गारा लिएर चुनाव जितेपछि सोही बुद्धि बङ्गाराको उपयोग गरी खान हुने र नहुने सम्पूर्ण चिज खाएको विषय समेट्दै लेखिएको यो कविताको शीर्षक *बुद्धि बङ्गारा* सार्थक देखिन्छ । कविताको सम्पूर्ण भावलाई धारण गर्न यो शीर्षक सक्षम देखिएको छ ।

**(ख) लयविधान**

*बुद्धि बङ्गारा* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कविता वाचन गर्दा वाचकले स्वतन्त्र ढङ्गले यो कविताको लय सिर्जना गर्न सक्दछन् । अति छोटा र सामान्य लामा पङ्तिको प्रस्तुतिले पनि कवितामा लय उत्पन्न गरेका छन् । यो कवितामा अन्त्यानुप्रासयुक्त तुकबन्दी भएका पङ्तिहरू कमै छन् । तैपनि विषयको प्रस्तुतिले एक प्रकारको साङ्गीतिकता प्रदान गरेका छन् ।

**(ग) भावविधान**

*बुद्धि बङ्गारा* कवितामा नेपाली नेताहरूको वास्तविकता देखाउन खोजिएको छ । चुनाव अगाडि अनेक किसिमका उदाहरण दिँदै भाषणमा जनताहरूलाई चिप्ल्याउने र चुनाव जितेपछि जनताहरूलाई वास्तै नगरिकन जतिबेला पनि जुन कुरा पनि हसुर्नैमा समय व्यतीत गर्ने नेपाली नेताहरूको चरित्रलाई उदाङ्गो पारिएको छ । तिनै नेताहरूलाई व्यङ्ग्यात्मक ढङ्गले सबैका सामु उभ्याउनु नै यो कविताको मुख्य भाव हो । द्वैध चरित्रको पर्दाफास गर्न प्रस्तुत कविता सफल देखिन्छ । कविताको स्थायी भाव गलत नेतृत्वको विरोध हो भने यसमा झुटको खेती लगाएर राजधानीमा बसेका नेताहरूको क्रियाकलाप प्रस्ट्याउनु अर्को उद्देश्य हो । यस्ता प्रवृत्तिका नेताहरूलाई जनप्रतिनिधि बनाएपछि जनताहरू काकाकूल अवस्थामा दिन बिताउन बाध्य हुनु अस्वाभाविक होइन भन्ने अर्थ पनि कवितामा भेटिन्छ ।

**(घ) संरचना**

*बुद्धि बङ्गारा* कविता साना-ठूला नौ अनुच्छेदमा संरचित छ । यस कवितामा साना-ठूला गरी जम्मा चौहत्तर पङ्ति रहेका छन् । सबैभन्दा सानो अनुच्छेद चार पङ्तिको र सबैभन्दा ठूलो अनुच्छेद अठार पङ्तिको रहेको छ । त्यस्तै सबैभन्दा सानो पङ्ति एक शब्दको र सबैभन्दा ठूलो पङ्ति आठ शब्दको देखिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*बुद्धि बङ्गारा* कविताको भाषाशैली सरल नै छ । यसमा दुर्बोध्य अलङ्कारहरूको प्रयोग भएको छैन । नेताहरूले जनताहरूलाई जस्तो व्यवहार गरिरहेका छन्, त्यसलाई साफसाफ कवितामा बताइएको छ । यो एक विडम्बना र नेपालको सन्दर्भमा समसामयिक विषय पनि हो । छोटा र लामा सबै प्रकारका पङ्ति तथा वाक्यांशहरूले यो कविताको भाषालाई प्रभावकारी बनाएका छन् । कवितामा व्यङ्ग्यात्मक शैली पनि पाउन सकिन्छ । झुटा भाषण,

मिठा उदाहरण आदिमा जनतालाई फसाउन सिपालु नेताहरू नयाँ पुस्तालाई स्थान दिँदैनन्, दाँत झरुन्जेल आफैँले सत्ताको स्वाद उपभोग गरिरहन्छन् भन्ने विषयलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ । आवश्यकताअनुसार पूर्णविराम, अल्पविराम, प्रश्नचिह्न, उद्गार चिह्नको प्रयोगले कवितालाई सम्प्रेषणीय बनाएको छ । कवितामा तीनै स्रोतका शब्दहरूको उपयोग गरिएको छ । जसलाई यसप्रकार सूचिबद्ध गर्न सकिन्छ :

**तत्सम शब्दहरू :** बुद्धि, चमत्कार, अध्यक्ष, मतपत्र, सभा, विभेद, उत्कर्ष, जीवन, जनता, नर्क, संसद, केन्द्र, मन्त्री, पीडित, विकास, शान्ति, अपहरण, बलात्कृत, मौन, अट्टहास, देश, दुःखी आदि । **तद्भव शब्दहरू :** दाँत, गिँजा, गाउँ, झोला, हाँस्नु, हाड आदि । **आगन्तुक शब्दहरू :** पार्टी, सदस्यता, चुनाव, उम्मेदवारी, सहर, चिया, नारा, मुद्धा, सत्ता, ट्युटोनिक, रोम, हिटलर, जर्मनी, तालिवान, अफगानिस्तान, जादुटुना, आँधीहुरी, जमानत, जफत, जहाज, दरबार, जाहेरी आदि ।

*बुद्धि बङ्गारा* कविता प्रथम पुरुष र तृतीय पुरुष मिश्रित कथन ढाँचामा रहेको छ । यसमा आख्यानीकृत कथन पनि पाइन्छ । केही नाटकीय कथन पनि यसमा देखिन्छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*बुद्धि बङ्गारा* कवितामा बुद्धि बङ्गारा भ्रष्टहरूले लुकाएर चपाउने दाँतको रूपमा आएको छ । यसले पुराना पुस्तालाई आड दिँदै नयाँ पुस्ताको प्रवेशलाई निषेध गर्ने नीतिको बिम्बात्मक विरोध गरेको छ । कवितामा बङ्गारामा भोट हाल्नू भन्ने कुराले भ्रष्टाचारीलाई जिताएर पठाएपछि भ्रष्टाचार नगरे, देश नखाए के गर्छन् र तिनीहरूको के काम छ ? भन्ने प्रश्नलाई प्रष्ट्याउन विभिन्न उदाहरणहरू दिइएको छ । जस्तै : चुनाव चिह्न, चुनावी मुद्धा, चुनावी नारा, सबै बुद्धि बङ्गारा हुनुले लुट्नु र हसुर्नु भन्ने बिम्ब देखाएको छ । यहाँ कुनै अभिव्यक्तिलाई अविधा नभई व्यञ्जनात्मक बिम्बद्वारा बुझ्नु पर्ने पनि विषयवस्तुहरू छन् । जस्तै :

*देशका धेरै केन्द्रबाट*
*बङ्गाराहरूले*
*दाँतहरूको जमानतसमेत जफत गरिदिए*
*बङ्गाराहरूको सरकार बन्यो ।*
*बुद्धि बङ्गारो आएकै वर्ष*
*उसले पड्कायो मुख्य मन्त्री ।*
*त्यसपछि चपाउन थाल्यो उसले*
*जहाजका पङ्खा*
*नदीका गिट्टी-बालुवा*
*र जङ्गलका काठ ।*
*लुछ्न थाल्यो उसले*
*पीडितहरूका जस्तापाता*

*अस्पतालका बेड*

*र मानिसहरूका करङ ।* (पृ. ३९)

यसरी विकास बेपत्ता हुनु, शान्ति अपहरणमा पर्नु, आशा बलात्कृत हुनु आदि सबै यस कविताका बिम्बात्मक अभिव्यक्ति हुन् ।

**(छ) उद्देश्य**

खराब मानसिकता बोकेका, आफूलाई पाको-पुरानो ठान्दै नयाँ पुस्ताको अस्तित्वलाई स्वीकार नगर्ने, जनताका आँखाका धुलो छरेर निर्लज्ज बन्दै सत्तामा ढलिमली गर्ने र भ्रष्ट आचरणमा निर्लिप्त भई सधैं खानैमा मात्र केन्द्रित रहने नेताहरूलाई समयमै चिन्नुपर्ने र तिनलाई एक्ल्याउनु पर्ने सन्देश कवितामा पाउन सकिन्छ । आफैँले भ्रष्टलाई जिताएर आफूलाई भेडो हुनबाट जोगाउन पनि कवितामा उल्लेखित विशेषता बोकेको नेतालाई जिताउन नहुने अभिव्यक्ति कविताको उद्देश्यको रूपमा आएको छ ।

**४.२.२. *आमा* उपशीर्षकका कविताहरूको विश्लेषण**

**४.२.२.१. *आमा : एक* कविताको विश्लेषण**

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *आमा* उपशीर्षकअन्तर्गतको पहिलो कविता *आमा : एक* हो । यसको शीर्षक पहिलो नाम र दोस्रो विशेषणको रूपमा आएको छ । शीर्षक ज्यादै सङ्क्षिप्त छ । संसारमा आमाको भूमिका र अन्त्यमा बूढ्यौली र अशक्ततामा देखिएका आशाहरू यस कवितामा आएका छन् । उमेरले नेटो काटिसकेपछि केही गर्न र दिन नसक्ने अवस्थामा पुग्दा पनि आमाले दिने एक महान् चिज मायाको चुम्बन बाँकी नै रहन्छ भनी मातृममताको महत्त्व दर्शाउन कविता सफल भएको हुँदा यसको शीर्षक *आमा* रहनु सार्थक देखिन्छ । 'आमा' शब्द पछाडि रहेको 'एक' ले यसै शीर्षकको अर्को कविता रहेको तर्फ सङ्केत गर्दछ ।

**(ख) लयविधान**

*आमा : एक* कवितामा गद्यात्मक अन्तर्लय रहेको छ । यसमा लामा र छोटा पङ्तिहरूले पनि साङ्गीतिकता प्रस्फुटन गरेका छन् । केही पङ्तिहरूमा अनुप्राशयुक्त तुकबन्दी पनि देखिन्छ । जस्तै :

*हावा दिएँ र पानी दिएँ*

*यो दुनियाँलाई सुन्दर बनाउन*

*बैंस दिएँ र जवानी दिएँ ।* (पृष्ठ ४३)

**(ग) भावविधान**

*आमा : एक* कविता करुण भावमा लेखिएको छ । उमेर छउञ्जेल जन्म, पालन र कर्म प्रदान गरेकी आमा उमेर ढल्किएपछि अशक्त बन्दै विदेशमा गएका सन्तानहरूको प्रतीक्षामा आफ्नो प्राण धानिरहेको विषयभावलाई कविताले सुन्दर ढङ्गमा अभिव्यक्त गरेको

पाइन्छ । हुँदाहुँदा अन्योलग्रस्त जीवनमा पुगेर न बस्ने बास, न खाने गाँसको अवस्थामा समेत पुगेको विषयभाव यसमा देखिन्छ । हजार चन्द्रमा बगेर गए भन्ने कुराले असीऔँ वसन्त पार गरिसकेको सङ्केत दिन्छ । यसकारण कविताले आमाको नियतिलाई सबैको सामु स्पष्ट देखाएर कुनै पनि सन्तानले यस्तो एक्लो जीवन बिताउन आफ्ना आमाहरूलाई बाध्य पार्नु हुँदैन भन्ने किसिमको भाव कवितामा प्रस्तुत भएको देखिन्छ ।

**(घ) संरचना**

*आमा : एक* कविता लघु आकारको साना-ठूला गरी छ अनुच्छेदमा संरचित छ । एउटा अनुच्छेद सुरु र अन्त्यमा दोहोरिएको छ । लामा-छोटा गरी चौँतीस पङ्तिमा कविता लेखिएको यस कवितामा छोटामा एक शब्ददेखि लामामा छ शब्दसम्मका पङ्तिहरू छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

लघु आकारमा लेखिएको *आमा : एक* कविता सरल भाषाशैलीमा लेखिएको छ । हरेक पङ्तिहरू सरल, सरस र बोधगम्य छन् । छोटा र लामा पङ्तिहरूले कविताको भाषाशैलीलाई अझ प्रभावकारी बनाएका छन् । तत्सम, तद्भव र आगन्तुक सबै किसिमका शब्दहरू कवितामा रहेका छन् । जस्तै :

**तत्सम शब्दहरू -** एक, जीवन, आशा, पृथ्वी, चन्द्रमा, सुन्दर, गङ्गा आदि ।

**तद्भव शब्दहरू -** अन्तिम, हावा, जवानी, बग्नु, घर, सपना, नशा, हाड आदि ।

**आगन्तुक शब्दहरू -** बचेरा, बैंस, जवानी, ठेगाना, चङ्गा, सहर, ताकत, सिर्फ, चिज, चुम्बन आदि ।

*आमा : एक* कविता आमाको तर्फबाट प्रथम पुरुष कथन ढाँचामा अभिव्यक्त भएको रचना हो । यो कविता सङ्क्षिप्तताभित्र पूर्णता भएको सिर्जना हो । छोटै अभिव्यक्तिमा धेरै विषयभाव अटाएको यो कविताको लेखनशैली उत्कृष्ट रहेको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*आमा : एक* कवितामा विभिन्न बिम्ब तथा प्रतीकहरूको उपयोग गरिएको छ । हड्डीमा बल बाँकी नहुनु भनेको कमजोर हुनु हो, आशाको अन्तिम उज्यालो भनेको आमाको प्रेमको अन्तिम इच्छा हो, पाठेघरको सिकुवामा थुप्रै पृथ्वी र चन्द्रमालाई जन्म दिनु भनेको समयक्रमसँगै उत्पत्ति भएका सन्तानहरूको परिचय हो, चुँडिएको चङ्गा भनेको आशाविनाको जिन्दगी हो, आँखामा सहर नसजाउनु भनेको सपनाको खेती गर्न बन्द गर्नु हो, हजार चन्द्रमा बग्नु भनेको असी वर्ष नाघ्नु हो, नशाको तागत सकिनु भनेको निर्बल हुनु हो । यस्ता अनेक बिम्बहरूले कवितालाई सुन्दर बनाएका छन् ।

**(छ) उद्देश्य**

*आमा : एक* कविता आमाको जीवन-भोगाइका भावहरूले भरिएको छ । सन्तानलाई जन्म दिई पालन-पोषण गरेर यस धर्तीका सशक्त व्यक्ति बनाउने आमा अशक्त हुँदा सन्तानको सहारा नपाएर काल पर्खेर बसिरहेको अत्यन्तै कारुणिक विषयको सन्देश प्रवाह

गर्न कविता सफल छ । मान्छेलाई जन्म दिने आमाको अतुलनीय योगदानलाई र उनको मायालाई साधारण अर्थमा लिन नमिल्ने सन्देश कविताले दिएको छ । यस कविताले सन्तानले आफ्ना अभिभावकप्रतिको दायित्व भुल्न नदिने लाक्षणिक सन्देशको उद्देश्य पनि लिएर आएको छ ।

### ४.२.२.२. *आमा : दुई* कविताको विश्लेषण

#### (क) शीर्षक

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *आमा* उपशीर्षकभित्र पर्ने कविता हो - *आमा : दुई* । यो कवितामा कविले आमालाई सम्बोधन गर्दै आमाको रुग्ण शरीरबाट निस्केका पीडाका स्वरहरूलाई सम्बोधन गर्दै एउटा सन्ततिले व्यक्त गरेका मार्मिक भावनाहरू यसमा रहेकाले शीर्षक आमा रहनु उपयुक्त देखिन्छ ।

#### (ख) लयविधान

यो कविता अन्तर्गद्यलयमा आधारित छ । छोटा-लामा पङ्तिहरूले विशेष आशयलाई जोड दिइने हुँदा एक प्रकारको लय उत्पन्न हुन्छ । यो कवितामा अनुप्रासयुक्त पदावलीको प्रयोग खासगरी छैन । करुण रसमा लेखिएको यो कविता आफैँमा लयात्मक भाव झल्कने खालको देखिन्छ ।

#### (ग) भावविधान

*आमा : दुई* कवितामा मातृभक्तिको भाव झल्किएको छ । एउटा सन्तानले जीवनका अन्तिम दिन गनिरहेकी आफ्नी आमालाई आफ्नो आयु कटाएर दिन चाहन्छ तर भौतिक विज्ञानमा रगत, मृगौला दिन सकिए पनि नमर्ने बनाउन नसकिने सङ्केत कविताले देखाएको छ । यो कवितामा भौतिक शरीर बचाइराख्न नसके पनि आमाका लागि उनको नाम बचाउन धेरै काम गर्न सकिने भाव झल्किने छ । जस्तै :

*सम्भव नभएर पो म हैरान छु आमा !*
*यो दुनियाँमा रगत र मृगौलाझैँ*
*आयु दिन सक्ने कुनै विधि भएन ।*
*आमा !*
*तर यसको अर्थ*
*म जीवनदेखि थाकेको नसम्झनू*
*जुन तिम्रा लागि सबैभन्दा दुःखद् समाचार हुनेछ ।* (पृ. ४६)

#### (घ) संरचना

यो कविता छोटा-लामा सात अनुच्छेदमा लेखिएको छ । सबैभन्दा सानो अनुच्छेद तीन पङ्तिको र सबैभन्दा लामो अनुच्छेद सात पङ्तिको छ । सबभन्दा सानो पङ्ति एक शब्दे छ भने सबैभन्दा ठूलो पङ्ति सात शब्दे छ । जम्मा एकतीस पङ्तिहरूमा यो कविता पूर्ण भएको छ । आकारको दृष्टिले यो लघु कविता हो ।

**(ङ)  भाषाशैली र कथन पद्धति**

*आमा : दुई* कविता सरल भाषाशैलीमा लेखिएको छ । सङ्क्षिप्ततामा पूर्णता भएको यो कविता सम्प्रेषणीय छ । यो कवितामा तीनै स्रोतका शब्दहरू छन् । कवितामा प्रयुक्त आयु, वर्षा, जीवन, उपहार, मन, आकाश, धन्य, जरा, सुरक्षित, सम्भव, मृगौलाजस्ता तत्सम शब्दहरू छन् । मेरो, खाँबो, पात, बलियो, बिहान, माटो, प्वाल, रगत आदि तद्भव शब्दहरू हुन् । त्यस्तै उमेर, अस्पताल, डालीजस्ता शब्दहरू आगन्तुक हुन् । कवितामा योजक, पूर्णविराम, उद्गार चिह्नहरूको प्रयोगले भाषाशैलीमा जीवन्तता थपेको छ । यो कविता प्रथम पुरुष कथनढाँचामा लेखिएको छ ।

**(च)  बिम्ब-प्रतीक/अलङ्कर**

यो कवितामा केही बिम्ब-प्रतीकहरूको प्रयोग पनि छ । जस्तै आयुको हाँगा काटेर मूलखाँबो बनाउनु, उमेरका पातले धुरी छाउनु र आमाको जीवनको लागि बलियो घर बनाउनु यी आफैँमा बिम्ब हुन् । रूखबाट बीउ बटुलेर आँगनभरि छर्नु, आमाले झैँ आफूले पनि चराहरू डाक्नु भन्ने अभिव्यक्तिले आमालाई बचाएर घर सुन्दर बनाउनु भन्ने सङ्केत देखिन्छ । आमालाई आयु दिएर आफूसँगै राख्न नसके पनि जीवनदेखि थाकेको छैन भन्नुले आमाका लागि काम गर्न इच्छुक छु भन्ने बिम्ब झल्काउँछ । यी बिम्बहरू काव्यालङ्कारका रूपमा आएका छन् ।

**(छ)  उद्देश्य**

*आमा : दुई* कविता मातृभक्ति झल्काउने रचना हो । यो कवितामा सन्ततिहरूले आफ्ना आमाहरूलाई सधैं जीवित राख्न सक्दैनन् तर जीवित रहुञ्जेल खुसी दिन सक्छन् र आमाको देहान्तपछि आमाका लागि काम गर्न सक्छन् भन्ने गहिरो सन्देश प्रवाह गर्नु यो कविताको उद्देश्य रहेको देखिन्छ ।

### ४.२.२.३. *विश्व सुन्दरी* कविताको विश्लेषण

**(क)  शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *आमा* उपशीर्षकभित्र पर्ने तेस्रो कविता हो *विश्व सुन्दरी* । यो कविता दुई शब्दबाट बनेको शीर्षकमा लेखिएको छ । अलग-अलग लेखिए पनि यो एक तत्पुरुष समस्त शब्दजस्तो छ । 'विश्व' भन्नाले नाम र 'सुन्दरी' भन्नाले विशेषणलाई बुझाए पनि समग्रमा नामको अर्थ दिएको छ । विश्व भन्नाले पृथ्वी र सुन्दरी भन्नाले राम्री महिला भन्ने बुझिन्छ । कवितामा टेलिभिजन कार्यक्रमभित्र विश्व सुन्दरी प्रतियोगिता प्रशारण भइरहेको देखेपछि कविले आफ्नी आमासँग विश्व सुन्दरीको सुन्दरता तुलना गर्दै साँच्चिकै विश्व सुन्दरी ऐश्वर्या राय होइनन्, आफ्नी आमा भएको उल्लेख गरेका छन् । दुई फरक महिलाहरूमा सुन्दरताको वास्तविकता केलाउन सफल यो कविताको शीर्षक *विश्व सुन्दरी* उपयुक्त देखिन्छ ।

**(ख) लयविधान**

*विश्व सुन्दरी* कविता गद्यलयमा लेखिएको छ । कतिपय ठाउँमा अनुप्रासहरू पनि देखिएका छन् । जस्तै : चाउरिएर, फुलेर, कुप्रिएर आदि । लामा-छोटा पङ्तिहरूले कविता वाचनमा एक प्रकारको लय सिर्जना गर्दछन् । स्वतन्त्र वा मुक्त लय भएको कारणले आवश्यकताअनुसार झोक्का वा भाका दिँदै कविता गाउन सकिन्छ ।

**(ग) भावविधान**

*विश्व सुन्दरी* कविता तुलनात्मक भावमा लेखिएको छ । एउटी आमा जो गाउँमा रहन्छिन्, गाउँको छुट्टै कला, संस्कृति, भेषभूषा छ, भाषाशैली छ, त्यसलाई अँगाल्छिन्, गाउँमा अन्याय पनि छ, आमाले त्यसको विरोध पनि गर्छिन्, गाउँमा सत्यता र यथार्थता छ, गाउँले जीवन सक्कली छ तर टेलिभिजनमा देखिएका विश्व सुन्दरी प्रतियोगितामा सबै नक्कली छन् । बोली, काम, सभ्यता, सुन्दरता, विचार, सुन्दरी प्रतियोगितामा कुनै सक्कली छैनन् । यस्ता सुन्दरी प्रतियोगिताहरू हेर्नुभन्दा गाउँमा गई विश्वकै सबैभन्दा सुन्दर प्राणी आमालाई भेट्नुपर्छ भन्ने भावमा यो कविता लेखिएको छ ।

**(घ) संरचना**

*विश्व सुन्दरी* कविता साना-ठूला छ अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको छ भने ठूलो अनुच्छेद तेह्र पङ्तिको छ । जम्माजम्मी चौहत्तर पङ्तिमा पूर्ण भएको यो कवितामा सबैभन्दा सानो पङ्ति दुई शब्दको र सबैभन्दा ठूलो पङ्ति सात शब्दको रहेको छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*विश्व सुन्दरी* कविता सरल भाषाशैलीमा लेखिएको छ । संयोजक क्रियायोगी आदिले पङ्तिहरूमा अन्तरसम्बन्ध कायम गरेको छ । छोटा-लामा जस्तोसुकै पदावलीको प्रयोग भए पनि भावको अन्तरसम्बन्ध कायमै छ । तुलनात्मक विषयवस्तु भएकाले प्रचुर मात्रामा उदाहरणहरू प्रस्तुत भएका छन् । कवितामा कुनै अभिव्यक्तिगत जटिलता भेटिँदैन । बहुअर्थी पदावलीहरूको प्रयोग कमै छ । अभिधा शब्दशक्तिको उपयोग गरिएको छ । तत्सम, तद्भव, आगन्तुक तीनै स्रोतका शब्दहरू कवितामा पाइन्छन् । जस्तै : विश्व, पुरुष, नियम, माधुरी दीक्षित, कामोत्तेजक, सौन्दर्य, स्मृतिदंश, विस्फोटन, अवतार, घोषित आदि तत्सम शब्दहरू हुन् । काँस, ढाड, रत्यौली, मौलिक, तरुनी, गाउँ आदि तद्भव शब्दहरू हुन् र राय, झोलुङ्गे, मजाक, साकिरा, बिल्कुल, गुम्फन, सिनेमा, मोडेल, स्वीमसुट, सेलिब्रेटी, टक अफ द टाउन, आदि आगन्तुक शब्दहरू हुन् । *विश्व सुन्दरी* कविता प्रथम पुरुष कथन ढाँचामा लेखिएको छ किनकि कवि स्वयं कवितामा उपस्थित छन् ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*विश्व सुन्दरी* कवितामा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग भएको छ । कवितामा छालाभन्दा ज्ञान विवेकलाई सुन्दरताको प्रतीक मानिएको छ । पर्याप्त मात्रामा उदाहरणहरू

पनि सुन्दरताको प्रतीक बनेर आएका छन् । यो कवितामा बूढी भइसकेकी आमा पनि ऐश्वर्या रायभन्दा राम्री देखिनुले सुन्दरताको मर्म स्पष्ट भएको छ । शाब्दिक रूपमा पनि केही प्रतीकहरू छन् । जस्तै : अनुहार चाउरिएर धाँजा फाटेको खेतजस्तो हुनु, रौँ फुलेर काँसघारी जस्तो हुनु, ढाड कुप्रिएर झोलुङ्गे पुलजस्तो हुनु, खुट्टा फुलेर पाउरोटीजस्तो हुनु यी सबै कवितामा प्रयुक्त बिम्ब-प्रतीकहरू हुन् । यस्ता बिम्ब-प्रतीकहरूले कविता सुसज्जित छ । धेरैजसो ठाउँमा अभिधात्मकता देखिए पनि कुनै ठाउँमा लक्षणा शक्ति पनि देखिन्छ । लक्षणा शक्तिको एक उदाहरण यस्तो छ -

*अब म टिभी बन्द गर्छु*

*र आमालाई भेट्न गाउँ जान्छु ।* (पृ. ४८)

**(छ) उद्देश्य**

*विश्व सुन्दरी* कविता एक विशेष सन्देशमूलक रचना हो । यसमा वर्तमान अवस्थामा हुने गरेका विश्वसुन्दरी प्रतियोगितामा नारी सुन्दरताको नाउँमा सुन्दरताकै उपहास भएको, सुन्दरताको मूल्याङ्कन छाला र शृङ्गारमा नहुने, सुन्दरता हेर्न गाउँघरमा रहेका परिश्रमी र हक्की नारीहरूमा खोज्नु पर्ने गहकिलो सन्देश दिनु यो कविताको उद्देश्य रहेको छ ।

### ४.२.२.४. ***फेसबुकमा आमाको तस्वीर*** **कविताको विश्लेषण**

**(क) शीर्षक**

*फेसबुकमा आमाको तस्वीर* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *आमा* उपशीर्षकमा समेटिएको चौँथो रचना हो । यो कवितामा तीन शब्दको शीर्षक रहेको छ । दुई वटा शब्द नाम र एउटा शब्द विशेषण संयोजित यो कविताको शीर्षक सारयुक्त छ । आमाले आफ्नो जीवनभर शरीरका हाड खियाएर सन्ततिहरूलाई यो संसारको वातावरणसँग पौँठेजोरी खेल्न सक्ने गरी बलियो बनाउँछन् । जीवनको उत्तरार्द्धतिर सहाराको परिकल्पना गर्दछन्, सन्तानको खुसी र उन्नतिका लागि बाटो खुला गरिदिन्छन् । कहिल्यै तिनीहरूको बाटो छेक्दैनन्, उता सन्तानहरूले आमाले बनाएका बलिया खुट्टाहरूले संसार भ्रमण गर्छन् तर आमाको अशक्ततामा अस्ताउन लागेको सूर्यझैँ उमेरले नेटो काटेको समयमा सहारा बन्ने समय मिलाउन सक्दैनन् । मनमा माया भए पनि जतिसुकै चाहे पनि आमासँगै हुन नपाउँदा पछुताएर दिन बिताउन बाध्य हुन्छन् । यही कुरा समेटिएको यो कवितामा फेसबुकमा आमाको तस्वीर देख्ने बित्तिकै उठेका लहरहरू समेटी लेखिएको कविता हुनाले यसको शीर्षक ज्यादै उपयुक्त भएको छ ।

**(ख) लयविधान**

*फेसबुकमा आमाको तस्वीर* कविता गद्यलयमा लेखिएको छ । केही शब्दहरूको पुनरावृत्तिले पनि लय सिर्जना गरेको छ । कतिपय पङ्तिहरू छोटा र कतिपय लामा हुनाले विषयवस्तुको गहनतालाई बढाउन लयात्मक ढङ्ग दिनै पर्दछ । कतिपय शब्दहरूमा

अनुप्रासयुक्त भाव संयोजना पनि देखिन्छ । जस्तै : गुमाएर, उमेर, हालेर आदि । उद्धरणको रूपमा पनि पङ्तिहरू आएको हुनाले शब्दहरूमा ध्वनि तीव्रता देखिन्छ ।

**(ग) भावविधान**

*फेसबुकमा आमाको तस्वीर* कविता विशेष भावप्रधान छ । बाल्यकालमा प्राप्त आमाको ममताको भाव, आमाको काख छोडी सन्तानहरूलाई आफ्नो बाटोमा हिँडेको, आमाका कामहरूमा सन्ततिहरूले सहयोग पुऱ्याउन नसकेका भाव कवितामा देखिन्छ । आमाले आफूले खाइ-नखाई सन्तानलाई खुवाएर हरेक काममा सन्तानको लालन-पालन सर्वोपरि राखेर तिनीहरूको खुसीका लागि विभिन्न उपायहरू गर्दै भविष्यको सहारा बनून् भन्ने अभिलाषाले सन्तान हुर्काए पनि गाउँका हरेक कामहरू आमाले एक्लै गर्नुपरेको आफ्नो कमाइले आमाको दुःख एक इन्चसम्म पनि घटाउन नसकेको बरू आफ्नो व्यवहारले किचिँदा-किचिँदा निस्कनै नसकेको अवस्थामा पुगेर आमाको सम्झनामा तड्पँदै आमाको बारेमा केही नसोचेकोमा ठूलो भूल हुँदै गएको जस्तो अत्यन्तै गहिरा भावहरू यो कवितामा पाउन सकिन्छ ।

**(घ) संरचना**

*फेसबुकमा आमाको तस्वीर* कविता साना-ठूला तेह्र अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद तीन पङ्तिको छ भने सबैभन्दा ठूलो अनुच्छेद तेह्र पङ्तिको छ । साना-ठूला गरी जम्मा बयासी पङ्तिमा कविता टुङ्गिएको छ । सबैभन्दा सानो पङ्ति एक शब्दको छ भने सबैभन्दा ठूलो पङ्ति सात शब्दसम्मको छ । कविताको आकार मझौला किसिमको मान्न सकिन्छ । यो कवितामा विभिन्न अनुच्छेदहरूका पाँच खण्ड रहेका छन् । पहिलो खण्डमा नौ पङ्ति, दोस्रो खण्डमा सोह्र पङ्ति, तेस्रो खण्डमा चौबीस पङ्ति, चौँथो खण्डमा अठार पङ्ति, पाँचौं खण्डमा पन्ध्र पङ्ति रहेका छन् । यसैगरी पहिलो खण्डमा दुई अनुच्छेद, दोस्रो खण्डमा दुई, तेस्रोमा दुई, चौथो खण्डमा दुई र पाँचौं खण्डमा तीन रहेका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*फेसबुकमा आमाको तस्वीर* कविता सरल भाषामा लेखिएको छ । सरल र प्रचलित शब्दहरूको प्रयोगले कविता सुबोध बनेको छ । विभिन्न ठाउँमा आमालाई सम्बोधन गरिएको विषयले अन्तरआत्माबाट आमासँग भावना जोडिन पुग्छ । विभिन्न उदाहरणहरूले पाठकको मन मस्तिष्कलाई नेपाली भीरपाखा, डाँडाकाँडाहरूमा पुगेको महसुस हुन्छ । नेपाली भूमि जो गाउँ नै गाउँले भरिएको छ, त्यसमा गरिने बाल्यकालका विभिन्न क्रियाकलापहरूलाई वर्णन गर्न कविता सफल छ । समग्रमा अत्यन्त सम्प्रेषणीय शैलीमा कविता लेखिएको छ । यो कवितामा तत्सम, तद्भव, आगन्तुक सबै स्रोतका शब्दहरू छन्, जस्तै : जीवन, कथा, मधु, स्नेह, चक्र, आत्मसमीक्षा, आकाश आदि तत्सम शब्दहरू हुन् भने अँजुली, सपना, तिम्रो, सास, रगत, घर आदि तद्भव शब्दहरू हुन् र जाँतो, लोरी, मैयाँ, जिद्दी, डोको, ढाड, मौसम, चुरोट, जहाज, लस्कर, बथान आदि आगन्तुक शब्दहरू हुन् । यो कविता प्रथम पुरुष कथन

ढाँचामा लेखिएको छ । विभिन्न चिह्नहरूको प्रयोगले कविताको शैलीलाई अझ सम्प्रेषणीय बनाएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*फेसबुकमा आमाको तस्वीर* कवितामा प्रशस्त बिम्ब-प्रतीकको प्रयोग गरिएको छ । जस्तै : जीवनको जाँतोमा सपनाहरूको घान हालेर घटाउनु, आमासँगै बाल्यकालका घटाएका एकएक घटनाहरूको चित्र देखिनु, सात समुद्रपारि उड्नु, आमाको पृथ्वीमा दुःखको मौसम नबदलिनु, सन्तानको पैसाले दैलो, भकारो, घाँस-दाउरा गर्न नसक्नु, सुखी सपना आकारमा आउन नसक्नु आदि प्रशस्त कुराहरू बिम्बका रूपमा कवितामा देखिएका छन् । अन्त्यमा एउटा मानी फुक्लिएको जाँतोझैँ भनेर जीवनको अनियन्त्रित परिवेशलाई अनौलो बिम्बमा ढालिएको छ । जस्तै :

*म त्यो जहाजको*<br>
*एक यात्री बन्न पनि सकेनछु*<br>
*म त्यो बथानको*<br>
*एउटा चरा बन्न पनि सकेनछु*<br>
*आमा !*<br>
*दिदीको फेसबुकमा जब तिम्रो फोटो देखें*<br>
*म मानी फुक्लिएको जाँतोझैँ भएको छु ।* (पृ. ५३)

**(छ) उद्देश्य**

*फेसबुकमा आमाको तस्वीर* कविता आमा र सन्तानको भावनात्मक सम्बन्धको रूपमा लेखिएको छ । सन्तानको लालन-पालन र अस्तित्व विकासका लागि आमाहरूले हदैसम्म कष्ट झेलेका हुन्छन् तर सन्ततिहरूले चाहेर पनि दायित्व पूरा गर्न सक्दैनन् । त्यतिबेला आमाको जीवन दुःखको दलदलबाट निस्कन सकिरहेको हुँदैन । यसतर्फ सन्ततिहरूले पनि सोच्नै पर्दछ भन्ने गहन सन्देश प्रदान गर्नु यो कविताको उद्देश्य रहेको छ ।

### ४.२.२.५. *वर्णपटमा युवती* कविताको विश्लेषण

**(क) शीर्षक**

*वर्णपटमा युवती* कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *आमा* उपशीर्षकभित्र पर्ने पाँचौँ रचना हो । यो कविता दुई शब्दे शीर्षकमा रहेको छ । शीर्षकका दुवै शब्दहरू नाम हुन् । 'वर्णपट' भन्नाले वर्ण अर्थात् वर्णका रचनाहरू र 'युवती' भन्नाले यौवना नारी भन्ने बुझिन्छ । कवितामा आफ्नो वैंसालु यौवन नसकिँदै अर्थात् जीवनका अनेकन रङहरू उपभोग गर्न नपाउँदै पतिवियोग खेप्न पुगेकी एक नारीको अन्तर्वेदनालाई अक्षरमा उतारिएको हुनाले यो कविताको शीर्षक *वर्णपटमा युवती* अर्थपूर्ण देखिन्छ ।

### (ख) लयविधान

*वर्णपटमा युवती* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । प्रायः अन्त्यानुप्रासविहीन पङ्तिहरू भए पनि कतिपय स्थानमा अनुप्रास नै नमिलेको भन्न सकिँदैन । छोटा र लामा पङ्तिहरूले उच्चारणमा लय सिर्जना गरेका छन् । नारीका इतिहासदेखि वर्तमानसम्मका पीडा झल्कने यो कविता क्रान्तिकारी शैलीमा लेखिएको छ । त्यसैले यो वीररस प्रधान छ । कतिपय बिम्बहरूको प्रयोगले पनि कवितामा एक प्रकारको तरङ्ग उत्पन्न हुने हुनाले लयात्मक हुन पुगेको छ ।

### (ग) भावविधान

*वर्णपटमा युवती* कविता विधवा नारीको आवाज हो । पूर्वीय समाजमा हजारौँ वर्षसम्म सतीप्रथा चल्यो, लाखौँ नारीहरू मरेका पतिहरूसँगै जिउँदै जल्नुपर्‍यो । समयले प्राणै दिनुपर्छ भन्ने चलन त हटायो तर विधवा नारी बैंसमै विधवा भए पनि उसलाई कडा नियम बनाएर स्वतन्त्रताहरू खोसियो । कविताका अनुसार जीवनको रङ नै खोसियो । रङ्गीन कपडा, रङ्गीन शृङ्गार, रङ्गीन सपना, सन्तान प्राप्ति सबै लुटियो जुन प्राकृतिक थिएन । यसरी नारीहरू जिउँदो भएर पनि मरेको जीवन जिउनु पर्‍यो । यो अप्राकृतिक र स्वार्थी प्रचलनलाई समाप्त पार्न लड्नै पर्छ । यसको लागि घररूपी झ्यालखानाबाट बाहिर निस्कनै पर्छ भन्ने यथार्थ एवं क्रान्तिकारी भाव यस कवितामा पाउन सकिन्छ ।

### (घ) संरचना

*वर्णपटमा युवती* कविता साना-ठूला एघार अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेदमा एक पङ्ति र सबैभन्दा ठूलो अनुच्छेदमा एघार पङ्ति रहेका छन् । एक शब्ददेखि सात शब्दसम्मका पङ्ति छन् । जम्मा पैसट्ठी पङ्तिमा संरचित यो कविता मध्यम आकारको हो । चार खण्डमा विभाजित यो कवितामा खण्ड एकमा चार अनुच्छेद, खण्ड दुईमा दुई अनुच्छेद, खण्ड तीनमा दुई अनुच्छेद र खण्ड चारमा तीन अनुच्छेद रहेका छन् । पहिलो खण्डमा बाह्र पङ्तिहरू र चौँथो खण्डमा एघार पङ्तिहरू रहेका छन् ।

### (ङ) भाषाशैली र कथन पद्धति

*वर्णपटमा युवती* कविता युवतीका वास्तविकता अक्षरमा उतारिएको सरल भाषाशैलीमा रचित छ । कतिपय शब्द शब्दमा जोड दिइएका पङ्तिहरूले परिवर्तनको भाव बुलन्द गरेका छन् । वर्णनात्मक शैलीमा ऐतिहासिक कुरा कोट्याएर पितृसत्तात्मक समाजले मातृशक्तिलाई पाखा लगाएको, अधिकार खोसेको, मर्न पर्ने नियम बनाएको विषयलाई अत्यन्तै सभ्य शैलीमा खण्डन गरिएको छ । प्राकृतिक चाहनाहरूमाथि बन्देज लगाउने मान्छेको यो खराब मानसिकताले आएका हो भन्ने कुरालाई कवितामा सरल ढङ्गले व्यक्त गरिएको छ । कविता बौद्धिक ढङ्गले लेखेर भाव जटिलता देखाउने खालको छैन । विभिन्न उदाहरणहरू हेर्दा कवितामा दृष्टान्तशैली अपनाइएको पनि पाइन्छ । परिवर्तन र स्वतन्त्रताको वकालत गरिएकाले यसमा क्रान्तिकारी शैली पाउन पनि सकिन्छ । यो कवितामा तीनै स्रोतका शब्दहरू उपयोग गरिएको छ जुन यसप्रकार छन् :

**तत्सम शब्दहरू -** यद्यपि, वर्णपट, शरीर, चरित्रहीन, सत्य, स्खलित, ज्वालामुखी, पति, चिता, आत्मा, क्रम, जीवन, गीत, अत्यधिक, असमय, दुःख, अनुत्पादक, गर्भाशय, वस्त्र, षडयन्त्र, प्रवेश आदि । **तद्भव शब्दहरू -** धेरैधेरै, मानिस, म, तिमी, सपना, ओठ, छाति, घस्रिन्छु, जल्नेछ, बस्ती, दिन, जिउँदै, हत्या, बैंस, बाँझो आदि । **आगन्तुक शब्दहरू -** आम, कानुन, होली, ट्याटु, चुरा, पोते, पहिरन आदि ।

यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*वर्णपटमा युवती* कवितामा बिम्ब-प्रतीकहरूको प्रयोग पनि छ । जीवनका रङहरू, रङ्गहीन सपनाहरू, रङका ज्वालामुखी, जीवनको होली, रङको गीत, दुःखका लहरहरू, वैंशालु रङ, रङ्गीन वैंस, बाँझो खेतजस्तो अनुत्पादक गर्भाशयको सङ्गीत आदि विभिन्न सन्दर्भमा आएका बिम्ब-प्रतीकहरू हुन् । समग्रमा कविता नै क्रान्तिको प्रतीक हो र परिवर्तनको बिम्ब हो ।

**(छ) उद्देश्य**

*वर्णपटमा युवती* कविता विभिन्न कालखण्डमा महिलाहरूमाथि समाजले गर्दै आएका अन्यायहरूको प्रस्तुति हो । त्यसमा पनि लोग्ने मरेपछि हुने महिलाहरूको अवस्था जुन समाजले सिर्जना गरेको हो, त्यो अप्राकृतिक छ । त्यसमा परिवर्तन जरुरी छ । त्यसमा क्रान्तिको आवश्यकता छ भन्ने सन्देश प्रदान गर्नु नै यस कविताको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.२.६. *उडान* कविताको विश्लेषण

**(क) शीर्षक**

*उडान* कविता **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *आमा* उपशीर्षकको छैटौँ अर्थात् अन्तिम रचना हो । यो कविता नारी स्वतन्त्रताको पक्षमा छ । नारीहरू प्रारम्भमा स्वतन्त्र भएको तर विभिन्न संस्कारका नाममा उनीहरूलाई बन्धक गराएर नियमको धागो पुरुषहरूले समात्दै आफ्नो इच्छाअनुसार उपयोग गरेको तर आफूलाई स्वतन्त्रपूर्वक चरा बनेर आकाशमा उडान भर्न मन लागेको भन्ने केन्द्रीयतामा लेखिएकाले यस कविताको शीर्षक *उडान* उपयुक्त देखिन्छ । कविताको शीर्षक *उडान* नाम शब्द हो । यसले उडाइको अर्थ बोकेको छ ।

**(ख) लयविधान**

*उडान* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कुनै-कुनै पङ्तिमा अन्त्यानुप्रासिक तुकबन्दीले पनि छोएको छ । लामा र छोटा पङ्तिहरूले एक प्रकारको तरङ्ग उत्पन्न गरी लय सिर्जना गरेका छन्, पाठकले यो कविता व्यक्तिगत स्वतन्त्र लयमा गाउन पनि सक्छन् ।

**(ग) भावविधान**

*उडान* कविता नारीको अन्तर्वेदना र उनीहरूले चाहेको स्वतन्त्रताको वर्णनमा आधारित छ । यसमा नारीहरूको स्वतन्त्रतालाई धार्मिक संस्कारका नियम बन्धनहरू बनाएर

त्यो बन्धनको मालिक पुरुष बनेको र त्यसको धागो आफ्नो हातमा लिएको विषयलाई मार्मिक ढङ्गले उठाइएको छ । यस कवितामा परिवर्तनको भाव छ । धार्मिक संस्कारको निर्माण गरी नारी स्वतन्त्रता हत्याउने पुरुषवादी समाजको विरोध छ। प्राकृतिक रूपमा जुन स्वतन्त्रता थियो, त्यही स्वतन्त्रतामा फर्कन चाहेको विषय उल्लेख छ । यसकारण यो कवितामा स्वतन्त्रपूर्वक जन्मिएका मानव प्राणीहरूमाथि विभिन्न धार्मिक नियमहरूको नाउँमा विशेष गरी महिलाहरूप्रति लक्षित गरेर स्वतन्त्रता खोस्नु अपराध हो र यसको पर्खाल भत्काएर नारीहरू अगाडि बढ्नुपर्छ भन्ने भाव यो कवितामा रहेको छ। यो कविता एक क्रान्तिकारी भावमा लेखिएको छ।

**(घ) संरचना**

*उडान* कविताको आकार लघु मान्नु पर्दछ। यसमा छोटा-लामा आठ अनुच्छेद रहेका छन् । कम्तीमा दुई पङ्तिदेखि बढीमा सात पङ्तिसम्मका अनुच्छेदहरू छन् । जम्माजम्मी अडतीस पङ्तिमा संरचित यो कविताको छोटो पङ्ति दुई शब्द र लामो आठ शब्दसम्म रहेका छन्।

**(ङ) भाषाशैली र कथन पद्धति**

*उडान* कविताको भाषाशैली सरल छ। प्रचलित पद पदावलीहरूको प्रयोगले कविता बोधगम्य बनेको छ। लघु आकारका अनुच्छेदहरूले कविता बुझ्न सजिलो छ। अभिधात्मक भएकाले पनि कविताको भाषा जटिल छैन । बिम्ब-प्रतीकहरू पनि जटिल छैनन् । तीनै स्रोतका शब्दहरूको उपयोग गरिएको छ। यो कवितामा उपयोग गरिएका तत्सम शब्दहरू आकाश, स्वतन्त्र, निर्माण, निर्देशित, कष्टसाध्य, सङ्कट, आकाश, प्रदेश, जीवन, मानवीयता आदि हुन् भने तद्भव शब्दहरू पखेटा, सपना, उडिरहेको, औंला, औंठी, बतास, मानिस, घाम, वर्षात्, सुस्केरा आदि हुन् । त्यस्तै आगन्तुक शब्दहरूमा चरा, चुरा, लट्टाई, धागो, रफ्तार, चक्कर, चेट आदि देखिन्छन् । यो कविता प्रथम पुरुष कथन ढाँचामा तयार भएको छ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*उडान* कविता आफैंमा बिम्बात्मक छ । यो कवितामा उडानले स्वतन्त्रतालाई विम्बित गर्दछ । प्राकृतिक रूपमा एकै ढङ्गले जन्मेका मान्छेहरूमा एकथरि मान्छेहरूले बिस्तारै-बिस्तारै सामाजिक नियम बनाई त्यसलाई धर्मसँग जोडेर त्यसको पालना गर्नुपर्ने कडाई महिलाहरूमाथि थोपर्दै आएको हुनाले त्यसैको विरोध स्वरूप यो कविता प्रतिविम्बित छ। केही शाब्दिक बिम्बहरूमा सपनाको आकाश, स्वतन्त्र चरा, लट्टाइको धागो, चराबाट चङ्गा, सपनाको धागो, सभ्यताको पुरानो धागोमा अल्झनु, जीवनको हाँगामा झुण्डिनु, मानवताको अचुक रसायनले मर्मत गर्नु, बुलाकीमा अल्झेको धागो थुत्नु, लट्टाई खोस्नु, आकाशमा उड्नु आदि प्रशस्त पद तथा पदावलीहरूले बिम्बका रूपमा काम गरेका छन् । दासत्वको विरोध मानवताको समर्थन यो कविताको सार हो।

**(छ) उद्देश्य**

*उडान* कविता स्वतन्त्रताको पक्षमा छ । यो कविताले मानवताको वकालत गरेको छ । धर्म संस्कारका नाउँमा महिलाहरू माथि परेका अन्यायहरूको विरोध गरेको छ । सम्पूर्ण नारी जातिको आवाज लिएर आएको यो कविताले कुसंस्कार र बदनियतपूर्ण ढङ्गले बनाएका नियमको विरोध र मानव अधिकारको संरक्षणको सन्देश बोकेको छ ।

### ४.२.३. *बोध र प्रेम* उपशीर्षकअन्तर्गतका कविताहरूको विश्लेषण

#### ४.२.३.१. *हल्ट* कविताको विश्लेषण

**(क) शीर्षक**

*हल्ट* कविता एक शब्दे शीर्षकमा लेखिएको कविता हो । 'हल्ट' अङ्ग्रेजी शब्द हो । यसको अर्थ रोक्नु वा रोक्न आदेश दिनु भन्ने बुझिन्छ । शीर्षकमा व्यङ्ग्य नभए पनि कवितामा व्यङ्ग्यको प्रधानता छ । सामान्यतया यो कविता अन्य कविताहरूभन्दा केही बौद्धिक छ । मान्छेले गर्दै आएका विकृति र विसङ्गतिहरूका लागि धेरै समय खर्च भएको र अझै नराम्रा काम गर्न बाँकी भएकाले समयलाई रोक भन्ने र रोकिन आदेश दिने व्यङ्ग्यमा कविताको विषय अडिएकाले यसको शीर्षक *हल्ट* उचित देखिन्छ । सृष्टिको अनन्त गतिमा विना रोकावट बगिरहने समय मानिसको वशमा छैन तर मूर्खहरू समय रोकेर बदमासी गर्न तम्सन्छन् । कवितामा एक जना पात्र जसले समय रोक्न चाहन्छ, टाढा-टाढासम्म विसङ्गतिहरू फैलाउन चाहन्छ, उज्यालोबाट अँध्यारोतिर लैजान चाहन्छ, परिवर्तन उसका लागि आवश्यक छैन, उसले समाजलाई जङ्गली युगतर्फ लैजान चाहन्छ । यसै विषयलाई आधारित बनाएर लेखिएको यो शीर्षक *हल्ट*ले कविताको विषयसँग राम्रो तादात्म्य राखेको देखिन्छ ।

**(ख) लयविधान**

*हल्ट* कविता गद्यलयमा लेखिएको छ । यसको वाचनलय पाठकको अन्तर्वैयक्तिक लय हुन जान्छ । छोटा-लामा पङ्क्तिहरूले कवितामा लय सिर्जना गरेका छन् । शब्द तथा अभिव्यक्तिगत शब्द तथा पङ्क्तिहरूमा स्वतः आरोह-अवरोह उत्पन्न हुन्छ । यसबाट एक प्रकारको तरङ्ग उत्पन्न भई लय सिर्जना हुन्छ । कवितामा कतिपय पङ्क्तिहरू अन्त्यानुप्रास सङ्गीतपूर्ण पनि देखिन्छन् । जसले यो कवितालाई अपेक्षित गेयात्मक बनाएको छ ।

**(ग) भावविधान**

*हल्ट* कविता व्यङ्ग्यप्रधान रचना हो । यसमा नेपालको समसामयिक राजनीतिक अवस्थालाई व्यङ्ग्य गरेको देखिन्छ । जब देशमा कुनै न कुनै नाउँमा फुट, विरोध र आतङ्क ल्याइन्छ, त्यतिबेला विकासको गति ठप्प हुन्छ । तिनै विकासका गतिविधिहरूमा देखिएका कामलाई रोक्न हल्ट शब्दको प्रयोग गरिएको छ । समय मानिसले रोक्न सक्दैन तर विभिन्न नाममा फैलाएको विरोध र आतङ्कले विकासको गति ठप्प रोकिन्छ । समयभन्दा विकासको परिवर्तित अवस्था पछाडि फर्किन्छ । आतङ्क र स्वार्थको राजनीतिले यही काम गर्छ भन्ने

भाव कवितामा पाइन्छ । कवितामा समयलाई एक सय वर्ष रोक्न चाहन्छु भन्नुले एक सय वर्ष अगाडि पुग्नु पर्ने सभ्यतालाई एक सय वर्ष हल्ट गर्नु भन्ने बुझिन्छ । हिमालदेखि समुद्रसम्म, एसियाभन्दा अझ टाढासम्म मुक्तिको नाउँमा नाकको उचाइ, छालाको रङ, जातको भिन्नता र धर्मको आडमा फुट ल्याई परिवर्तनको नाउँमा मानिसलाई फुटाएर, लडाएर राष्ट्रिय-अन्तर्राष्ट्रिय आतङ्क मच्चाउने चरित्रको चारित्रिक क्रियाकलाप कवितामा स्पष्ट राखिएको छ । जो आतङ्ककारी हुन्, उनीहरूले तालिवानीले जस्तो शिक्षाको विरोध गर्छन्, कमलको निब भाँच्छन्, हतियारको खेती गर्छन्, स्वतन्त्रताको विरोध गर्छन्, बाबुआमाको मूल्य चिन्दैनन्, काटमार र हिंसामा अग्रसर हुन्छन्, विभेद हटाउने नाममा त्योभन्दा ठूलो विभेद जन्माउँछन् । यसरी राष्ट्रमा नाङ्गोनाच देखाउने राजनीतिज्ञहरू आतङ्ककारी हुन् भन्ने भाव कवितामा पाइन्छ । समाजमा श्रमको खेती गर्ने विभिन्न शाखाहरू छन् । जस्तै : पिशाचनीति शाखा, जातीय शाखा, लैङ्गिक शाखा, पाखण्ड धर्म शाखा, अन्धविश्वास शाखा आदि । उदाहरणको रूपमा एउटा अन्धविश्वासी विचार हेरौँ :

*सक्छौ भने आऊ*
*कुनै देवदूत आएको हौवा फिँजाएर*
*सामूहिक आत्महत्या नै गरौँ ।* (पृ. ६४)

उल्लिखित पङ्तिहरूले एकपटक पुच्छ्रेतारा देखिँदा मुक्तिको विमान आयो भन्दै सामूहिक आत्महत्या गरेका एक धार्मिक टोलीलाई सङ्केत गरेको छ ।

### (घ) संरचना

*हल्ट* कविता साना-ठूला तेह्र अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको छ भने सबैभन्दा ठूलो अनुच्छेद बाह्र पङ्तिसम्मको छ । पङ्तिमा एक शब्दका पङ्तिदेखि सात शब्दसम्मका छन् । कविताको जम्मा पङ्ति सङ्ख्या छहत्तर छ । कविताको आकार मध्यम खालको मानिन्छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*हल्ट* कविताको भाषाशैली केही बौद्धिक प्रकृतिको छ । कवितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका उदाहरणहरू समेटिएको छ । विशेष गरी व्यङ्ग्य शैलीमा लेखिएको यो कविता समयको गतिमा विकासलाई अगाडि बढाउनु पर्नेमा अझै सय वर्ष समय थुन्छु भन्दै विकास र उज्यालो हटाएर विनाश र अँध्यारो निम्त्याउने प्रतिगमनकारी आतङ्ककारीहरूलाई व्यङ्ग्य गरेर लेखिएको छ । क्रान्तिको नाउँमा भ्रम छरेर नाक, छाला, जात, धर्म आदिका बीचमा विश्वासको सङ्कट गराई लडाउने र त्यसको भरपुर फाइदा आफूले लिने बदनियतपूर्ण प्रवृत्तिलाई व्यङ्ग्यवाण हान्न यो कवितामा बौद्धिक शैलीको उपयोग गरिएको हो । अभिधात्मक शब्दशक्तिद्वारा यो कविताको अर्थ पहिचान गर्न सकिँदैन । यसर्थ यो कविता व्यञ्जना शब्दशक्तिको राम्रो उदाहरण हो ।

यस कवितामा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू प्रयुक्त छन् । जस्तै : **तत्सम शब्दहरू -** समय, आदेश, वार्ता, एक, वर्ष, हिमालय, शृङ्खला, महासागर, गङ्गा, इन्दु आदि, **तद्भव शब्दहरू** - हावा, पसिना, बाँदर, पुच्छर, सूर्य, गर्धन, मानिस, थामिन आदि र **आगन्तुक शब्दहरू** - हल्ट, रकेट, हाउडे, चिलिम, कस, तलिवान, साहिर, ताजमहल, मजाक आदि प्रयोग भएका छन् । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*हल्ट* कवितामा व्यङ्ग्य भाव भएकाले बिम्ब र प्रतीकहरूको प्रयोग पनि केही बेसी नै भएको देखिन्छ । पङ्तिहरूमा भनिएका सिधा-सिधा वाक्यहरूले पनि फरक-फरक बिम्बलाई जनाउन आएका छन् । कवितामा देखिएका केही शब्द र तिनको प्रतीकात्मक अर्थ निम्नानुसार देखाउन सकिन्छ :

| ***शब्द*** | ***प्रतीकात्मक अर्थ*** |
|---|---|
| खेलाडी समय | बगिरहेको समय |
| समयलाई थामिन आदेश दिनु | परिवर्तनको विरोध |
| समयलाई एक सय वर्ष रोक्नु | विकासमा एक सय वर्षपछि पार्नु |
| त्रासदीको शतबीज छर्नु | आतङ्कको बीउ रोप्नु |
| भूमिगत बसेर मक्तिको नयाँ रसायनबारे सोच्नु | फुटको खेती गर्नु |
| नाकको आवृति | लामो नाक र छोटो नाक हुने जाति |
| छालाको रङ | काला गोरा मान्छे |

यसरी समयको गति उल्टो लैजाने कविताको दुष्ट पात्रले विनासको अभिलाषा यसरी राख्दछ, जुन आफैँमा नकारात्मक बिम्ब हो :

*यो सुनौलो भूगोलमा जुनसुकै बेला*
*छिर्न सक्छ - दुस्मन समय*
*निर्माणको ढोकामा गजबार लगायौँ ।*
*सिर्जनाको मधुसमा ताल्चा मारौँ ।*
*उन्नतिको झ्यालमा चुकुल ठोकौँ ।* (पृ. ६४)

### (छ) उद्देश्य

*हल्ट* कविताले फस्टाउँदै गएको झुटको राजनीति रोकिँदै गएको, विकासको गति बढ्दै गएको अपराधीकरण, फैलँदै गएको आतङ्क आदिलाई तीखो ढङ्गले व्यङ्ग्य प्रहार गर्दै कवितामा उल्लिखित उदाहरणहरूलाई निमिट्यान्न नपारेसम्म तिनै खलचरित्रहरूले भनेबमोजिम राष्ट्र अगाडि होइन, पछाडि धकेलिन्छ । यस्तो हुन नदिने उद्देश्य यस कविताले लिएको छ । यो नेपाली चरित्रहीन राजनीतिको प्रतिबिम्बका रूपमा आएको कविता हो ।

### ४.२.३.२. *भगवान्* कविताको विश्लेषण

**(क) शीर्षक**

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा सङ्ग्रहित *भगवान्* कविता यसको उपशीर्षक *बोध र प्रेम*भित्रको दोस्रो कविता हो । यो कविता एक शब्दको शीर्षक भएको रचना हो । 'भगवान्' शब्दले नाम शब्दलाई बुझाउँछ । यो कवितामा एउटी महिलाले एकजना पुरुष जो आफ्नो हृदयमा भगवान्को रूपमा बसेको छ, त्यसलाई लक्षित गरेर लेखिएको छ । एउटी नारी जसलाई प्रेमको जालमा अपहरण गरी जीवनभर आफ्नी बनाएर आफ्नै स्मृतिमा पागल हुन बाध्य पारेर ऊविना जीवन निरर्थकझैँ बन्न पुगेको अवस्थालाई कवितामा व्यक्त गरिएको हुँदा यसको शीर्षक *भगवान्* रहन गएको देखिन्छ । त्यो लोग्नेको रूपमा आएको छ, उसको अनुपस्थितिमा मनमा ठूलो आतङ्क फैलन्छ । उसको उपस्थितिमा जीवन पूर्ण भएको महसुस हुन्छ । आफ्नो हृदयमा भाला रोपेर पुरै जिन्दगी नै समर्पण गर्नुपर्ने अवस्था देखापर्दछ । जो भगवान्सँग सानिध्य राख्ने विषयजस्ता छन् । नित्सेले भगवान् मरेको घोषणा गरे पनि एउटा पुरुष आतङ्ककारी भगवान् बनेर हृदयमा बसेको छ भन्ने अर्थले यसको शीर्षक सार्थक बनाएको छ ।

**(ख) लयविधान**

*भगवान्* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । लामा-छोटा पङ्तिहरूले कविता पठनमा लय सिर्जना हुन्छ । बिम्ब र प्रतीकहरूका कारणले कविता रसिलो बनेको छ । अनुप्रासहरूको उपयोग खासै नभए पनि तुलनात्मक विषयवस्तुले कवितालाई गेयात्मकता प्रदान गरेका छन् ।

**(ग) भावविधान**

*भगवान्* कविता प्रेमको प्रतीकको रूपमा आएको छ । कवितामा एउटी नारीले आफ्नो प्रेमीलाई भगवान् भनेकी छे । स्वतन्त्र जीवन बाँचिरहेका बेला अचानक प्रेमको विस्फोट गराएर आफ्नो जीवन आफ्नो नभई जिन्दगीभर प्रेमका लागि बलिदान हुनुपरेको यथार्थभाव यस कवितामा देखिन्छ । आफूलाई सानो देखिने, अरूलाई ठूलो देखिने, उसैको अभावमा बेचैन र छटपटी हुने, उसकै लागि आफ्ना सारा सपना र इच्छाहरू मार्नु पर्ने, उसको अभावमा आफ्नो जीवन आतङ्कित हुने जस्ता कुराले आफ्नो प्रेम र प्रेमी जीवनमा भगवान्जस्तै अभिन्न भएको भन्ने प्रेमिल भावमा यो कविता समेटिएको छ । एउटी नारीले आफ्नो शरीर नै प्रेमका लागि त्याग गर्नु यसो नगर्दा आतङ्क फैलनुले उसलाई प्रेम गर्ने प्रेमी आतङ्ककारी भगवान्का रूपमा कवितामा चित्रित छ ।

**(घ) संरचना**

*भगवान्* कविता साना-ठूला चार अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेदमा चार पङ्ति रहेका छन् भने सबैभन्दा ठूलो अनुच्छेदमा पच्चीस पङ्ति रहेका छन् । दुई वटा शब्ददेखि सात वटा शब्दसम्मका पङ्तिहरू छन् । लघु आकारको यो कवितामा चवालीस पङ्तिहरू रहेका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

कवि भूपिनको *भगवान्* कविता अत्यन्त सरल भाषाशैलीमा लेखिएको छ । पङ्क्ति र वाक्यांशहरू छोटा भएकाले मस्तिष्कलाई लामो विषय धारण गर्नु पर्दैन । प्रतीकहरू प्रयोग भए पनि त्यसमा कुनै जटिलता छैन । मानिस प्रेम विना बाँच्न नसक्ने हुँदा जो कोही पाठकको पनि आफ्नो कथा व्यथा बन्न सक्ने कविताको शैली छ । पर्याप्त उदाहरणहरू भएकाले कवितामा दृष्टान्त शैली पनि अपनाइएको छ भन्न सकिन्छ । तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू कवितामा प्रयोग भएका छन् । कवितामा भगवान्, मन, निषेधित, जीवन, अपहरण आदि तत्सम शब्दहरू हुन् भने सपना, चोर, बीउ, आँखा, दह, रात जस्ता शब्दहरू तद्भव हुन् । त्यसैगरी इलाका, बम, फिरौती, दराज, चावी, पर्खाल आदि शब्दहरू आगन्तुक हुन् । *भगवान्* कविता प्रथम पुरुष कथनढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*भगवान्* शीर्षकको यो कवितामा भनिएको भगवान्; भगवान् होइन । त्यसैले यो शब्द आफैँमा प्रेमको प्रतीक हो । एउटी नारीका आफ्ना सम्पूर्ण व्यक्तिगत प्राप्तिहरूलाई प्रेमको रूपमा पुरुषलाई बुझाएर जीवनभर उसकै लागि सबै कुरा समर्पण गर्नुपर्ने उसको अभावमा मन सधैं आतङ्कित हुने विषयलाई कवितामा धेरै किसिमका उदाहरण र बिम्बहरू दिएर सुन्दर बनाइएको छ । कविताको सुरुआतमै असभ्य भगवान् भनिएको छ किनभने विना अनुमति मनभित्र प्रेम उत्पन्न भएको छ । त्यसलाई मन निषेधित इलाका र मुटुमा प्रेमको बम पड्काइएको भनिएको छ किनभने न त भगवान् असभ्य हुन्थ्यो न प्रेम कुनै विस्फोटक पदार्थ हो । यो त खाली प्रतीक मात्रै हो । कवितामा अपहरण गर्नु र जीवनको फिरौती माग्नु सपना कपडाझैँ मिलाएर राख्नु, छातिको दराजमा चावी लगाउनु, रहरहरूको बीउ छर्नु, आँखामा पर्दा लगाउनु, हृदयको दहमा पौडनु, प्रेमलाई आतङ्ककारी भन्नु, स्मृतिको ओभरडोज हुनु, रातहरू अपदस्त गरिनु, प्रेमको लोरी सुनाउनु, आफूलाई पृथ्वी, खोला, हवा र प्रेमीलाई सूर्य, समुद्र र पहाड सम्झनु, प्रेमीको छातीलाई प्रेमको पाठशाला मान्नु, करडहरूको मन्दिरभित्र उसलाई उभ्याउनु, आतङ्कारीलाई भगवान् भनेर पूजा गर्नु आदि प्रशस्त बिम्ब र प्रतीहरूले खचाखच भरिएको छ ।

**(छ) उद्देश्य**

*भगवान्* कविता यथार्थमा आधारित छ । यस कविताले प्रेमको वास्तविकताको सन्देश दिन्छ । प्रेमको पाठशालाभित्र नेपाली प्रेमी र प्रेमिकाको स्थान के-के हुँदोरहेछ भन्ने कुराको सन्देश लिएर आएको यो कवितामा यिनलाई पुष्टि गर्ने उद्देश्य सहितका प्रशस्त उदाहरणहरू छन् ।

**४.२.३.३. *कविकुनाको अँध्यारो चेपबाट* कविताको विश्लेषण**

**(क) शीर्षक**

कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *बोध र प्रेम* उपशीर्षकभित्र पर्ने तेस्रो रचना हो *कविकुनाको अँध्यारो चेपबाट* । यो कवितामा एउटा कविको कविता

लेखनप्रतिको धारणा अभिव्यक्त भएको हुनाले कविकुनाको अँध्यारो चेप भनिएको हो । तीन शब्दमा रहेको यो शीर्षकमा दुईवटा विशेषण र एउटा नामशब्द रहेका छन् । कविकुनाको र अँध्यारो शब्दले विशेषण तथा चेपबाट भन्ने शब्दले नामलाई बुझाएको छ । यहाँ 'कविकुना' भन्नाले रक्सी बेच्ने पसललाई बुझिन्छ जहाँ कवि पुगेर एक छेउमा बसेको छ र उसले देखिरहेछ रक्सीले मातेका बेला त्यहाँ रहेका विभिन्न क्षेत्रका मानिसहरूले नशा त्यागेपछि सपनाजस्तै हराउने गरेका ठूलाठूला विश्लेषण र व्याख्याहरू बेसुरमा भट्याइरहेका छन् । यही कुरा एक छेउबाट अवलोकन भएको विषयलाई कवितामा उनिएको हुँदा यसको शीर्षक सार्थक रहेको छ । यहाँ केही कविहरू विभिन्न किसिमका कविहरूका कवितासँग सम्बन्धित आवाजहरू व्यक्त गरिरहेका छन् । फरक-फरक ढङ्ग र ढाँचामा कविता लेखिएका छन् । एक कविले ध्यान मग्न भएर कवितामा नयाँ-नयाँ धुनहरू सुनिरहेको छ । उसले कवितामा परिवर्तन भएको हेर्न चाहन्छ । पुराना रटानमा कविता लेखेको उनलाई मन पर्दैन । बासी विषयवस्तुमा बासी सिद्धान्त, बासी धारणा, बासी सोच आदिबाट निस्केका कविताहरू अवलोकनकर्ता कविलाई मन पर्दैन । उसले खोजेको कविताक्रान्ति फरक छ । यिनै विषयहरू कवितामा व्यक्त गरिएको हुनाले एउटा कविले आफ्नो ब्रह्मद्वारा जे देख्यो उस्तै व्याख्या गऱ्यो । कुनामा हराएको आवाज भए पनि व्यक्त गरिएका विचारहरू विशेष खालका छन् । यो अर्थले पनि यसको शीर्षक *कविकुनाको अँध्यारो चेपबाट* सार्थक बन्न पुगेको छ ।

**(ख) लयविधान**

*कविकुनाको अँध्यारो चेपबाट* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कतिपय स्थानमा अन्त्यानुप्रासको प्रयोग देखिए पनि यो नियमित छैन । लामा-छोटा पङ्तिहरूका कारण छुट्टै साङ्गीतिक झङ्कार उत्पन्न भएको छ । विषयवस्तुको प्रस्तुतिले जोड दिन खोजेका कुराहरूलाई जनाउन विभिन्न ढङ्गका ध्वनि प्रस्तुत हुन जान्छ । यसले पनि कवितालाई लयात्मकता प्रदान गरेको छ ।

**(ग) भावविधान**

*कविकुनाको अँध्यारो चेपबाट* कविता एउटा परिवर्तनकारी कविको एक सुन्दर अवलोकन हो । कविताअनुसार अस्मिता भाउजु भनेको कविताको अस्मिता हो । यसरी अस्मिता भाउजुलाई सम्बोधन गर्दै मध्यकालीन खाकामा कविता लेख्ने वा झुट्टा अभिव्यक्ति दिने कविहरूलाई परिवर्तन सिकाउनु छ । सहरमा विकसित कविताहरूले युगीन स्वाद दिन सक्दैनन् । त्यसैले हरेक वर्ग र तप्काका आवाजहरू कवितामा समेटिनु पर्छ । छुटेका मुद्दाहरू कवितामा आउनु पर्छ भनिएको छ । कवितामा कविले कविताहरू नक्कली बनेका छन्, अकविताहरूले कविताको भोक मेटिँदैन, प्रशस्ति र स्थापित कुराहरूको वर्णनले कविता बन्दैन, वास्तविक कविता हुनका लागि कवितालाई उड्नबाट बचाउनु पर्छ, कविता नै हराउने कविता लेख्नु हुँदैन, कविता घाइते बनाएर कविताको स्वाद प्राप्त हुँदैन, अस्मिताले कविताको प्राण बचाउनु पर्दछ, त्यसको लागि विद्रोह आवश्यक छ । यसैलाई कवितामा मात्तिनु र उत्ताउलो हुनु भनिएको छ, जस्तै :

*कोही न कोही अलिकति नमात्तिइकन*
*कोही न कोही हल्का उत्ताउलो नभइकन*
*कोही न कोही अलिकति अराजक नबनीकन*
*आएको छैन कहीँ कतै मुक्ति*
*भुस पलाएको समयको ढोका खोल्न । (पृ. ७०)*

**(घ) संरचना**

*कविकुनाको अँध्यारो चेपबाट* कविता लामा-छोटा पन्ध्र अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेदमा तीन पङ्क्ति र ठूलो अनुच्छेदमा नौ पङ्क्ति रहेका छन् । पङ्क्तिहरूमा एक शब्ददेखि सात शब्दसम्मका रहेका छन् । पङ्क्तिहरू लामा छैनन् । पुरै कवितामा जम्मा-जम्मी नब्बे पङ्क्ति रहेका छन् । आकारका दृष्टिले यो कविता मझौला लमाइ भएको छ । धेरै अनुच्छेद र धेरै वाक्य वाक्यांशहरूले यो कविता विषयवस्तुका दृष्टिले केही ठूलो देखिएको छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*कविकुनाको अँध्यारो चेपबाट* कविता निकै सरल भाषाशैलीमा लेखिएको छ । लामा वाक्य संरचना नभएकाले कविता बुझ्न कठिनाइ पर्दैन । बिम्ब-प्रतीकहरूको अधिकतर प्रयोग भए पनि भाव बोध सजिलै हुने गर्दछ । कतिपय उदाहरणहरूले यसको भाषा चाखलाग्दो पनि बनेको छ । कवितामा तीनवटै स्रोतका शब्दहरूको प्रयोग पनि गरिएको छ । यस्ता शब्दहरूको केही उदाहरण :

**तत्सम शब्दहरू -** कवि, काव्य, सार्थक, विद्रोह, घर्षण, स्तुति, एक, पश्चगामी, अभ्यस्ता, अन्डा, केवल आदि, **तद्भव शब्दहरू -** अँध्यारो, चिउँडो, खाँबो, दायाँ, आँखा सिँडी आदि र **आगन्तुक शब्दहरू -** अर्गानिक, गिलास, सहर, आइल्यान्ड, स्क्राच, चस्मा, ब्युटिवोन, क्यामेरा आदि ।

यो कविता प्रथम तथा तृतीय पुरुष कथन ढाँचामा भएको रचना हो । कविता लामो भएकोले केही वर्णनात्मक शैली पनि यसमा देखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*कविकुनाको अँध्यारो चेपबाट* कवितामा धेरै बिम्ब र प्रतीकहरूको प्रयोग गरिएको छ । कविताभित्रका कतिपय उदाहरणहरू पनि प्रतीकका रूपमा आएका छन् । जस्तै : गफको बाँसुरी बजाउनु, चिउँडोको भिरमा हत्केलाको खाँबो गाड्नु कविताको अर्गानिक झोल, मध्यकालीन स्मृतिको आइल्याण्ड, बूढो घुँडा धस्नु, स्क्र्याच भएको सिँडी जस्तो, पुरानो चश्मा, कवितामा हरियो झिँगाले अन्डा पार्नु, छातीको खोँचमा चिप्लेटी खेल्नु, न्याय र मुक्तिको पैतालामा काँडा बिझ्नु, बिरामी कविताका घाउहरू ड्रेसिङ गर्नु, समयले लेखिदिएको ओखती, कविताको खेतमा हरियो कुची, अकविले लगेको पानी, कविताको धार, टेलरले उडाइरहेको हलुका ऊन, जीवनको जङ्गल, विचारको मेटासिड, जवान समयका मृगौलाहरू, कविताको रगत बग्नु, कविताको अर्गानिक रक्सी, भुस पलाएको समयको ढोका

आदि सबै यो कवितामा प्रयोग भएका विभिन्न चिजहरूको प्रतीक वा बिम्ब हुन् । यसैले नै यो कविता बिम्बप्रधान नै छ भन्न फरक पर्दैन ।

**(छ) उद्देश्य**

*कवि कुनाको अँध्यारो चेपबाट* कविता सन्देशमूलक छ । यो कविताले कुनै समयमा तयार भएका सिद्धान्त र खाकामा मात्र कविता लेख्नाले समयको माग सम्बोधन हुन नसक्ने धारणा राखेको छ । मातिएझैँ, उत्ताउलो भएझैँ अराजक देखिएरै भए पनि कविताले युगीन मागलाई सम्बोधन गर्नैपर्छ भन्ने सन्देश बोकेर आएको यो कविता साँच्चिकै उत्कृष्ट छ ।

**४.२.३.४. *विस्मरण* कविताको विश्लेषण**

**(क) शीर्षक**

*विस्मरण* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्र पर्ने चौँथो रचना हो । यो कवितामा केही भुल्नु पर्ने यादहरूलाई जसरी हुन्छ भुल्नै पर्ने विषयलाई आधार बनाएर लेखिएको छ । जुन यादहरूले आफूलाई ठिक गर्दैनन्, ती यादहरू विस्मरण हुनु नै उत्तम हुन्छ भनी विभिन्न उदाहरणहरू प्रस्तुत गरिएको हुँदा यो कविताको शीर्षक रचनाको केन्द्रियतामा रहेकाले सार्थक देखिएको छ । बोल्न कठिन भएका भए पनि त्यस्ता यादहरूलाई कसरी हुन्छ विस्मरणमा ल्याउन सके बाँकी जीवन खराब यादहरूबाट चिमोटिन पाउँदैन भन्ने आशय पनि देखिएकाले शीर्षक उपयुक्त बनेको छ ।

**(ख) लयविधान**

*विस्मरण* कवितामा अन्तर्गद्यलय प्रकट भएको छ । गद्य भए पनि कविता लयात्मक झङ्कारले पूर्ण छ । कतिपय पङ्तिहरूमा अन्त्यानुप्रासको भाव झल्किएको छ । यद्यपि अनुप्रासयुक्त तुकबन्दी प्रकट गर्नु कविको कुनै मनसाय भने देखिँदैन । छोटा र लामा पङ्तिहरूले कविता पठनमा लय उत्पन्न गर्दछन् । विषयवस्तुको फरक उदाहरणले पनि फरक विषयको जोडमा एक प्रकारको लय उत्पन्न हुने देखिन्छ ।

**(ग) भावविधान**

*विस्मरण* कविता भुल्नुपर्ने यादहरूलाई धारण गरेर मन मस्तिष्कलाई घाइते बनाइरहनु आफैँमा एक कमजोरी हो भन्दै त्यस्ता यादहरूलाई भुल्नुपर्छ भन्ने भावमा तयार भएको छ । भुल्न कठिन हुन सक्छ तर सम्झिरहनुको औचित्य नभएपछि भुल्नुको विकल्प रहँदैन । खराब यादहरूले मनमा अशान्ति पाल्नुभन्दा त्यस्ता यादहरूलाई भुल्नु नै धेरै राम्रो हुन्छ भन्नु नै यसको मूल भाव हो । बिझाउने सम्बन्ध, भ्रमित परेका बाटा, आफूलाई कमजोर बनाउने आवाज, आफूलाई आइपरेका षडयन्त्रजस्ता भुल्नुपर्ने कुराहरू भुल्नै पर्दछ किनभने आफैँलाई हत्या गर्न सिकाउने पुस्तकालयका किताब होइनन्, सबै यादहरू अजम्मरी पनि होइनन्, कुनै ऋणका लागि बनाइएका जाली तमसुक पनि होइनन् । त्यसैले आफैँलाई मार्न आउने यादरूपी मित्रलाई भुल्न चाहन्छु भन्ने भावमा कविता टुङ्गिएको छ ।

(घ) **संरचना**

*विस्मरण* कविता साना-ठूला छ वटा अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेदमा तीन पङ्ति र ठूलो अनुच्छेदमा दश पङ्तिसम्म रहेका छन् । पङ्तिको आकार एकनासको छैन । जम्मा उनन्चालीस पङ्तिमा कविता पूर्ण भएको छ । सबैभन्दा छोटो पङ्ति दुई शब्दको र सबैभन्दा लामो पङ्ति आठ शब्दको देखिन्छ । यो कविता लघु आकारको छ ।

(ङ) **भाषाशैली र कथन पद्धति**

*विस्मरण* कविता सरल भाषाशैलीमा लेखिएको छ । यसमा बौद्धिकताको अंश कमी र सरल सुबोध्य भाषाशैलीको आधिक्य रहेको पाइन्छ । छोटा पङ्तिहरू समसामयिक विषयवस्तु हितकारी दृष्टान्तहरू राखिएको यो कविता सरल भइकन पनि विशेष प्रभाव छाड्ने शैलीमा तयार भएको छ । यो कवितामा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू प्रयोग भएका छन् । कवितामा प्रयुक्त सम्बन्ध, भ्रमित, हत्या, षडयन्त्र, शिलालेख आदि तत्सम शब्दहरू हुन् भने सपना, लम्पसार, बिर्सनु, हामी, जालीजस्ता शब्दहरू तद्भव हुन् । यसैगरी ओछ्यान, काउछो, आवाज, नारा, बाँकी, किताब आदि शब्दहरू आगन्तुक हुन् । लघु आकारको यो कविता धेरैजसो तृतीय पुरुष कथन ढाँचामा र अन्त्यमा प्रथम पुरुष ढाँचामा तयार भएको छ ।

(च) **बिम्ब-प्रतीक/अलङ्कार**

*विस्मरण* कवितामा बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको छ । ती प्रतीकहरूले विभिन्न विषयलाई सम्बोधन गरेका छन् । कवितामा काउछा जस्ता सम्बन्ध, भ्रमित पार्ने सपना र बाटा कमजोर पार्ने सम्बन्ध र आवाज, काखमा सुतिरहेको षडयन्त्र, आफ्नै हत्या गर्न सिकाउने किताब, काखमा बसेर छातीमा छुरा हान्ने जस्ता पद पदावलीहरू विभिन्न प्रतीकहरू बनेर आएका छन् । यिनै प्रतीकहरूका कारण कवितामा भाव गहनता देखा परेको छ । केही उपमाहरू अलङ्कारका रूपमा पनि आएका छन् । उदाहरणको रूपमा देखाइएका कतिपय तुलनात्मक शब्दहरू कवितामा राम्ररी अलङ्कृत भएका छन् ।

(छ) **उद्देश्य**

*विस्मरण* कवितामा आफूलाई सताएर नोक्सानी गर्ने जुनकुनै यादहरू भुल्न जरुरी हुन्छ भन्ने उद्देश्य लिएर आएको छ । हुन पनि सम्झिएर फाइदा नहुने नमिठा र यादहरू भुलेमा जिन्दगी सफा ढङ्गले अगाडि बढ्न प्रेरित गर्नु पनि यसको मूल उद्देश्य हो । वास्तवमा पीडादायी काला यादहरू भुलिदिनु नै उत्तम हुन्छ ।

**४.२.३.५. *स्वर्ग* कविताको विश्लेषण**

(क) **शीर्षक**

*स्वर्ग* कविता आफ्नो अत्यन्तै प्रियजनसँग हृदय साटिएको हुन्छ, त्यस्तासँग आफ्नो सिद्धान्तद्वारा अस्वीकृत कुरामा पनि स्वीकृति पैदा हुन्छ र उसको सानिध्यमा स्वर्गीय आनन्द

प्राप्त हुन्छ भन्ने विषयभाव कवितामा आएको हुनाले *स्वर्ग* शीर्षक उपयुक्त देखिन्छ । यहाँ स्वर्ग नाम शब्द हो । यसको शीर्षक एक शब्दमा भएकोले सङ्क्षिप्ततामा व्यापकता समेटिएको छ । यसरी दिइएको शीर्षक स्वर्गले खुसी, आनन्द, शान्ति र समर्पणलाई समेटेको देखिन्छ । कविताको भाव अनुकूल शीर्षक सार्थक बन्न पुगेको छ ।

**(ख) लयविधान**

*स्वर्ग* कविता गद्यलयमा लेखिएको छ । छोटा-लामा पङ्तिहरूले कवितामा साङ्गीतिकता प्रदान गरेका छन् । विषयवस्तुको उदाहरणले एक प्रकारको मिठो ध्वनि शृङ्खला उत्पन्न गराएको छ । कविता पाठकको अन्तर्लयात्मक स्वतन्त्रतामा आधारित छ ।

**(ग) भावविधान**

*स्वर्ग* कविता प्रेम र समर्पण भावमा लेखिएको छ । यो कवितामा आफ्नो सबैभन्दा प्रियजनको साथ मिल्छ भने आफू नर्क जान पनि तयार भएको, घुमेका सबै ठाउँहरू मन्दिर समान रहेका कुरालाई कवितामा समर्पणको भाव मान्न सकिन्छ । ऊविना आफू अलग हुन नसक्ने बरू सूर्यमुखी फूलझैँ उतै ढल्कने र छहराजस्तै त्यतै हाम फाल्नेजस्ता गहन प्रेमिल भावले यो कविता सम्पन्न भएको देखिन्छ ।

**(घ) संरचना**

यो कविता सङ्क्षिप्त संरचनामा रहेको छ । साना-ठूला पाँच अनुच्छेदमा कविता पूर्ण भएको छ । कवितामा सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको र ठूलो अनुच्छेद छ पङ्तिको देखिन्छ । त्यस्तै सबैभन्दा सानो पङ्ति तीन शब्दको र सबैभन्दा ठूलो पङ्ति नौ शब्दको रहेको छ । जम्मा-जम्मी बीस पङ्तिमा संरचित स्वर्ग कविता लघुआकारको सृजना हो ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*स्वर्ग* कविता सरल भाषाशैलीमा लेखिएको छ । सोझो अर्थमा लेखिएका पद तथा पदावलीहरू पनि स्वतः बिम्बको रूपमा देखिएका छन् । छोटा र बोधगम्य पङ्तिहरूले कविताको लेखनशैलीलाई सुबोध्य बनाएका छन् । कविता अत्यन्तै छोटो भए पनि शीर्षकअनुसारको अभिव्यक्तिलाई व्यक्त गर्न सक्षम देखिन्छ । कवितामा जतिसुकै सङ्क्षिप्तता भए पनि भावको गहना झल्काउने शैलीको उपयोग गरिएको छ । कवितामा व्यक्त स्वर्ग, नर्क, मन्दिर, गन्ध, जङ्गल, वर, भगवान्समान, सूर्यमुखी जस्ता शब्दहरू तत्सम हुन् र हात, खेत, ढुङ्गा, फूलजस्ता शब्दहरू आगन्तुक हुन् । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको लघु आकारको रचना हो ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

कवितामा जतिसुकै सङ्क्षिप्तता भए पनि यसमा प्रस्तुत पदावलीहरूले *स्वर्ग* कवितालाई बिम्ब र प्रतीकहरूबाट अलग बनाएको छैन । कवितामा प्रयुक्त तिम्रो हात समाएर हिँडेको बगरलाई मेरो मन्दिर भनिएको छ । यसर्थ बगर पनि मन्दिर हुनु, जङ्गल र ढुङ्गाको घर पनि मन्दिरका रूपमा प्राप्त हुनु, यी सबै प्रेमका प्रतीक हुन् । विश्वास नभएका

भगवान्सँग पनि बहस गर्न तयार हुने, आफूलाई प्रिय लाग्ने व्यक्तिहरूसँगै भए आँधीमा पस्न, नर्क जान पनि तयार भएको भन्नुले पनि प्रेमकै ऐना देखाउँछ । शीर्षक स्वयंमा प्रतीकात्मक छ । स्वर्ग शीर्षक आफैँमा आनन्द, हर्ष, खुसी, आत्मीयता, अनुकूलता आदि प्रशस्त सकारात्मक कुराहरूको प्रतीकको रूपमा आएको छ ।

**(छ) उद्देश्य**

*स्वर्ग* कविताले प्रेममा समर्पणभाव हुन्छ भन्ने सन्देश दिएको छ । कविताअनुसार प्रेमका अगाडि अस्वीकृत भावनाहरू पनि स्वतः स्वीकृतिका रूपमा समर्पित हुन जाने हुनाले त्यसैमा स्वर्गीय आनन्द प्राप्त हुन्छ भन्ने सन्देश प्राप्त हुन्छ ।

### ४.२.३.६. *सङ्गीतकार - १* कविताको विश्लेषण

**(क) शीर्षक**

*सङ्गीतकार - १* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्र पर्ने छैटौँ कविता हो । एक शब्दको शीर्षक रहेको यो कवितामा शब्दसँगसँगै १ अङ्क आएको छ । यसले यो शीर्षकको अर्को कवितातर्फ सङ्केत गर्दछ । सङ्गीतकार नाम शब्द हो । सङ्गीतकारले निकालेका कर्णप्रिय ध्वनिहरू पनि अपराधीहरूको आँखामा एक अपराधकै रूपमा चित्रित भएको भन्ने विषय प्रसङ्ग कवितामा रहेकाले यसको शीर्षक *सङ्गीतकार - १* उपयुक्त देखिन्छ । यहाँ *सङ्गीतकार - १* ले यथार्थ सङ्गीत जसमा पीडा, कोमलताका साथसाथै विद्रोहको स्वर पनि गाएकाले त्यस्ता सङ्गीत भरिएका गीतहरूलाई देखी आफ्नो खराब कर्तुत सङ्गीतमा रूपान्तरण भएको कारण उनीहरूलाई राज्यले नै नराम्रो दृष्टिकोणले हेरिरहेको अर्थमा कविता आएकाले पनि यसको शीर्षक सार्थक बनेको छ ।

**(ख) लयविधान**

*सङ्गीतकार - १* अन्तर्गद्यलय भएको कविता हो । यसमा प्रयोग भएका छोटालामा पङ्तिहरूले कवितामा एक प्रकारको साङ्गीतिक झङ्कार उत्पन्न गरेका छन् । सङ्गीतकारको सङ्गीतले सम्बन्ध जनाउने फरक-फरक उदाहरणहरू लगातार आइरहेकाले एक प्रकारको लयात्मकता उत्पन्न भइरहेको छ । गद्यलयमा भएकाले पाठकको मनमा एक प्रकारको स्वतन्त्र लय प्राप्त हुनु यसको विशेषता हो ।

**(ग) भावविधान**

*सङ्गीतकार - १* कविता एक निःस्वार्थ सङ्गीतकार जसले शान्ति, सद्भाव, प्रेम लगायतका अत्यन्त संवेदनशील शब्दहरूमा सङ्गीत भरिरहेको तर शासकहरूलाई जो आफ्नो विरुद्ध विसङ्गति औँल्याएर बोल्दा पनि औँला ठड्याएर बोल्ने गर्दछन्, तिनलाई लक्षित गरेर उनैको मर्ममा प्रहार गर्ने गरी सङ्गीत भरेको भन्दै आरोप लगाएर नराम्रो दृष्टिले हेरेको विषय प्रसङ्गलाई धारण गरेको छ । यो कविता विद्रोह र असन्तुष्टिको भावनामा आधारित छ । कवितामा स्वतन्त्र रूपमा जे देखिन्छ, त्यसलाई सङ्गीतमा

अभिव्यक्त भएकाले खराब कृत्य गरिरहेका व्यक्ति एवं राज्यसत्तालाई नै हुन पुगेकाले सङ्गीतलाई नै अपराधीको संज्ञा दिइएको अत्यन्त मार्मिक भाव यस कवितामा पाइन्छ । कविताअनुसार सङ्गीतका शब्दहरूले हरेक वर्ग, क्षेत्र र कर्मका खराब प्रवृत्तिहरूमाथि विद्रोह गरेको ठानेर सङ्गीतकारलाई अपराधीका दृष्टिले हेर्ने जस्तो विडम्बनापूर्ण कार्य भइरहेको यथार्थलाई यो कविताले व्यङ्ग्यात्मक भावमा अभिव्यक्त गरेको छ ।

**(घ) संरचना**

*सङ्गीतकार - १* साना-ठूला आठ अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेदमा तीन पङ्क्ति र सबैभन्दा ठूलो अनुच्छेदमा नौ पङ्क्ति रहेका छन् । जम्माजम्मी चवालीस पङ्क्तिमा संरचित यो कविता लघु आकारको नै मानिन्छ । पङ्क्तिहरूमा सबभन्दा सानो पङ्क्तिमा एक शब्द र ठूलो पङ्क्तिमा आठ शब्द रहेका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*सङ्गीतकार - १* कविता केही बाङ्गो अभिव्यक्तिगत शैलीमा तयार भएको छ । सङ्गीतलाई विसङ्गतिको रूपमा व्याख्या गर्नेहरूको परिभाषामाथि व्यङ्ग्य प्रहार गर्नु यो कविताको उद्देश्य हो । गीत-सङ्गीतका माध्यमबाट उत्पन्न भएका कुराहरूलाई अपराध ठान्ने मानसिकता विरुद्ध व्यक्त गरिएको कविताको व्यङ्ग्य भाषा प्रभावकारी ढङ्गको छ । व्यङ्ग्यात्मकताले कविता रसिलो बनेको छ । कविताले सङ्गीतको पक्षपोषण गरेको छ । त्यसैले पनि यसको भाषाशैली प्रभावकारी छ । यस कवितामा तत्सम, तद्भव र आगन्तुक सबै प्रकारका शब्दहरू प्रयोग भएका छन् । जसअनुसार अराजक, देश, जङ्गल, लय, अभद्र, राज्य, न्याय जस्ता शब्दहरू तत्सम हुन् । त्यसैगरी चरा, झरना, ठूलो, बाँसुरी, तबला आदि शब्दहरू तद्भव हुन् । फैलिनु, सितार, गिटार, सारङ्गी आदि शब्दहरू आगन्तुक हुन् । छोटा पङ्क्ति र लघु आकारमा लेखिएको यो कविताको भाषाशैली सङ्क्षिप्त र बोधगम्य रहेको छ । *सङ्गीतकार - १* कविता प्रथम पुरुष र तृतीय पुरुषको मिश्रित कथनढाँचामा रहेको छ ।

**(च) बिम्ब-प्रतीक**

*सङ्गीतकार - १* कवितामा विविध बिम्ब र प्रतीहरूको प्रयोग भएको छ जसले गर्दा यो कविता रसिलो बनेको छ । व्यङ्ग्य बिम्ब र प्रतीकहरूको उपयोग भएको हुनाले कविता सुन्दर बनेको छ । कवितामा अराजक देश, बाटोलाई गाउन सिकाउनु, आकाशलाई सुरमा फैलन सिकाउनु, जङ्गलका चराहरूलाई लयमा गाउन सिकाउनु, न्याय, समानता र अनुशासनको कुरा अभिव्यक्त गर्नु, कानुनको चङ्गा रोकिनु, विद्रूपताको नदी अडिनु, अन्धा आसनको चकचकी घट्नु, विसङ्गतिको हलचलको गति मन्द हुनु, सरगम र लयको कुरालाई अपराध भनी व्यङ्ग्य गर्नु जस्ता कुराहरू कवितामा लेखिएका एक से एक बिम्बहरू हुन् ।

**(छ) उद्देश्य**

*सङ्गीतकार - १* कविताले विकृति विसङ्गतिलाई आफ्नो सङ्गीतद्वारा औँल्याएको शान्ति, सद्भाव, समानता र स्वतन्त्रताको पक्षपोषण गर्दा पनि राज्य त्यसै विरुद्ध खनिएको

हुनाले यो विसङ्गतिलाई व्यङ्ग्य भावमा प्रस्तुत गर्नु परेको एवं त्यस्ता कथित अपराधलाई कविले समर्थन गरेको विषयलाई उद्देश्यको रूपमा कविताले प्रकट गरेको देखिन्छ ।

### ४.२.३.७. ***सङ्गीतकार - २*** **कविताको विश्लेषण**

#### (क) शीर्षक

**सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्रको सातौँ कविता हो - *सङ्गीतकार - २* । यस कवितामा सङ्गीतकारका कुराहरू भन्दा संयोगले सङ्गीत सुन्न गएको कविका भावनाहरू चित्रित छन् । सङ्गीतकार शब्द नाम शब्द हो । यसको अर्थ सङ्गीत उत्पादक भन्ने हुन्छ र २ अङ्कले सादृश्य शीर्षकलाई जनाउँछ । कवितामा एकजना कवि संयोगवश सङ्गीत सुन्न जाँदा मनमा धैर्य लिएर मात्र सङ्गीत सुन्न सकिने, शान्त वातावरणमा लामो समय लिएर आँखा चिम्लिँदै सुनेपछि मात्र सङ्गीतको स्वाद थाहा हुने तर यो कविताको कवि आँखा चिम्लेर कविता सुन्ने अवस्थामा नरहेको अनि पारिवारिक दायित्वले किचिएको हुनाले आँखा चिम्लिएर सुन्नुपर्ने सङ्गीत सुन्न नसक्ने भन्ने विषयभावलाई समेटिएको हुनाले यसको शीर्षक *सङ्गीतकार-२* उपयुक्त रहेको देखिन्छ किनभने कविताको विषयवस्तुलाई सङ्गीतकै सेरोफेरोमा लेखिएको छ ।

#### (ख) लयविधान

*सङ्गीतकार-२* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । निकै छोटा पङ्तिहरू हुनाले शब्दशब्द तथा अक्षर-अक्षरमा जोड दिँदै वाचन गर्नुपर्ने हुनाले एक प्रकारको लय आफैँ उत्पन्न हुन्छ । कतिपय पङ्तिहरूमा अन्त्यानुप्रासको उपस्थिति पनि देखिन्छ । जस्तै :

*मलाई कहाँ कहाँ पुऱ्याउँछ तिम्रो सङ्गीतले*
*कहाँ कहाँ उडाउँछ*
*डुबाउँछ र खसाउँछ*
*अनिवार्य छ फर्किन*
*जीवनको सतहमा*
*तर मलाई कतै गायब पार्छ तिम्रो सङ्गीतले ।* (पृ. ७६)

#### (ग) भावविधान

*सङ्गीतकार-२* कवितामा एउटा कविको सङ्गीतप्रतिको दृष्टिकोण जसले अनेकन दायित्व बोध गरेर संसारलाई हेरेर कविता लेखिरहेको छ - प्रस्तुत भएको छ । सङ्गीतका साधकहरू सङ्गीतमा लामो समयसम्म डुब्छन्, चिन्तन गर्छन्, रियाज गर्छन् र कर्णप्रिय आवाजमा सङ्गीत निकाल्छन् । उनीहरूले निकालेका सङ्गीतका धुनहरू बुझ्न श्रोताले पनि आँखा चिम्लनै पर्छ तर कविताको पात्र कवि यस्तो गर्न सक्दैनन् किनकि ऊसँग समय छैन र दायित्वबोधले स्थिर भएर बस्ने वातावरण पनि छैन । त्यसकारणले उसले सङ्गीतकारको सङ्गीत आँखा चिम्लेर सुन्न सक्दिन भनेको छ । सङ्गीतले उडाउँछ, डुबाउँछ, खसाउँछ तर कविलाई जीवनको सतहमा फर्कनु पर्नेछ । कवि आँखा खोलेर नयाँ मार्ग पहिल्याउँदै दायित्वबोध गर्नुपर्ने कुनै पनि कुरा नछुटाउँदै अगाडि बढ्न चाहन्छन् तर सङ्गीतकार

सङ्गीतको ढोकाबाट पसेपछि परिवार, समाज र आफूलाई नै बिर्सिरहेको हुन्छ । त्यो वास्तवमा अकर्ण्मयताको मार्ग जस्तै हो भन्ने विचार कवितामा व्यक्त भएको छ । सङ्गीतको धुनमा आँखा चिम्लेर लाग्दा जहाज, छोराछोरीहरूको प्राण नधानिन सक्छ । यसैले सांसारिक विषयलाई त्याग गरी एकोहोरिएका मान्छेहरू मात्र सङ्गीत सुन्न-सुनाउन सक्छन् भन्ने भाव कवितामा पाउन सकिन्छ ।

**(घ) संरचना**

*सङ्गीतकार-२* कविता लघु प्रकृतिका तेह्र अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको र ठूलो अनुच्छेद नौ पङ्तिको देखिन्छ । कविता जम्माजम्मी एकसठ्ठी पङ्तिमा पूर्ण गरिएको छ । पङ्तिले मध्यम आकार दिन खोजे पनि पङ्तिका शब्द सङ्ख्याले लघु आकारको मान्न सकिने अवस्था छ । सबैभन्दा सानो पङ्ति दुई शब्द त्यसमा पनि तीन अक्षरको र सबैभन्दा लामो पङ्ति सात शब्दको रहेको देखिन्छ । कविताको ढाँचा सिंहावलोकन गर्दा अत्यन्तै छोटा पङ्तिहरूको सङ्ख्या अधिकतर देखिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*सङ्गीतकार-२* कविताको कथन पद्धति जटिल प्रवृत्तिको छैन । अत्यन्तै लघु आकारको पद पदावलीहरू भएका पङ्तिहरू भएकाले कविताका विषयवस्तु बुझ्न त्यति कठिन पर्दैन । शब्द-शब्दमा जोड दिइएका पङ्तिहरूले छोटै भए पनि लामो अर्थ बोकेका छन् । कवितामा प्रायः सामान्य पदक्रम नै देखिन्छ । मिल्दा विषयवस्तुहरूको लगातार प्रस्तुतिले दृष्टान्तको काम गरेका छन् । बिम्बात्मक अभिव्यक्तिले फरक-फरक ढङ्ग र ढाँचामा व्याख्या गर्न सकिने ढोकालाई खुला गरेका छन् । कवितामा तीनै स्रोतका शब्दहरू पाइन्छन् । जसमध्ये सङ्गीतकार, सङ्गीतज्ञ, अनिवार्य, जीवन, स्वर्ग, ईश्वर, गहना, सम्भोग, पूर्णता आदि तत्सम शब्दहरू हुन् भने आँखा, तिम्रो, सिपालु, धुन, निमुखो, सपना, मान्छे, छानो आदि तद्भव शब्दहरू छन् । यसमा आगन्तुक शब्दहरूका पनि प्रयोग गरिएको छ । जस्तै : घेराबन्दी, पन्जा, टिफिनबक्स, चट्याङ, निसाना, मातेको, जादु आदि । यो कवितामा प्रथम पुरुष कथन ढाँचा प्रयोग गरिएको छ ।

**(च) बिम्ब-प्रतीक/**

*सङ्गीतकार-२* कवितामा अनेकन बिम्ब-प्रतीकहरूको पनि प्रयोग गरिएको छ । प्रयुक्त पद पदावलीहरूले साङ्केतिक रूपमा अर्थ प्रदान गरेका छन् । केही बिम्ब र प्रतीक मान्न सकिने पद पदावलीहरू यस प्रकार छन् :

आँखा चिम्लेर सङ्गीत सुन्नु, सङ्गीतले उडाउनु, डुबाउनु र खसाउनु, सङ्गीतले गायव पार्नु, पूर्णता वा सन्तुष्टि निमुखाहरूको असफल सपना मान्नु, कुरूप यथार्थको घेराबन्दी तोड्नु, कष्टको पन्जा, टिफिनबक्समा भोकमरी, चट्याङको निसानामा छानो, सुरक्षाको आत्महत्या, माछाझैँ आँखा खोलेर निदाउनु, सङ्गीतले मातेको साँझ, सङ्गीतको जादु आदि । यसरी दृष्टान्तहरू दिएर त्यसको तुल्यतामा गहन बिम्बात्मक अर्थहरू प्रस्तुत गर्ने प्रयास यो कवितामा गरिएको छ ।

**(छ) उद्देश्य**

*सङ्गीतकार - २* कविताले मानिसहरूलाई अकर्मण्यतातिर होइन, कर्मयोगतिर प्रेरित गर्नुपर्छ भन्ने गहिरो सन्देश लिएर आएको छ किनभने सङ्गीतकार जस्तो सङ्गीतमै हराउने हो भने उत्पादन, बिस्तार, सहयोग, पारिवारिक दायित्व, सामाजिक र राष्ट्रिय दायित्व जस्ता कुराहरू कसले गरिदिने ? बरू आँखा चिम्लेर होइन, आँखा खोलेर आफ्ना अगाडिका चुनौतीहरूलाई सामना गर्दै अगाडि बढ्नुपर्छ भन्ने उद्देश्य कविताको रहेको छ ।

**४.२.३.८. *शरणार्थी* कविताको विश्लेषण**

**(क) शीर्षक**

*शरणार्थी* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहभित्रको उपशीर्षक *बोध र प्रेम*मा सङ्ग्रहित आठौँ कविता हो । यो कविताको विषयवस्तु शरणार्थी पीडाको केन्द्रीयतामा अडेको छ । शरणार्थीका कष्टकर परिस्थितिहरूलाई एउटा बाढीले हुत्याएको रूखसँग तुलना गर्दै शरणार्थीका पीडाहरू बुनिएको यस कविताको शीर्षक *शरणार्थी* सार्थक छ ।

**(ख) लयविधान**

*शरणार्थी* कविता गद्यलयमा लेखिएको छ । पाठकको व्यक्तिगत अन्तर्लयमा लेखिएको यो कविता आफ्नै किसिमले लय सिर्जना गरेर पढ्न सकिन्छ । कतिपय पङ्तिहरूमा अति थोरै शब्द र कतिपय पङ्तिहरूमा दुई/तीन पङ्तिसम्मको एउटै अभिव्यक्ति रहनाले अनियमित अभिव्यक्तिगत लय रहेको स्पष्ट हुन्छ ।

**(ग) भावविधान**

*शरणार्थी* कविता विभिन्न कारणले जन्मस्थान गुमाएर अर्को देश वा अन्य कुनै ठाउँमा आश्रित रही सबै कुराको पीडा अनुभूत गर्दै बाँच्ने प्रयास गरिरहेका शरणार्थीहरूको अभिव्यक्तिगत भावमा आधारित यो कविता वास्तवमै उत्कृष्ट छ । पाठक कविताका पङ्तिहरू आँखाले लखेट्दै जाँदा आफैँ शरणार्थी भएको महसुस गर्दछ, यो कविताको सचित्रभाव हो । यदि कुनै शरणार्थीले यो कविता मनन गर्ने अवसर पायो भने उसले आफूलाई कविताभित्रै प्राप्त गर्दछ । त्यसले गर्दा शरणार्थी र उसको अन्तर्रोदन एवं अझै पनि बाँच्नका लागि सङ्घर्ष गर्दै भुइँमा उभिने प्रयास गरेको भाव पनि कवितामा अभिव्यक्तिएको छ । कविताअनुसार शरणार्थीले जरो उक्किएर खोलामा पर्दै हजार चोट खाएर बगरमा फ्याँकिएको एउटा रूखसँग आफूलाई तुलना गर्न पुगेको अत्यन्त गम्भीर भाव प्रकट भएको देखिन्छ । कविताका सन्दर्भ र पङ्तिका कोमलताहरू हेर्दा कविता समग्रमा करुणभावको प्रतिनिधित्व गर्ने खालको देखिन्छ ।

**(घ) संरचना**

*शरणार्थी* कविता साना-ठूला सात अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको र सबैभन्दा ठूलो अनुच्छेद बाह्र पङ्तिको रहेको छ । जम्माजम्मी अडचालीस पङ्तिमा सीमित यो कविता पङ्तिहरू सानोमा एक शब्दका र ठूलोमा आठ शब्दसम्मका

छन् । कवितालाई त्यति ठूलो आकारको मान्न सकिने अवस्था छैन । भावगम्भीरताले ठूलो भए पनि त्यो व्याख्याको विषय हो । आकृतिगत दृष्टिले कविता लघु आकारको हो ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*शरणार्थी* कविताको भाषाशैली अभिधा शब्दशक्तिमा आधारित छ । यसमा व्यक्त भएका बिम्ब-प्रतीकहरू कुनै पनि दुर्बोध्य खालका छैनन् । एउटा शरणार्थीको जीवनको प्रारम्भिक चरणको अवस्था र शरणार्थी भैसकेको अवस्थालाई व्यक्त गर्ने तुलनात्मक शैली पनि यसमा अपनाइएको छ । कुनै ठाउँमा अति छोटा र कुनै ठाउँमा सामान्य लमाइ भएका पङ्तिहरूले भावको शृङ्खला राम्रोसँग जोडेको देखिन्छ । कवितामा तीनै स्रोतका शब्दहरू उपयोगमा आएका छन्, जस्तै : यात्री, उन्नत, दुःख, जरा, कथा, पीडा, अनिश्चित आदि तत्सम शब्दहरू हुन् भने उत्ताउलो, अभागी, माटो, ज्यान, वासना, फूल, छेउ, बतास, हाँगा जस्ता शब्दहरू तद्भव हुन् । त्यसैगरी आगन्तुक शब्दको रूपमा बगर, भेल, ठेगान, तमसुक, जाली आदि हुन् । *शरणार्थी* कविता प्रथम पुरुष कथनढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*शरणार्थी* कवितामा प्रशस्त बिम्बहरूको प्रयोग भएको छ । यो कवितामा एउटा शरणार्थीलाई बूढो रूखको रूपमा हेरिएको छ । जसरी ढलेको र बाढीमा गुल्टिँदै आएको रूखको अवस्था हुन्छ, त्यसैगरी जन्मभूमिबाट उक्किएर अन्तै गई शरणार्थी जीवन बिताउनु पर्दा त्यही रूखकै हालत हुन्छ । यसरी रूख र शरणार्थी तुलनात्मक दृष्टिले एकै हुन पुगेका छन् । रूख उक्किनु, हाँगा भाँचिनु, जरा छिन्नु, छाला उक्किनु, पछारिनु रूखको विषय हो । यो आफैँमा शरणार्थीको बिम्ब बनेर आएको छ किनकि जन्मेको ठाउँबाट अनेक पीडा कष्टहरूसँग चोटिँदै अर्को कुनै नयाँ ठाउँमा अर्काको दयामा बाँच्नु पर्ने अवस्था बाढीले बगाएको रूखको अवस्था जस्तै हो । शब्द तथा वाक्यांहरूमा देखिएका केही बिम्ब-प्रतीकहरू यसप्रकार छन् : अभागी रूख, उन्मत्त भेल, पातहरूले दुःखका गीत सुसेल्नु, जराले पीडाका कथा भन्नु, मस्तिष्कमा रिङ्गटा बोकेर हिँड्नु, सपनाको जङ्गल, अतीतका भोकहरू, आँधीहुरीको दुनियाँ, पीडाको तमसुक, उत्ताउलो बाढी आदि ।

**(छ) उद्देश्य**

*शरणार्थी* कविताले शरणार्थीको जीवन बाढीले पछारेको रूखजस्तो हुन्छ भन्दै आफू जन्मेको ठाउँ छोडी शरणार्थीको जीवन बिताउनु परेका मानिसहरूको पीडा दर्दनाक हुने सन्देश दिएको छ । जतिसुकै दुःख र कष्टहरू सहेर पनि आखिर कुनै ठाउँमा गई तङ्ग्रिएर जीवन धान्ने प्रयत्न गर्नुपर्दछ भन्ने आशावादी दृष्टिकोणको प्रवाह यो कविताको उद्देश्य रहेको छ ।

**४.२.३.९. *चस्मा* कविताको विश्लेषण**

**(क) शीर्षक**

*चस्मा* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहमा *बोध र प्रेम* उपशीर्षकअन्तर्गत समेटिएको नवौँ कविता हो । यो कवितामा *चस्मा* शीर्षक प्रतीकात्मक

रूपमा आएको हो । आँखाले देख्नु पर्ने कुरा नदेखेपछि चस्माद्वारा समाधान गर्ने गरिएकै छ । जब नजिकका देख्नु पर्ने कुरा नदेखेर टाढाका कुरा मात्रै मान्छेले देख्न थाल्छ, त्यसलाई व्यङ्ग्य गरेर अदूरदर्शीता हटाउनका लागि *चस्मा* शीर्षकमा केही व्यङ्ग्यात्मक ढङ्गले त्यस्ता खालका मानिसहरूलाई व्यङ्ग्य गर्न आएको कविताको शीर्षक निकै उपयुक्त देखिएको छ । नजिक अर्थात् आफ्नो देश, गाउँघर, परिवारको हालत ज्यादै नाजुक भइसकेको छ तर मानिसलाई दिन-प्रतिदिन विदेशी धुन चढिरहेको छ, तिनीहरूलाई नजिकको समस्या देख्नको लागि चस्मा आवश्यक नभए के हुन्छ ? यिनै भाव सारतत्त्वलाई समेट्ने गरी लेखिएको यो कवितामा *चस्मा* शीर्षक साँच्चैको सुन्दर चस्मा जस्तो भएको छ ।

**(ख) लयविधान**

*चस्मा* कविता गद्यात्मक अन्तर्लयमा लेखिएको छ । अन्त्यमा र सुरुमै पनि कतिपय शब्दहरूको पुनरावृत्तिले र कतैकतै मिलेका अनुप्रासले कवितामा एक प्रकारको लय उत्पन्न भएको छ । कतिपय जोडेर बोल्नु पर्ने शब्दावली र कतिपय एकै शब्दमा पनि विशेष जोड दिनु पर्ने विषय प्रसङ्ग रहेकाले पनि कवितामा एक प्रकारको लयात्मकता उत्पन्न हुन्छ । पाठकले यो कवितालाई आफ्नै या ऐच्छिक ढङ्गले लय दिएर कविताको रसास्वादन गर्न सक्ने देखिन्छ ।

**(ग) भावविधान**

*चस्मा* कविता व्यङ्ग्य मिश्रित भावमा रहेको छ । यहाँ चस्मा भन्नाले चस्मा चाहिने अवस्थाका, नजिकका कुराहरूलाई हेला गरेर टाढाका कुराहरूको खोजी गर्ने बहानामा सफलता प्राप्त गर्न नसकी बीचबाटोमै अलपत्र परेको कुरा स्पष्ट पारिएको छ । कविताले आफ्ना नजिकका कुराहरूलाई सम्बोधन गर्न छाडेर विदेशी भूमिबाट पैदा भएका उत्तर आधुनिकतावादी सोचलाई अँगाल्न खोज्ने विषय प्रवृत्तिलाई पनि यसले व्यङ्ग्य गरेको छ । कवितामा लेखिएका कविताहरूले बालबालिकाको नपढेको, युवाहरूलाई छटपटी भएको, गाउँघरका लास उठाउने मान्छे नभएको, बूढो किसान, घायल मजदुर आदि कसैलाई पनि नदेखेको, एकोहोरो मान्छेको तन, मन, धन विदेशतिरै हुन पुगेको विषयलाई भावको रूपमा हेर्न सकिन्छ । गाउँघर, बाटोघाटो, चौतारो, पँधेरो सबैतिर साहित्यिक विषयवस्तु बनाउन सकिने पर्याप्त चिजहरू भएको एकातिर देखिन्छ भने अर्कोतिर परिवार, घर, समाज आदि नजिकका स्थानहरूमा ठूलाठूला समस्याहरू परिरहेको छ तर मान्छे भने सुदूर देशहरूमा आँखा लगाइरहेको भाव पनि कवितामा स्पष्ट झल्केको छ । यस्तै कारणले देशले बाटो छोडेर कुनै भीरबाट लड्न सक्ने सम्भावना देखिएको जस्ता गहकिला भावहरूले कविता तौलयुक्त बनेको छ ।

**(घ) संरचना**

*चस्मा* कविता साना-ठूला एघार अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद तीन पङ्तिको र ठूलो अनुच्छेद चौध पङ्तिसम्मको देखिन्छ । पङ्तिहरूमा सबैभन्दा सानो

पङ्क्ति एक शब्दको र सबैभन्दा ठूलो पङ्क्ति सात शब्दको देखिन्छ । कविता जम्माजम्मी छैसठ्ठी पङ्क्तिमा टुङ्गो लागेको छ । यो कविता मझौला आकारको छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*चस्मा* कविता व्यङ्ग्यपरक शैलीमा लेखिएको छ । कविताका भित्री विषयवस्तुहरू फरक ढङ्गमा देखिए पनि भावनात्मक रूपमा एकीकृत अर्थ दिने देखिएका छन् । जुतिसुकै फरक उदाहरण आए पनि एउटै प्रष्ट्याइँ दिन सफल यी पङ्क्तिहरू साँच्चिकै सुन्दर छन् । समग्रमा कविता सरल छ । छोटा पद र पदावलीहरूले कवितामा छुट्टै स्वाद दिइरहेका छन् । यो कवितामा तीनवटै स्रोतका शब्दहरू लेखिएका छन् । जुन यसप्रकार छन् :

**तत्सम शब्दहरू -** कविता, बालक, मुक्ति, आन्दोलन, संयोग, मानिस, पीडा, विदेश, जीवन, अप्राप्य, सुन्दरता आदि । **तद्भव शब्दहरू -** आँखा, नयाँ, धुवाँ, काँध, मुक्ति, संयोग, धुन आदि । **आगन्तुक शब्दहरू -** किताब, लास, फोरडी, सिनेमा, महसुस, दुर्बिन, एसएलआर क्यामेरा, परख, बजार, चस्मा, स्प्रिन्टर, हर्डल ट्र्याक आदि ।

यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*चस्मा* कविता आफैँ एक बिम्बात्मक शीर्षकमा संरचित छ । यहाँ नजिकका समस्याहरू नदेख्ने दृष्टिमा कमजोर छन्, जसलाई चस्माले सहयोग गर्छ भनेर व्यङ्ग्य प्रहार गरिएको छ । कवितामा बिम्ब र प्रतीकका रूपमा आएका पद-पदालीहरूमा कविताको आँखा कमजोर हुनु, अदूर दृष्टि देखिनु, किताबाट धुवाँ उड्नु, छातिबाट सुस्केरा निस्कनु, लासहरू कुहिनु, बूढो किसान अनौं तान्दा तान्दै मर्नु, महँगीको चुच्चाले ठुँगिनु, कविताको नाकमाथि चस्मा सुहाउनु, धारिलो हतियार घाँटीमा झुण्डिनु, पीडाका अरिङ्गालहरूले लखेट्नु, ढुक्क सुत्नु, खतरनाक हुनु, सुन्दरताको लागि भौँतारिनु, समयका खुट्टा कुहुनु, देश ट्र्याकमा पछि पर्नु, अमेरिका चीन वा युरोपका राष्ट्रिय धुन सुन्नु, आफ्नो देशको नामो निशाना मेटिनु आदि । यी हरेक कुराहरूले यो कवितालाई बिम्बात्मक वा प्रतीकात्मक बनाएको हो । कवितामा आएको व्यङ्ग्य भावले व्यञ्जना शब्दशक्तिको प्रमाण मान्न सकिन्छ ।

**(छ) उद्देश्य**

*चस्मा* कविताले आफ्ना नजिकका कुराहरूलाई बेवास्ता गरेर टाढाटाढा भौँतारिएको रूपमा साहित्य, कला, अर्थतन्त्र, लक्ष्य आदिलाई पुऱ्याएर मान्छेले आफूले आफैँलाई नै हेला गरिरहेको छ भन्ने सन्देश कवितामा प्रकट भएको छ । चस्मा लगाएर भए पनि नजिकका कुराहरू देख्न आह्वान गर्ने ढङ्गले लेखेको यो कविताको उद्देश्य सन्देशमूलक रहेको छ ।

### ४.२.३.१०. *भेडीगोठमा* कविताको विश्लेषण

**(क) शीर्षक**

*भेडीगोठमा* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको *बोध र प्रेम* उपशीर्षकअन्तर्गत पर्ने दसौं कविता हो । यस कवितामा जीवनका पाटामा देखापरेका

हरेक कुराहरूलाई शङ्काका दृष्टिले हेर्ने कुरालाई विशेष जोड दिइएको छ । हरेक कुरामा शङ्का गर्ने तरिकालाई यहाँ शङ्कारूपी भेडाहरू भनिएको छ । कुनै पनि ठाउँमा शङ्का नगरी बस्नै नसकिने अवस्था देखा परेकाले कविले शङ्काका भेडाहरू नेपाली हिँड्नै नसक्ने अवस्था देखापरेको सन्दर्भमा धेरै शङ्काहरू उब्जिएको कारणले पनि यसलाई शङ्काको बथानको रूपमा लिएर *भेडीगोठ* शीर्षक राखेको उपयुक्त देखिन्छ । यहाँ भेडीगोठ एक समस्त शब्दको रूपमा आएको छ । भेडाहरूको गोठ भेडीगोठ भन्ने तत्पुरुष समस्त शब्दको रूपमा आएको यो शब्द प्रतीकात्मक छ । यहाँ 'म' भन्नाले कवि र नेपालका नागरिक भन्ने अर्थबोध हुन्छ । प्रत्येकजसो व्यक्तिहरू शङ्के-शङ्काको तापभित्र बाँचिरहेका छन् । यसलाई कवितामा विभिन्न दृष्टान्तहरू उल्लेख गरेर स्पष्ट पारिएको छ । यहाँ कविलाई सकारात्मक सोच एउटा हाँसो उठ्दो विषय भएको बताउँछन् । यो पनि शङ्काकै घेराभित्र रहेको छ । माथिदेखि तलसम्मका हरेक व्यक्ति, निकाय, व्याख्या र विचारहरू शङ्का नगरी नहुने अवस्थामा छन्, यसरी शङ्काको लङ्का ज्यादै व्यापक हुँदै गएकाले त्यसलाई हास्य स्वरूप भेडीगोठ भन्नु अनुपयुक्त हुँदैन ।

**(ख) लयविधान**

*भेडीगोठमा* कविता स्वतन्त्र गद्यलयमा रहेको छ । साना-ठूला आकारका पङ्तिहरूमा पर्ने विषयवस्तुगत जोडले एक प्रकारको तरङ्ग पैदा हुन्छ । प्रायः अनुप्रासयुक्त पदावलीहरू देखिँदैनन् तर पङ्तिका कतिपय शब्दहरूको पुनरावृत्तिले आफैँमा एक प्रकारको लय सिर्जना भएको छ ।

**(ग) भावविधान**

*भेडीगोठमा* शीर्षकको यो कविता शङ्के-शङ्काको समूहलाई आधार बनाएर लेखिएको छ । जिन्दगी नै शङ्काको भरमा बाँचेकाले त्यसलाई भेडीगोठ नाम दिइएको छ । हरेक ठाउँमा शङ्का गर्नु अनिवार्य हो तर पनि गर्न नपाइने बाध्यात्मक अवस्था समाजमा देखापरेको छ । नेपाली परम्परा तथा धर्म-संस्कृतिले शङ्कालाई निषेध गरेको छ । शङ्काले आफूलाई नै बिगार गर्छ भनेको छ तर कुनै विचारमाथि शङ्का गरिएन भने अझै उत्कृष्ट विचारको प्रादुर्भाव हुन सक्दैन । अरूले गरेको कार्यमा प्रश्नचिह्न खडा गर्नुलाई सामान्य अवस्थामा हाम्रो समाजले राम्रो मान्दैन । त्यसैले कविले कविकुना (भट्टी)मा गएर नशाले बेसुर बन्नुपर्छ तबमात्रै प्रश्न र शङ्का गर्न पाइन्छ भन्ने किसिमको भाव यस कवितामा प्रकट गरेका छन् ।

**(घ) संरचना**

*भेडीगोठमा* शीर्षकको कविता आकारको दृष्टिले मध्यम खालको संरचनामा रहेको छ । यो कविता साना-ठूला गरी चौध अनुच्छेदमा संरचित छ । यहाँ सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको छ भने लामो अनुच्छेद छ पङ्तिसम्मको छ । यसैले अनुच्छेदको आकार लघु प्रकृतिको मान्न सकिन्छ । यसमा जम्मा छपन्न पङ्ति रहेका छन् । सबैभन्दा सानो पङ्ति एक शब्दे र ठूलो पङ्ति नौ शब्दको छ । अनुच्छेद सङ्ख्या बढी भए पनि छोटा अभिव्यक्तिगत संरचनामा यो कविता रहेको देखिन्छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*भेडीगोठमा* कविताको भाषाशैली केही घुमाउरो किसिमको छ । कविताको विषयवस्तुको विश्लेषण गर्ने हो भने ज्यादै व्यापक हुन्छ तर कविता व्यापकताभित्रको सङ्क्षिप्तता प्रकट भएको ढङ्गमा छ । त्यसैले यसलाई सूक्ष्म तत्त्वभित्र व्यापक ब्रह्माण्ड भेट्न सक्ने किसिमको मान्न सकिन्छ । यो कवितामा व्यक्त भएको शैलीले सोझा-बाङ्गा सबै खालका अभिव्यक्तिहरू स्पष्ट गरेको छ । प्रायः सबैजसो पङ्क्तिहरू अभिधात्मक छन् । कवितामा तीनै स्रोतका शब्दहरू पाइन्छन् । जस्तै : जीवन, सम्पत्ति, धर्म, भूत, भविष्य, वर्तमान, गर्भ, मन, ज्वालामुखी, मानक, भगवान्, दुःख, सम्बन्ध, समवेत आदि तत्सम शब्दहरू हुन् । त्यस्तै गोठ, सुन्दरी, मानिस, साथी, ऊन, मात्नु, छाती आदि तद्भव शब्दहरू हुन् भने चुपचाप, साथी, गरिब, स्वकल्ड, डेट, एक्सपायर्ड, अच्छा, वह, होगा, बजार, फजुल, ज्यान, कसम आदि शब्दहरू आगन्तुक हुन् । यो कविता प्रथम पुरुष कथन ढाँचामा रहेको छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*भेडीगोठमा* कविताभित्र विभिन्न बिम्ब र प्रतीकहरू रहेका छन् । यसको शीर्षक आफैँमा एक बिम्बात्मक शब्द हो किनभने यहाँ भेडीगोठ वास्तवमै भेडाहरूको गोठ होइन, हरेक ठाउँमा हुने शङ्काहरू नै भेडा हुन् । शङ्काग्रस्त कामहरू नै भेडापालन हो । कवितामा व्यक्त जीवनको भेडीगोठ, शङ्काका भेडा, सत्य सुन्दरी बस्ने दुनियाँ, मनको गर्भ, शङ्काको ज्वालामुखी, मिति गएको सकारात्मक सोचको ओखती, बजारको बौद्धिकता, शङ्काका भेडाहरूको ऊन, कविकुना, छातीमा न्यानो घाम, ज्यानमारा एकान्त आदि सबै यस कविताका बिम्ब-प्रतीकका रूपमा आएका पद पदावलीहरू हुन् । यिनको एकसे एक गहन अर्थ छ ।

### (छ) उद्देश्य

*भेडीगोठमा* शीर्षकको यो कविता व्यङ्ग्यात्मक सन्देश लिएर आएको छ । यसले शङ्कालाई भेडा र जीवनलाई भेडीगोठ भन्नुको मतलब यहाँ हरेक क्रियाकलापहरू शङ्का गर्न लायक भएको तैपनि शङ्का गर्न भने नपाइने अवस्थाको चित्रण गरिएको छ । पहिले भएका सम्पूर्ण कार्यहरू वा अरूका सम्पूर्ण विचारहरू शङ्का गर्नयोग्य नै हुन्छन् भन्ने होइन तर पनि त्योभन्दा नवीन कार्यको थालनीका लागि त्यसमाथि शङ्का र प्रश्न गर्नु जरुरी हुन्छ भन्ने विचारलाई उद्देश्यको रूपमा कवितामा व्यक्त गरिएको छ ।

## ४.२.३.११. *पहाड सुन्दरी* कविताको विश्लेषण

### (क) शीर्षक

*पहाड सुन्दरी* कविता कवि भूपिनको **सुप्लाको हवाइजहज** कवितासङ्ग्रहमा सङ्ग्रहित *बोध र प्रेम* उपशीर्षकअन्तर्गत पर्ने एघारौँ रचना हो । यसको शीर्षक 'पहाड' र 'सुन्दरी' दुई शब्दले बनेको छ । दुई अलग शब्दमा लेखिए पनि यसले समस्त अर्थ दिएको छ । यसको विग्रहित अर्थ उपमान उपमेयको रूपमा आएको छ । पहाडरूपी सुन्दरी पहाड सुन्दरी भन्न

मिल्ने यो कवितामा नेपाली भूमिको प्राकृतिक सुन्दरता अति कलात्मक ढङ्गले अभिव्यक्त गर्न खोजिएको छ । नेपाल जस्तो देखिन्छ, त्यसलाई एउटी सुन्दर नारीको रूपमा चित्रित गरेर काव्यशृङ्खला अगाडि बढाइएकोले दिइएको शीर्षक अत्यन्तै सार्थक बनेको छ । सम्भावित शीर्षकहरू अन्य हुन सक्ने भए पनि *पहाड सुन्दरी* शीर्षक नै बढी सुन्दर र सार्थक देखिएको छ ।

### (ख) लयविधान

*पहाड सुन्दरी* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । यो कविता पाठकको अन्तर्मनबाट जस्तो लयात्मक ध्वनि उत्पन्न हुन्छ, त्यो नै यसको लय बन्न पुग्दछ । धेरै शब्दसङ्ख्या देखिए पनि अत्यन्तै लघु प्रकृतिका शब्द हुनाले कविता गायनमा कुनै बाधा उत्पन्न हुँदैन । विषयवस्तुको सघनता र सुन्दरताको परिकल्पना एक नारी सौन्दर्यलाई बिम्बको रूपमा हेरेर वर्णन गरिएकाले यसमा स्वतः एक लयात्मक तरङ्ग पैदा हुन्छ । छोटा र लामा पङ्तिको प्रस्तुतिले कवितामा कतिपय पङ्ति पुनरावृत्ति गरी लय सिर्जना गर्न सक्ने देखिन्छ । प्रायः अनुप्रासहरू नभएको यो कवितामा केही शब्द पुनरावृत्ति भने भएकै छ । यसबाट पनि यसको लयात्मकता ज्ञात हुन्छ ।

### (ग) भावविधान

*पहाड सुन्दरी* कवितामा शृङ्गारिक भाव पाइन्छ । नेपालको प्राकृतिक सुन्दरतालाई एउटी अत्यन्त सुन्दरी नारीको परिकल्पना गरी त्यसैमा बगेर लेखिएको यो कविता साँच्चिकै सुन्दर भावको नमुना हो । कवितामा हिमाल, पहाड, हरियाली, झरना, वर्षा आदिलाई सुन्दर नारीका शिरदेखि पाउसम्मका सुन्दर अवयवलाई सादृश्य प्रस्तुत गरेर लेखिएको यो कविताले प्रकृतिप्रेम एवं राष्ट्रिय भावलाई जागृत गरेको छ । नेपाली पहाडी भूमिको वर्णन गर्न हजारौँ वर्ष लाग्ने भएकाले आफ्नो छोटो जिन्दगीमा त्यसको वर्णन गर्न सम्भव नभएको भन्ने काव्यिक अभिव्यक्तिले पहाडको अनुपम प्राकृतिक सुन्दरताको वकालत भएको पाइन्छ । कवितामा आफ्नो शिरमा मेघ गर्जिएर चट्याङ परे पनि पहाडलाई कोय मिस्ट्रेसको नामले सम्बोधन गरिएकाले अन्तर्राष्ट्रिय रूपमा प्रख्यात एक सुन्दर कविताजस्तै पहाड भन्न खोजिएको छ साथै बढ्दै गएको अज्ञानताको प्रदूषणले यो सुन्दरतालाई खल्बलाउन सक्ने सम्भावना बढेकाले त्यस्तो नहोस् भन्ने कामना पनि गरिएको छ । यिनै अत्यन्त अर्थपूर्ण अभिव्यक्तिमा रचिएको यो कविताको भाव निकै उत्कृष्ट रहेको छ ।

### (घ) संरचना

*पहाड सुन्दरी* कविता लघु संरचनामा छ । यसमा साना-ठूला गरी नौ अनुच्छेद रहेका छन् । दुई पङ्तिदेखि बाह्र पङ्तिसम्मका अनुच्छेदहरू रहेका छन् । जम्मा-जम्मी बाउन्न पङ्तिमा पूर्ण भएको यो कविता दुईदेखि आठ पङ्ति शब्दसम्मको रहेको छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*पहाड सुन्दरी* कविता सरल भाषाशैलीमा लेखिएको छ । यो कविता नेपाली पहाडी भूमिको सुन्दरता वर्णन गर्न विभिन्न उदाहरण र नारी सुन्दरताको उपमा समेत जोडिएकाले

पहाडको सुन्दर पक्षको विषय बुझ्न कठिन हुँदैन । अभिव्यक्ति शैलीमा घुमाउरोपन कम हुनाले सजिलै यसको आशय पहिचान गर्न सकिन्छ । मस्तिष्कमा नारीको सुन्दरता चित्रित गरेर त्यसैलाई पहाडमा प्रतिस्थापन गरिएको यो कविता वास्तवमा निकै सरल छ । केही आगन्तुक पदावलीहरूको प्रयोग गरे पनि त्यसमा नेपाली सुन्दरताकै पक्षपोषण भएको छ । कवितामा तत्सम, तद्भव, आगन्तुक सबै प्रकारका शब्दहरू रहेका पाइन्छ । यसभित्र उपयोग गरिएका संयोग, शीतल, शरीर, वर्ष, स्तन, वर्णन, सर्वाङ्ग, गीत, वदन, मेघ, शिर, प्रिय, वर्षात्, दुर्घटना, अज्ञान आदि तत्सम शब्दहरू हुन् भने उखुम, पानी, उत्ताउलो, कपाल, चिउँडो, आँखा, जुनी, हावा, माटो वासना, छाती, पिठ्युँ, हात डढाउनु आदि तद्भव शब्दहरू हुन् । त्यसैगरी मुलायम छाला, फोहोरा, कोय मिस्ट्रेस, बखान, साबुन, मयल, रुमाल, अर्गाज्म, खडेरी, वेस्टल्यान्ड, कारखाना, चिम्नी जस्ता शब्दहरू आगन्तुक हुन् । यो कविता प्रथम पुरुष कथन ढाँचामा रहेको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*पहाड सुन्दरी* कवितामा बिम्ब-प्रतीकहरूको प्रयोग प्रशस्त भेटिन्छ । पहाडलाई एक सुन्दर नारीको रूपमा चित्रित गरेर सुन्दरताको वर्णन गर्नु आफैँमा एक बिम्ब हो । कविले पहाडको प्राकृतिक सुन्दरतामा एउटा नारीमा भएका सुन्दर अवयवहरू देखे, त्यसलाई विभिन्न नामहरू दिए जसले नेपाली प्राकृतिक सुन्दरताको खुलेर प्रशंसा गर्न पुगे । यसमा प्रयोग भएका केही बिम्ब-प्रतीकहरू यसप्रकार छन् : पहाड सुन्दरी, हिमालमा टाक्के लगाएर निस्केको शीतल हावा, कपालमा पानीको शीतल फोहोरा, चिउँडोबाट झरना, बज्र आएर शिरमा खस्नु, कोय मिस्ट्रेसलाई देखेर अर्गाज्म हुनु, खडेरीमा सुनिने प्रिय वर्षाद्, अज्ञानको कालो धुवाँ आदि ।

**(छ) उद्देश्य**

*पहाड सुन्दरी* कविता नेपालको पहाडी भूभागको सुन्दरता वर्णन गर्न सफल रचना हो । यो सुन्दरताको वर्णन गर्न कठिन छ । यो सुन्दरतालाई आफूले बढाउन वा सहयोग गर्न आफ्ना हातहरू निकै साना जस्ता लाग्छन्, अत्यन्तै सुकोमल, सुवासित, सुन्दर हराभरा, शीतल, अनेकन विशेषताले भरिएको नेपाली पहाडी भूभाग अत्यन्तै अनुपम रहेको र अज्ञानले सुन्दरता नष्ट हुने सम्भावना रहेको उल्लेख गर्दै कवितामा यसको संरक्षण र उपयोगमा समयमै ध्यान पुऱ्याउनु पर्ने सन्देश उद्देश्यको रूपमा आएको छ ।

### ४.२.३.१२. *नानीहरू* कविताको विश्लेषण

**(क) शीर्षक**

कवि भूपिनको *नानीहरू* शीर्षकको कविता उनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्र पर्ने बाह्रौं कविता हो । यसको शीर्षक एक शब्दे नाम वर्गमा पर्दछ । स्कुले बच्चाहरूलाई सम्बोधन गर्दै सत्ता टिकाउनका लाागि सरकार हिंसामा उत्रिएको र जुनकुनै बेला पनि निहुँ झिकेर कसैमाथि गोली बर्साउन सक्ने सम्भावना भएको कुरा उल्लेख गर्दै मान्छेको भोग चढ्न सक्ने अवस्थाबाट सतर्क रहन

आग्रहका साथ लेखिएको यो कविताको शीर्षक उपयुक्त नै देखिन्छ । शीर्षक *नानीहरू* राखे पनि पुरानो पुस्ताको राजनीति गर्ने व्यक्तिहरूको विरोधमा देखिएका नयाँ पुस्तालाई सङ्केत गर्न खोजिएको पनि देखिन्छ ।

**(ख) लयविधान**

*नानीहरू* कविता गद्यलयमा लेखिएको छ । कविताका पङ्तिहरूले अर्थ गहनताका कारण विशेष जोड दिएर पढ्नुपर्ने हुँदा लयको सिर्जना गर्दछन् उस्तै खालका उदाहरणहरू जोडिएर पनि लगातार भन्ने तरिकाबाट लयगत तरङ्ग उत्पन्न हुन्छ । कतिपय पदावलीहरूमा अनुप्रासको गुण पनि पाइन्छ । जस्तै :

*नानीहरू*
*ब्याट, बल र स्टम्प लिएर*
*चौरमा ननिस्क*
*ब्याडमिन्टन या डण्डीवियो बोकेर*
*बाटोमा नहिँड*
*गोजीमा गुच्चा राखेर*
*आँगनमा नझर .........* (पृ. ९०)

**(ग) भावविधान**

*नानीहरू* कविता परिवर्तनका लागि हिँडेका व्यक्तिहरू जो सत्ताको विरोध गरिरहेका छन्, तिनीहरूको जीवन बिग्रिएको सत्ताका मतिहारहरूद्वारा सङ्कटमा पर्दै गएको भन्ने विषयवस्तुमा आधारित छ । यो कविता सन्देशमूलक भावमा लेखिएको छ । यसमा व्यङ्ग्यात्मक ढङ्गले सत्ताको कार्यशैलीलाई दुष्चरित्रको प्रतीक मान्न खोजिएको छ । कवितामा स्कुले बालबालिकाहरूलाई देखाएर सर्वसाधारण जनताहरूको शिरमा लाठी बजार्ने सरकारको खराब आचरणलाई व्यङ्ग्यवाण प्रहार गरिएको छ । आफ्ना जुनकुनै सामग्रीहरू समातेर हिँड्दा पनि त्यसलाई हतियार ठानेर राज्यआतङ्क मच्चाउन बेर नलाग्ने भन्दै आतङ्ककारी नीति लिएको सरकारको विराध गरेर पार लाग्न नसकिने गहिरो भावमा कविता रचिएको पाइन्छ ।

**(घ) संरचना**

लघु आकारमा लेखिएको *नानीहरू* शीर्षकको यो कविता साना-ठूला चार अनुच्छेदमा संरचित छ । यसमा सबैभन्दा सानो अनुच्छेद दुई पङ्तिको र ठूलो अनुच्छेद दश पङ्तिको छ । जम्माजम्मी चौबीस पङ्तिमा टुङ्गिएको यो कविता छोटो, मिठो देखिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*नानीहरू* कविताको भाषाशैली सरल छ तर पनि यसले एउटै सोझो अर्थ दिइरहेको छ भन्न सकिन्छ । घुमाउरो ढङ्गले राज्य आतङ्क फैलाइरहेको सत्ताधारी सरकारको विरोध गरिएको छ । नानीहरू भन्नाले एकातिर बालबालिका देखिन्छन् भने अर्कोतिर युवा तथा जनताहरू भन्ने पनि बुझिन्छ । भावको विविधताले गर्दा मात्र यसको फरक अर्थ बुझ्नु पर्ने हुन्छ । छोटा पङ्तिहरू सार्थक शब्दहरू, कोमल अभिव्यक्ति यो कविताका शैली हुन् ।

जतिसुकै सङ्क्षिप्त भए पनि कवितामा आवश्यकताअनुसार विभिन्न स्रोतका शब्दहरू प्रयोग भएका छन्, जस्तै : वस्तु, ज्ञानी, पाठ, आतङ्क, कुरूप, पूजा, भोग जस्ता शब्दहरू तत्सम हुन् भने डण्डी, काँप्न, गोला, लामा, पाठ, दायाँबायाँ, समेत, अँध्यारो, कुना आदि तद्भव शब्दहरू हुन् र व्याट, बल, स्टम्प, ब्याडमिन्टन, बियो, गुच्चा, अचेल, नजर, बम, स्कुल, होमवर्क, सत्ता, लाठे आदि आगन्तुक शब्दहरू हुन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक**

*नानीहरू* कविता बिम्बात्मक देखिन्छ । यहाँ नानीहरू भन्नाले सर्वसाधारण जनतालाई बुझ्नुपर्ने हुन्छ । यहाँ खेलकुदका सामग्रीहरूमा हतियारको बिम्ब दिएर कविताको सन्दर्भ अगाडि बढाइएको छ । व्यवस्था लगलग काँप्नु, गोलो चिज बम ठानिनु, लामा चिज बन्दुक ठानिनु, चुपचाप अगाडि बढ्न वा नबोल्न निर्देशन गर्नु, टेडो नजरले सत्ताको सातो जानु, सत्ताको अँध्यारो कुनामा आतङ्ककारी लुक्नु, कुरूप सत्ताको पूजा गर्नु, नानीहरूको भोग चढाउनु जस्ता पद-पदावलीहरूले यो कवितामा प्रतीकात्मक अर्थ दिएका छन् ।

**(छ) उद्देश्य**

*नानीहरू* कवितामा सरकारले राज्य आतङ्क मच्चाइरहेको अवस्थामा तिनको विरोधमा आवाज निकाल्नु त परै जाओस्, आफ्ना आफ्ना काममा व्यस्त भएका जनताहरूलाई समेत आफूलाई विरोध गरेको मानेर हिंसामा उत्रिरहेको विषयलाई देखाएर खराब कार्यको विरोध गर्दा पनि ज्यान नै जान सक्ने सम्भावना भएको अवस्था प्रजातान्त्रिक होइन, अप्रजातान्त्रिक हो भन्न सूचनामूलक सन्देश प्रवाह गर्नु यो कविताको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.३.१३. *सुप्लाको हवाइजहाज* कविताको विश्लेषण

**(क) शीर्षक**

*सुप्लाको हवाइजहाज* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज**अन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्र समेटिएको तेह्रौं रचना हो । यो कवितासङ्ग्रहको शीर्ष कविता हो । यो कविताको पेरिफेरिमा सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरू उनिएका छन् । यो शीर्षकमा दुई शब्दहरू रहेका छन् । सुप्ला भनेको बाँसका बोक्राहरू र हवाइजहाज भनेको त्यसबाट बनेको हावाले आफैँ घुमाउने फिरफिरे वा बालबोलीमा हवाइजहाज भन्ने बुझिन्छ । हवाइजहाजको अर्थ स्पष्ट पार्न सुप्ला शब्द आएकाले सुप्लाको भन्ने शब्द विशेषण र हवाइजहाज शब्द विशेष्य हो । यो कविता बालचरित्रमा आधारित छ । बालबालिकाहरूले सुप्लाको उपयोग गरी फिरफिरे बनाएर दौडँदै वा हावातिर देखाउँदै घुमाउँदा अत्यन्त रमाइलो मान्ने र स्वचालित रूपमा घुमिरहेका पङ्खाहरूलाई हवाइजहाज भन्ने गर्दछन् । बालबालिकाका लागि आफूले बनाएका यस्ता चिजहरू प्रिय हुन्छन् । हवाइजहाजको सन्दर्भ उठाएर बालबालिकाहरूको सिर्जनात्मक क्षमतालाई बल पुऱ्याउने उद्देश्यले लेखिएको यो कवितामा शिक्षकहरूले बालप्रतिभाको पहिचान बेलैमा गर्नुपर्ने भन्दै एउटा शिक्षकको नाम

उल्लेख गरिएको छ । यसकारणले बालबालिकाहरूको स्वनिर्मित खेलौना सुप्लाको हवाइजहाजलाई आधार मानेर उनीहरूका हरेक सिर्जनात्मक क्रियाकलापहरू स्वतन्त्र रूपबाट अगाडि बढ्न दिनुपर्छ भन्ने विषय पुष्ट्याइँ भएकाले यसको शीर्षक *सुप्लाको हवाइजहाज* अत्यन्तै सार्थक देखिएको छ ।

### (ख) लयविधान

*सुप्लाको हवाइजहाज* स्वतन्त्र गद्यलयमा लेखिएको छ । शब्द तथा पङ्क्तिहरूको उचित संयोजनले कवितालाई लयात्मकता दिएका छन् । कतिपय शब्दहरूको अनुप्रास मिलेको र कतिपय शब्दहरूको पुनरावृत्तिले कवितालाई साङ्गीतिकता प्रदान गरेका छन् । विषयवस्तुलाई कुनै ठाउँमा विशेष महत्त्व दिइने अवस्थामा उच्च स्वर र त्यससँग सम्बन्धित सहायक शब्दहरूलाई निम्न स्वर वाचन गर्नाले पनि लय उत्पन्न हुन सक्ने देखिन्छ ।

### (ग) भावविधान

*सुप्लाको हवाइजहाज* कविता बाल मनोविज्ञानमा आधारित छ । बालबालिकाका स्वभाविक क्रियाकलापहरूलाई कतिपय अभिभावक तथा शिक्षकहरूले महत्त्व दिँदैनन् । उनीहरूलाई आफूसँग भएका असजिला र उखर्चैला नियम विनियमहरू घोक्न लगाउँछन् । त्यसले गर्दा उनीहरूको केही गरौँ भन्ने सिर्जनात्मक शक्ति नै मरेर जान्छ । वास्तवमा उनीहरूका क्षमताले र सिपले हिँड्न खोजेका बाटाहरूमा सघाउ पुऱ्याउँदै अगाडि बढ्नुपर्छ तर वर्तमानमा प्रणाली र पुरानो मोडेलका शिक्षकहरूको कार्यशैली अवैज्ञानिक छ भन्ने भावमा यो कविता तयार भएको छ । कवितामा देवराज सर सम्पूर्ण शिक्षकहरूको प्रतिनिधि हो र उसले एउटा बालकले मेहनत गरेर बनाएको सुप्लाको हवाइजहाजलाई कच्याककुचुक पारेर फ्याँकिदिएको छ । जुन त्यो स्कुले बच्चाको लागि एउटा साँच्चिकै हवाइजहाज दुर्घटना भएको झैँ लाग्दछ । त्यो कुराले बाल मस्तिष्कमा नरमाइलो स्थान जमाउँछ र पटक-पटक झस्काइरहन्छ । जब नयाँ सिर्जनात्मक काम गर्न बच्चा अगाडि सर्छ, तब त्यही दुर्घटना सम्झन्छ र आफ्ना इच्छाहरू मार्दछ तर कविताको बालक आफूले प्रशस्त सुप्लाका हवाइजहाजहरू बनाउन चाहन्छ, त्यसैको रकेट उडेर चन्द्रमामा पुग्न चाहन्छ । उसले आफ्नो शिक्षकलाई सम्बोधन गर्दै 'देवराज' नाम गरेको 'सर' जस्तो होइन, त्यसको ठाउँमा एक बालमनोवैज्ञानिक शिक्षक बनेर ती बालबालिकाको स्वतन्त्र प्रतिभाको कदर गर्ने विचार लिएको छ तर आजकालका विद्यालयहरूमा देवराजजस्ता शिक्षकहरूले यसैगरी प्रतिभाहरू मासिइरहेको हुँदा कवि स्वयं शिक्षक बनेर एक नयाँ अवतारको रूपमा रही आफू बाल्यकाल छँदाका जस्ता प्रतिभाहरू कुरिरहेको भन्ने भाव यस कवितामा रहेको छ । यो कविताले वैज्ञानिक शिक्षा प्रणालीको परिकल्पना गरेको छ ।

### (घ) संरचना

*सुप्लाको हवाइजहाज* कविताको आकार मध्यम खालको देखिन्छ । यो कविता साना-ठूला दश अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद दुई पङ्क्तिको र ठूलो अनुच्छेद

उन्नाईस पङ्तिको देखिन्छ । सबैभन्दा सानो पङ्ति एक शब्दको र ठूलो पङ्ति आठ शब्दको रहेको छ । यो कविता जम्माजम्मी बहत्तर पङ्तिमा टुङ्गिएको छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*सुप्लाको हवाइजहाज* कविता सरल एवं प्रभावकारी भाषाशैलीमा लेखिएको छ । यस कवितामा प्रशस्त उदाहरणहरू प्रस्तुत भएका छन् । बाल आकाङ्क्षा, देवराजजस्ता पुराना शिक्षकहरूको सोच, बालचाहना र तिनको प्रतिभा मर्ने व्यवहार आदि सबैलाई बुझाउन कवितामा अत्यन्त सरलतापूर्वक शृङ्खलाहरू जोडिएको छ । प्रत्येक फरक-फरक अनुच्छेदमा व्यक्त भएका विषयवस्तुहरू कुनै न कुनै रूपमा बाल मनोवैज्ञानिक विषयमा जोडिन्छन् । पुरानो ढङ्गको शिक्षा प्रणाली र वर्तमान अवस्थामा आइसक्दा पनि त्यसमा खासै परिवर्तन नभएकाले यस कवितामा 'म' अर्थात् कवि आफू शिक्षक बनेर शैक्षिक क्षेत्रमा एउटा नयाँ उदाहरणले जुन विषय हो, त्यसलाई विभिन्न बिम्ब, प्रतीक र दृष्टान्तहरू उल्लेख गर्दै प्रभावकारी छाया छोड्न सफल भएको हुनाले कवितामा व्यक्त विचारहरू सम्प्रेषणीय रहेका छन् । छोटा पदावलीहरू प्रशस्त बिम्ब, प्रतीकहरू उदाहरणहरू आवश्यक चिह्न सङ्केतहरू आदि सहित प्रभावकारी भाषाशैलीमा यो कविता आएको छ । तीनै स्रोतका शब्दहरू उपयोग गरिएका छन्, जुन यस प्रकार छन् । **तत्सम शब्दहरू -** बालककाल, चन्द्रमा, देश, अन्तरिक्ष, कक्षा, एक, वार्षिक, अहम्, दुर्घटित, महाकवि, पङ्ति, उद्देश्य, देवराज, गुरु, स्वर्गीय आदि, **तद्भव शब्दहरू -** पाइला, पहिलो, पहाड, सात, बाँस, खेत, आँसु, घाम, करोड आदि, **आगन्तुक शब्दहरू -** जहाज, अचेल, रकेट, खुसी, मास्टर, कारखाना, अस्पताल, बन्चरा, आदि । यो कविता प्रथम पुरुष कथनढाँचामा लेखिएको छ । कविको अन्तर्कथनात्मक अभिव्यक्ति भए पनि यो साझा समस्या भएकाले सबैले बुझ्ने शैलीमा लेखिएको छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*सुप्लाको हवाइजहाज* कवितामा प्रशस्त बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको पाइएको छ । सुप्लाको हवाइजहाज बालबालिकाले तयार पार्ने सबै सामग्रीहरूको प्रतिनिधि बिम्ब हो । यसमा देवराज बालप्रतिभाको महत्त्व नबुझ्ने शिक्षक हो भने यसको सट्टामा बाल्यकालमा थुप्रै देवराजको विद्यार्थी जसले उसको जहाज भाँचिदिएको थियो, त्यसको सट्टामा बनेको शिक्षक हो र उसले बालबालिकाहरूको कलालाई निमोठ्न होइन, कदर गरेर अगाडि जाने विचार राख्नाले यसमा तुलनात्मक बिम्बको प्रयोग भएको पाइन्छ । एकोहोरो सैद्धान्तिक रटान मात्र शिक्षा होइन भन्ने अभिव्यक्ति राखिएको यो कवितामा सुप्लाको हवाइजहाज चढेर चन्दमामा पुग्ने, अहम्को पहाडमा ठोक्किएर एक ठाउँ दुर्घटित हुने, छुट्टीमा गाउँ गई सुप्लाको हवाइजहाज बनाउँदा देवराज सर सम्झिने, जीवनको वर्णमाला सिकाउने केही थान विद्यार्थीहरू, सुप्लाको हवाइजहाज चढेर खेत, कारखाना, अस्पताल पुग्ने, अँध्यारोको जराहरू बन्चराले काट्ने, बैंसालु देशका मनमा सजाउँदै घुम्ने, आँसुको नदीमा डुब्ने, आशाको घाम उदाउने, मास्टर देवराजको नयाँ अवतारजस्ता प्रशस्त पद-

पदावलीहरूले यो कवितामा बिम्ब-प्रतीकको काम गरिरहेका छन् । कवितामा अलङ्कारहरूको पनि उपयोग गरिएको छ ।

**(छ) उद्देश्य**

*सुप्लाको हवाइजहाज* शीर्षकको यो कवितामा एउटा बालकले तयार पारेको सुप्लाको हवाइजहाज आफ्नो शिक्षकलाई देखाउन जाँदा प्रशंसाको सट्टा झन् जहाज नै भाँचिदिएर उसको प्रतिभाको अवमूल्यन भएको देखिएको हुँदा यसले एक अवैज्ञानिक शिक्षा पद्धतिको सूचना दिएको छ भने अर्कोतिर त्यही बालक शिक्षक बनेर नयाँ बालबालिकाहरूमा प्रशस्त सम्भावनाका नयाँ ढोकाहरू खुलेको देख्छ । यस्ता प्रतिभाहरूको कदर गरी राष्ट्र विकासमा टेवा पुऱ्याउने गरी अनेक प्रतिभाहरू फल्ने, फुल्ने मौका प्रदान गराउने वातावरणको सिर्जना गर्नुपर्दछ भन्ने विषय नै यस कविताको मूल उद्देश्य रहेको छ ।

**४.२.३.१४. *सपना* कविताको विश्लेषण**

**(क) शीर्षक**

*सुप्लाको हवाइजहाज* कवितासङ्ग्रहको *बोध र प्रेम* उपशीर्षकअन्तर्गत राखिएको *सपना* कविता यो उपशीर्षकको चौधौँ कविता हो । यो कविता एक शब्दको नाम पदमा रहेको छ । लघु प्रकृतिको यो कवितामा सपना अथवा इच्छा आकाङ्क्षा बढ्दै जाने र आवश्यकता पूर्ति गर्ने क्षमता कम र छोटा हुँदै जाने अर्थमा लेखिएको कवितामा विपना अर्थात् आवश्यकता पूर्तिभन्दा चाहना इच्छा अर्थात् सपनाको परिमाण ज्यादै ठूलो भएकाले यसको शीर्षक *सपना* चयन हुनु उचित देखिन्छ ।

**(ख) लयविधान**

*सपना* कविता स्वतन्त्र गद्यलयमा वाचन गर्न सकिन्छ । यसमा पाठकहरूले आफ्नो रुचिअनुसार लय निर्माण गर्न सक्दछन् । छोटा-लामा पङ्तिहरूले पनि कवितामा लय सिर्जना गरेका छन् ।

**(ग) भावविधान**

अत्यन्तै लघु आकारमा लेखिएको *सपना* कविता भावको दृष्टिले अत्यन्तै गम्भीर छ । विभिन्न दृष्टान्त र प्रयोगहरू बढाउँदै लग्ने हो भने यो सानै कविताभित्र पनि विषयवस्तुको सघनता ठूलो भेट्न सकिन्छ । कवितामा बच्चा र कपडासँग सपना अर्थात् आकाङ्क्षा एवं विपना अर्थात् क्षमतालाई अति रोचक ढङ्गले प्रस्तुत गरिएको छ । सपनाहरू बढ्दै गएर विपनाहरू कपडाजस्ता अत्यन्त छोटा हुनाले आफ्ना विपनाहरूले सपना छोप्न नसकेर देखाउनै लाज भएको विषयभावमा यो कविता लेखिएको छ ।

**(घ) संरचना**

*सपना* कविताको संरचना अत्यन्तै लघु प्रवृत्तिको छ । जम्मा चार अनुच्छेद तेह्र पङ्तिमा पूर्ण भएको यो कवितामा सबैभन्दा सानो पङ्ति एक अक्षरको र सबैभन्दा ठूलो पङ्ति पाँच शब्दको देखिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*सपना* कविताको भाषाशैली सटिक छ । अत्यन्त स्पष्ट र सँगसँगै त्यसलाई पुष्टि गर्ने दृष्टान्त जोडिएको यो कविता शैलीको दृष्टिले अत्यन्तै प्रभावोत्तेक छ । सङ्क्षिप्ततामा व्यापकता र यथार्थ भाव अटाएको यो कविता भाषाशैली जो-कोहीका लागि पनि सुबोध्य र सरल लाग्दछ । यो कवितामा शरीर, वर्षजस्ता शब्दहरू तत्सम तथा सपना, मानिस, नाङ्गै, दिनु जस्ता शब्दहरू तद्भव एवं कपडा, मुस्किल, दुनियाँ आदि आगन्तुक शब्द हुन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*सपना* कविता आफैँमा एक बिम्ब हो । यहाँ सपना शब्दले इच्छा, आकाङ्क्षा र आवश्यकताहरूलाई बुझाउँछ । यसलाई बढालु शरीर अर्थात् बच्चाको शरीरको रूपमा र विपना अर्थात् यथार्थलाई बुझाउने क्षमतालाई कपडाको रूपमा चित्रण गरिएको छ । कपडा आकृतिगत रूपमा एउटै हुने तर बच्चा दिनप्रतिदिन बढ्ने भएकाले आफ्नो क्षमता अरूको बीचमा देखाउनै नसक्ने अवस्थामा पुगिसकेको भन्ने बिम्बलाई सूत्रात्मक अभिव्यक्तिको रूपमा "खाउँ भने दिनभरिको सिकार, नखाउँ भने मान्छेको अनुहार" भन्ने सूत्रात्मक अभिव्यक्तिसँग मिल्दो बिम्ब प्रयोग गरिएको छ ।

**(छ) उद्देश्य**

*सपना* कविताले इच्छा र आवश्यकताको तुलनामा योग्यता र क्षमता अत्यन्तै साना हुन्छन् भन्ने सन्देश दिएको छ । हुन पनि बच्चा बढ्छन् भने कपडा छोटिन्छन् तर पनि हाम्रा इच्छा, आकाङ्क्षाहरूलाई आफ्नो योग्यता, दक्षता र परिवेश हेरेर त्यही अनुरूप ढाल्नु पर्दछ भन्ने विचार प्रवाह गर्नु नै यस कविताको उद्देश्य रहेको छ ।

### ४.२.३.१५. *रूख* कविताको विश्लेषण

**(क) शीर्षक**

कवि भूपिनको कवितासङ्ग्रहअन्तर्गतको *बोध र प्रेम* उपशीर्षकभित्रको पन्ध्रौँ कविता हो *रूख*। यहाँ रूख एक शब्दको नाम पदको रूपमा रहेको छ। रूखलाई मानवीकरण गरेर कविले यहाँ रूखका पीडाहरू व्यक्त गरेका छन् । कवितामा सिकर्मीलाई सम्बोधन गर्दै आफूलाई चिरेर मालिकका सामान बनाउने काम रोक भनिएको छ । कवितामा मानिसहरूलाई शीतलता, ओत, दाउरा आदि आफूले दिइरहेको, उद्योगहरूमा पनि आफू उपयोग भइरहेको र अन्त्यमा मालिकका व्यापारिक भवन बनाउन आफू ढालिएको कुरा रूख ले व्यक्त गरेको देखाइएको छ । जङ्गलका रूखमात्र होइन, तिनका जरा समेत उप्काएर फेरि पलाउन नमिल्ने गरी समाप्त पारिरहेका मानिसहरूलाई सम्बोधन गरेर गरिबहरूको गरिबी मेटाउने थिएँ र मालिकका गरिबी गिज्याउने भित्ता भत्काउने थिएँ, जडिबुटीहरू दिने थिएँ भन्दै अब मालिकका कामहरू छोड, गरिबी हटाउन मेरो उपयोग गर भन्ने आशयले स्कुले नानीहरूलाई कुर्सी बनाउन, गरिबका झुपडीमा खामो बनाउन, किसानलाई हलो बनाउन, मजदुरका मेसिनका बिँड बनाउन, वृद्धका लट्ठी बनाउन, तिम्रा लागि हतियार बनाउन तर

मालिक बस्ने आसन नबनाउन रूखले आह्वान गरेको छ । यसरी जङ्गलको प्रतिनिधि बनेर आएको रूखले मानवीकृत भएर आफ्ना पीडाहरू व्यक्त गरेकाले यसको शीर्षक उपयुक्त देखिएको छ ।

### (ख) लयविधान

*रूख* कविता गद्यलयमा लेखिएको छ । यसमा रहेका लामा-छोटा पङ्तिहरूले लय उत्पन्न गरेका छन् । कुनै शब्दहरूको पुनरावृत्तिले पनि यसमा लय उत्पन्न भएको छ । स्वतन्त्र लय भएकाले पाठकले आफ्नो यादृच्छिक लयमा यो कविता गाउन सक्छन् ।

### (ग) भावविधान

*रूख* कविता वातावरणसँग सम्बन्धित भावमा लेखिएको छ । रूखलाई मानवीकरण गरी मानव समाजले गरिरहेको वन विनाशको असन्तुष्टि व्यक्त गर्न यो कविता लेखिएको छ । मान्छेले सम्पन्न व्यक्तिहरूका घर बनाउन, कोठा सजाउन जङ्गल विनास गरिरहेको तर गरिबको गरिबी मेटाउन रूखलाई उपयोग नगरिएको भन्ने अर्थमा यो कविता सशक्त रूपमा उभिएको छ । मान्छेकै लागि स्वच्छ हावा, शीतल छाया, ओत, दाउरा, उद्योगका कच्चा पदार्थ दिने रूखको महत्त्व बुझेर पनि बुझ पचाएर रूखले आफ्नो स्वार्थ पूर्ति गर्न ढालिरहेको अझ त्यसको फाइदा मालिक वा धनी वर्गका लागि मात्रै भएको कुरा उल्लेख हुनुले वन विनासका जिम्मेवार व्यक्ति को रहेछन् भन्ने स्पष्ट भएको छ । रूख काटी जरा समेत उप्काउन प्रयोग भएका मजदुरहरूलाई आह्वान गर्दै यदि गरिबी मेटाउन रूखको उपयोग भएको भए उनीहरू सम्पन्न हुन्थे र धनीका पर्खाल आफैं भत्किन्थे भन्ने विषयभाव यसमा रहेको छ । रूखको आशय मालिकका आसन बनाउन होइन, गरिबका छाप्रा, विद्यार्थीका कुर्ची, किसानका हला, वृद्धका लट्ठी, मजदुरका मेसिनका बिँड बन्नुपर्ने कुरालाई मार्मिक ढङ्गले यस कवितामा व्यक्त गरिएको छ ।

### (घ) संरचना

*रूख* लघु आकारको कविता हो । यसमा साना-ठूला पाँच अनुच्छेद छन् । सानो अनुच्छेद दुई पङ्ति र ठूलो अनुच्छेद बाह्र पङ्तिसम्मका छन् । त्यसैगरी सानो पङ्ति दुई शब्दको र ठूलो पङ्ति छ शब्दसम्मको छ । जम्माजम्मी चालीस पङ्तिमा यो कविता पूर्ण गरिएको छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*रूख* कविताको भाषाशैली सरल छ । छोटा वाक्यहरू पर्याप्त उदाहरण रोचक शैली यो कवितामा पाउन सकिन्छ । यहाँ रूखलाई मानवीकरण पनि गरिएको छ । प्रकृतिलाई मानवीकरण गरिएको यो एउटा राम्रो उदाहरण हो । यो कवितामा तत्सम, तद्भव र आगन्तुक सबै शब्दहरूको उपयोग भएको छ । यसमा प्रयुक्त मेरुदण्ड, तन्मय, स्वच्छ, शीतल, चिता, भवन, मन्दिर, बली आदि तत्सम शब्दहरू हुन् भने हावा, मानिस, बर्खा, पाना, सन्तान जस्ता शब्दहरू तद्भव हुन् । यसैगरी आरी, सिकर्मी, ओत, किताब, गरिबी, कुर्ची आदि शब्दहरू आगन्तुक हुन् । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*रूख* कविताामा केही बिम्ब एवं प्रतीक पनि रहेका छन् । भावगत र शब्दगत दुवै किसिमका बिम्ब यसमा रहेका छन् । रूखलाई मानवीकरण गर्नु आफैँमा एक बिम्ब हो । यसका साथै बलिको बोको हुनु, मालिकको भवनको भित्तो भत्काउनु, जीवनबुटी दिनु, विभिन्न किसिमका पुकारा गर्नु जस्ता कुराहरू पनि बिम्बका रूपमा आएका विषय हुन् । वातावरण संरक्षणको प्रतीकको रूपमा यो *रूख* कविता लेखिएको छ ।

**(छ) उद्देश्य**

*रूख* कविता सन्देशमूलक छ । मुट्ठीभर स्वार्थी व्यक्तिहरूको स्वार्थ पूर्तिका लागि जङ्गल उपयोग हुनुहुँदैन, जङ्गलले मान्छेलाई जीवन दिएको छ, यसलाई संरक्षण गर्नुपर्दछ, वन पैदावारले स्वार्थ मेटाउन होइन, गरिबी मेटाउन उपयोग हुनुपर्छ भन्ने सन्देश प्रवाह गर्नु यस कविताको मुख्य उद्देश्य रहेको छ ।

**४.२.३.१६. *छाया* कविताको विश्लेषण**

**(क) शीर्षक**

*छाया* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत उपशीर्षक *बोध र प्रेम*भित्रको सोह्रौं रचना हो । छाया एकशब्दे नाम शब्दको शीर्षकमा रहेको छ । कविले छाया र यसका विशेषताहरू केलाउँदै छायाबाट आफू बच्न नसकेको आफ्ना हरेक क्रियाकलापहरूमा छाया संलग्न भए पनि त्यसमा मानवीय प्राण भने नभएको र आफूले वास्तविक जीवित छाया खोजिरहेको कुरा कविताामा व्यक्त भएको छ । कविताका भावहरू छायाकै पेरिफेरिमा रचिएकाले यसको शीर्षक *छाया* उपयुक्त रहेको छ ।

**(ख) लयविधान**

*छाया* कविता स्वतन्त्र गद्यलयमा रचिएको छ । एक शब्ददेखि सात शब्दसम्मका अनियमित पङ्तिले पाठकको लय स्वतन्त्रताको पुष्टि गर्दछ । कविताामा कतिपय स्थानमा अन्त्यानुप्रास पनि भेटिन्छ तर त्यो नियमित छैन । विषयवस्तुको जोडले कविता पठनमा आफैँ एक प्रकारको लय उत्पन्न हुने गर्दछ । लयको निष्पत्तिमा शब्दहरूको पुनरावृत्ति पनि सहायक बनेर आएको छ ।

**(ग) भावविधान**

*छाया* कविता अभिधा र लक्षणा दुवै प्रकारका शब्दशक्तिमा लेखिएको हुनाले यसको भाव सोझो र प्रतीकात्मक दुवै रूपमा रहेको छ । एकातर्फ छायाको विशेषता र अर्कोतर्फ त्यो छायाले यादहरूको विशेषतालाई बोकेको देखिन्छ । कसैको याद वास्तवमा छाया हो । दुःख, पीडा, कर्तव्य बोधको अन्धकारमा रहेका बेला यादहरू छुटेका हुनसक्छन् तर अरू सम्पूर्ण समयमा यादहरू सँगसँगै हुन्छन् छायाजस्तै । यसरी यो कविताामा छायालाई यादको प्रतीक मान्न सकिन्छ । अरू सबै कुराहरूबाट बच्न सकिने तर छायाबाट बच्न नसकिने विषयका लागि कविताामा पर्याप्त उदाहरणहरू दिइएको छ । अँध्यारोमा बसिरहन पनि

नसकिने, उज्यालोमा निस्कँदा छायाले नछोड्ने बरू उल्टै आफैँलाई सानो ठूलो बनाएर कहिले गिज्याउने, कहिले फकाउने गर्दै आएको छाया पनि ठ्याक्कै यादजस्तो देखिन्छ । छाया मानिसको साथसाथै रहे पनि त्यसले आफूलाई कहीँ पनि नपुऱ्याउने र आफ्नो काममा सहयोग पनि नपुऱ्याउने विशेषता बोकेको हुन्छ । त्यसैले छाया मानिसको अनपेक्षित विषय हो, अपेक्षित छाया त त्यो हो जो प्रेमी बनेर जीवित छायाको रूपमा आफू सँगसँगै हिँड्छ, बोल्छ, दुःख सुखमा साथ दिन्छ, हाँसोखुसी बाँड्छ र त्यो अवास्तविक छायालाई बिर्सन्छ अथवा त्यो छायाको आवश्यकता नै पर्दैन, जो निर्जीव भएर पनि आफूलाई गिज्याइरहन्छ । यिनै सुन्दर भावमा कविता पूर्ण भएको छ ।

### (घ) संरचना

*छाया* कविता मझौला आकारको संरचनामा रहेको छ । यो कविता छोटा-छोटा सोह्र अनुच्छेदमा पूर्ण गरिएको छ । यो कविता विभिन्न पाँच खण्डमा छुट्याइएको छ । हरेक खण्डका विषयवस्तु छायाका संरचनामा उनिएका छन् । सानो पङ्ति एक शब्द र ठूलो पङ्ति सात शब्दसम्मको देखिन्छ । जम्माजम्मी पचपन्न पङ्तिमा संरचित यो कवितामा पहिलो खण्डमा पन्ध्र पङ्ति, दोस्रोमा छ पङ्ति, तेस्रोमा आठ पङ्ति, चौँथोमा तेह्र पङ्ति र पाचौँमा तेह्र पङ्ति रहेका छन् ।

### (ङ) भाषाशैली र कथन पद्धति

*छाया* कविता सरल, रोचक भाषाशैलीमा लेखिएको छ । छायाका विशेषताहरू सबैका लागि सुबोध्य छन् । त्यसले गर्दा यसमा उल्लेख भएका छायाका विशेषहरू दुर्बोध्य हुने कुरै भएन । हरबखत आफूसँगसँगै रहेर पनि कुनै कुरामा साथ दिन नसकेको छायाका विशेषताहरूलाई कवितामा अत्यन्तै रोचक भाषाशैलीमा प्रस्तुत गरिएको छ । लामा र घुमाउरा वाक्यहरू थोपरेर कवितालाई क्लिष्ट बनाउने एक खालको प्रवृत्तिलाई यसको लेखनशैलीले त्यागेको छ । कवितामा छायालाई यादको रूपमा चिनाउन मिल्ने प्रशस्त चरहरू रहेका छन् । अन्य कविताहरूमा जस्तै यो कवितामा पनि रसिला उदाहरणहरू राखिएका छन् । विषयान्तरको आभास दिन कवितालाई खण्ड-खण्डमा टुक्राइएको छ जसबाट कवितामा सरताको सघनता थपिएको छ । कवितामा तीनै स्रोतका शब्दहरू रहेका छन् । यसमा प्रयुक्त छाया, सुरक्षित, कुरूप, विचार, घातक, सङ्गत, विनाश जस्ता शब्दहरू तत्सम हुन् भने होसियारी, सबै, दासता, निस्किएर, अँध्यारो आदि तद्भव शब्दहरू हुन् र आँधी, फोहार, ओछ्यान, जरुरत, झोंक आदि आगन्तुक शब्द हुन् । यो कविता प्रथम पुरुष कथन ढाँचामा संरचित छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*छाया* कवितामा बिम्ब-प्रतीकहरूको उचित प्रयोग गरिएको छ । छाया शब्द यादहरूको बिम्ब पनि हो । किनभने यादहरू पनि छायाका विशेषतामा सापेक्ष सम्बन्ध राख्दछन् । पद-पदावलीहरूमा पनि विभिन्न प्रसङ्गमा बिम्ब-प्रतीकहरूको उपस्थिति भेटिन्छन् । कविताभित्र कुरूप विचारहरूको दासता, घातक सङ्गतको आँधी-हुण्डरी, आकार

सानो-ठूलो पारिदिएर मान्छेलाई गिज्याइरहेको प्रसङ्ग, छायालाई कोठामा थुन्नु, थुनाउन लगाउनु, छायाले आफूलाई भेट्न तम्सनु, जीवित छायाको जरुरत पर्नु जस्ता कुराहरूले विभिन्न बिम्ब-प्रतीकहरूको पक्षपोषण गरिरहेका छन् ।

**(छ) उद्देश्य**

*छाया* कवितामा सधैं सँगै रहेर पनि कुनै कुरामा साथ नदिने विशेषता भएको छायालाई उपयोग गरेर आफ्नो प्रेमीलाई भेट्ने उच्च अभिलाषा भएको आशयका साथ मान्छे यादहरूमा रुमल्लिइरहेको सन्देश दिन खोजिएको बुझिन्छ साथै आफूसँग एकाकार हुन नसक्ने यादहरूको पछाडि दौडेर आफ्नो अमूल्य समय नष्ट गर्न नहुने बरू छायाका रूपमा आएका यादहरूलाई मेटाउनु पर्ने सूचनाको प्रवाह गर्नु कविताको मूल उद्देश्यको रूपमा आएको छ ।

**४.२.३.१७. *दौड* कविताको विश्लेषण**

**(क) शीर्षक**

*दौड* कविता **सुप्लाको हवाइजहाज**अन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्रको सत्रौं रचना हो । यो कविता एक शब्दको नाम पदमा पर्ने शीर्षकमा तयार भएको छ । यसको अर्थ गतिशीलता, त्यसमा पनि हतार भन्ने लाग्दछ । जब मान्छे जन्मन्छ, उसको दौड प्रारम्भ हुन्छ । विभिन्न नाम र किसिमका विषय परिस्थितिहरूमा दौड अगाडि बढ्छ तर दौड भने एकै नासको रहिरहन्छ । बाल्यकालदेखि नमरुञ्जेलसम्म दौडिरहने दौड जीवनको एक अनिवार्य पक्ष हो । दौड प्रगतिको सहायक पनि हो । विना दौड मान्छे आफ्नो लक्ष्यमा पुग्न सक्दैन, न त उसको दौडविनाको दायित्व नै पूर्ति हुन्छ । मानिसहरू अरू दौडेर अगाडि बढेको राम्रो मान्दैनन् र सधैं विश्रामको सल्लाह दिन्छन् । विश्रामले प्रगतिको दौड पनि स्थगन हुन्छ भन्ने उनीहरूलाई थाहा छ । हरेक किसिमका आवश्यकता पूर्ति, समस्यापूर्ति, ऋणमोचन र अनेकन उत्तरदायित्वहरूलाई समाधान गर्न दौड एक अनिवार्य आवश्यकता हो । विश्राम गरेर जीवन चल्दै भन्ने विषयभावमा केन्द्रित यो कविताको शीर्षक *दौड* निकै उपयुक्त देखिन्छ ।

**(ख) लयविधान**

*दौड* कविता गद्यलयमा लेखिएको छ । गद्य एक स्वतन्त्र लय हो । कवितामा रहेका छोटा र लामा पङ्तिहरूले एक प्रकारको लय सिर्जना गरेका छन् । विषयवस्तुको प्रभावकारिताअनुसार पाठकले कवितामा लयात्मक ध्वनि निर्माण गर्न सक्छन् । यो कवितामा शब्दहरूको पुनरावृत्तिले पनि लयको सिर्जना गरेको छ । लयकै लागि अनुप्रासको उपयोग भने यो कवितामा गरेको पाइँदैन तर कतिपय स्थानमा अनुप्रासयुक्त भाव मान्न सकिने पङ्तिहरू समेत नभेटिएका होइनन् ।

### (ग) भावविधान

*दौड* कवितामा जीवनयात्रासँगै टुङ्गिने दौड हो । जीवनभर विभिन्न ढङ्ग र ढाँचाका दौडमा मानिस संलग्न भइरहनु पर्छ भन्ने भाव पाइन्छ । कवितामा जब मानिस जन्मन्छ तब उसको दौडको यात्रा सुरु हुन्छ । विभिन्न कामका सिलसिलामा विस्तारै विस्तारै दौडको किसिम फेरिन्छ तर दौड भने समाप्त हुँदैन । उमेर पुगेपछि उत्तरदायित्व पूरा गर्नका लागि मानिसलाई नदौडी सुख हुँदैन । जीवनको पर्यायका रूपमा आएको यो दौड नभएसम्म मानिसको जीवनको अर्थ पनि हुँदैन । त्यसैले दौड जीवनको एक अभिन्न अङ्ग हो भन्ने भाव कवितामा पाइन्छ । यति हुँदाहुँदै पनि मानिसहरू एक अर्काका दौडमा समस्या भएर उभिएका छन् । अरू दौडमा अगाडि बढ्लान् भन्ने भयले कसैले लडाउन खोज्छन् भने कसैले दौडका बेफाइदा देखाएर दौडमा हराउन खोज्छन् । यिनै विषय प्रसङ्गलाई समेटेर कवि आफू नदौडिकन रहन नसक्ने दौड त्यागेपछि आवश्यकता पूर्तिका सम्पूर्ण बाटाहरू बन्द हुने हुनाले जीवनपर्यन्त दौडिरहने कुरा उल्लेख गर्दछन् । प्रकृतिमा देखिएका नियमित परिवर्तनहरू पनि दौडका उदाहरण हुन् भन्दै हावा, पानी, पृथ्वी सबैले आ-आफ्नो दौड नछोडेको र सञ्चालनको अर्थ दौडमा निहित भएको भन्ने भावमा यो कविता लेखिएको छ ।

### (घ) संरचना

*दौड* कविता सङ्क्षिप्त संरचनामा संरचित रहेको छ । यसमा साना-ठूला तेह्र अनुच्छेदहरू रहेका छन् । सबैभन्दा सानो अनुच्छेद एक पङ्तिको र ठूलो अनुच्छेद एघार पङ्तिको रहेको छ । सबैभन्दा सानो पङ्ति एक शब्दको र ठूलो पङ्ति छ शब्दसम्मको रहेको छ । कवितामा जम्माजम्मी सतसठ्ठी पङ्तिहरू रहेका छन् । आकारको दृष्टिकोणले यसलाई मझौला मान्न पनि सकिन्छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*दौड* कविताको भाषाशैली सरल रहेको छ । जो कोही मानिसको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय सन्दर्भमा रचित यो कविता उचित लालित्यले पूर्ण छ । पर्याप्त उदाहरणहरू, छोटा अनुच्छेदहरू, छोटा वाक्यांश र पङ्तिहरूले कवितालाई सरलता प्रदान गरेका छन् । छरपस्ट भएका यथार्थहरूलाई यो कविताले कलात्मक ढङ्गले प्रस्तुत गरेको छ । कवितामा कुनै प्रकारको भाषिक क्लिष्टता छैन । परम्परागत काव्यादर्शको विपक्षमा रहेका कवि भूपिनले अन्य कविता जस्तै यो कविता पनि स्वतन्त्र ढङ्गले कवितालाई बग्न दिएका छन् । यो कवितामा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू परेका छन् । कवितामा प्रयुक्त जीवन, क्षण, वेग, रक्त, विश्राम, श्रीमती, मङ्गलसूत्र, ईश्वर, स्थगितजस्ता शब्दहरू तत्सम हुन् भने आमा, अन्तिम, मानिस, अँध्यारो, औडाहा, थामिनु, ओखती आदि तद्भव शब्दहरू हुन् । यसैगरी सालनाल, खरबारी, क्याम्पस, स्कुल, पाइप, रफ्तार, तिलहरी, मधुस, स्पर्म आदि आगन्तुक शब्दहरू हुन् । आवश्यकताअनुसार उद्धरण र अन्य चिह्नहरूको प्रयोगले पनि कविताको भाषा सरल बनाएको छ । यो कविता प्रथम पुरुष कथन ढाँचामा लेखिएको छ ।

### (च) बिम्ब-प्रतीक/अलङ्कार

*दौड* कवितामा विभिन्न बिम्ब-प्रतीकहरूको उपयोग गरी आकर्षक ढङ्गले विषय पुष्ट्याइँ दिइएको छ । दौड शब्द कुनै खेल प्रतियोगिताको दौड होइन, क्रियाशीलताको उदाहरण हो । निस्क्रियताले जीवन नचल्ने र सक्रियताले जीवन बन्ने हुनाले जीवनभर मान्छे सक्रिय भइरहनु पर्दछ भन्नका लागि कवितामा प्रशस्त बिम्बहरू दिइएका छन् । कवितामा उल्लेख भएका आमाको सालनाल चुँडाएर खरबारीमा चल्मलाउन सुरु गर्नु, उभिन सकेपछि दौडको सुरु गर्नु, दौडका बेफाइदाहरू देखाउनु भनेको अरूको दौडलाई रोक्न खोज्नु हो भन्ने आशय बुझिनु, लागेको ऋण तिर्न र व्यवहार चलाउन आफू दौडेको कुरा बुझाउन आमाको तिलहरी साहुको मुदुसमा फस्नु, श्रीमतीको गहना बैंङ्कमा थन्किनु, बुबाको औषधी किन्न दौडनु, सूर्य वरिपरि घुमिरहेको पृथ्वी, हतारले हिँडिरहेका मान्छे, मुटुमा घुमिरहेको रगत आदिको उदाहरण दिनु, दौडमै विजयी भएर आफू जन्मन पाएको सम्झनु आदि सम्पूर्ण कुराले दौड एक जीवनको नरोकिने यात्रा हो भन्ने विषयलाई बिम्बात्मक र प्रतीकात्मक ढङ्गले बताएको मान्न सकिन्छ ।

### (छ) उद्देश्य

*दौड* कविताले मानिसका लागि दौड अनिवार्य आवश्यकता, बाध्यता हो, यसले गतिशीलता एवं प्रगतिलाई प्रतिनिधित्व गर्दछ । गतिशीलताबिना जीवन चल्दैन । यसर्थ बाँचुन्जेल मानिस कुनै न कुनै कामका लागि दौडिरहनु पर्दछ । मानिसका लागि निस्क्रियता एक मृत्यु हो । त्यसैले दौड वा सङ्घर्षदेखि थाक्नुहुन्न भन्दै मानिसमा निस्क्रियताको विरोध र सक्रियताको बीजारोपण गर्नु यस कविताको मूल उद्देश्य हो ।

## ४.२.३.१८. *साँझमा रेल यात्रा* कविताको विश्लेषण

### (क) शीर्षक

*साँझमा रेल यात्रा* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कविता-सङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्रको अठारौँ रचना हो । यो कवितामा कवि रेलयात्रामा निस्कँदा साँझको समय भइसकेको हुन्छ । त्यही रेल यात्रालाई आधार बनाएर रेलबाट जे देखियो र रेलमा आफू जसरी बसिएको छ, त्यसकै आधारमा जीवनका अनेक अँध्यारा तथा उज्याला पक्षहरूलाई कल्पना गर्दै विषय प्रसङ्गहरू अगाडि बढाइएकोले यसको शीर्षक साँझमा रेल यात्रा सङ्गीतपूर्ण देखिएको छ । तीन शब्दमा चयन गरिएको यो शीर्षकमा तीनवटै शब्दहरू नाम वर्गमा पर्दछन् । रेलको यात्रा रेलयात्रा हुनुपर्नेमा विग्रहित अवस्थामा रहेकोले यो तीनशब्दे हुन पुगेको हो । वास्तवमा यो दुईशब्दे शीर्षक हो ।

### (ख) लयविधान

*साँझमा रेल यात्रा* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कवितामा केही अनुप्रासयुक्त शब्दहरू पनि देखिन्छन् तर यो नियमित भने होइन । कविताका भावका कारण कविता वाचन गर्दा स्वतः लयको सिर्जना हुन पुग्दछ । पङ्क्तिका शब्दहरूको अनियमितताले

पनि आवश्यकताअनुसार लय स्वतन्त्रता दिएको छ । यो कवितामा पुनरावृत्तियुक्त शब्दहरू खासै छैनन् ।

### (ग) भावविधान

*साँझमा रेल यात्रा* कविता कविको सन्ध्याकालीन रेल यात्रामा वातावरणमा देखिएका विषय-सन्दर्भहरूको भावमा रचिएको छ । कविको रेल यात्रामा घाम डुब्नै लागेको हुन्छ, त्यसलाई अँध्यारो आउन लागेको र रातमा आकाशले थोरै-थोरै उज्यालो बचाएको उल्लेख गरेका छन् । यसको अर्थ उमेर ढल्किसकेको मान्छेको जिन्दगीसँग मेल खान्छ । उमेरको पश्चिमी भेगमा पुगेका मानिसहरू भविष्यका मानिसहरूको दिन कस्तो हुन्छ भनेर सोचेझैँ कविले बिम्बात्मक भावमा यात्राको परिस्थिति समेटेका छन् । कवितामा घाम भन्नाले प्रत्येक व्यक्तिलाई सङ्केत गरिएको बुझिन्छ । जसरी दिनभर घुमेका मानिसहरू साँझमा विश्राम गर्छन्, जसको उदाहरण आफ्नै अगाडि कवि निमेष निखिल छँदैछ । ऊ पनि साँझ विश्राम गरिरहेछ । कविले अर्को खण्डमा आकाश हेर्दा बादल देख्छन्, त्यसलाई कपासको फाँट चराको खेती र धरतीका किसानको छटपटी सम्झन्छन्, यसको अर्थ घाम नभएर काम हुँदैन भन्ने बुझिन्छ र अन्तिम खण्डमा कविले प्रचण्ड गर्मीको अनुभव गरेका छन् । चराहरू चुच्चोमा तातो हावा भरेर घर फर्कनु भनेको परिश्रमले तातेका मान्छेहरू विश्रामका लागि घर फर्केको भन्ने बुझिन्छ, यसलाई कविले सपनाको बीउ छरेर किसानहरू घर फर्केको भनेका छन् । यिनै सुन्दर भावहरू यस कवितामा व्यक्त भएको पाइन्छ ।

### (घ) संरचना

*साँझमा रेल यात्रा* कविता लघु आकारको छ । यसमा साना-ठूला नौ अनुच्छेदहरू रहेका छन् । यसमा दोस्रो अनुच्छेदपछि एक सानो अतिरिक्त अनुच्छेद पनि रहेको छ । जम्माजम्मी उनान्चालीस पङ्तिमा संरचित यो कवितामा पङ्तिको अतिरिक्त अनुच्छेद समेत एकचालीस पङ्ति पुग्दछन् । कवितालाई चार खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा अतिरिक्त दुई पङ्तिसहित चौध पङ्ति, दोस्रो खण्डमा एघार पङ्ति, तेस्रो खण्डमा नौ पङ्ति, चौँथो खण्डमा सात पङ्ति रहेका छन् । यो कविता रेल यात्रालाई विविध परिवेशसँग एकाकार गर्दै लेखिएको छ । कवितामा लामो पङ्ति छ शब्द र छोटो पङ्ति एक शब्दको देखिन्छ भने सानो अनुच्छेद दुई पङ्तिको र ठूलो अनुच्छेद पाँच पङ्तिको देखिन्छ ।

### (ङ) भाषाशैली र कथन पद्धति

*साँझमा रेल यात्रा* कविताको भाषाशैली केही आलङ्कारिक प्रवृत्तिको छ । कुनै अनुच्छेदहरूको भाव झट्ट अनुमान लगाउन नसकिए पनि कविताको सम्पूर्णतामा सबै प्रष्ट हुन पुग्दछ । छोटा अनुच्छेद र पङ्तिहरूले कविता पठनमा कुनै असजिलो महसुस हुँदैन । यो कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको उपस्थिति छ । कवितामा प्रयुक्त तत्सम शब्दहरू किरण, आकाश, निमेष, नदी आदि हुन् । त्यस्तै आरालो, घाम, अँध्यारो, किसान, भकारी, धरती, खेत, गाँज, कपास, गोरु, हिउँद, गर्मी, बाफिएको, साँझ, चुच्चो, तातो हावा,

सपना आदि तद्भव शब्दहरू हुन् भने मिल, रेल, पाङ्ग्रा, बाउसो आदि आगन्तुक शब्दहरू हुन् । यो कवितामा तृतीय पुरुष कथन ढाँचा प्रस्तुत भएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*साँझमा रेल यात्रा* कवितामा विभिन्न बिम्ब-प्रतीकहरूको उपयोग गरिएको छ । शीर्षकमा रहेको साँझमा रेल यात्रा पदावलीले एकातिर अभिधा अर्थ दिन्छ भने अर्कोतिर ढल्कँदो उमेरको बिम्ब प्रस्तुत गर्दछ । कवितामा प्रस्तुत ओरालो लागेको घामले टाउको उठाएर हेर्नु, आकाशले किरण पाल्नु, आकाश किसानको भकारी हुनु, घाम रातमा धानको गाँजमा सुत्नु, कवि निमेश निखिल एउटा घाम हुनु, आकाशमा चराहरूले कपास फलाउनु, धरतीका किसान चिसोले छटपटाउनु, घामले तातेका किसानहरू गोरु खेद्दै घर फर्किएझैं चराले चुच्चामा तातो हावा भरेर गुँडमा फर्कनु जस्ता कुराहरू बिम्बात्मक छन् नै त्यसमा पनि कविले प्रकृतिलाई मानवीकरण गरेर यो कविता लेखेका छन् ।

**(छ) उद्देश्य**

*साँझमा रेल यात्रा* कविता रेलयात्रामा देखिएका कुराहरूले मानव जीवनमा कत्तिको सान्निध्य राख्छन् भन्ने विषयभावमा लेखिएको हुँदा मानव र प्रकृतिको एक अर्काका अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्ने सन्देश प्रदान गर्नु नै यस कविताको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.३.१९. ***बच्चाहरू नभएको बस्ती* कविताको विश्लेषण**

**(क) शीर्षक**

कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकको उन्नाइसौं कविता हो *बच्चाहरू नभएको बस्ती* । यो कवितामा बच्चाहरूलाई स्वतन्त्रता प्रेमी, निष्पाप, निष्कलङ्क, प्राकृतिक र स्वाभाविक क्रियाकलापमा रम्ने पवित्र मानव प्राणीको रूपमा उभ्याइएको छ । जहाँ बालबालिकाहरू हुन्छन्, त्यहाँका बस्ती सुन्दर हुन्छ, जहाँ हुँदैनन्, त्यो बस्ती बर्बर हुन्छ । बालबालिका नभएको ठाउँमा कुनै स्वाभाविकता र इमान्दारिता पाइँदैन । सुन्दरताको प्रतीक बालबालिकाहरू बगैंचा सुन्दर बनाउने फूल हुन् । त्यसैले बालबालिकाहरूसँग मान्छे एकाकार हुन सक्नुपर्दछ । बालबालिकाहरू सत्यका प्रतीक पनि हुन् । उनीहरूलाई कुनै झुट लुकाउनु पनि छैन । यिनै बालबालिकाहरू भएनन् भने बस्ती, बस्ती जस्तो नभई बाघको खोरजस्तो हुन पुग्छ । यस्तै विभिन्न विषय र भावमा यो कविता लेखिएकाले बच्चाहरू नभएको बस्ती क्रुर हुन्छ भन्ने अर्थमा यसको शीर्षक राखिएकाले सार्थक देखिएको छ ।

**(ख) लयविधान**

*बच्चाहरू नभएको बस्ती* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । छोटा-लामा पङ्तिहरूको उपस्थितिले कविता वाचनमा एक प्रकारको लय सिर्जना हुन्छ । अन्त्यानुप्रास नभए पनि भाव गम्भीरताले कविता लयमा बगेको देखिन्छ । पङ्तिदेखि पङ्तिसम्मका अर्थ

तादात्म्यले काव्यात्मक लय दिइरहेका छन् । पाठकले आफ्ना खुबीअनुसार मौलिक लय सिर्जना गरी वाचन गर्न सक्ने यो कविता गद्यलयका दृष्टिले उन्नत देखिन्छ ।

### (ग) भावविधान

*बच्चाहरू नभएको बस्ती* कवितामा विशेष भाव व्यक्त भएको छ । कवितामा मानिसहरूको मनमा विभिन्न किसिमका विकारहरू उत्पन्न भइसकेका हुने, लोभानी-पापानी बढेकाले हिंसाको बाटो पनि लिन सक्ने भएपछि स्वच्छ मान्छेको अभावमा बस्ती नै कुरूप भएजस्तो महसुस हुन्छ । तर जहाँ बच्चा हुन्छन्, त्यहाँ सुन्दरता, स्वच्छता, पवित्र भावना र सत्यता हुन्छ । बगैंचाका सुन्दर फूलहरू जस्तै बालचरित्रमा मिठो सुगन्ध लुकेको हुन्छ । बालबालिका रुनु भनेको फूल ओइलनु बराबर हो । त्यसैले मानिसहरूले बालबालिकाहरूबाट सत्यताको पाठ सिक्नु पर्ने भएको छ । बालबालिकाहरू जे देख्छन्, त्यही व्यक्त गर्दछन् । उनीहरूलाई खोक्रो नियमको बन्देज आवश्यकता छैन । ती बालबालिकाहरूलाई सम्भार गरी पालन-पोषण गर्न सके मान्छेको जीवन सार्थक हुन्छ । जहाँ बालबालिकाहरू उफ्रँदैनन्, त्यहाँ अपराधको आशङ्का हुन्छ र जहाँ बालबालिकाहरूको जन्म हुन्छ, त्यो बस्ती स्वर्ग समान हुन्छ भन्ने गहन भाव कवितामा पाइन्छ । यसरी हेर्दा कविताले बालबालिकाहरूलाई शान्तिको प्रतीक मानेको पाइन्छ । बालबालिकाहरूलाई वातावरण दिन मानिस स्वयं बालबालिका जस्तो बन्नुपर्दछ भन्ने सुन्दर भावको कवितामा रहेको पाइन्छ ।

### (घ) संरचना

*बच्चाहरू नभएको बस्ती* कविता लघु प्रकृतिको छ । यहाँ दुई पङ्तिदेखि पाँच पङ्तिसम्मका अनुच्छेद छन् । कवितामा सानाठूला अनुच्छेदहरूको सङ्ख्या आठ रहेको छ । यो कवितामा जम्मा पङ्ति सङ्ख्या चौँतीस रहेको छ । पङ्तिमा थोरैमा एक शब्द र धेरैमा सात शब्द रहेका छन् ।

### (ङ) भाषाशैली र कथन पद्धति

*बच्चाहरू नभएको बस्ती* कविताको भाषाशैली सरल प्रकृतिको छ । पद संयोजनमा कुनै जटिलता छैन । विषयवस्तुको तोडअनुसार लामाछोटा पङ्तिहरूले कवितामा व्यक्त विचारलाई कलात्मक शैली प्रदान गरेको छ । कविताले बालबालिकाहरूलाई विशेष महत्त्व दिँदै निष्पाप, स्वच्छ, निष्कलङ्क र स्वाभाविक प्रकृतिका बालबालिकाहरू भएको बस्ती साँच्चै स्वर्ग समान हुने र उनीहरू नभएको बस्ती कुरूप, विद्रूप र नरक समान हुने भन्ने अभिव्यक्तिलाई कवितामा अति मिठो शैलीमा उल्लेख गरिएको छ । उदाहरणका कारण कविताको सम्प्रेषणीय शक्ति अझै चुलिएको छ । कवितामा कुनै जटिल वाक्य गठन देखिँदैन । यो कवितामा विभिन्न स्रोतका शब्दहरू उपयोग गरिएको छ । कवितामा व्यक्त अपराध, सुगन्धित, चित्कार, स्वयं, स्वर्ग, पृथ्वी, साम्राज्य, विस्तार जस्ता शब्दहरू तत्सम हुन् भने बस्ती, फूल, वासना, मानिस, लटो, दूध, दिन, आमा आदि तद्भव शब्दहरू हुन् । त्यस्तै बर्बर, बन्दुक, चक्कु, खुलेआम, उछलकुद, पुतली, मुर्झाइ, कपडा, काख, आदि आगन्तुक शब्दहरू हुन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

यो कवितामा भूपिनका अरू कविताहरूमा जस्तै बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको छ । *बच्चाहरू नभएको बस्ती* भन्ने शीर्षक आफैँमा एक नर्क एवं कुरूपताको बिम्ब हो । कवितामा बच्चा भए बस्ती स्वर्ग हुने र बच्चा नभए बस्ती नर्क हुने कुराले बच्चाहरू स्वर्ग र सुन्दरताका प्रतीक हुन आएका छन् । त्यसका साथसाथै बच्चाहरू पवित्रता, सत्यता, स्वतन्त्रताका प्रतीक पनि यो कवितामा देखिएका छन् । यथार्थमा जीवनमा पनि सत्य यही हो । कवितामा बच्चा नभएको बस्ती बर्बर हुने, चक्कु बोकेर अपराध दिउँसै खुलेआम हिँड्ने, बस्ती अन्धकार र कुरूप हुने आदि कुरा बिम्बात्मक रूपमा आएका छन् । त्यस्तै बच्चाहरूलाई फूलबारी, मुस्कानलाई फूल, चुम्बनलाई सुगन्धित वासना, उफ्राइलाई सुन्दरता र रुवाइलाई मूर्च्छना मानिएको छ । बच्चाका गन्ध टाँसिएका कपडा सुँघ्नु, उनीहरूका गहुमुत पुछ्नु, कपडा फेरिदिनु, उनीहरूलाई खुवाउँदा निस्केका छिटा आफ्नो शरीरमा पर्न दिनु, आफैँ बच्चा जस्तो हुनु, बच्चाहरूलाई पढ्नु र आफ्नो सफलता पत्ता लगाउनु जस्ता हरेक कुराले कवितामा बिम्बात्मक प्रभाव पारेका छन् । बच्चाले हल्ला नगरेको समाजलाई अपराधको तयारी आशङ्का गर्दै बच्चाको बालसँगै स्वर्ग पृथ्वीमा ओर्लिन्छ र साम्राज्यरूपी नर्क हट्छ भनेर यसमा बच्चाहरूलाई उज्यालो भविष्यको प्रतीक मानिएको छ ।

**(छ) उद्देश्य**

*बच्चाहरू नभएको बस्ती* कवितामा बच्चाहरू नभएको बस्ती कुरूप र नर्क समान हुने र बच्चाहरू रमाएको बस्ती सुन्दर हराभर स्वच्छ र शान्त हुने हुँदा बच्चाहरूको भावनाको कदर गर्नुपर्छ । तिनीहरूको बाल स्वभावको स्वाभाविक चरित्रलाई बुझ्न सके भविष्यमा असल नागरिक बनी साम्राज्य बिस्तारको नरकलाई हटाई एउटा सुन्दर राष्ट्र निर्माण हुने विचार प्रवाह गर्नु यस कविताको उद्देश्य रहेको छ ।

### ४.२.३.२०. *फूलको वान्ता* कविताको विश्लेषण

**(क) शीर्षक**

कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकअन्तर्गत पर्ने बीसौँ रचना हो *फूलको वान्ता* कविता । यो कविता एकजना सुन्दर व्यक्ति जसले अरू सबैलाई कुरूप देखिरहन्छ, उसैको केन्द्रीयतामा यो कविता तयार भएको छ । अरूलाई सुन्दर नठान्ने एउटा सुन्दर व्यक्ति जो आफ्नो अनुहार तालमा हेरिरहेको हुन्छ । आफूलाई हेर्दा हेर्दा संसार बिर्सिसकेको उसले अरूको चर्चा भएको मन पराउँदैन, एकाएक उमेरसँगै तालको पानी हल्लिन थाल्छ, उसको अनुहार विद्रूप बन्छ, हल्लिन्छ, ऊ नर्गिसको फूल बन्न पुग्छ र भट्टीमा गई जाँड धोक्छ, नेमेसिसलाई गाली गर्छ, वनदेवीलाई गाली गर्छ र वान्ता गर्न थाल्छ अर्थात् एउटा सुन्दर फूलको रूपमा आएको एक घमण्डी चरित्रले आफ्नै रूपको घमण्डका कारण उल्टी गरिरहन्छ । त्यसैले यो विषयवस्तुमा रचित कविताको शीर्षक *फूलको वान्ता* उचित देखिन्छ ।

### (ख) लयविधान

*फूलको वान्ता* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कवितामा रहेका लामा-छोटा पङ्तिले कविता वाचनमा एक किसिमको लय प्रदान गर्दछन् । अन्त्यानुप्रासको प्रयोग नभए पनि कतिपय अनुप्रासयुक्त शब्दहरू भने देखिन्छन् जसले कविता वाचनमा छुट्टै किसिमको तरङ्ग पैदा गर्दछन् ।

### (ग) भावविधान

*फूलको वान्ता* कविता घमण्डी प्रकृतिका मानिसको चरित्रमा आधारित छ । घमण्डीहरू आफूभन्दा असल र राम्रो संसारमा कसैलाई देख्दैनन् । सधैं अरूको घृणामा मात्र उनीहरूको समय व्यतित भएको हुन्छ । यसै प्रसङ्गलाई छोएर कवितामा आफ्नै सुन्दरतामा घमण्ड गर्ने नर्सिससको नाम लिइएको छ । चरित्रअनुसार नर्सिसस आफ्नो सुन्दरतामा घमण्ड गर्थ्यो र सारा संसारका मानिसलाई कुरूप भनी गाली गर्थ्यो । यही घमण्डी प्रवृत्तिले ऊ एकदिन सबैबाट बेग्लिएर-एक्लिएर विसङ्गतिपूर्ण जीवन बाँच्दै मृत्युवरण गर्न पुग्यो । यसैले अरूलाई दुनियाँमा कुरूप र आफूलाई सुन्दर भन्ने तीतो सत्य जुन मानिसहरूमा हुन्छ, वास्तवमा तिनीहरूको जीवन दुःखदायी नै हुन्छ, यही भावमा यो कविता तयार भएको छ । कविताले नेपाली समसामयिक राजनीतिलाई मूल्याङ्कन गरेको स्पष्ट हुन्छ । आफूलाई नम्बरी नेता मान्ने राजनीतिक दलका ठूलाठालुहरू आफ्नो काम, भनाइ, गराइ, चरित्र, सिद्धान्त सबै उन्नत खालको भएको र अरू सबै चरित्रहीन, दुष्ट, फटाहा, भ्रष्टाचारी आदि आदि हुन् भनेर गाली गर्ने गर्दछन् । नेपालमा अहिले यही प्रकृतिको राजनीतिक चरित्रको विकास भएको छ । यो कविताको विषयभाव नेपाली राजनीतिको चरित्रसँग ठ्याक्कै मेल खान्छ । अरूलाई नराम्रो भन्ने जति पनि नेताहरू छन्, तिनलाई वास्तवमा कसैले पनि राम्रो भनिरहेको हुँदैन । आफू कुरूप देखिए पनि सबैलाई राम्रो भन्न सक्ने मानिस मात्र रूपवान् हुन सक्छ भन्ने गहन भाव कवितामा पाइन्छ । त्यसैकारणले कवि वान्ता गरिरहेको नर्सिससलाई छाडी अन्य फूलहरूको खोजीमा बाटो लाग्छन् । यसरी यो कविता भावको दृष्टिले उत्कृष्ट देखिन्छ

### (घ) संरचना

*फूलको वान्ता* कविता लघु प्रकृतिको छ । यो कविता साना-ठूला सात अनुच्छेदमा संरचित छ । सबैभन्दा सानो अनुच्छेद तीन पङ्तिको र ठूलो अनुच्छेद एघार पङ्तिको रहेको छ । पङ्तिहरूमा सबैभन्दा साना पङ्ति एक शब्दका र लामा पङ्ति सात शब्दका रहेका छन् । कवितामा जम्माजम्मी एकाउन्न पङ्ति रहेका छन् ।

### (ङ) भाषाशैली र कथन पद्धति

*फूलको वान्ता* कविता जतिसुकै मिथकीय दृष्टान्त उल्लेख गरी लेखे पनि यसको भाषिक संरचना सुवोध नै छ । विभिन्न प्रकारका उदाहरणहरू कवितामा आउनाले यसको अर्थ गहनता वृद्धि भएको छ । अति छोटादेखि छोटा पङ्तिसम्ममात्र कविताको आकार रहेकाले पनि विषय विस्मृतिको समस्या नहुने देखिन्छ । नेपालको राजनीतिमा मौलाउँदै

गइरहेको अरूलाई गाली गर्ने चरित्रलाई उदाङ्गो बनाउन पश्चिमा मिथकीय पात्र नर्सिससलाई ल्याइएको छ किनभने ऊ आफूबाहेक कसैलाई पनि राम्रो देख्दैनथ्यो । यसरी यो कविताको अर्थलाई लाक्षणिक भाषाशैलीको मान्न सकिन्छ । कवितामा संरचित शब्द संयोजन भने विभिन्न स्रोतका शब्दहरू र नेपाली मौलिक शब्दहरू दुवैको उपयोग गरिएको छ । कवितामा प्रयुक्त तत्सम शब्दहरूमा चञ्चल, आदि, प्रेम, अपलक, ध्यानस्थ, सत्य, समस्त, जगत्, अनुहार, अग्निकुण्ड, स्तुति, प्रियजन, सूर्य, प्रश्नवाचक, उग्र, वनदेवी, श्राप, कुरूप आदि छन् भने तद्भव शब्दहरू बतास, वान्ता, सपना, एक्लो, ताल, फूल, काम, साँझ, डाहा, बडेमानको आदि हुन् । त्यसैगरी बैंसालु नर्सिसस, जेरेक्स, नेमेसिस, नर्गिस, भट्टी, डबका, जाँड आदि आगन्तुक शब्दहरू प्रयोग भएका छन् । यो कविता अधिकतम तृतीय पुरुष र अन्त्यमा प्रथम पुरुष कथनशैलीमा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक / अलङ्कार**

*फूलको वान्ता* कवितामा बिम्ब र प्रतीकहरूको राम्रो उपस्थिति छ । यसको शीर्षक *फूलको वान्ता* एक प्रतीकात्मक उदाहरण हो । फूलको वान्ता भन्ने अभिव्यक्तिले आफ्नै सुन्दरताको प्रशंसा उल्टी आउने गरी गर्नु भन्ने अर्थ दिन्छ । यो नेपाली राजनीतिक नेतृत्वको ऐना हो । कवितामा प्रयोग भएका पश्चिमा साहित्यमा व्याप्त मिथकीय पात्रहरूको प्रयोग पनि बिम्बका रूपमा हेर्न सकिन्छ । ती चरित्रहरू एकसेएक विषयका प्रतीकहरू हुन् । त्यस्ता पात्रहरू नार्सिसस्, नमेसिस, वनदेवी र नरगिसको फूल आदि छन् । त्यसैगरी बैंसालु दह, बतासको काउकुती, सपनाको बजार, रूपको आदिम प्रेम, डाहको अग्निकुण्डमा छटपटाउनु, निस्सारताले पोल्नु, उग्रशङ्काको भट्टी आदि विभिन्न प्रसङ्गमा प्रतीकको रूपमा यो कवितामा आएका छन् ।

**(छ) उद्देश्य**

*फूलको वान्ता* कविता जसले आफूलाई बाहेक कसैलाई पनि राम्रो देख्दैन, त्यो व्यक्ति कसैको नजरमा पनि राम्रो मानिँदैन । यसर्थ हरेक व्यक्तिलाई सुन्दरताको नजरले हेर्ने हो भने आफू सबैका बीचमा प्रिय बन्दै मानव समूहबाट एक्लिन पर्दैन भन्ने सन्देश यो कविताले दिन खोजेको देखिन्छ । साथसाथै नेपाली राजनीतिक पङ्क्तिहरूलाई सुन्दरताको यो पाठ सिकाउनु पनि कविताको उद्देश्य रहेको देखिन्छ ।

### ४.२.३.२१. *नदी* कविताको विश्लेषण

**(क) शीर्षक**

*नदी* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकभित्र राखिएको एक्काइसौँ रचना हो । यो कवितामा नदीले नाम पदलाई बुझाउँछ । एकै शब्दमा दिइएको यो शीर्षकले नदीको गहिराइमा जिन्दगीको अर्थ खोजिरहेको छ । नदी शान्त भए पनि त्यसको गहिराइ हुन्छ र गहिराइमा नदीको वास्तविक तागत हुन्छ र त्यसले आफ्ना सान्निधिमा आएका जतिसुकै शक्तिशाली कुराहरूलाई पनि गायब बनाउन सक्दछ, नाङ्गो आँखाले सतहमा हेरेर नदीको शक्ति आँकलन गर्न सकिँदैन भन्ने विषय प्रकृति

कवितामा आएकाले यसको शीर्षक *नदी* उपयुक्त देखिन्छ । शीर्षक पुष्ट्याइँका लागि वा नदीको गोप्य प्रवेग छल्नका लागि चार वटा उदाहरणहरू प्रस्तुत भएका छन् । यथार्थमा नदी शक्तिशाली हुन्छ भन्ने पुष्टि दिन यसको शीर्षक *नदी* सार्थक रूपमा आएको छ ।

**(ख) लयविधान**

*नदी* कविता गद्यलयमा लेखिएको छ । कविताका छोटा पङ्तिमा यति र लामा पङ्तिमा गति उत्पन्न हुने हुँदा त्यसले पनि लय सिर्जना गरेको छ । पाठकले कविता वाचन गर्दा स्वेच्छिक रूपमा कवितालाई लयात्मकता प्रदान गर्न सक्दछन् । यो कवितामा अन्त्यानुप्रास छैन तर पङ्तिमा कतिपय शब्दहरू अनुप्रासको रूपमा हेर्न सकिने खालका देखिन्छन् ।

**(ग) भावविधान**

*नदी* कविता नदीको लुकेको शक्ति हुन्छ तर यसलाई कसैले पनि कमजोर आँकलन गर्नु मूर्खता हुन्छ भन्ने भावमा जोडिएको देखिन्छ । अर्कोतिर नदी मानिसको जीवनसँग सम्बन्धित पनि छ । बाहिरबाट हेर्दा मानिसको जीवन जति सहज र स्वाभाविक लाग्दछ, वास्तविक रूपमा त्यो गलत सिद्ध हुन्छ भन्ने कुराको राम्रो उदाहरण पनि यो कवितालाई मान्न सकिन्छ । कविताअनुसार नदी निदाइरहेको किन नदेखियोस्, बूढो र रुग्ण मानिसहरूको हिँडाइजस्तो किन नलागोस् तथा नदी एउटी श्रीहीन विधवाजस्तो कमजोर कान्ति हराएको अवस्थामा किन नदेखियोस्, यथार्थमा नदी त्यस्तो हुँदैन । किनभने नदी सानै देखिए पनि त्यसले ठूला-ठूला रूख, पहाड र अन्य त्यस्तै वस्तुहरूलाई आफूमै हराइदिन सक्छ । बाहिरबाट हेर्नेहरूले नदीको आकार मात्र देखेका हुन्छन् । नदीको गहिराइमा शक्ति हुन्छ भन्ने बुझेका हुँदैनन्, त्यसैले कवि पनि एक नदी हुन् । उनका अक्षरहरूलाई कमजोर ठान्ने दुस्साहस गर्नु हुँदैन किनभने कवि अहिले शान्त देखिएका छन् । यिनै सुन्दर भावहरूमा यो कविता पूर्ण भएको छ ।

**(घ) संरचना**

*नदी* कविता लघु प्रकृतिको छ । यसको भाव अझै लघुत्तम छ किनभने उदाहरण मात्रै नदीलाई व्यक्त गर्ने भावभन्दा बढी छन् । सूक्ष्मताभित्र व्यापकता भएको यो कवितामा सबै गरेर छ अनुच्छेद रहेका छन् । सानो अनुच्छेद दुई पङ्तिको र ठूलो अनुच्छेद सात पङ्तिका छन् । त्यस्तै सबैभन्दा सानो पङ्ति एक शब्दका र ठूलो पङ्ति नौ शब्दका छन् । एक शब्दे पङ्तिको सङ्ख्या मात्रै छ रहेको छ । *नदी* कविता बत्तीस पङ्तिमा पूर्ण भएको छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*नदी* कविता बिम्बात्मक भाषाशैलीमा लेखिएको छ । जसरी नदी हेर्दा साधारण देखिन्छ, सानो देखिन्छ तर त्यसको गहिराइमा अथाह शक्ति हुन्छ । त्यसैगरी यस कविताको भाषाशैली ज्यादै साधारण लाग्छ तर यसभित्र अर्थ गहनताको ताकत नारायणी नदीको जस्तै छ । यसरी यो कविता एक तिलस्मी भाषाशैलीमा तयार भएको छ । कवितामा सबै स्रोतका

शब्दहरू समेटिएका छन् । नदी, शान्त, अवचेतन, नृत्य, ग्रस्त, पति, जीवन, तरङ्ग, दश, वर्ष आदि तत्सम शब्दहरू हुन् भने हिउँद, बर्खा, रात, निदाउनु, बूढो, सपना, अन्तिम, मायालु, आदि तद्भव शब्दहरू हुन् । यसैगरी जाडो, हुस्सु, स्लिपिङ, व्याग, चिप्रा, रेमिट्यान्स, माझी, गायव आदि आगन्तुक शब्दहरूका रूपमा आएका छन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ र कविताको अन्त्य प्रथम पुरुष कथन ढाँचामा भएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*नदी* कविता प्रतीकात्मक छ । कवितामा नदीले जीवनलाई बुझाउँछ । अर्कोतर्फ भित्री रूपमा लुकेर रहेको शक्तिको बिम्बको रूपमा पनि नदी आएको छ । कवितामा नदीले आराम गर्नु, नदी स्लिपिङ ब्यागमा घुस्रिनु र निदाउनु, नदीका खुट्टाहरू झम्झमाउनु, बूढो मानिसको झैँ सानो आवाज आउनु, चोटग्रस्त सपनाको भद्दा नृत्य हेर्नु, घाममा नदी उँघ्दै बसिरहेजस्तो देखिनु आदि सबै नदीका सतही विशेषताका रूपमा आएका छन् भने वास्तविक रूपमा नदी शक्तिशाली छ भन्ने देखाउन कवितामा बिम्ब, प्रतीकहरू आएका छन् ।

**(छ) उद्देश्य**

*नदी* कविताले कुनै पनि कुराको सतही रूपमा हेरेर त्यसको तथ्य आँकलन गर्न सकिँदैन, वास्तविक गहिराइमा हुन्छ । हिउँदकै भए पनि गहिराइका कारण नदी शक्तिशाली हुन्छ र जीवन पनि नदी जस्तै गहिरो ठाउँमा बग्ने बहाव हो । यसलाई सतही रूपमा व्याख्या गर्न सकिँदैन र कसैले गर्न नखोज भन्ने सन्देश दिनु नै यस कविताको मूल उद्देश्य रहेको छ ।

**४.२.३.२२. *बीउ* कविताहरूको विश्लेषण**

**(क) शीर्षक**

*बीउ कविताहरू* शीर्षकमा रहेका दशवटा कविताहरूको एकत्रित समूह कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *बोध र प्रेम* उपशीर्षकमा पर्ने बाइसौँ कविता हो । यो यस खण्डको अन्तिम कविता हो । *बीउ कविताहरू*भित्र रहेका दशवटा बीउहरू *ऐना, जन्मदाता, माछा, लट्ठी, एउटा सपनाको कुरा, चरा, बताससँग अनुरोध, देश, मजाक* र *स्पर्श* हुन् । बीउ कविता भन्नाले कविताको आकारलाई लक्षित गरिएको छ । जसरी बीउ सानो हुन्छ, त्यसरी नै यी दश कविताहरू सानो आकृतिमा रहेका छन् । यसकारण यसको शीर्षक *बीउ कविता* भन्नु अनुपयुक्त देखिँदैन ।

**(ख) लयविधान**

*बीउ कविताहरू* स्वतन्त्र गद्यलयमा लेखिएका छन् । पाठकको आफ्नो ढङ्गले लय सिर्जना गर्दै कविता पढ्न सकिन्छ । छोटा-लामा पङ्क्तिहरूले लयको सिर्जना गरेका छन् । कतिपय छोटा पङ्क्तिहरूलाई पुनरावृत्ति गरी वाचन गर्दा लय उत्पन्न हुन्छ । विषयवस्तुको विशिष्टताले पनि कवितामा लयात्मकता प्राप्त हुन सक्छ ।

## (ग) भावविधान

*बीउ कविताहरू* विभिन्न उपशीर्षकमा लेखिएका साना कविताहरूमा फरक-फरक विषयवस्तुहरू शीर्षकअनुसार उनिएका छन् । तिनका भावहरू पनि स्वतन्त्र रूपमा रहेका छन् । प्रत्येक कविताका भावहरू निम्न बमोजिम देखिन्छन् :

*ऐना :* यस कवितामा सत्तालाई झोक चलेका बेला कोही नाङ्गो मान्छे चिच्याएर आफ्नो नग्नता तिम्रो अनुहार हेर्ने ऐना हो भन्नुको पछाडि सत्ताले नाङ्गो नाच देखाइरहेको भाव स्पष्ट पार्दछ । *जन्मदाता :* यस कवितामा जन्मदाता अर्थात् बाबुआमा आफ्ना सन्ततिहरूलाई विभिन्न समस्याहरूबाट जोगाउँदै सुरक्षा कवच बनेर हुर्काउँछन् र अन्त्यमा उनीहरू अशक्त बन्दै काम नलाग्ने हुन्छन् । जसरी बाँसका तामालाई सुप्लाहरूले सुरक्षा दिएर बलियो बनाउँछन्, तामा हुर्किसकेपछि सुप्लाहरू काम नलाग्ने भई भुइँमा झरेका हुन्छन् भन्ने भाव पाइन्छ । *माछा : माछा* शीर्षकको कवितामा माछा बग्दै-बग्दै मृतसागर आइपुग्यौ भन्नुले मान्छे जन्मिएपछि समय-समयमा जीवन बगाउँदै-बगाउँदै एक दिन मृत्युमा प्राप्त हुन्छ भन्ने भाव समेटिएको छ । *लट्ठी :* यस कवितामा आफ्ना बाले बूढो हुँदा टेकेको लट्ठी मृत्युपछि आमालाई प्राप्त हुन्छ, त्यसैको भरमा आमा गाउँका गोरेटाहरूमा हिँड्नुहुन्छ तर कवि आफू भने आफ्नै आमाको सहारा त्यही लट्ठीले जत्तिको पनि हुन नसकेको विडम्बनापूर्ण अवस्था देखाउने भाव पाइन्छ । *एउटा सपनाको कुरा :* यस कवितामा सपना अर्थात् इच्छा, आकार, आकाङ्क्षाहरू, कोमल छातिका रूपमा रहने र विपना अर्थात् क्रूर बन्दुकको रूपमा आएर छेड्छ र सपना पूरा नहुँदै मृत्युमा प्राप्त हुन्छ अर्थात् आवश्यकता पूरा नहुँदै मान्छे मर्छ भन्ने भाव पाइन्छ । *चरा :* यस कवितामा चरा अर्थात् स्वतन्त्र बन्ने रहर कविलाई भएको तर यदि तिम्रो कोठामा मलाई कैद गर्ने हो भने एउटा पिँजडा बनाउन मान्छे भएर पिँजडामा बस्न असम्भव छ भन्ने भाव पाइन्छ । *बताससँग अनुरोध :* यस कवितामा बतासले परागहरूलाई उडाएर तिनीहरूले बीउ बन्ने अवसर पाउँछन् र ती उम्रिएर शिर ठाडो पार्दै संसार देख्न पाउँछन्, त्यसैले त्यही परागले फूलबाटै आफूलाई उडाएर बीउ बन्न सहयोग पुर्‍याऊ भन्दै प्रतीक्षा गरिरहेको भाव पाइन्छ । *देश :* यस कवितामा हाम्रो देश नेपाल एउटा फिल्टरको रूपमा आएर नेपालीहरूलाई पानी पियाएर तिर्खा मेटाउन चाहन्छन् तर आफैँ देश अर्थात् फिल्टर र त्यसभित्रका क्यान्डलहरू पानीले भिज्न नपाएर वर्षौंदेखि सडिरहेका छन् किनकि जलस्रोतको धनी देश भएर पनि जनताहरूले स्वच्छ पानी पिउन पाइरहेका छैनन् भन्ने भाव पाइन्छ । *मजाक :* यस कवितामा सपना देख्नेहरूलाई सपना देख्न पैसा लाग्दैन भनेर कविलाई उनको गरिबीमाथि मजाक उडाएको र कवि भने आफूले सर्वस्व लुटाएर भए पनि सपना देख्ने मानिस हुँ भनेर चुनौती प्रस्तुत गरेको भाव पाइन्छ । *स्पर्श :* यस कवितामा आफू एक निस्क्रिय ज्वालामुखी भएको तर तिमीले छोएपछि विस्फोट हुन्छु भन्नुले आफूलाई कसैले नछोएमा शान्त रहने र छोएमा उग्र बन्ने भाव प्रकट भएको छ । अर्कोतिर आफ्ना कार्यमा

कोही बाधा बन्न आएमा चुप लागेर बस्न नसक्ने भाव पनि पाइन्छ साथै यसले काम वासनाको भावलाई पनि छोएको छ ।

**(घ) संरचना**

*बीउ कविताहरू* शीर्षकको यो कवितामा दशवटा उपशीर्षकमा बेग्लाबेग्लै कविताहरू राखिएको छ । प्रत्येकलाई शीर्षकअनुसारका विषयवस्तु उनेर पुष्टि गरिएको छ । एक अनुच्छेदका कविताहरू दुईदेखि आठ पङ्तिसम्मका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*बीउ कविता*मा रहेका लघु आकारका कविताहरूको भाषाशैली केही घुमाउने प्रकृतिका छन् । यसमा लाक्षणिक रूपमा अर्थबोध हुने शैलीको उपयोग गरिएको छ । तैपनि कवितामा निहित आशय बुझ्न भने त्यति कठिन छैन । जे होस्, रसिलो भाषाशैलीमा यी बीउ कविताहरू लेखिएका छन् । प्रत्येक बीउ कविताहरूमा तीनै स्रोतका शब्दहरूको प्रयोग भेटिन्छ । कविताहरू प्रथम र तृतीय पुरुष कथन ढाँचामा संरचित रहेका छन् ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*बीउ कविता*हरूमा प्रशस्त बिम्ब-प्रतीकहरूको प्रयोग गरिएको छ । तिनीहरूले आफ्नो सोझो अर्थ छाडी प्रतीकात्मक अर्थ लिएका छन् । *ऐना* कवितामा सत्ताको नाङ्गो नाच प्रतीकको रूपमा आएको छ । *जन्मदाता* कवितामा सन्तान हुर्काउँदा-हुर्काउँदै बाबुआमाको मृत्यु हुन्छ भन्ने बिम्ब देखिन्छ । *माछा* कवितामा जन्मिने मर्नका लागि हो भन्ने बिम्ब भेटिन्छ । *लट्ठी* कवितामा आमाको साहारा बन्न नसकेको सन्तान भन्ने बिम्ब भेटिन्छ । *एउटा सपनाको कुरा* कवितामा सपना हुर्कन नपाउँदै सहिद बन्छ भन्नुले आवश्यकता पूरा नहुँदै मान्छे मर्छ भन्ने बिम्ब देखाएको छ । *चरा* कवितामा मान्छे अरूको अधीनमा बस्न सक्दैन भन्ने बिम्ब छ । *बताससँग अनुरोध* कवितामा फूलको परागले फैलन हावालाई अनुरोध गर्नुले बीउहरू उम्रन चाहन्छन्, फल्न-फुल्न चाहन्छन् भन्ने बिम्ब देखाइएको छ । *देश* कवितामा जलस्रोतको धनी देशका जनताहरूले पिउने पानी पाएनन् भन्ने बिम्ब देखिन्छ । *मजाक* कवितामा सपना देख्नेहरूलाई खिल्ली उडाए पनि मान्छेले सपना देख्न छाड्दैन भन्ने बिम्ब देखाइएको छ । *स्पर्श* कवितामा सुतेको बाघ उठाउनु आफैँलाई खतरा निम्त्याउनु हो भन्ने विषयलाई ज्वालामुखीको प्रतीकात्मकता देखाइएको छ ।

**(छ) उद्देश्य**

*बीउ कविता*हरूले छुट्टाछुट्टै सन्देश बोकेर आएका छन् । *ऐना* कविताले सत्ताको चरित्रको सन्देश दिन्छ, *जन्मदाता* कवितामा बाबुआमाको कर्तव्यको सन्देश पाइन्छ, *माछा* कविताले मृत्युको सन्देश दिन्छ, *लट्ठी* कविताले सन्तान बाबुआमाको सहारा बन्नुपर्छ भन्ने सन्देश दिन्छ, *एउटा सपनाको कुरा* कवितामा सपना पूरा नहुँदै मान्छे मर्छ भन्ने सन्देश छ, चरा कवितामा मान्छे स्वतन्त्रप्रेमी हुन्छ भन्ने सन्देश दिइएको छ, *बताससँग अनुरोध* कवितामा बीउहरू उम्रन चाहन्छन् भन्ने सन्देश छ, *देश* कवितामा जलस्रोतसम्बन्धी विडम्बनाको सन्देश छ । *मजाक* कवितामा मानिसहरू अनन्त सपनाको भरमा बाँच्छ भन्ने

सन्देश छ र *स्पर्श* कवितामा आफूलाई नराम्रो गर्नेलाई ज्वालामुखी बनेर विस्फोट भई प्रतिकार गर्ने सन्देश छ, अर्कोतिर उत्तेजनाको प्रतिफल जस्तो सन्देश रहेको छ । समग्रमा माथिका सन्देशहरूको प्रवाह गर्नु नै *बीउ कविताहरू*को उद्देश्य रहेको छ ।

### ४.२.४. *गाउँ* उपशीर्षकका कविताहरूको विश्लेषण

#### ४.२.४.१. *गाउँ : एक* कविताको विश्लेषण

**(क) शीर्षक**

*गाउँ : एक* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *गाउँ* उपशीर्षकमा समेटिएको पहिलो रचना हो । यो कविता सहरदेखि टाढा रहेको एउटा गाउँको विषयमा भाव पोखिएको हुँदा यसको शीर्षक *गाउँ* उचित देखिन्छ । यसमा एकशब्दे शीर्षक छ । यसै शीर्षकका अन्य कविताहरू पनि भएकाले यसलाई *गाउँ : एक* नाम दिइएको छ । यसमा गाउँ नाम शब्द र एक विशेषण शब्दको रूपमा आएका छन् । यो शीर्षकको गाउँमा धेरै समस्याहरू छन् । शासकहरू गाउँ नदेखिने ठाउँमा छन्, तिनीहरूले यो खालको गाउँको समस्या बुझ्न सक्दैनन् भन्ने देखिन्छ ।

**(ख) लयविधान**

यो कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कविता वाचनमा लयको निर्माण पाठककै आफ्नो स्वविवेकमा भर पर्दछ । यो कवितामा प्रायः अन्त्यानुप्रास तुकबन्दी रहेका पङ्तिहरू देखिएका छन् । यसबाट पनि लयको सिर्जना भएको छ ।

**(ग) भावविधान**

*गाउँ : एक* कविता धेरै टाढाको अविकसित गाउँ हो, जहाँ गरिबीले सताइएका जनता बस्छन् । त्यहाँ पुग्न पहाड चढ्नुपर्दछ । यदि पहाड नचढ्ने हो भने न त त्यो गाउँको पुछारमा बगेको खोलो देखिन्छ, न त लेकबेंसी देखिन्छ, न त जनताहरूले खाए-नखाएको थाहा हुन्छ, न त त्यहाँका बालबालिकाहरूले पढे-नपढेको थाहा हुन्छ, र देशको आँखा पुगे-नपुगेको पनि थाहा हुँदैन, त्यस्तो गाउँको विकासको योजना गाउँ नै नदेखिने सहरमा बसेर बनाउँदै छन्, जसबाट गाउँको विकास सम्भव छैन भन्ने भाव यो कवितामा रहेको छ ।

**(घ) संरचना**

*गाउँ : एक* कविता लघु संरचनामा छ । यसमा दुई अनुच्छेद मात्र छन् । एउटा अनुच्छेद दश पङ्तिको छ भने अर्को चार पङ्तिको छ । सबैभन्दा छोटो पङ्ति दुई शब्दको र सबैभन्दा लामो पङ्ति छ शब्दको देखिन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*गाउँ : एक* कविताको भाषाशैली सरल छ । यसमा एउटा सहरदेखि टाढा रहेको अविकसित गाउँ जहाँ दुःख र पीडाहरूले भरिएको अवस्थामा छ । त्यसका कथा-व्यथाहरू ज्यादै सटिक ढङ्गले व्यक्त गरिएको छ । यो कवितामा देशका शासकहरूद्वारा उपेक्षित गाउँको हालखबर सहर बजारमा रम्ने मान्छेलाई केही पनि थाहा हुँदैन भन्ने विषयभावलाई

आकर्षक भाषाशैलीमा व्यक्त गरिएको छ । यो कवितामा देश, शासक जस्ता तत्सम शब्दहरू, पहाड, गाउँ, पुछार, खेत, धुरी, धुवाँ, आँखा जस्ता तद्भव शब्दहरू र स्कुल, दरबार, सहर जस्ता आगन्तुक शब्दहरू पनि रहेका छन् । यो कविता तृतीय पुरुष दृष्टिकेन्द्रमा रचना गरिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*गाउँ : एक* कवितामा केही बिम्ब-प्रतीकहरूको पनि प्रयोग भएको पाइन्छ । धुरीबाट धुवाँ उडे नउडेको हेर्नु, गाउँको पुछारमा खोला बगेको देख्न त्यहीँ आउनु पर्ने, खेतमा हरियाली डुलेको नदेखिनु, देशको आँखा, गाउँ देख्ने पहाड आदि यो कवितामा आएका बिम्ब-प्रतीकहरू हुन् ।

**(छ) उद्देश्य**

*गाउँ : एक* कवितामा सहरमा बसेर कुना-काप्चा र दुर्गम स्थानमा रहेका गाउँघरमा के कस्तो अवस्था छ, त्यो सहरमा बसेर देख्न सकिँदैन । गाउँको विकास गर्ने हो भने गाउँकै पहाड उक्लिएर अवलोकन गरेपछि सम्भव हुन सक्छ भन्ने सन्देश कविताको मूल उद्देश्यको रूपमा आएको छ ।

### ४.२.४.२. *गाउँ : दुई* कविताको विश्लेषण

**(क) शीर्षक**

*गाउँ : दुई* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *गाउँ* उपशीर्षकमा समेटिएको दोस्रो रचना हो । *गाउँ : दुई* कविता त्यस्तो अर्को गाउँको शीर्षक हो, जहाँ मालिकले बनाएको संविधानमा रत्तिएर आफ्नो गाउँमा दुःख गरिरहेका जनताहरूको कथा छ । नेपालको अर्को खालको गाउँको विषयमा लेखिएको यो कविताको शीर्षक *गाउँ : दुई* उपयुक्त छ ।

**(ख) लयविधान**

यो कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । लामा-छोटा पङ्तिहरूले एक प्रकारको लय सिर्जना गरेका छन् । यो कवितामा कतिपय पङ्तिहरूमा अन्त्यानुप्रासको पनि उपस्थिति रहेको पाइन्छ । पाठकहरूले स्वतन्त्र ढङ्गले लय सिर्जना गर्दै यो कविता वाचन गर्न सक्दछन् ।

**(ग) भावविधान**

*गाउँ : दुई* कविता नेपालको अर्को एक फरक गाउँको वर्णनमा केन्द्रित छ । एउटा त्यस्तो गाउँ, जहाँ गाउँलेहरूलाई धेरै दुःख छ, जङ्गलमा झ्याउँकिरीले गीत गाउँछन्, कतै चौतारीमा पिपिरी बाजाको आवाज आउँछ, त्यो आवाज कविको हुन्छ । गाउँका मर्मतका, उत्पादनका कामहरू गर्न गाउँलेहरू नै जुट्नुपर्दछ । उनीहरूले गाउँका सम्पूर्ण समस्याहरूको समाधान गर्नुपर्दछ तर नियम भने मालिकको मान्नुपर्दछ अर्थात् उनीहरूले संविधान बनाउन पाउँदैनन् । मालिकद्वारा निर्मित संविधानमा शासित छन् भन्ने गहन भाव यस कवितामा रहेको छ ।

**(घ) संरचना**

यो कविता लघु संरचनामा छ । यसमा जम्मा तीन अनुच्छेद छन् । पहिलो अनुच्छेद चार पङ्तिको, दोस्रो अनुच्छेद सात पङ्तिको र तेस्रो अनुच्छेद तीन पङ्तिको रहेका छन् । सबैभन्दा सानो पङ्ति दुई शब्दको र सबैभन्दा ठूलो पङ्ति सात शब्दको रहेका छन् । यो कविता जम्मा चौध पङ्तिमा संरचित छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*गाउँ : दुई* कविताको भाषाशैली सरल छ । यो कवितामा आफूले मान्ने नियम आफूले बनाउन नपाएको तर मालिकका नियममा शासित हुनु परेको भन्ने देखाउन अति सरल शैलीको प्रयोग गरिएको छ । कवितामा ज्यादै सङ्क्षिप्तता भएको हुनाले यसको भाव बुझ्न कठिन हुँदैन । छोटा पङ्तिहरूमा संरचित हुनाले पनि यो कविता निकै सजिलो बनेको छ । कवितामा जङ्गल, गीत, संविधानजस्ता शब्दहरू तत्सम हुन् । त्यस्तै गाउँ, बीउ, पसिना, हाँसो आदि शब्दहरू तद्भव हुन् भने बाढी, कुलोजस्ता शब्दहरू आगन्तुक हुन् । यो कविता प्रथम पुरुष कथन ढाँचामा रचिएको छ किनभने कवितामा कवि स्वयं उपस्थित छन् ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*गाउँ : दुई* कविता आफ्नो संविधान आफैँले बनाउन नपाउने एउटा गाउँको बिम्ब हो । त्यहाँ शासकहरूले आफू अनुकूल शासन चलाउँछन् र गाउँका अनेक क्रियाकलापमा गाउँलेहरू सङ्घर्ष गरिरहेका छन् । कवितामा प्रयुक्त गीत गाइरहेको झ्याउँकिरी, गाउँ हाँस्नु, गाउँ रुनु, पसिनाको बीउजस्ता शब्दहरूले पनि प्रतीकात्मक अर्थ दिइरहेका छन् ।

**(छ) उद्देश्य**

*गाउँ : दुई* कविताले मालिकहरूले बनाएको मालिककै लागि हितकारी संविधानको नियममा आफू शासित हुन परिरहेको र संविधान निर्माणमा आफ्नो प्रतिनिधित्व नभएको अवस्था देखाई जनताहरूको शासन गर्ने संविधान स्वयं जनताहरूले बनाउन पाउनु पर्छ भन्दै जनतालाई सचेत बनाउने उद्देश्य कविताको रहेको छ ।

### ४.२.४.३. *गाउँ : तीन* कविताको विश्लेषण

**(क) शीर्षक**

*गाउँ : तीन* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *गाउँ* उपशीर्षकमा समेटिएको तेस्रो रचना हो । यो कविता नेपालको अर्को एक फरक गाउँको कथा-व्यथा उल्लेख गरिएको हुनाले तेस्रो गाउँको रूपमा आएको यो शीर्षक उपयुक्त नै देखिएको छ ।

**(ख) लयविधान**

*गाउँ : तीन* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । लामा र छोटा पङ्तिले कविता वाचनमा लय सिर्जना गर्दछन् । चिह्नहरूको प्रयोगले कवितामा फरक ध्वनि उत्पन्न हुन्छ र

एक प्रकारको साङ्गीतिकता प्रकट हुन्छ । कवितामा केही शब्दहरू पुनरावृत्ति भएका छन् भने यसमा अनुप्रासयुक्त शब्दहरूको उपस्थिति छैन ।

**(ग) भावविधान**

*गाउँ : तीन* कविता करुण भावमा रचिएको छ । यो कवितामा एउटा त्यस्तो गाउँ जुन भोक, रोग र गरिबीको चपेटामा पिल्सिरहेको छ, जहाँ खाना पकाउन चुलो बाल्ने कुनै उपाय छैन, सुत्केरी भोका छन्, काम गर्नका लागि कुनै अवसर छैन, काम गर्छुभन्दा पनि काम नपाएर विदेश जाने योजना युवकहरूले बनाइरहेका छन् । गाउँमा भएको हेल्थपोस्टमा औषधीको नामोनिशाना छैन । बिरामीहरू उदास छन् । विदेशमा गएर भए पनि कमाउने आशा नहुँदो हो त युवकहरूले आफ्नो हातको पनि कुनै काम नभएको थाहा पाई तिनै हात काटेर सुत्केरी श्रीमतीहरूलाई झोल खुवाउने सोच राखेका छन् । यो हृदयलाई नै अत्यन्तै विक्षिप्त बनाउने खालको अवस्था हो । आखिर परिवारको लागि केही गर्न नसकेपछि भर्खर जन्मेको नवजात शिशुसँग माफी माग्दै आफ्ना आँखाहरू कुनै सपना नभएका खेलौनाका आँखा बराबर हुन् भन्ने अन्यन्त दुःखदायी कथा-व्यथाहरूको भाव यो कवितामा पाइन्छ ।

**(घ) संरचना**

*गाउँ : तीन* कविता छोटो संरचनामा तयार भएको छ । यसमा जम्मा तीन अनुच्छेद छन् । पहिलो अनुच्छेद पाँच पङ्तिको, दोस्रो दश पङ्तिको र तेस्रो पाँच पङ्तिको रहेको छ । कविता बीस पङ्तिमा संरचित छ । यसमा छोटो पङ्तिमा तीन शब्द र लामो पङ्तिमा आठ शब्दसम्म रहेका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*गाउँ : तीन* कविताको भाषाशैली सरल छ । कवितामा व्यक्त भएका विषयवस्तुले जो-कसैको पनि मन सजिलै छुन सक्छन् । कवितामा व्यक्त भएका भावहरू कलात्मक शैलीले प्रस्तुत गरिएका छन् । विभिन्न उदाहरणले नेपाली ग्रामीण जनजीवन कस्तो अवस्थामा गुज्रिरहेको छ र दिनप्रतिदिन वैदेशिक रोजगारीका लागि गाउँ छाड्ने युवाहरूको कथा-व्यथा मार्मिक ढङ्गले समेटिएको हुनाले पनि यो कविताको भाषा प्रभावोत्तेजक देखिन्छ । कवितामा प्रयुक्त श्रीमती, आशा, स्तन, नवजात, शिशु, असमर्थ आदि तत्सम शब्द हुन् भने भोक, खरानी, ओखती, बिरामी, हात, दूध, सन्तान, आँखा, आगो, सपना आदि तद्भव शब्दहरू हुन् । यसैगरी अलार्म, चुलो, हेल्थपोस्ट, सुरुवा, गुडियाजस्ता शब्दहरू आगन्तुक हुन् । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*गाउँ : तीन* कविता एक गरिबीको प्रतीक हो । यो गाउँमा अभाव, पीडाको छटपटीले गाउँलेहरू छटपटाइरहेका छन् । युवाहरूले काम पाएका छैनन्, विदेशको सपना साँचेर बसिरहेका छन् । त्यसैले यहाँ गरिबीले भरिएका गाउँको प्रतिनिधि बिम्ब भेटिन्छ । कविताभित्रका भोकको अलार्म बज्नु, चुलोमा खरानी नफेरिनु, हेल्थपोस्ट बिरामी हुनु, सुत्केरी श्रीमतीले उदासीको गीत गाउनु, आफ्नो हात काटेर श्रीमतीलाई सुरुवा खुवाउनु, सपनाले

नचुहिने घर बनाउनु, मायाले चुलो तताउनु, नवजात शिशुसँग माफी माग्नु, आफ्ना आँखा गुडियाका आँखाजस्तै हुनु जस्ता पद-पदावलीहरूले बिम्ब एवं प्रतीकको काम गरिरहेका छन् ।

**(छ) उद्देश्य**

*गाउँ : तीन* कविता अत्यन्त कष्टकर जीवन बिताइरहेका जनताहरू भएको ग्रामीण वातावरणमा आधारित छ, जहाँ गाँस, बास, कपासजस्ता सामान्य आधारभूत आवश्यकताहरू पनि पूर्ण हुन सकेका छैनन् । नेपालमा यस्ता गाउँहरूको जहिलेसम्म सम्बोधन हुँदैन, त्यतिबेलासम्म विकासको कुरा जङ्गलका रुवाइ बराबर हुन्छन् भन्ने सन्देश प्रदान गर्नु यस कविताको मूल उद्देश्य रहेको छ ।

### ४.२.४.४. *गाउँ : चार* कविताको विश्लेषण

**(क) शीर्षक**

*गाउँ : चार* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *गाउँ* उपशीर्षकमा समेटिएको चौँथो रचना हो । यो कवितामा कविले ग्रामीण भेकमा जन्मेर हुर्केकी एउटी चेलीको मनमा उठ्न जाने चाहनाहरूलाई प्रस्तुत गरिएको छ । यो पनि नेपाली गाउँको एक कथा-व्यथा भएकोले यसको शीर्षकको सार्थकता पुष्टि हुन्छ ।

**(ख) लयविधान**

*गाउँ : चार* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । पाठकले आफ्नै इच्छाअनुसार लय सिर्जना गरी यो कविता पढ्न सक्छन् । छोटा र लामा पङ्तिको तादात्म्यले कवितामा लयको सिर्जना गरेको छ । चिह्नहरूको उचित प्रयोगले पनि कवितामा स्वतः लयात्मकता भएको छ ।

**(ग) भावविधान**

*गाउँ : चार* कवितामा एउटी ग्रामीण चेलीको इच्छा, आकाङ्क्षा के-कस्ता रहेका हुन्छन्, त्यसको प्रस्तुति रहेको छ । गाउँमा घुमिरहेकी चेलीलाई चराहरूले चिनेका हुन्छन् । उसलाई देखेर चराहरू चिरबिराउँछन्, उसलाई त्यहाँको भाषा याद छ, उसका बाबुले उसलाई ती जिस्क्याउने युवक हुन् कि चरा हुन्, जे भए पनि मन पार्दैनन् र छोरीलाई त्यो ठाउँभन्दा अर्कै चराहरूले नजिस्क्याउने ठाउँमा बिहे गरी पठाउन चाहन्छन् । तर छोरीलाई यो मन पर्दैन । आफू जुन वातावरणमा हुर्किएको हो, त्यस्तै वातावरणमा जीवन काट्ने उसलाई मन छ र उसले आफ्नो चाहना आफ्नो बाबुलाई बताउँछे कि बाबुले भनेजस्तो केटासँग आफूले बिहे गर्दिन । जसलाई बाबुले मन पराउँदैनन्, त्यसलाई उसले मन पराउँछे र भन्छे:

> *"बाबा मलाई*
> *चराहरूले जिस्क्याउने गाउँमा नै*
> *बिहे गरिदिनू ।"* (पृ. १२२)

**(घ) संरचना**

यो कविता लघु आकृतिमा रहेको छ । यसमा जम्मा दुई अनुच्छेद छन् । पहिलो अनुच्छेदमा दश पङ्ति र दोस्रो अनुच्छेदमा छ पङ्ति रहेका छन् । यसरी यो कविता सोह्र पङ्तिमा टुङ्गिएको छ । सबैभन्दा सानो पङ्ति एक शब्दको र सबैभन्दा ठूलो पङ्ति छ शब्दको रहेको यो कवितामा सूक्ष्मताभित्र व्यापकता रहेको पाइन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*गाउँ : चार* कविता सोझो भाषाशैलीमा प्रस्तुत भएको छ । सानो आकारमा रचिएको यो कविता वैवाहिक जीवन करकापले होइन, स्वतन्त्रताले सुखी हुन्छ भन्ने कुरा देखाउन सफल छ । साथमा प्राकृतिक छटाको बयान पनि उत्कृष्ट भाषाशैलीमा गरिएको छ । छोटा पङ्ति, लघु आकृति भएको यो कवितामा आवश्यक चिह्नहरूको प्रयोगले भाषा अझै सम्प्रेषणीय बनेको छ । यस कवितामा प्रयोग भएका विभिन्न स्रोतका शब्दहरूमध्ये जङ्गल, गीत, क्रोधित जस्ता शब्दहरू तत्सम हुन् भने तरुनी, गाउँ, बिहेजस्ता शब्दहरू तद्भव हुन् र भाँडा, डाली, चरा, प्यारजस्ता शब्दहरू आगन्तुक हुन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

प्रस्तुत कवितामा केही बिम्ब-प्रतीकहरू देखिन्छन् । कवितामा व्यक्त भएका छोरीलाई जिस्क्याउने चराहरू हुन् कि गाउँले ठिटो हो भन्ने बारेमा उसका पिता भ्रमित भएका छन् । वास्तवमा यी चराहरूले गाउँले ठिटाकै प्रतीकात्मक अर्थ दिएको देखिन्छ किनभने छोरीले चराहरूले जिस्क्याउने गाउँमा बिहे गरिदिनु भन्नुको अर्थ आफ्नै गाउँमा रहेका आफूले नै चिनेका युवकहरूसँग विवाह गर्न चाहेको भन्ने बुझिन्छ । चराहरूसँग गहिरो प्यार भन्नाले गाउँले युवा वा गाउँले परिवेशसँग नै उसको प्यार छ । उसको जीवन तिनीहरू बाहेकको बाबुको चाहनाअनुसारको कुनै अर्को परिवेशको युवकसँग बिहे भएमा उसको स्वतन्त्रता खोसिन्छ भन्ने प्रतीकात्मक अभिव्यक्ति यसमा देखिन्छ ।

**(छ) उद्देश्य**

*गाउँ : चार* कवितामा विवाह करकापले होइन, विवाह गर्नेको चाहना र विश्वासमा निर्भर गर्दछ भन्ने सन्देश पाइन्छ । हिजोआज मानिस सहरकेन्द्रित भएको देखिन्छ तर गाउँले परिवेशमा पाइने स्वच्छता, आफ्नोपन, निष्ठा र मिठास सहरमा पाइँदैन । त्यसैले हामी सुविधाको मात्र पछि लाग्ने होइन कि, प्रकृतिको काखमा पनि रमाउन सक्नुपर्छ र प्रकृतिको संरक्षणमा लाग्नुपर्छ भन्ने सन्देश दिनु नै यस कविताको मूल उद्देश्य रहेको छ ।

**४.२.४.५. *गाउँ : पाँच* कविताको विश्लेषण**

**(क) शीर्षक**

*गाउँ : पाँच* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *गाउँ* उपशीर्षकमा समेटिएको पाचौँ रचना हो । गाउँ : पाँच एउटा अर्को त्यस्तो नेपाली गाउँ हो, जहाँ बाढीपहिरोले गाउँ-बस्ती बगाइरहेको छ, झरी थामिएको छैन, यसको चपेटामा परेका

जनताहरूको अवस्था दर्दनाक छ । त्यसकै बारेमा लेखिएको यो कविताको शीर्षक *गाउँ* सार्थक देखिन्छ ।

**(ख) लयविधान**

*गाउँ : पाँच* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । कविताावाचनमा स्वेच्छिक रूपले लय सिर्जना गर्न सकिन्छ । छोटा र लामा पङ्तिले केही मात्रामा लयको सिर्जना गरेका छन् । प्रायः अनुप्रासहरूको उपस्थिति नभए पनि कारुणिक विषयवस्तुका कारण वीभत्स रस प्रधान लय निर्माण भएको छ ।

**(ग) भावविधान**

*गाउँ : पाँच* कविता प्राकृतिक प्रकोपग्रस्त नेपाली गाउँ-बस्तीको कथा-व्यथा हो । नेपाल त्यस्तो ठाउँ हो, जुनसुकै प्रकोप वा आपत-विपत आइलागे पनि आशा-भरोसा गर्ने ठाउँ छैन । खाली आफू कति दिन बाँच्न सकिन्छ, त्यो नै उसको सुरक्षा हो । सरकारले देशका नागरिकहरू कस्तो समस्यामा छन्, त्यो बुझ्ने कोसिस गर्दैन । हरेक वर्ष नेपालमा मनसुनी वर्षा हुँदा बाढी-पहिरोका कारण गाउँ बस्ती बग्छ, हजारौं मानिसहरू मर्छन्, लाखौं मानिसहरू दुःखमा पर्छन् । सरकार कानमा तेल हालेर बस्छ । हार-गुहार गर्दा उसले उपदेश दिन थाल्छ । जस्तै :

*"... हिउँद पर्ख नागरिकहरू*
*बाढी थामिनेछ ।"* (पृ. १२४)

**(घ) संरचना**

यो कविता लघु आकृतिको छ । यसमा साना-ठूला सात अनुच्छेदहरू रहेका छन् । सानो अनुच्छेद दुई पङ्ति र ठूलो अनुच्छेद आठ पङ्तिसम्मको छ । जम्मा बत्तीस पङ्तिमा रचिएको यो कवितामा सानो पङ्तिमा दुई शब्द र ठूलो पङ्तिमा छ शब्दसम्म रहेका छन् ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*गाउँ : पाँच* कविता सरल भाषाशैलीमा रचिएको छ । कवितामा प्राकृतिक प्रकोपले ग्रसित गाउँ-बस्तीको कथा उनिएको छ । गाउँ-बस्तीहरू बाढी सँगसँगै बगिरहेका छन् । ठूलो आपत आइलागेको छ तर सरकारले आफ्ना जनताहरूको वास्ता गरिरहेको छैन । यी कुराहरूलाई जनाउन यो कवितामा धेरै उदाहरणहरू प्रस्तुत गरिएका छन् । कवितामा प्रकट भएको विषयले जो कोहीलाई पनि भावुक बनाउँछ । यसर्थ अथाह पीडामा डुबिरहेको ग्रामीण जनजीवन र सरकारी कार्यशैलीलाई प्रस्तुत गर्न यो कविताको लेखन शैली सफल छ । आवश्यक चिह्नहरूको प्रयोगले *गाउँ : पाँच* कवितालाई सम्प्रेषणीय बनाएको छ । कवितामा विभिन्न स्रोतका शब्दहरू उपयोग गरिएका छन् । जस्तै : आतङ्क, कविता, दुर्भाग्य, कालीगण्डकी, जीवन, प्रतिकूल, अक्षर आदि तत्सम शब्दहरू हुन् भने भत्किएको, गाउँ, जन्माएको, आफन्त, आमा, आँसु, पाना आदि तद्भव शब्दहरू हुन् । यसैगरी पुल, बाढी,

लौरी, कछाड, लाहुरे, सहर, लास आदि आगन्तुक शब्दहरू हुन् । यो कविता प्रथम पुरुष कथन ढाँचामा रचना गरिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*गाउँ : पाँच* कवितामा बिम्ब-प्रतीकहरूको उचित प्रयोग पाइन्छ । यो कवितामा आएका बाढीको आतङ्क, बाढीमा परिचित गन्ध, परिचित फूल, कुटे लौरी, मैलो कछाड, कुमालकान्छाको चक्र, मलाई किनारमा जन्माएको कालीगण्डकी, मौसम विभागको सूचना, गाउँ बाढीले निलेको कुरा, सरकारको भनाइ सबै बिम्बात्मक ढङ्गले आएका पद-पदावली एवं अभिव्यक्तिहरू हुन् । यो कवितामा बाढीपहिरोले ग्रस्त नेपाली ग्रामीण बस्तीहरूको यथार्थ बिम्ब देखिन्छ ।

**(छ) उद्देश्य**

*गाउँ : पाँच* कवितामा गाउँ-बस्ती प्राकृतिक चपेटामा परेर पीडित भइरहेको बेला सरकारले उनीहरूलाई सक्दो सहयोग पुऱ्याउनुको सट्टा हिउँदको प्रतीक्षामा बस्न जनताहरूलाई सुझाइरहेको विषयले जनताप्रति सरकार जिम्मेवार छैन त्यसैले जनतालाई जागरुक गराउनु नै यस कविताको प्रमुख उद्देश्य रहेको छ ।

**४.२.४.६. *गाउँ : छ* कविताको विश्लेषण**

**(क) शीर्षक**

*गाउँ : छ* कविता कवि भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहअन्तर्गत *गाउँ* उपशीर्षकमा समेटिएको छैटौँ रचना हो । यो कविता यस्तो नेपाली गाउँ, जहाँ घरहरूले छाना फेरेका छन् । खरले छाएका ध्वाँसे घरहरू देख्नु पर्दैन, वर्षैपिच्छे छाउनु पर्दैन, यसकारण के गाउँका दुःखहरू सकिएका हुन् त ? भन्ने प्रश्न गरिएको छ । वास्तवमा त्यो गाउँको दुःख नफेरिएर परिवर्तन मात्र भएको भन्ने प्रसङ्गले यो कविताको शीर्षक *गाउँ* सार्थक बनेको छ । यहाँ 'छ' ले फरक गाउँको विशेषता बुझाएको छ ।

**(ख) लयविधान**

*गाउँ : छ* कविता स्वतन्त्र गद्यलयमा लेखिएको छ । छोटा-लामा पङ्क्तिहरूले कविता पठनमा लय सिर्जना गरेका छन् । कतिपय पङ्क्तिहरूमा अन्त्यानुप्रास पनि देखिन्छ । तर धेरैजसो पङ्क्तिहरू अन्त्यानुप्रासविहीन छन् । विषयवस्तुको प्रभावले कविता गायनमा स्वतः एक लयात्मक तरङ्ग उत्पन्न हुन्छ । कवितामा घुम्रे जिबालाई सम्बोधन गर्दा लयको प्रभाव फरक ढङ्गको पाउन सकिन्छ । घुम्रे जिबा सम्बोधनको पुनरावृत्तिले कवितामा साङ्गीतिक स्थायी अन्तराको काम गरेझैँ लाग्दछ ।

**(ग) भावविधान**

*गाउँ : छ* कविताले गाउँघरका घरहरूले खरका छाना फालेर टिनका छाना फेरे पनि दुःखलाई यथार्थमा फेर्न नसकेको गहिरो भावलाई प्रस्तुत गरेको छ । वर्षौंपिच्छे पुराना काला डाँडाभाटा फालेर ध्वाँसे खर फेर्दै छाना छाउनु पर्ने अवस्था अहिले नभएको, आगो खोज्न

घरघर पस्न नपरेको, खरको खेती समाप्त भइसकेको भए पनि टिनले छाउँदैमा र खर हराउँदैमा गाउँका दुःखहरू नसकिएको तथा गाउँ अझै ऋणी भएर युवाहरू अरबको खाडीमा काम गर्न पुगिरहेको अनि आत्महत्या गर्न विवश भएको हुनाले गाउँका दुःख जस्ताको तस्तै रहेको भन्ने यथार्थ भाव पनि कवितामा देखिन्छ । कवितामा त्यो परिवर्तनले गाउँको दुःख वास्तवमा हटेको होइन भन्ने अर्थमा कवि भन्छन् -

*घुम्रे जिबा !*
*गाउँका दुःखहरू अझै सकिएका छैनन्*
*खिया लागेका टिनहरूले भन्छन्*
*"माफ गर गाउँलेहरू*
*हामी त दुःखका*
*आधुनिक अवतार मात्र हौँ ।"* (पृ. १२६)

**(घ) संरचना**

*गाउँ : छ* कविता लघु आकारको छ । यसमा चार अनुच्छेदहरू रहेका छन् । सबैभन्दा सानो अनुच्छेद तीन पङ्तिको र ठूलो अनुच्छेद तेह्र पङ्तिको रहेका छ । कविता जम्मा-जम्मी चौंतीस पङ्तिमा पूर्ण गरिएको छ । पङ्तिहरूमा सबैभन्दा सानो पङ्ति एक शब्दको र सबैभन्दा ठूलो पङ्ति सात शब्दको रहेको छ । विषयवस्तुका दृष्टिले पनि यो कविता सङ्क्षिप्ततामा व्यापकता अटाएको पाइन्छ ।

**(ङ) भाषाशैली र कथन पद्धति**

*गाउँ : छ* कविताको भाषाशैली सरल प्रकृतिको छ । कवितामा छोटा पङ्तिहरूले कविताको भाव बुझाउन सजिलो बनाएका छन् । लामा कविताहरूबाट हुने झन्झट यसमा छैन । सङ्क्षिप्त र उदाहरणहरूको सघनताले कविताको भाषालाई प्रभावकारी बनाएका छन् । कवितामा आवश्यकताअनुसार गरिएको चिह्नहरूको प्रयोगले यसको भाषालाई सम्प्रेषणीय बनाएका छन् । कवितामा तत्सम, तद्भव, आगन्तुक तीनै प्रकारका शब्दहरू पाइन्छन् । जस्तै : पक्षाघात, दुःख, आत्महत्या, आधुनिक अवतारजस्ता शब्दहरू तत्सम हुन् भने छाना, गाउँ, घर, घाम, ध्वाँसे, गलाएका हाड, आगो, अँगेनो, खेती, रिन, सयौँ आदि तद्भव शब्दहरू हुन् । त्यसैगरी जाडो, भाँडा, चुलो, कोइला, टिन, टोपी, धुवाँ, ल्याप्चे, खिया आदि आगन्तुक शब्दहरू हुन् । यो कविता तृतीय पुरुष कथन ढाँचामा लेखिएको छ ।

**(च) बिम्ब-प्रतीक/अलङ्कार**

*गाउँ : छ* कवितामा बाहिरबाट हेर्दा परिवर्तन भएजस्तो देखिए पनि गाउँघरको भित्री मुहार दुःखमै डुबिरहेको छ भन्ने बिम्ब पाइन्छ । पक्षघातले गलाएका हाडहरू जस्ता डाँडाभाटा, घरले खरका छाना फेर्नु, टिनका चम्किने टोपी लगाउनु, दुःखले धावा बोल्नु, रिनका तमसुकहरू सिरानीमुनि च्यापेर घरहरू निदाउनु, खाडीमा आत्महत्याको योजना बनाउनु आदि कवितामा दुःख बाँकी नै रहेको भन्ने विषय बुझाउने बिम्ब-प्रतीकहरू हुन् ।

दु:खका आधुनिक अवतार भन्नाले प्रतीकात्मक अर्थमा कुख नफेरिएको दु:खको रूप मात्र फेरिएको भन्ने बुझिन्छ ।

**(छ) उद्देश्य**

*गाउँ : छ* विशिष्ट सन्देशमूलक रचना हो । यसले गाउँको दु:खको शैली मात्र फेरिएको, कायापलट भएर गाउँ सुखी नभएको भन्ने सूचनामूलक सन्देश प्रवाह गरेको छ । वास्तविक रूपमा सुख ल्याउने हो भने छाना फेरिने मात्र होइन, चुलो बल्नुपर्छ, युवाहरू विदेशिन बन्द हुनुपर्छ, तमसुक च्यातिएको हुनुपर्छ भन्ने साङ्केतिक सन्देश प्रदान गर्नु यस कविताको मूल उद्देश्य रहेको छ ।

**४.३. निष्कर्ष**

समग्रमा कवि भूपिन आधुनिक कालका प्रगतिवादी यथार्थवादी कवि हुन् । **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रह उनको पाँचौं कृति हो । एक सय पैंतीस पृष्ठमा संरचित यस पुस्तकमा कविले अठचालीस वटा कवितालाई समावेश गरेका छन् । भूपिनले यस सङ्ग्रहमा तत्कालीन नेपाली समाजले भोगेका राजनीतिक, आर्थिक विषमता, विकृति, विसङ्गति, विदेशी हस्तक्षेप जस्ता कुराहरूको चर्को विरोध गर्दै मानवीय मूल्यको खोजी, आशावादी दृष्टिकोण, अस्तित्वको खोजी गर्दै जीवनवादी प्रकृतिवादी, यथार्थवादी जीवनदृष्टि प्रस्तुत गरेका छन् । भूपिनले यस सङ्ग्रहमा जीवन-भोगाइमा भेटिने तीतामीठा क्षणहरूको कुशल संयोजन गर्दै बिम्ब-प्रतीकको रखाइमा पनि कुशलता देखाएका छन् । विशेषगरी लघु र केही मझौला कविताहरू समावेश भएका यस सङ्ग्रहका कविताहरू भावका हिसाबले भने निकै ओजपूर्ण भेटिन्छन् । तत्सम, तद्भव, आगन्तुक र नेपाली झर्रा शब्दहरूको पनि उचित संयोजनले कविताको मिठास झनै बढाएको छ । गद्यशैलीमा लेखिएका कवितामा छोटा-लामा पङ्तिको संयोजन, पद-पदावलीहरूको पुनरावृत्ति र कहींकतै भेटाइने अनुप्रासिकताको प्रयोगले कवितामा लयको उत्पन्न गराई कविता अझै पाठ्य र श्रुतिमधुर बनाएका छन् । कतै-कतै भेटिने भाषिक त्रुटिलाई भने आगामी संस्करण र आगामी दिनमा ध्यान दिन जरुरी देखिन्छ । निष्कर्षतः यो कवितासङ्ग्रह **सुप्लाको हवाइजहाज**ले नेपाली काव्यिक आकाशमा सकुशल आरोहण गर्दै मानवतावादी भावचेतनालाई पाठकसामु अवतरण गराउने छ ।

## अध्याय - पाँच
# सारांश तथा निष्कर्ष

### ५.१. परिचय

यस अध्यायमा साहित्यकार भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको विधातात्त्विक अध्ययनका सन्दर्भमा अघिल्ला अध्यायहरूमा गरिएको समग्र अध्ययनको सारांश प्रस्तुत गरिएको छ र अन्त्यमा निष्कर्षका रूपमा निचोडसहित शोधको अन्त्य गरिएको छ ।

### ५.२. सारांश

'सुप्लाको हवाइजहाज' कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन' शीर्षकको शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । पहिलो अध्याय शोध परिचय रहेको छ । यसअन्तर्गत शोधशीर्षक, परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य र महत्त्व, त्यसको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा नेपाली कविताको सैद्धान्तिक पक्षलाई समेटिएको छ । यस अध्यायमा नेपाली कविताको परिचय, नेपाली कविताको पूर्वीय धारणा जसमा भामह, दण्डी, कुन्तक, विश्वनाथ, मम्मट, पाश्चात्य धारणा जसअन्तर्गत अरस्तु, जोन्सन, कलरिज, टि.एस. एलिएट, वर्डस्वर्थ, अरिस्टोटल आदिको विचार समावेश गरिएको छ । त्यस्तै नेपाली समालोचक विद्वान् लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित, माधवप्रसाद घिमिरे, बासुदेव त्रिपाठी आदिका धारणा यस अध्यायमा राखिएको छ । यसै अध्यायमा कविताका तत्त्वहरू, शीर्षक, विषयवस्तु, लयविधान, भावविधान, संरचना, भाषाशैली र कथनपद्धति, बिम्ब-प्रतीक र अलङ्कार र उद्देश्यको परिचयलाई पनि प्रस्तुत गरिएको छ । कविताका लघुत्तम, लघु, मझौला, बृहत र वृहत्तर रूपको बारेमा सामान्य चर्चा गरिएको यसै अध्यायमा कविताको विकासक्रमलाई पनि समावेश गरिएको छ ।

यस शोधपत्रको तेस्रो अध्याय भूपिनको साहित्यिक यात्रा र प्रवृत्तिको बारेमा अध्ययन गरिएको खण्ड हो । यसमा उनको साहित्यिक यात्रालाई चरण विभाजन गरी त्यस चरणका उपलब्धिहरूलाई पनि परिचयात्मक रूपमा समावेश गरिएको छ भने उनका हालसम्म प्रकाशित रचनाहरूका आधारमा कवि भूपिनका साहित्यिक प्रवृत्ति विचारहरूलाई पनि समावेश गरिएको छ ।

साहित्यकार भूपिन मोफसलमा जन्मेर सामान्य परिवारमा हुर्के-बढेका हुन् । उनको पारिवारिक वातावरण साहित्यिक नभए पनि उनको आमाले प्रेरणा र हौसला दिनुहुन्थ्यो । सानैदेखि मनमा साहित्यिक भावले भने अङ्कुर हालेको देखिन्छ । कक्षा नौ-दशतिर पढ्दा उपन्यास लेख्ने प्रयास गरे पनि कवि व्यक्तित्वले जितेर कवितामा कलम चलाउन थाले भूपिनले । २०४८ सालमा *एवं क्रम : दिन र रातहरू* उनको पहिलो कविता प्रकाशित भयो र औपचारिक रूपमा साहित्यिक यात्रा सुरु भयो । उनको साहित्यिक यात्रालाई अभ्यासकाल,

पुस्तक प्रकाशनकाल र लेखन सक्रियकाल गरी तीन चरणमा छुट्याई त्यस कालमा भएका सृजनात्मक कार्य र उपलब्धिलाई अध्ययन विश्लेषण गरिएको छ भने उनका कृतिहरूको अध्ययन गर्दा प्राप्त साहित्यिक विचार वा प्रवृत्तिलाई पनि परिचयात्मक रूपमा प्रस्तुत गरिएको छ ।

शोधपत्रको चौँथो अध्यायमा भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको विधातात्त्विक अध्ययन प्रस्तुत गरिएको छ । यस अध्यायमा कविताका तत्त्वहरूका आधारमा उनका कविताहरूको विविध पक्षलाई केलाइएको छ ।

भूपिन आधुनिक नेपाली साहित्यका समसामयिक धाराका साहित्यकार हुन् । मनमा जोस, जाँगर र कलममा उत्साह भएका भूपिनले २०४० कै दशकदेखि कविता, गजल लेख्ने गरेका थिए । फुटकर रूपमा गजल लेखे तापनि प्रकाशित रूपमा हेर्दा भने २०४८ सालमा **नवपत्रिका**मा प्रकाशित *एवं क्रम : दिन र रातहरू* नै उनको पहिलो प्रकाशित कविता हो । यसै कविताका माध्यमबाट नेपाली काव्यफाँटमा दरिलो पाइला टेक्ने अभियानमा सम्मिलित भएका उनले २०५३ सालमा आफ्नो पहिलो पुस्तकाकार कृति **क्षतिग्रस्त पृथ्वी र मूल सडक** (कवितासङ्ग्रह) लाई प्रकाशन गरे । त्यस्तै २०५६ सालमा संयुक्त कवितासङ्ग्रह **शब्दहरूको नेपथ्य,** २०६० सालमा कवितासङ्ग्रह **हजार वर्षको निद्रा** प्रकाशन गरेपछि निबन्धतिर निब मोड्दै **चौबीस रिल** निबन्धसङ्ग्रहलाई २०६९ सालमा प्रकाशित गरे । हालसम्म प्रकाशित पछिल्लो कृति **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रह २०७२ हो । यही पछिल्लो कवितासङ्ग्रह **सुप्लाको हवाइजहाज**लाई कविताका तत्त्वहरूका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

साहित्यकार भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहभित्र लघु र मझौला आकारका अठचालीस वटा गद्यलयका कविताहरू सङ्गृहीत छन् । आकारमा सानै भए पनि भाव र विचारका हिसाबले कविताहरू निकै ओजपूर्ण लाग्छन् । उनका कवितामा प्रयुक्त बिम्बालङ्कार तथा भावको सुन्दर संयोजन भेटाउन सकिन्छ । कविताभित्र कविताका तत्त्वहरूको सुन्दर संयोजन पनि देखिन्छ । उनका कविताले नेपाल र नेपालीको समस्या, पीडा मात्र नभई सम्पूर्ण विश्वमा पाइने अर्थात् मानव सभ्यतामै भेटिने दुःख-पीडालाई विद्रोहका माध्यमबाट व्यक्त गरेका छन् । हरेक पक्षमा पाइने विभेदको विरोध, राष्ट्रवादी विचारको अभिव्यक्ति, आशावादी जीवनदृष्टि, प्रकृति चित्रण, प्रगतिवादी चेतना र मानवतावादी विचारको अभिव्यक्ति, जीवन र मृत्युको सहज बोधजस्ता विषयलाई आफ्ना कवितामा उन्न उनी सफल भएका छन् ।

भाषाशैलीमा सरलता, सहजता, भावको गहनतालाई सहजै प्रस्तुत गर्नु, बिम्ब-प्रतीकहरूको उचित र स्पष्ट प्रयोग गर्नु, उनका लेखनका विशेषता हुन् । उनका कविताका भाषाशैली साधारण लागे पनि त्यसभित्रको अर्थ गहनता भने ज्यादै गहिरो रहेको हुन्छ । देख्दा सामान्य लाग्ने विषय प्रसङ्ग उठाएर घतलाग्दो गरी प्रस्तुत गर्नु उनको प्रमुख प्रवृत्ति हो । छोटाछोटा पदावली र अनुच्छेद, आवश्यक चिह्नहरूको उचित प्रयोगले **सुप्लाको हवाइजहाज**मा इन्धन भर्ने काम गरेका छन् ।

भूपिन कवि, गजलकार, निबन्धकार, स्तम्भकार जेसुकै भनेर चिनिए पनि अर्थात् लेखनयात्रा जेसुकैबाट सुरु गरे पनि लेखन यात्रालाई नियाल्ने हो भने उनी पहिले कवि, त्यसपछि मात्रै निबन्धकार, गजलकार, समीक्षक आदि भन्न सकिन्छ । कविताभित्र उनी गागरमा सागरको रूप देखाइदिन्छन् । कविताका क्षेत्रमा उनको व्यक्तित्व बढी प्रष्ट र सफल देखिन्छ ।

## ५.३ समग्र निष्कर्ष

साहित्यकार भूपिनको कवितासङ्ग्रह **सुप्लाको हवाइजहाज**को विधातात्त्विक अध्ययन तथा विश्लेषणबाट प्राप्त तथ्यहरूको सङ्क्षेपीकरण यस शीर्षकमा गरिएको छ । शोध समस्यासँग सम्बन्धित प्रश्नहरूको समाधान खोज्ने क्रममा प्राप्त सामग्रीहरूका आधारमा यो शोध तयार भएको छ ।

२०३० सालमा चैत्र ३० गते धौलागिरि अञ्चलको बागलुङ, बलेवामा जन्मेका भूपिन स्कुले जीवनदेखि नै साहित्यतर्फ विशेष रुचि राखेको पाइन्छ । नौ-दश कक्षा पढ्ने बेलामा उपन्यास लेखनको प्रयास गरेका उनको उपन्यास भने प्रकाशित हुन सकेन तर २०४८ सालमा **नवपत्रिका**मा *एवं क्रम : दिन र रातहरू* कविता प्रकाशन भएपछि उनी साहित्यको फाँटमा औपचारिक पाइलो टेक्न सफल भए ।

बाल्यकालबाटै साहित्यमा रुचि राख्ने भूपिनको साहित्यिक यात्राले करिब तीन दशकको समय पार गरिसकेको छ । वि.सं. २०४० देखि नै गजल लेखन सुरु गरेका उनले हालसम्म गजल, कविता, गीत, निबन्ध आदि साहित्यका विभिन्न विधामा निरन्तर कलम चलाउँदै आएका छन् । वि.सं. २०४८ बाट यहाँसम्म आइपुग्दा उनका पाँचवटा पुस्तकाकार कृतिहरू र थुप्रै फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् । साहित्यका धेरैजसो विधामा आफ्ना भावना प्रस्तुत गर्ने भूपिनको हालसम्म विशेष उर्वर मानिएको विधा भने कविता र निबन्ध हो ।

२०७२ सालमा प्रकाशित उनको उत्कृष्ट साहित्यिक कृति **सुप्लाको हवाइजहाज**मा अठचालीस वटा कविता सङ्गृहीत छन् । *समय र देश, आमा, बोध र प्रेम,* अनि *गाउँ* उपशीर्षक दिएर चार खण्डमा छुट्याएर लेखिएको यस पुस्तकमा *समय र देश* उपशीर्षकमा चौध वटा, *आमा* उपशीर्षकअन्तर्गत छ वटा, *बोध र प्रेम*अन्तर्गत बाईस वटा र *गाउँ*अन्तर्गत छ वटा कविता समावेश छन् । जसमा *देब्रे हात, सुप्लाको हवाइजहाज, एउटा नोटको जीवन, देश, दशैंमा परदेशी सम्झेर, बेसार, ग्याल्मारिमा बुद्ध, फेसबुकमा आमाको तस्वीर, भगवान्, शरणार्थी, पहाड सुन्दरी, फूलको वान्ता* आदि शीर्षकका कविताहरू रहेका छन् । यस कवितासङ्ग्रहका कविताहरूले समसामयिक युगका वेथिति, विकृति, विसङ्गति, देशको अस्थिर अवस्था, सामाजिक असमानता आदिप्रति तिखो व्यङ्ग्यवाण प्रहार गरेको पाइन्छ भने जीवनबोधको भाव आशावादी स्वर, राष्ट्रवादी र मानवतावादी चिन्तनको आग्रह पनि गरेको भेटिन्छ । यस सङ्ग्रहमा उनले नेपालको प्राकृतिक छटाको चित्रण र व्याख्या निकै मनमोहक तरिकाले गरेका छन् ।

कवि भूपिनले विश्वका थुप्रै साहित्यकार तथा दार्शनिकहरूका विचार र कृतिबाट प्रभावित भई उनीहरूलाई आफ्नो आदर्श मान्दै कृतिमा त्यसको छाया समेत छाडेका छन् । उनले नेपाली साहित्यकार गोपालप्रसाद रिमाल, देवकोटा, पारिजात आदिका साथै विदेशी दार्शनिक तथा साहित्यकार गोर्की, शेक्सपियर, लुसुन, क्रोचे आदिको जीवनी तथा कृतिबाट प्रभाव ग्रहण गरेको बताउँछन् । प्रकाशनको दृष्टिले वि.सं. २०४८ बाट साहित्यिक यात्रा आरम्भ गरेका भूपिनले हाल विभिन्न सङ्घ-संस्थामा सक्रिय रूपमा संलग्न छन् । भूपिनका कविताका विषय र क्षेत्र राष्ट्र, राष्ट्रियता, सामाजिकता, राजनीतिक बेथिति, हराउँदै गइरहेको मानवता र विश्वबन्धुत्व आदि पर्दछन् । मूलरूपमा उनी यथार्थवादी प्रगतिवादी साहित्यकारको कोटीमा राख्न सकिने कवि हुन् ।

भूपिन आधुनिक नेपाली साहित्यको समसामयिक धारामा रही प्रगतिवादी चेत र सामाजिक रूपान्तरणको खोजी गर्ने कवि हुन् । उनका रचनाका मुख्य स्रोत हाम्रै समाज, गाउँ र परिवेश हुन् । यसर्थ यही समाजको कटु सत्यलाई छताछुल्ल पार्ने काम भूपिनले गरेका छन् । **सुप्लाको हवाइजहाज** पनि यस्तै विषयहरूसँग सम्बद्ध भई सिर्जित सृजनाको भण्डार हो । यस कवितासङ्ग्रहका मुख्य विषयका रूपमा समकालीन समाज, देशले भोगेका विविध जटिल अवस्थाहरू, आजको युग र मान्छेका पीडा तथा समस्या, प्रेम, प्रकृति, राष्ट्र, छिमेकी राष्ट्रको हाम्रो राष्ट्रप्रतिको नजर अर्थात् व्यवहार, अन्तर्राष्ट्रिय परिवेश आदि आएका छन् । भूपिनको कवितामा राष्ट्रवादी विचार, प्रकृति चित्रण, सामाजिक यथार्थता, मानवतावादी स्वर, सामाजिक चेतना, प्रगतिवादी चेतना, व्यङ्ग्यात्मकता, कारुणिकता आदि प्रवृत्तिका रूपमा आएका छन् । हाम्रै समाजमा घटेका घटनालाई यथार्थ रूपमा साहित्यमार्फत् अभिव्यक्त गर्ने हुनाले उनको प्रमुख काव्य प्रवृत्ति भने यथार्थवाद नै हो ।

यसरी विषय उठान, भावगत विषयले कविताहरू उच्च भए पनि सङ्ग्रहभित्र केही भाषिक त्रुटिलाई भने भेटाउन सकिन्छ । जिद्धि, घारिलो, अनिराल, निस्कृय, मुद्धा, सद्बीज, स्वभाविक, अत्याधिक, न्यायलयजस्ता शब्दहरू त्रुटिपूर्ण शब्दअन्तर्गत पर्दछन् । आगामी संस्करणमा यस्ता त्रुटिहरूलाई सच्याउनु जरुरी देखिन्छ । त्यस्तै कतै-कतै भावमा बहकिँदा कविता मान्छेलाई सिरिङ्गै हुने गरी माथि पुग्छन् । *गाउँ : तीन* कवितामा प्रयोग भएको "काटेर मेरो एउटा हात म मेरी श्रीमतीलाई सुरुवा खुवाउँथेँ" जस्ता वाक्यांशको सट्टामा पर्याय बुझाउने अन्य शब्दको प्रयोगले पनि भावलाई बुझाउन सकिन्थ्यो । यस सङ्ग्रहमा कतै-कतै कविता भावको पूर्णतापछि पनि कविता तन्किएको आभास हुन्छ ।

समग्रमा हेर्दा भूपिनको **सुप्लाको हवाइजहाज** कवितासङ्ग्रहको अध्ययन, विश्लेषणबाट उनी हाम्रै आँखा अगाडि छरिएका विषयलाई समयसापेक्ष रूपमा चित्रण गर्न सक्षम र सफल साहित्यकार हुन् भन्ने स्पष्ट हुन्छ । उनलाई यथार्थवादी, प्रगतिवादी कविको रूपमा भेटाउन सकिन्छ यस काव्यमा । शिल्प, संरचना, भाव आदिका दृष्टिले उनी काव्ययात्रामा सफल देखिन्छन् । काव्य संरचनामा देखिएका केही सामान्य त्रुटिलाई सच्याउन सकेमा समकालीन यथार्थवादी, प्रगतिवादी युवा कविहरूको लाममा उनलाई अग्रस्थानमा नै भेटाउन सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, रविलाल (२०५९), **साहित्य सारथी**, कास्की : लेकाली प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), **प्राचीनकालीन कवि र काव्यप्रवृत्ति** (ते. संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

कुँवर, उत्तम (२०५०), **स्रष्टा र साहित्य**, ललितपुर : साझा प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य (२०६७), **नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा** (तेस्रो संस्क.), काठमाडौँ : क्षितिज प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०६०), **लोक साहित्य : पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, काठमाडौँ : क्षितिज प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०६०), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौँ : क्षितिज प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य (२०५९), **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

घिमिरे, प्रशन्न (२०७३), **विरेचन राष्ट्रिय साहित्य विविध**, नेपालगञ्ज : पादुका कालासैनी प्रिन्टिङ प्रेस, *खण्ड ङ प्रकाशोन्मुख*, पृ. ३२-४० ।

जोशी, कुमारबहादुर (२०५४), **पाश्चात्य साहित्यका प्रमुख वाद** (ते.संस्क.), ललितपुर : साझा प्रकाशन ।

निखिल, निमेष (२०७२), *भावुक छु रोइदिहाल्छु !* (अन्तर्वार्ता), **शुक्रबार साप्ताहिक**, काठमाडौँ : नागरिक प्रकाशन, चैत्र २६ गते शुक्रवार, पृ. २३ ।

प्रेमछोटा (२०५३), **क्षतिग्रस्त पृथ्वी र मूलसडक**, भूपिन (लेखक), पोखरा : चूडामणि सुवेदी र दीपेन्द्र खड्का, पृ. भूमिका खण्ड ।

पोखरेल, बालकृष्ण (२०६२), **पाँच सय वर्ष** (पाँ.संस्क.), ललितपुर : साझा प्रकाशन ।

पौडेल, दीपेन्द्र (२०६७), 'भूपिनको हजार वर्षको निद्रा कवितासङ्ग्रहको विश्लेषण', अप्रकाशित शास्त्रीतह (तृतीय वर्ष) को शोधपत्र, काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ ।

पौड्याल, महेश (२०७३), *जोखिमपूर्ण यात्रा,* **अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक** (*फुर्सद*), काठमाडौँ : अन्नपूर्ण पोष्ट प्रकाशन, जेठ ८ गते शनिवार, पृ. छ ।

बानियाँ, राजकुमार (२०६९), *कविता क्लिनिकमा भूपिन,* **गरिमा**, ललितपुर : साझा प्रकाशन, (वर्ष ३०, अङ्क ११, पूर्णाङ्क ३५९), पृ. ७९ ।

भट्टराई, गोविन्द (२०६६), *भूपिन चोटिला कविता लेख्छन्,* **अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक**, काठमाडौँ : अन्नपूर्ण पोष्ट प्रकाशन, पृ. ८ ।

भूपिन (२०६६), **हजार वर्षको निद्रा**, कास्की : पोखरेली युवा सांस्कृतिक परिवार ।

भूपिन (२०७२), **सुप्लाको हवाइजहाज**, काठमाडौँ : बुक-हिल पब्लिकेशन ।

भूपिन (२०७२), *दुनियाँ हतारमा हुन्छ, कवितालाई केको हतार !,* **कान्तिपुर** (*कोसेली*), काठमाडौँ : कान्तिपुर प्रकाशन, चैत्र २० गते शनिवार, पृ. ख ।

रेग्मी, रोशन (२०७१), *अस्वीकृत कैदी कवितासङ्ग्रहको कृतिपरक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, कीर्तिपुर : केन्द्रीय क्याम्पस, नेपाली विभाग ।

रानाभाट, सुरेश (२०७०), 'चौबीस रिलभित्र भूपिनको दिल', अप्रकाशित कार्यपत्र, पोखरा : र्‍याण्डम रिडर्स सोसाईटी अफ नेपाल ।

लामा, कुमारी (२०७३), *गज्जबको झट्का,* **नागरिक राष्ट्रिय दैनिक** (*जूनकीरी*), काठमाडौँ : नागरिक प्रकाशन, जेठ १ गते शनिवार, पृ. ७ ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सरुभक्त (२०५६), **शब्दहरूको नेपथ्य**, भूपिन (लेखक), काठमाडौँ : शब्दघर, पृ. भूमिका खण्ड ।

सरुभक्त (२०५७), *शब्दहरूको नेपथ्य,* **सारथी साप्ताहिक**, पोखरा : असोज-पुस, पृ. ३ ।

सुवेदी, रामप्रसाद (२०७०), **म्याग्दी : स्रष्टा र सृष्टि**, काठमाडौँ : निर्मला सुवेदी ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५५), **नेपाली कविता, नाटक र इतिहास** (दो. संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

शेरचन, रोशन (२०७३), *सपनामा पनि कविता,* **अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक** (*फुर्सद*), काठमाडौँ : अन्नपूर्ण पोष्ट प्रकाशन, पृ. छ ।

त्रिपाठी, गीता (२०६६), *नयाँ कृति,* **गोरखापत्र दैनिक**, काठमाडौँ : गोरखापत्र प्रकाशन, पृ. ५ ।

त्रिपाठी, वासुदेव (२०६०), **नेपाली कविता भाग ४** (चौ.संस्क.) *द्वितीय र समालोचना अंश परिमार्जन,* ललितपुर : साझा प्रकाशन ।

# परिशिष्ट : एक

## शोधग्रन्थको छायाचित्र

